"समृद्ध सुन्दर कुश्मा नगर"

अन्तिम प्रतिवेदन





# प्रथम आवधिक विकास योजना

## आ.व. २०७८/०७९ -२०८०/०८१



**कुश्मा नगरपालिका**

नगर कार्यपालिकाको कार्यालय

कुश्मा, पर्वत

असार, २०७८

## प्राविधिक सहयोग :


### सुशासन तथा विकास अनुसन्धान केन्द्र प्रा.लि.

### कोटेश्वर, काठमाण्डौं

**इमेल** : sbakcenter@gmail.com

**वेवसाईट** : www.sbak.org.np

**स्वामित्व**

# कुश्मा नगरपालिका

नगर कार्यपालिकाको कार्यालय, कुश्मा, पर्वत

**संरक्षक**

रामचन्द्र जोशी, नगरप्रमुख

**सल्लाहकार**

सिताकुमारी काफ्ले लामिछाने, नगर उप-प्रमुख
कुमान सिंह गुरुङ, प्रमुख प्रशासकीय अधिकृत

कुश्मा नगरपालिका

# कुश्मा नगर कार्यपालिकाको कार्यालय

कुश्मा, पर्वत

गण्डकी प्रदेश, नेपाल



## शुभकामना

नेपालको संविधान, स्थानीय सरकार सञ्चालन ऐन, २०७४, स्थानीय तहको योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७४ र गण्डकी प्रदेशको स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन, २०७७ ले स्थानीय तहलाई आ-आफ्नो क्षेत्रको वार्षिक, आवधिक तथा रणनीतिक र दीर्घकालीन योजनाहरू तयार गर्ने, कार्यान्वयन गर्ने र अनुगमन गर्ने जिम्मेवारी प्रदान गरेको छ । यसका लागि नगरपालिकाले रणनीतिक/आवधिक, एकीकृत एवं वार्षिक योजना तर्जुमा र नतिजा अनुगमनको लागि क्षेत्रगत स्थिति सहित नगरपालिकाको वस्तुगत विवरण तयार गर्न आवश्यक हुन्छ । यस नगरपालिकाको आर्थिक, सामाजिक, भौतिक पूर्वाधार, वन तथा वातावरण र संस्थागत विकास तथा सुशासनका क्षेत्रको विकासको लागि नगरपालिका भित्र सञ्चालन गरिनु पर्ने कार्यक्रम तथा आयोजनाहरूलाई व्यवस्थित एवं तर्कबद्ध ढंगबाट प्रस्तुत गर्न आवश्यक हुन्छ । यसै सन्दर्भ अनुसार कुश्मा नगरपालिकको यो आवधिक विकास योजना तयार गरिएको छ । नगरपालिकाले तय गरेको दीर्घकालीन सोच **"समृद्ध सुन्दर कुश्मा नगर"** लाई साकार पार्न निर्माण गरिएको यो आवधिक विकास योजना कुश्मा नगरपालिकाको **आवधिक विकास योजना हो ।**

नगरपालिकाका पदाधिकारीहरू, राजनीतिक दलहरू, नीजि क्षेत्र, नागरिक समाज लगायतका सरोकारवालाहरूको सहभागितामा नगरपालिकाको समग्र विकासको लागि यो आवधिक विकास योजना तयार गरिएको हो । यस आवधिक विकास योजनाले यस नगर क्षेत्रको समग्र विकासमा मार्गदर्शन गर्ने विश्वास लिएको छु । नगरपालिका एउटा सरकारको रुपमा स्थापित भईसकेको वर्तमान अवस्थामा यस नगरपालिकाले आफ्नो नगर क्षेत्रभित्र गर्नुपर्ने कायहरूको लागि आवश्यक नीति, रणनीति तथा कार्यक्रम र योजनाहरू तय गरिएको यस दस्तावेजले नगरपालिकाका सम्पूर्ण जनप्रतिनिधिहरूलाई मार्गदर्शन गरी आफ्नो नगरको विकासको लक्ष्यमा पुग्न सहयोग पुऱ्याउने विश्वास लिएको छु ।

कुश्मा नगरपालिकाको यस प्रथम आवधिक विकास योजना तयारीको कार्यमा प्राविधिक सहयोग उपलव्ध गराउने परामर्शदाता सुशासन तथा विकास अनुसन्धान केन्द्र प्रा.लि. र सोको तर्फबाट सहजीकरण गर्नुहुने परामर्शदाताहरूको परिश्रम र योगदानको कदर गर्दछु । साथै, सम्पूर्ण जनप्रतिनिधिहरू, राजनीतिक दल, नागरिक समाज लगायत सरोकारवाला निकायहरू, नगरपालिकाका कर्मचारीहरू तथा सामाजिक कार्यकताहरूले पुऱ्याउनु भएको सहयोगको उच्च कदर गर्दै धन्यवाद ज्ञापन गर्न चाहन्छु ।

अन्त्यमा, यो आवधिक विकास योजनाको पूर्ण रुपमा कार्यान्वयन गर्न सबै राजनीतिक दलहरू, नागरिक समाज, नीजि क्षेत्र, वित्तीय संघ संस्थाहरू, दातृ निकायहरू लगायत सबै सरोकारवाला निकायहरूको सहयोगको अपेक्षा गर्दै नगरपालिकाको तर्फबाट यसको सफल कार्यान्वयनका लागि प्रतिबद्धता समेत व्यक्त गर्दछु ।

धन्यवाद ।

**रामचन्द्र जोशी**
नगर प्रमुख

**असार २०७८**

कुश्मा नगरपालिका

# कुश्मा नगर कार्यपालिकाको कार्यालय

कुश्मा, पर्वत

गण्डकी प्रदेश, नेपाल



## शुभकामना

नेपालको संविधानले ३ वटा तहको सरकारहरूको व्यवस्था गरेअनुसार हाल स्थानीय तहमा नगरपालिका तथा गाउँपालिकाहरू स्थानीय सरकारको रुपमा कार्य गर्दैछन् । संविधानमा नै उनीहरूको विभिन्न जिम्मेवारीह सुम्पिएको छ । त्यसको अतिरिक्त स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा स्थानीय तहको योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७४ ले स्थानीय तहलाई आ-आफ्नो क्षेत्रको वार्षिक, आवधिक तथा रणनीतिक र दीर्घकालीन योजनाहरू तयार गर्ने, कार्यान्वयन गर्ने र अनुगमन गर्ने जिम्मेवारी प्रदान गरेको छ । सोही प्रावधान अनुसार स्थानीय सरकारको रुपमा रहेको गाउँपालिका तथा नगरपालिकाहरूले आफ्नो क्षेत्रभित्रको समग्र विकासको लागि रणनीतिक/आवधिक, एकीकृत एवं वार्षिक योजना तर्जुमा गर्ने त्यसको प्रभावकारी कार्यान्वयन गर्न जरुरी छ । यसै आवश्यकतालाई बोध गरी यस कुश्मा नगरपालिकाको लागि नतिजामा आधारित यो आवधिक विकास योजना तयार गरिएको छ । यसको प्रभावकारी कार्यान्वयन मार्फत यस नगरपालिकाको आर्थिक, सामाजिक, भौतिक पूर्वाधार, वन तथा वातावरण र संस्थागत विकासको क्षेत्रमा प्रगति भई जनताको जीवनस्तर सुधार हुने अपेक्षा गरेको छु ।

नगरपालिकाको समग्र जननिर्वाचित नेतृत्व, राजनीतिक दलहरू, नीजि क्षेत्र, नागरिक समाज, गैरसरकारी संघ संस्थाहरू, वित्तीय क्षेत्र लगायत नगरपालिकाकासँग सम्बन्धित सबै सरोकारवालाहरूको सहभागितामा यो आवधिक विकास योजना तयार गरिएको हो । यस आवधिक विकास योजनाले नगरपालिकाको विकासमा मार्गदर्शन गर्ने विश्वास लिएको छु साथै **"समृद्ध सुन्दर कुश्मा नगर"** लाई साकार पार्न सफल हुनेछ । यस अवसरमा म सबैप्रति आभार व्यक्त गर्न चाहन्छु ।

अन्त्यमा, कुश्मा नगरपालिकाको विकासको मार्गदर्शकको रुपमा तयार भएको यो प्रथम आवधिक विकास योजना तयारी कार्यमा संलग्न परामर्शदाता संस्था सुशासन तथा विकास अनुसन्धान केन्द्रलाई धन्यवाद दिन चाहन्छु ।

धन्यवाद ।

**सीताकुमारी काफ्ले लामिछाने**
नगर उपप्रमुख

**असार २०७८**

कुश्मा नगरपालिका

# कुश्मा नगर कार्यपालिकाको कार्यालय

कुश्मा, पर्वत

गण्डकी प्रदेश, नेपाल



## मन्तव्य

नेपालको संविधान, स्थानीय सरकार सञ्चालन ऐन, २०७४, स्थानीय तहको योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७४ ले मार्ग निर्देशन गरेअनुसार स्थानीय तहले आ-आफ्नो क्षेत्रको वार्षिक, आवधिक तथा रणनीतिक र दीर्घकालीन योजनाहरू तयार गर्ने, कार्यान्वयन गर्ने र सोको कार्यान्वयनको अनुगमन समेत गर्नुपर्ने हुन्छ। सोको लागि स्थानीय सरकारको रुपमा रहेको नगरपालिकाले आफ्नो कार्य क्षेत्रभित्रको समग्र विकासको लागि रणनीतिक/आवधिक, एकीकृत एवं वार्षिक योजना तर्जुमा गर्ने र सोको प्रभावकारी कार्यान्वयन समेत गर्नुपर्ने हुन्छ। सोही मर्म अनुस ार नै यस कुश्मा नगरपालिकाले यस आवधिक विकास योजना निर्माण गरेको हो। यसको कार्यान्वयनबाट यस नगरपालिकाको समग्र विकासमा महत्वपूर्ण योगदान पुग्ने अपेक्षा गरेको छु र यसको सफल कार्यान्वयनको लागि प्रतिबद्धता समेत व्यक्त गर्न चाहन्छु। नगरपालिकाका सम्पूर्ण जनप्रतिनिधिज्यूहरूले यसलाई आत्मसात गरी यसको प्रभावकारी कार्यान्वयनमा ध्यान दिनुहुनेछ भन्ने पनि विश्वास लिएको छु।

नगरपालिकाको समग्र नेतृत्व, राजनीतिक दलहरू, नीजि क्षेत्र लगायत नगरपालिकाका समग्र सरोकारवालाहरूको सहभागितामा यो आवधिक विकास योजना तयार गरिएको छ। यस आवधिक विकास योजनाले यस नगर क्षेत्रको विकासमा मार्गदर्शन गर्ने विश्वास लिएको छु। साथै **"समृद्ध सुन्दर कुश्मा नगर"** लाई साकार पार्न यो आवधिक विकास योजना सफल हुनेछ।

अन्त्यमा, कुश्मा नगरपालिकाको प्रथम आवधिक विकास योजना तयारीको कार्यमा प्राविधिक सहयोग प्रदान गर्ने परामर्शदाता संस्था सुशासन तथा विकास अनुसन्धान केन्द्रको परिश्रम र योगदानको कदर गर्दछु। यसका अतिरिक्त सम्पूर्ण जनप्रतिनिधिहरू, सरोकारवाला निकायहरू, नगरपालिकाका कर्मचारी मित्रहरूको गर्नु भएको योगदानको उच्च कदर गर्दै धन्यवाद ज्ञापन गर्दछु।

धन्यवाद।

**कुमान सिंह गुरुङ**
प्रमुख प्रशासकीय अधिकृत

**असार २०७८**

Regd. 114426/070/71 PAN/VAT 601248045

सुशासन तथा विकास अनुसन्धान केन्द्र प्रा. लि.
Sushasan Tatha Bikas Anusandhan Kendra Pvt. Ltd.
(Good Governance and Development Research Center)
कोटेश्वर, काठमाडौं, २०७०

# कृतज्ञता

कुश्मा नगरपालिकाको प्रथम नगर विकास योजना (त्रिबर्षीय आवधिक विकास योजना) निर्माण गर्ने अवसर प्राप्त भएकोले यस नगरपालिकाप्रति सुशासन तथा विकास अनुसन्धान केन्द्र कृतज्ञता व्यक्त गर्दछ । प्रथम आवधिक विकास योजना तर्जुमा गर्ने सिलसिलामा आवश्यक मार्गदर्शन प्रदान गर्नु हुने नगर प्रमुख, उपप्रमुख, नगरकार्यपालिकाका पदाधिकारीहरू, राजनीतिक दलका प्रमुख तथा प्रतिनिधीहरू, निजी क्षेत्र, नागरिक समाजका प्रतिनिधिहरू यस योजना तर्जुमा प्रक्रियामा सम्लग्न प्रमुख प्रशासकीय अधिकृतहरू श्री हरि पंगेनी र श्री कुमान सिंह गुरुङप्रति आभार व्यक्त गर्दछु । विषयगत समितिका संयोजक लगायत पदाधिकारीज्यूहरू र नगरपालिकामा कार्यरत विषयगत शाखाका प्रमुख तथा प्रतिनिधिहरूलाई उहाँहरूबाट प्राप्त सहयोगका लागि विशेष धन्यवाद दिन चाहन्छु । आवश्यक सूचना प्रदान गर्नुका साथै प्रशासनिक पक्षमा सहयोग प्रदान गर्नु हुने नगरपालिकाका इन्जिनियर श्री आशिष शाक्य, सूचना अधिकृति श्री धुर्वराज पौडेल, सहायक कम्प्युटर अपरेटर श्री विक्रम चापागाई लगायत नगरपालिकामा कार्यरत सबै कर्मचारी मित्रहरूलाई विशेष धन्यवाद दिन चाहन्छु । अभिमुखीकरण कार्यशालामा योजना विद्‌का रुपमा सहभागी भई सहजीकरण गरि दिनु भएकोमा राष्ट्रिय योजना आयोगका पूर्व उपाध्यक्ष डा. जगदिशचन्द्र पोखरेलज्यूप्रति कृतज्ञता व्यक्त गर्दछु । यो प्रथम आवधिक विकास योजना तयार गर्न विज्ञको रुपमा सम्लग्न हुन भएका विज्ञहरू श्री विष्णुप्रसाद नेपाल, श्री दिपक न्यौपाने, श्री विजयालक्ष्मी राजवैद्य र श्री सुरेन्द्र वाग्लेलाई विशेष धन्यवाद दिन चाहन्छु । साथै, यस प्रतिवेदनको डिजाईन, लेआउट लयायतका प्राविधिक काममा सहयोग गर्नु हुने श्री राजेन्द्र श्रेष्ठलाई विशेष धन्यवाद दिन चाहन्छु । अन्त्यमा, यस कार्यमा आवश्यकता अनुसार प्रशासनिक र लजिष्टिक सहयोग पुऱ्याउनु हुने मित्रहरू श्री राजु श्रेष्ठ र श्री एकबहादुर गुरुङ्गलाई पनि धन्यवाद दिन चाहन्छु ।

धन्यवाद ।

**डा. हेमराज लामिछाने**
अध्यक्ष
सुशासन तथा विकास अनुसन्धान केन्द्र,
काठमाडौं

**असार २०७८**

पत्राचार ठेगाना : शुभकामना मार्ग, कोटेश्वर, काठमाडौं, नेपाल, फोन नं. : ९७७ १ ४६०१२७८ फ्याक्स : ९७७ १ ४६०१२७८
Phone No. 977 1 4601278, Fax : 977 1 4601278
e-mail : sbak@sbak.org.np, sbakcenter@gmail.com, url : www.sbak.org.np

# कुश्मा नगरपालिका संक्षेपमा

| | | |
|---|---|---|
| **नाम** | कुश्मा नगरपालिका | |
| **केन्द्र** | कुश्मा, पर्वत | |
| **स्थापना** | वि.सं. २०७१ साल बैशाख २५ गते | |
| **प्रदेश** | गण्डकी | |
| **जिल्ला** | पर्वत | |
| **वडा संख्या** | १४ | |
| **सिमाना** | पूर्वमा पर्वतको मोदी गाउँपालिका, स्याङ्जाको आँधीखोला गाउँपालिका र कास्कीको पोखरा महानगरपालिका पर्दछ । पश्चिमतर्फ बाग्लुङ नगरपालिका र जलजला गाउँपालिकाको केही भाग पर्दछ । उत्तरी सीमानामा जलजला र मोदी गाँउपालिकाको भूक्षेत्र पर्दछ भने दक्षिणी सीमानामा फलेवास र बाग्लुङ नगरपालिकाको भाग पर्दछ । | |
| **जम्मा परिवार संख्या** | १०३१३ (नगर पार्श्वचित्र, २०७५ अनुसार) | |
| **कुल जनसंख्या** | ३९६०० (नगर पार्श्वचित्र, २०७५ अनुसार) | |
| **महिला** | २१८६१ (नगर पार्श्वचित्र, २०७५ अनुसार) | |
| **पुरुष** | १७७३९ (नगर पार्श्वचित्र, २०७५ अनुसार) | |
| **क्षेत्रफल .** | ९३.१८ वर्ग कि.मि | |
| **क्रियाशील राजनैतिक दल** | नेपाल कम्युनिष्ट पार्टी, नेपाली काँग्रेस, राष्ट्रिय प्रजातन्त्र पार्टी, नयाँशक्ति पार्टी नेपाल, राष्ट्रिय जनमोर्चा नेपाल, ने.क.पा. क्रान्तिकारी माओवादी, ने.क.पा. माओवादी, नेपाल परिवार दल, ने.क.पा. माले | |
| **भूउपयोगको अवस्था** | आवास तथा वस्ती क्षेत्र | |
| | कृषि क्षेत्र | ६०.० प्रतिशत |
| | वन क्षेत्र | २९.८० प्रतिशत |
| | घाँसे क्षेत्र | |
| | झाडी क्षेत्र | |
| | नदीनाला तथा पोखरी | |
| | अन्य (बगर तथा भीर क्षेत्र) | |
| **भौगोलिक अवस्थिति** | २८°१२′०५″ देखि २८°१६′२२″ उत्तरी अक्षांश र ८३° ३६′ ४०″ देखि ८३° ४८′ ३३″ पूर्वी देशान्तरसम्म | |
| **उचाइ** | ६८० मीटर (मोदीवेणीधाम) देखि २५१७ मीटर (आर्थरडाँडा खर्क) समुद्र सतह देखिको उचाई | |
| **तापक्रम** | अधिकतम ३२ डिग्री सेन्टिग्रेड र न्यूनतम ३ डिग्री सेन्टिग्रेड | |
| **हावापानी** | समशीतोष्ण | |
| **प्रमुख जातजाती** | ब्राम्हण, क्षेत्री, सार्की, कामी, दमाई, गुरुङ, मगर, नेवार, दशनामी/सन्यासी राई, मगर, शेर्पा, ठकुरी, वि.क., दमाई, नेपाली, माझी, कुमाल, घर्ति, भुजेल, तामाङ्ग, यादव, मुसलमान, लिम्बु, तेली, आदि | |
| **प्रमुख भाषा** | नेपाली, गुरुङ, नेवारी, मगर, मैथिली, भोजपुरी, तामाङ, हिन्दी, थकाली, अन्य । | |
| **प्रमुख धर्म** | हिन्दु, बौद्ध, इसाई, मुस्लिम आदि | |
| **धार्मिक स्थलहरू** | मन्दिर ८३ वटा, मस्जीद १ वटा, चर्च २ वटा र गुम्बा ३ वटा | |
| **प्रमुख व्यवसाय** | कृषि तथा पशु, व्यापार, नोकरी, नोकरी, दैनिक ज्याला, वैदेशिक रोजगारी आदि | |
| **व्यापारिक केन्द्रहरू** | मालढुङ्गा, बगैचा अर्मादी, सरुनचौर, कुश्मा बजार, मोटर बाटो टोल, साइकल चोक, वितलब गहतेपोखरी, गगटे र लामाठा, ठूली पोखरी, खौला, पोखरीचौर डाडाखर्क | |
| **मुख्य बाली** | धान, मकै, कोदो, गहुँ, जौ, फापर, मास, वोडी, सिमी, मस्याङ, सिल्टुङ, भटमास, केराउ, मुसुरो, तोरी, सर्सिम, सूर्यमुखी, आलु, मुला, रायो, घिरौला, लौका, फर्सी, प्याज, काउली, भण्टा, बन्दा, गोलभेडा, रामतोरिया, साग, करेला, अदुवा, बेसार, लसुन, खुर्सानी, केरा, आँप, सुन्तला, भुइकटहर । | |
| **सामुदायिक भवन र सरकारी कार्यालयहरू** | कुल ४० वटा मध्ये ४ वटा वन समुहको र बाँकी ३६ वटा आमा समुहको सामुदायिक भवनहहरू, ४१ वटा सरकारी कार्यालयहरू | |

| | |
|---|---|
| **सहकारी र वित्तीय संस्थाहरू** | नगपालिकामा कुल १११ सहकारी संस्थाहरू र २७ वटा अन्य वित्तीय संस्थाहरू रहेका छन । साथै सुपथ मुल्यका ११ वटा सहकारी संस्थाहरू रहेका छन । |
| **सार्वजनिक चौतारी र खेलमैदानहरू** | १७९ वटा सार्वजनिक चौतारीहरू र १४ वटा खेल मैदानहरू |
| **शैक्षिक संस्था** | सरकारी विद्यालय : ६७<br>सामुदायिक क्याम्पस : ३<br>सामुदायिक प्राविधिक शिक्षालय : १<br>सामुदायिक सीप विकास तालिम केन्द्र : ३<br>संस्थागत विद्यालय : १४<br>कुल शैक्षिक संस्था : ८८ |
| **साक्षरता** | महिला ७०.११% र पुरुष ८७.०९% (जम्मा साक्षरता ७७.५९%) |
| **सरकारी स्वास्थ्य संस्था** | सरकारी अस्पताल १, स्वास्थ्य चौकी ९, आधारभूत स्वास्थ्य सेवा केन्द्र ३, शहरी स्वास्थ्य केन्द्र ३, गाउँघर क्लिनिक २३, आरोग्य केन्द्र १, खोपक्लिनिक ३६, वर्थिङ सेण्टर ५, महिला स्वयमसेविका संख्या १००, टि.वी. उपचार केन्द्र ११, परिवार नियोजनका ५ र ३ विधिको सेवा उपलब्ध गराउने संस्थाको संख्या ११ |
| **प्रमुख खोला नदीहरू** | काली गण्डकी, दमाहखोला, जुकेपानी खोला, रिठेखोला, खहरेखोला, क्यादीखोला, वोडीस्वाँरा, धारापानीको मूल, मतेरपाता खोला, श्याल खोला, डम्डारेखोला, फाप्रेखोला, मल्याङदी खोला, चिन्नेखोला,थाउने खोला, झाँक्रीखोला, जहरे खोला, भालु खोला, मथेखोला, नाईटे खोला, तिजुखोला, कामीखोला, ओकादीखोला, टुनीखोला, महावीर खोला आदि । |
| **मुख्य मेलापवहरू** | नयाँ वर्ष बैशाखे सक्रान्ती, बुद्ध पुर्णिमा (बैशाख शुक्ल पुर्णिमा), जेष्ठी पुर्णिमा (जेष्ठ शुक्ल पुर्णिमा), कर्कट वा साउने सक्रान्ती (श्रावण), कृष्णजन्माष्टमी (भाद्र), जनैपुर्णिमा (भाद्र), हरितालिका, तीज ( भाद्र), गाईजात्रा, लाखेनाच, रोपाईनाच (नेवार समुदायका मानिसहरूले विभिन्न पर्वमा मनाउने पर्व), माघे सक्रान्ती, नागपञ्चमी, जनै पुर्णिमा, सोह्रश्राद्ध, दसै, तिहार, फागुपुर्णिमा, चैतेदशै वा चैत्राष्ठमी रामनवमी, लोसार (गुरुङ, थकाली), इद तथा रमजान (मुसलमान), क्रिसमस (क्रिश्चीयन धर्मालम्बी) आदि |
| **प्रमुख धार्मिक स्थलहरू** | तत्तरकोट कालिका, लक्ष्मीनारायण मन्दिर, सहस्रधारा दिव्यधाम, पार्वती गुफा, मुक्तिनारायण बैकटेश्वर मन्दिर, शिवालय मन्दिर, दुर्गा मन्दिर, भगवती मन्दिर, रुद्रेश्वर मन्दिर, लालेश्वर महादेव मन्दिर, देवी मन्दिर, गणेश मन्दिर, लालेश्वर गुफा, सरस्वती मन्दिर, अल्पेश्वर गुफा, पाठेश्वरी मन्दिर, दुर्गा भवानी मन्दिर, वरदायीनी मन्दिर, वद्रीनारायण मन्दिर, शिव मन्दिर, राधाकृष्ण मन्दिर, लक्ष्मीनारायण मन्दिर, शिव मन्दिर, राधाकृष्ण मन्दिर, भिमसेन मन्दिर, छापादेवी मन्दिर, चण्डीथान देवी मन्दिर, लामाठा मन्दिर, पकुवा देवी मन्दिर, पाथ्रावरी देवी मन्दिर, बाटुलेचौर देवीथान मन्दिर, लामपाटेश्वर महादेव मन्दिर, पूवादेवी मन्दिर आदि । |
| **चचहरू** | वडा नं. ३ र वडा नं. ११ मा चर्च रहेको |
| **प्रमुख पर्यटकीय स्थलहरू** | भग्नावशेष पाङ दरवार, सहस्रधारा दिव्यधाम, अरमादी, दुर्लुङकोट, गुप्तेश्वर गुफा, मोदीवेणी धाम, अल्पेश्वर गुफा, बाटुलेचौर, खौलाकोट कालिका, जुम्लीठाना, तत्तरकोट कालिका, पञ्चासे, जलयात्रा आधारस्थल नयाँपूल, कुश्मा बलेवा जोड्ने यान्त्रिक पुल, मोदीखोलामा निर्मित कुश्मा ज्ञादी जोड्ने झोलुङ्गे पुल, कालीगण्डकीमा निर्मित कुश्मा बलेवा (कैया) जोडने झोलुङ्गे पुल, मोदीखोलमा निर्मित कुश्मा मुडिकुवाजोडने झोलुङ्गे पुल, कालीगण्डकीमा निर्माणाधीन बञ्जीजम्पिङ र रोप साइकिलिङ स्थल, र मोदीखोलामा निर्मित कुश्मा अधिकारीफाँट जोडेन झोलुङ्गे पुल आदि । |
| **होमस्टे र पदमागहरू** | काउले आर्थर होमस्टे, सुनाखरी होमस्टे, पचकोशी होमस्टे, पोखराको फेवाताल-पञ्चासे-आर्थर-अँधेरीनेट-जुम्लीथाना-कार्कीनेटा-डहरे देउराली हुदै सेतिवेदी पदमार्ग (करिब ५० कि.मि.), कुश्मा-कार्कीनेटा-डहरे पदमार्ग (करिब ८ कि.मि.) र सहस्रधारा-खरिबोट पाङ-अर्चले -बनौं-हल्जुरे-सिर्पु-हम्पाल पर्वत पदमार्ग ( करिब ११ कि.मि.) । |
| **सिंचाई आयोजनाहरू** | लामपाटा सिंचाई, जहरेखोला सिंचाई, मराङसिङ सिंचाई, सुन्दरेखोला सिंचाई, सुनटारी सिंचाई, आमडाँडा सिंचाई, आर्थर सिंचाई, सानोवगर सिंचाई, ज्ञादी सिंचाई, सिल्मी सिंचाई, तमादीखोला सिंचाई, साठीमुरे सिंचाई, गुरुङ फाप्रे सिंचाई, सुन्दरेखोला सिंचाई, क्यादीछहरा सिंचाई, खुर्कोट पाङ सिंचाई, कोटगाँउ सिंचाई, डन्डुरे सिंचाई, टुनीखोला सिंचाई, सानोवगर सिंचाई, काप्राबोट सिंचाई आदि । |

# प्रथम आवधिक विकास योजना (२०७८/७९-२०८०/८१) को सारसंक्षेप

| | |
|---|---|
| **दीर्घकालीन सोच** | "समृद्ध सुन्दर कुश्मा नगर" |
| **लक्ष्य (प्रभाव तहको नतिजा)** | "पर्यटन क्षेत्रको दिगो विकास मार्फत उत्पादन तथा उत्पादकत्व अभिवृद्धि गर्दै गुणस्तरीय शिक्षा, स्वास्थ्य तथा रोजगारी प्रवर्द्धन एवम् प्रभावकारी विपद जोखिम न्यूनीकरण गरि समृद्ध र सुन्दर कुश्मा नगर निर्माण" |
| **उद्देश्य (असर तहको नतिजा)** | १. पर्यटन क्षेत्रको विकास मार्फत रोजगारी सिर्जना गरी नगरको समृद्धि हासिल गर्नु,<br>२. कृषि, पशु, वन, वातावरण र पूर्वाधारको दिगो विकास मार्फत उत्पादन तथा उत्पादकत्व अभिवृद्धि गर्नु,<br>३. जलवायु परिवर्तनसँग अनुकुलित हुँदै विपद उत्थानशीलता भौतिक पूर्वाधार निर्माण गर्नु,<br>४. दिगो विकास लक्ष्यको स्थानीयकरण गरी राष्ट्रिय तथा प्रादेशिक लक्ष्यलाई सहयोग पुऱ्याउनु,<br>५. शिक्षा, स्वास्थ्य, सामाजिक न्याय, सामाजिक समावेशीकरण (महिला, बालबालिका, अपाङ्गता भएका व्यक्ति, दलित, जेष्ठ नागरिक, युवा, लगायत समाजका विपन्न समुदायहरू) को संस्थागत विकास मार्फत सुशासन सहितको समतामूलक समाजको निर्माण गर्नु । |
| **समृद्धिका प्रमुख संवाहकहरू** | १. पर्यटन २. कृषि तथा पशुपालन ३. घरेलु तथा साना उद्योग ४. पूर्वाधार विकास ५. उर्जा ६. मानव संसाधन विकास (शिक्षा र स्वास्थ्य) र ७. सुशासन |
| **समृद्धिका मुख्य सहयोगी क्षेत्रहरू** | १. प्राकृतिक सौन्दर्य २. जैविक विविधता ३. सामाजिक विविधता बीच एकता ४. साँस्कृतिक सम्पन्नता र ५. जनसाख्यिक लाभ |
| **नगर विकासका मुख्य निर्देशक सिद्धान्तहरू** | • आत्मनिर्भर अर्थतन्त्र<br>• दिगोपना<br>• समावेशिता<br>• उत्थानशीलता<br>• हरियाली<br>• प्रभावकारिता<br>• भूउपयोग, वस्ती विकास र व्यवस्थित शहरीकरण<br>• सहभागितामूलक विधि र नागरिक भावनाको सम्मान<br>• सूचना, सञ्चार तथा आधुनिक प्रविधिको अवलम्बन<br>• सुशासनको प्रवर्द्धन<br>• वातावरण सन्तुलन र दीगो विकास<br>• मानव अधिकार र सामाजिक न्याय<br>• सरकारी, निजी, सहकारी र गैरसरकारी क्षेत्रबीच साझेदारी |
| **योजनाका प्राथमिकता क्षेत्रहरू** | • पर्यटन विकास<br>• भौतिक पूर्वाधार विकास<br>• शिक्षा र स्वास्थ्यको विकास<br>• घरेलु तथा साना उद्योग, व्यवसाय<br>• कृषि तथा पशुपालन प्रबर्द्धन<br>• सुशासन प्रबर्द्धन<br>• महामारी तथा संक्रमण रोग नियन्त्रण |
| **नगर विकासको प्रमुख रणनीति/ कार्यनीतिहरू** | १ पर्यटनलाई आर्थिक सम्भाव्यताको पहिलो सम्भाव्य क्षेत्रको रुपमा विकास गर्न पर्यटन व्यवसायलाई उद्योगको रुपमा विकास गर्ने र निजी लगानी अभिवृद्धि गर्न निजी क्षेत्रलाई आकर्षित गर्ने,<br>२ आवधिक विकास योजना कार्यान्वयनका लागि आवश्यक श्रोतको सुनिश्चित गर्न नीजि, गैरसरकारी र सहकारी क्षेत्रसँगको साझेदारीलाई विस्तार गर्ने,<br>३ नगरपालिकाको आन्तरिक राजस्व वृद्धिका लागि करका दायराहरू विस्तारमा जोड दिने, |

४ नगरपालिका, वडा र समुदाय तहमा विपद् जोखिम सम्बन्धी क्षमता विकास र संस्थागत संरचना निर्माणलाई जोड दिने ।

५ सबै क्षेत्रमा लैङ्गिक समानता र सामाजिक समावेशीतालाई मूलप्रवाहीकरण गर्ने ।

६ जोखिमबाट पिडित वा जोखिममा रहेका समुदायहरूलाई भविष्यमा हुन सक्ने विपद्बाट बचाउन उनीहरूको क्षमता विकासमा जोड दिने ।

७ विकास प्रक्रियामा समाजमा रहेका कमजोर वर्ग लयायत सबै समुदायको सहभागिता सुनिश्चित गर्ने ।

८ जलवायु परिवर्तन अनुकुलन, व्यवस्थापन र विपद् जोखिम न्यूनीकरणका लागि युवा, बालबालिका, अपाङ्गता भएका मानिसहरू, ज्येष्ठ नागरिक दलित, र समुदायका कमजोर समुदायको सहभागिता सुनिश्चित गर्ने र क्षमता अभिवृद्धि गर्ने ।

९ **"अझ राम्रो र अझ बलियो"** पुनर्लाभ, जलवायु परिवर्तन अनुकुलन, व्यवस्थापन र विपद् जोखिम न्यूनीकरणका लागि नगरपालिका, समुदाय, विकास साझेदार निकायहरू, नीजि क्षेत्र राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरसरकारी संघसंस्थाहरू युवा, बालबालिका, अपाङ्गता भएका मानिसहरू, ज्येष्ठ नागरिक दलित, र समुदायका कमजोर समुदायको सहभागिता सुनिश्चित गर्ने र क्षमता अभिवृद्धि गर्ने ।

**खर्च अनुमान**

| क्र.सं. | शीर्षकहरु | २०७८/७९ | २०७९/८० | २०८०/८१ | जम्मा |
|---|---|---|---|---|---|
| १ | राजश्व प्रक्षेपण | ८८४५७९२३३ | ९७११८९६०२ | १०६८३०८५६२ | २९२४०७७३९७ |
| २ | खर्च अनुमार | ८६१२६०००० | ९३५९६०००० | १४५३७६०००० | ३२५०९८०००० |
| ३ | अपुग रकम | २३३१९२३३ | ३५२२९६०२ | -३८५४५१४३८ | -३२६९०२६०३ |
| ४ | अपुग रकम प्रतिशत | **२.७१** | **३.७६** | **-२६.५१** | **-१०.०६** |

# संक्षिप्त रुप (Abbreviation)

**(क) नेपालीमा**

| | | |
|---|---|---|
| आ.व. | : | आर्थिक वर्ष |
| कु.न.पा. | : | कुश्मा नगरपालिका |
| कु.न.व.वि. | : | कुश्मा नगरपालिकाको वस्तुगत विवरण |
| कि.मि. | : | किलो मिटर |
| कृविरसं | : | कृषि विकास रणनीति संकेत |
| गाविस | : | गाउँ विकास समिति |
| गैसस | : | गैर सरकारी संस्था |
| घसाउका | : | घरेलु तथा साना उद्योग कार्यालय |
| दिराल | : | दीर्घकालीन राष्ट्रिय लक्ष्य |
| दिविल | : | दिगो विकास लक्ष्य |
| व.कि.मि. | : | वर्ग किलो मिटर |
| न.पा. | : | नगरपालिका |
| न.पा.वा.प्र. | : | नगरपालिका वार्षिक प्रतिवेदन |
| न.पा.शि.शा | : | नगरपालिका शिक्षा शाखा |
| न.पा.प.शा.प्र. | : | नगरपालिका पशु शाखा प्रतिवेदन |
| प्र.अ. | : | प्रधानाध्यापक |
| प्रससं | : | प्रदेश समृद्धि संकेत |
| वि.व्य.स. | : | विद्यालय व्यवस्थापन समिति |
| रायोआ | : | राष्ट्रिय योजना आयोग |
| स्थाससं | : | स्थानीय समृद्धि संकेत |
| रु. | : | रुपैया |
| लि. | : | लिटर |
| हे. | : | हेक्टर |

**(ख) अंग्रेजीमा**

| | | |
|---|---|---|
| CSC | : | Community Score Card |
| COVID-19 | : | Corona Virus Disease-2019 |
| DPR | : | Detail Project Report |
| EMP | : | Environment Management Plan |
| EIA | : | Environmental Impact Assessment |
| GIS | : | Geographical Information System |
| GESI | : | Gender Equality and Social Inclusion |
| IEE | : | Initial Environmental Examination |
| IOE | : | Institute of Engineering |
| KM | : | Kilo Meter |
| MoE | : | Ministry of Education |
| MTMP | : | Municipal Transport Master Plan |
| NA | : | Not Available |
| NPC | : | National Planning Commission |
| NUDS | : | Nation Urban Development Strategy |
| O & M | : | Organization and Management |
| PTA | : | Parent Teacher Association |
| PPP | : | Public Private Parnership |
| SIP | : | School Improvement Plan |
| WASH | : | Water, Sanitation and Hygiene |

# विषय सूची


**१ परिच्छेद एक : परिचय ........ १**

१.१ पृष्ठभूमि ........ १
१.२ नगरपालिकाको वस्तुस्थिति विवरण ........ ४
१.३ नगरपालिकाको विकासको समिक्षा ........ ८
१.४ यस आवधिक विकास योजनाका विशेषताहरू ........ ११
१.५ योजना कार्यान्वयनको ढाँचा र संकेत ........ १२
१.६ योजना तर्जुमा विधि तथा प्रक्रिया ........ १२
१.७ अध्ययनका सीमाहरु ........ १४

**२ परिच्छेद दुई : दीर्घकालिन सोच, लक्ष्य, उद्देश्य र रणनीतिहरु ........ १६**

२.१ पृष्ठभुमि ........ १६
२.२ समस्या र चूनौती ........ १६
२.३ अवसर र सम्भावनाहरुको विश्लेषण ........ १८
२.४ कुश्मा नगरपालिकाको समृद्धिका प्रमुख संवाहकहरू ........ १९
२.५ कुश्मा नगरपालिकाको समृद्धिका मुख्य सहयोगी क्षेत्रहरु ........ २०
२.५.१ समष्टिगत दीर्घकालिन सोच ........ २१
२.५.२ समष्टिगत लक्ष्य ........ २२
२.५.३ समष्टिगत उद्देश्यहरु ........ २२
२.६ समष्टिगत रणनीतिहरु ........ २२
२.७ खर्चको आवश्यकता र स्रोत परिचालन (राजस्व प्रक्षेपण) ........ २३
२.८ परिमाणात्मक लक्ष्य ........ २७

**३ परिच्छेद तीन : आर्थिक विकास ........ २९**

३.१ कृषि विकास ........ २९
३.१.१ पृष्ठभूमि ........ २९
३.१.२ प्रमुख समस्या ........ २९
३.१.३ चुनौती र अवसर ........ ३०
३.१.४ दीर्घकालिन सोच, लक्ष्य र उद्देश्य ........ ३०
३.१.५ रणनीति र कार्यनीति ........ ३०
३.१.६ कार्यक्रमका प्राथमिकता ........ ३१
३.१.७ विस्तृत कार्यक्रम र बजेट ........ ३२
३.१.८ नतिजा खाका ........ ३६
३.२ पशुपंक्षी तथा मत्स्य विकास ........ ४०
३.२.१ पृष्ठभूमि ........ ४०
३.२.२ प्रमुख समस्या ........ ४०
३.२.३ चुनौती र अवसर ........ ४०
३.२.४ दीर्घकालीन सोच, लक्ष्य र उद्देश्य ........ ४१
३.२.५ रणनीति र कार्यनीति ........ ४१
३.२.६ कार्यक्रमका प्राथमिकता ........ ४२
३.२.७ विस्तृत कार्यक्रम र बजेट ........ ४३

३.२.८ नतिजा खाका ...... ४६
३.३ पर्यटन ...... ५१
३.३.१ पृष्ठभूमि ...... ५१
३.३.२ प्रमुख समस्या ...... ५१
३.३.३ चुनौती र अवसर ...... ५२
३.३.४ दीर्घकालीन सोच, लक्ष्य र उद्देश्य ...... ५२
३.३.५ रणनीति र कार्यनीति ...... ५३
३.३.६ कार्यक्रमका प्राथमिकता ...... ५३
३.३.७ विस्तृत कार्यक्रम र बजेट ...... ५४
३.३.८ नतिजा खाका ...... ५६
३.४ घरेलु तथा साना उद्योग ...... ५८
३.४.१ पृष्ठभूमि ...... ५८
३.४.२ प्रमुख समस्या ...... ५८
३.४.३ चुनौती र अवसर ...... ५८
३.४.४ दीर्घकालीन सोच, लक्ष्य र उद्देश्य ...... ५८
३.४.५ रणनीति र कार्यनीति ...... ५९
३.४.६ कार्यक्रमका प्राथमिकता ...... ५९
३.४.७ कार्यक्रम र बजेट ...... ६०
३.४.८ नतिजा खाका ...... ६२
३.५ सहकारी तथा वित्तीय संघ संस्था क्षेत्र ...... ६४
३.५.१ पृष्ठभूमि ...... ६४
३.५.२ प्रमुख समस्या ...... ६४
३.५.३ चुनौती र अवसर ...... ६४
३.५.४ दीर्घकालिन सोच, लक्ष्य र उद्देश्य ...... ६५
३.५.५ रणनीति र कार्यनीति ...... ६५
३.५.६ प्राथमिकताका कार्यक्रमहरु ...... ६५
३.५.७ विस्तृत कार्यक्रम र बजेट ...... ६६
३.५.८ नतिजा खाका ...... ६८
३.६ श्रम तथा रोजगार ...... ७१
३.६.१ पृष्ठभूमि ...... ७१
३.६.२ प्रमुख समस्या ...... ७१
३.६.३ चुनौती र अवसर ...... ७१
३.६.४ दीर्घकालिन सोच, लक्ष्य र उद्देश्य ...... ७१
३.६.५ रणनीति र कार्यनीति ...... ७२
३.६.६ कार्यक्रमका प्राथमिकता ...... ७२
३.६.७ विस्तृत कार्यक्रम र बजेट ...... ७३
३.६.८ नतिजा खाका ...... ७६
**४ परिच्छेद चार : सामाजिक विकास क्षेत्र ...... ७८**
४.१ शिक्षा ...... ७८
४.१.१ पृष्ठभुमि ...... ७८
४.१.२ प्रमुख समस्या ...... ७९
४.१.३ चुनौती र अवसर ...... ७९

४.१.४ दीर्घकालिन सोच, लक्ष्य र उद्देश्य ......79
४.१.५ रणनीति र कार्यनीति ......७९
४.१.६ कार्यक्रमका प्राथमिकता ......८१
४.१.७ विस्तृत कार्यक्रम र बजेट ......८२
४.१.८ नतिजा खाका ......८४
४.२ स्वास्थ्य तथा पोषण ......८७
४.२.१ पृष्ठभुमि ......८७
४.२.२ प्रमुख समस्या ......८७
४.२.३ चुनौती र अवसर ......८८
४.२.४ दीर्घकालिन सोच, लक्ष्य र उद्देश्य ......८८
४.२.५ रणनीति र कार्यनीति ......८८
४.२.६ कार्यक्रमका प्राथमिकता ......९०
४.२.७ विस्तृत कार्यक्रम र बजेट ......९१
४.२.८ नतिजा खाका ......९४
४.३ खानेपानी तथा सरसफाई ......९७
४.३.१ पृष्ठभुमि ......९७
४.३.२ प्रमुख समस्या ......९७
४.३.३ चुनौती र अवसर ......९७
४.३.४ दीर्घकालिन सोच, लक्ष्य र उद्देश्य ......९७
४.३.५ रणनीति र कार्यनीति ......९८
४.३.६ कार्यक्रमका प्राथमिकता ......९८
४.३.७ विस्तृत कार्यक्रम र बजेट ......९९
४.३.८ नतिजा खाका ......१०१
४.४ युवा तथा खेलकुद ......१०३
४.४.१ पृष्ठभुमि ......१०३
४.४.२ प्रमुख समस्या ......१०३
४.४.३ चुनौती र अवसर ......१०३
४.४.४ दीर्घकालिन सोच, लक्ष्य र उद्देश्य ......१०३
४.४.५ रणनीति र कार्यनीति ......१०४
४.४.६ कार्यक्रमका प्राथमिकता ......१०४
४.४.७ विस्तृत कार्यक्रम र बजेट ......१०५
४.४.८ नतिजा खाका ......१०६
४.५ लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण ......१०८
४.५.१ पृष्ठभुमि ......१०८
४.५.२ प्रमुख समस्या ......१०८
४.५.३ चुनौती र अवसर ......१०९
४.५.४ दीर्घकालिन सोच, लक्ष्य र उद्देश्य ......१०९
४.५.५ रणनीति र कार्यनीति ......१०९
४.५.६ कार्यक्रमका प्राथमिकता ......११०
४.५.७ विस्तृत कार्यक्रम तथा बजेट ......१११
४.५.८ नतिजा खाका ......११५
४.६ भाषा तथा संस्कृति ......११८
४.६.१ पृष्ठभुमि ......११८

४.६.२ प्रमुख समस्या ........ ११८
४.६.३ चुनौती र अवसर ........ ११८
४.६.४ दीर्घकालिन सोच, लक्ष्य र उद्देश्य ........ ११८
४.६.५ रणनीति र कार्यनीति ........ ११९
४.६.६ कार्यक्रमका प्राथमिकता ........ ११९
४.६.७ विस्तृत कार्यक्रम र बजेट ........ १२०
४.६.८ नतिजा खाका ........ १२१

**५ परिच्छेद पाँच : भौतिक पूर्वाधार विकास ........ १२२**

५.१ सडक ........ १२२
५.१.१ पृष्ठभूमि ........ १२२
५.१.२ प्रमुख समस्या ........ १२२
५.१.३ चुनौती र अवसर ........ १२३
५.१.४ दीर्घकालिन सोच, लक्ष्य र उद्देश्य ........ १२३
५.१.५ रणनीति र कार्यनीति ........ १२४
५.१.६ कार्यक्रमका प्राथमिकता ........ १२४
५.१.७ विस्तृत कार्यक्रम र बजेट ........ १२५
५.१.८ नतिजा खाका ........ १२६
५.२ यातायात ........ १२९
५.२.१ पृष्ठभूमि ........ १२९
५.२.२ प्रमुख समस्या ........ १२९
५.२.३ चुनौती र अवसर ........ १२९
५.२.४ दीर्घकालिन सोच, लक्ष्य र उद्देश्य ........ १३०
५.२.५ रणनीति र कार्यनीति ........ १३०
५.२.६ कार्यक्रमका प्राथमिकता ........ १३०
५.२.७ विस्तृत कार्यक्रम र बजेट ........ १३१
५.२.८ नतिजा खाका ........ १३२
५.३ आवास, भवन तथा शहरी विकास ........ १३४
५.३.१ पृष्ठभूमि ........ १३४
५.३.२ प्रमुख समस्या ........ १३४
५.३.३ चुनौती र अवसर ........ १३४
५.३.४ दीर्घकालीन सोच, लक्ष्य र उद्देश्य ........ १३५
५.३.५ रणनीति र कार्यनीति ........ १३५
५.३.६ कार्यक्रमका प्राथमिकता ........ १३६
५.३.७ विस्तृत कार्यक्रम र बजेट ........ १३७
५.३.८ नतिजा खाका ........ १३८
५.४ विद्युत तथा उर्जा ........ १४१
५.४.१ पृष्ठभूमि ........ १४१
५.४.२ प्रमुख समस्या ........ १४१
५.४.३ चुनौती र अवसर ........ १४१
५.४.४ दीर्घकालिन सोच, लक्ष्य र उद्देश्य ........ १४२
५.४.५ रणनीति र कार्यनीति ........ १४२
५.४.६ कार्यक्रमका प्राथमिकता ........ १४३

५.४.७ विस्तृत कार्यक्रम र बजेट ........ १४४
५.४.८ नतिजा खाका ........ १४५
५.५ सूचना तथा सञ्चार ........ १४७
५.५.१ पृष्ठभूमि ........ १४७
५.५.२ प्रमुख समस्या ........ १४७
५.५.३ चुनौती र अवसर ........ १४७
५.५.४ दीर्घकालीन सोच, लक्ष्य र उद्देश्य ........ १४८
५.५.५ रणनीति र कार्यनीति ........ १४८
५.५.६ कार्यक्रमका प्राथमिकता ........ १४८
५.५.७ विस्तृत कार्यक्रम र बजेट ........ १४९
५.५.८ नतिजा खाका ........ १५०

**६ परिच्छेद छ : वन, वातावरण तथा विपद् व्यवस्थापन ........ १५१**

६.१ वन तथा भूसंरक्षण ........ १५१
६.१.१ पृष्ठभूमि ........ १५१
६.१.२ प्रमुख समस्या ........ १५१
६.१.३ चुनौती र अवसर ........ १५२
६.१.४ दीर्घकालीन सोच, लक्ष्य र उद्देश्य ........ १५२
६.१.५ रणनीति र कार्यनीति ........ १५३
६.१.६ कार्यक्रमका प्राथमिकता ........ १५३
६.१.७ विस्तृत कार्यक्रम र बजेट ........ १५४
६.१.८ नतिजा खाका ........ १५५
६.२ जलाधार व्यवस्थापन ........ १५७
६.२.१ पृष्ठभूमि ........ १५७
६.२.२ प्रमुख समस्या ........ १५७
६.२.३ चुनौती र अवसर ........ १५७
६.२.४ दीर्घकालीन सोच, लक्ष्य र उद्देश्य ........ १५७
६.२.५ रणनीति र कार्यनीति ........ १५८
६.२.६ कार्यक्रमका प्राथमिकता ........ १५८
६.२.७ विस्तृत कार्यक्रम र बजेट ........ १५९
६.२.८ नतिजा खाका ........ १६०
६.३ वातावरण संरक्षण तथा फोहोरमैला व्यवस्थापन ........ १६२
६.३.१ पृष्ठभूमि ........ १६२
६.३.२ प्रमुख समस्या ........ १६३
६.३.३ चुनौती र अवसर ........ १६३
६.३.४ दीर्घकालीन सोच, लक्ष्य र उद्देश्य ........ १६३
६.३.५ रणनीति र कार्यनीति ........ १६४
६.३.६ कार्यक्रमका प्राथमिकता ........ १६४
६.३.७ विस्तृत कार्यक्रम र बजेट ........ १६५
६.३.८ नतिजा खाका ........ १६७
६.४ विपद् व्यवस्थापन ........ १७१
६.४.१ पृष्ठभूमि ........ १७१
६.४.२ प्रमुख समस्या ........ १७१

६.४.३ चुनौती र अवसर ....................................................................... १७१
६.४.४ दीर्घकालिन सोच, लक्ष्य र उद्देश्य ....................................................... १७२
६.४.५ रणनीति र कार्यनीति....................................................................... १७२
६.४.६ कार्यक्रमका प्राथमिकता ................................................................... १७२
६.४.७ विस्तृत कार्यक्रम र बजेट ................................................................. १७३
६.४.८ नजिजा खाका.............................................................................. १७४

**७ परिच्छेद सात : संस्थागत विकास तथा सुशासन ........................................ १७६**

७.१ मानव संसाधन विकास........................................................................ १७६
७.१.१ पृष्ठभूमि.................................................................................... १७६
७.१.२ प्रमुख समस्या.............................................................................. १७६
७.१.३ चुनौती र अवसर .......................................................................... १७६
७.१.४ दीर्घकालिन सोच, लक्ष्य र उद्देश्य ....................................................... १७७
७.१.५ रणनीति र कार्यनीति....................................................................... १७७
७.१.६ कार्यक्रमका प्राथमिकता ................................................................... १७७
७.१.७ विस्तृत कार्यक्रम र बजेट ................................................................. १७८
७.१.८ नतिजा खाका .............................................................................. १७९
७.२ संस्थागत क्षमता विकास र सेवा प्रवाह ...................................................... १८१
७.२.१ पृष्ठभूमि.................................................................................... १८१
७.२.२ प्रमुख समस्या.............................................................................. १८१
७.२.३ चुनौती र अवसर .......................................................................... १८२
७.२.४ दीर्घकालिन सोच, लक्ष्य र उद्देश्य ....................................................... १८२
७.२.५ रणनीति र कार्यनीति....................................................................... १८२
७.२.६ कार्यक्रमका प्राथमिकता ................................................................... १८३
७.२.७ विस्तृत कार्यक्रम र बजेट ................................................................. १८४
७.२.८ नतिजा खाका .............................................................................. १८५
७.३ राजस्व परिचालन............................................................................. १८८
७.३.१ पृष्ठभूमि.................................................................................... १८८
७.३.२ प्रमुख समस्या.............................................................................. १८८
७.३.३ चुनौती र अवसर .......................................................................... १८८
७.३.४ दीर्घकालीन सोच, लक्ष्य र उद्देश्य ....................................................... १८८
७.३.५ रणनीति र कार्यनीति....................................................................... १८९
७.३.६ कार्यक्रमका प्राथमिकता ................................................................... १८९
७.३.७ विस्तृत कार्यक्रम र बजेट ................................................................. १९०
७.३.८ नतिजा खाका .............................................................................. १९१
७.४ सुशासन........................................................................................ १९३
७.४.१ पृष्ठभूमि.................................................................................... १९३
७.४.२ प्रमुख समस्या.............................................................................. १९३
७.४.३ चुनौती र अवसर .......................................................................... १९३
७.४.४ दीर्घकालीन सोच, लक्ष्य र उद्देश्य ....................................................... १९३
७.४.५ रणनीति र कार्यनीति....................................................................... १९४
७.४.६ कार्यक्रमका प्राथमिकता ................................................................... १९४
७.४.७ विस्तृत कार्यक्रम र बजेट ................................................................. १९५

७.४.८ नतिजा खाका ........................................................ १९७

**८ परिच्छेद आठ : अनुगमन तथा मूल्याङ्कन योजना ........................................ १९९**

८.१ पृष्ठभूमि ........................................................ १९९
८.२ अनुगमन संयन्त्र ........................................................ १९९
८.३ अनुगमन विधि ........................................................ २००

**९ सन्दर्भ सामग्रीहरु ........................................................ २०२**

## तालिकाहरु

तालिका १.१ : नगरपालिकाको संक्षिप्त जानकारी ........................................ ४
तालिका १.२ : वडा विभाजनको अवस्था ........................................ ५
तालिका १.३ : नगरपालिकाको भौतिक विकासको समिक्षा ........................................ ९
तालिका १.४ : कार्यान्वयनको ढाँचा र संकेत ........................................ १२
तालिका २.१ : नगरपालिकाको क्षेत्रगत समस्या र चुनौतीहरु ........................................ १७
तालिका २.२ : आ.व. २०७६/०७७ को विषय क्षेत्रगत वजेट विनियोजन र खर्चको अवस्था ........................................ २३
तालिका २.३ : कुश्मा नगरपालिकाकको आन्तरिक राजस्व परिचालनको अवस्था विश्लेषण (रकम रू.) ........................................ २४
तालिका २.४ : कुश्मा नगरपालिकाको राजस्व प्रक्षेपण (रकम रू.) ........................................ २५
तालिका २.५ : त्रिवर्षीय आवधिक विकास योजनाको क्षेत्रगत खर्च अनुमान (रू. हजारमा) ........................................ २५
तालिका २.६ : कुश्मा नगरपालिकाको राजस्व प्रक्षेपण (रकम रू.) ........................................ २६
तालिका २.७ : योजनाको परिमाणात्मक लक्ष्य ........................................ २७
तालिका ३.१ : रणनीति तथा कार्यनीति ........................................ ३०
तालिका ३.२ : कार्यक्रम तथा बजेट (कृषि विकास) ........................................ ३२
तालिका ३.३ : नतिजा खाका (कृषि विकास) ........................................ ३६
तालिका ३.४ : रणनीति तथा कार्यनीति ........................................ ४१
तालिका ३.५ : कार्यक्रम तथा बजेट (पशुपंक्षी तथा मत्स्य विकास) ........................................ ४३
तालिका ३.६ : नतिजा खाका (पशुपंक्षी तथा मत्स्य विकास) ........................................ ४६
तालिका ३.७ : रणनीति तथा कार्यनीति ........................................ ५३
तालिका ३.८ : कार्यक्रम तथा बजेट (पर्यटन) ........................................ ५४
तालिका ३.९ : नतिजा खाका (पर्यटन) ........................................ ५६
तालिका ३.१० : रणनीति तथा कार्यनीति ........................................ ५९
तालिका ३.११ : कार्यक्रम तथा बजेट (घरेलु तथा साना उद्योग) ........................................ ६०
तालिका ३.१२ : नतिजा खाका (घरेलु तथा साना उद्योग) ........................................ ६२
तालिका ३.१३ : रणनीति तथा कार्यनीति ........................................ ६५
तालिका ३.१४ : कार्यक्रम तथा बजेट (सहकारी तथा वित्तीय संघ संस्था) ........................................ ६६
तालिका ३.१५ : नतिजा खाका (सहकारी तथा वित्तीय संघ संस्था) ........................................ ६८
तालिका ३.१६ : रणनीति तथा कार्यनीति ........................................ ७२
तालिका ३.१७ : कार्यक्रम तथा बजेट (श्रम तथा रोजगार) ........................................ ७३
तालिका ३.१८ : नतिजा खाका (श्रम तथा रोजगार) ........................................ ७६
तालिका ४.१ : रणनीति तथा कार्यनीति ........................................ ७९

तालिका ४.२ : कार्यक्रम तथा बजेट (शिक्षा)........................................................................................८२
तालिका ४.३ : नतिजा खाका (शिक्षा) ..............................................................................................८४
तालिका ४.४ : रणनीति तथा कार्यनीति..............................................................................................८८
तालिका ४.५ : कार्यक्रम तथा बजेट (स्वास्थ्य तथा पोषण) ...................................................................९१
तालिका ४.६ : नतिजा खाका (स्वास्थ्य तथा पोषण)............................................................................९४
तालिका ४.७ : रणनीति तथा कार्यनीति..............................................................................................९८
तालिका ४.८ : कार्यक्रम तथा बजेट (खानेपानी तथा सरसफाई) ........................................................... ९९
तालिका ४.९ : नतिजा खाका (खानेपानी तथा सरसफाई) ...................................................................१०१
तालिका ४.१० : रणनीति तथा कार्यनीति...........................................................................................१०४
तालिका ४.११ : कार्यक्रम तथा बजेट (युवा तथा खेलकूद)....................................................................१०५
तालिका ४.१२ : नतिजा खाका (युवा तथा खेलकुद) ..........................................................................१०६
तालिका ४.१३ : रणनीति तथा कार्यनीति .......................................................................................... १०९
तालिका ४.१४ : कार्यक्रम तथा बजेट (लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण) .......................... १११
तालिका ४.१५ : नतिजा खाका (लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण)...................................११५
तालिका ४.१६ : रणनीति तथा कार्यनीति ...........................................................................................११९
तालिका ४.१७ : कार्यक्रम तथा बजेट (भाषा तथा संस्कृति)..................................................................१२०
तालिका ४.१८ : नतिजा खाका (भाषा तथा संस्कृति) ..........................................................................१२१
तालिका ५.१ : रणनीति तथा कार्यनीति.............................................................................................१२४
तालिका ५.२ : कार्यक्रम तथा बजेट (सडक)......................................................................................१२५
तालिका ५.३ : नतिजा खाका (सडक) ..............................................................................................१२६
तालिका ५.४ : रणनीति तथा कार्यनीति............................................................................................ १३०
तालिका ५.५ : कार्यक्रम तथा बजेट (यातायात)..................................................................................१३१
तालिका ५.६ : नतिजा खाका (यातायात)..........................................................................................१३२
तालिका ५.७ : रणनीति तथा कार्यनीति............................................................................................ १३५
तालिका ५.८ : कार्यक्रम तथा बजेट (आवास, भवन तथा शहरी विकास)..............................................१३७
तालिका ५.९ : नतिजा खाका (आवास, भवन तथा शहरी विकास).......................................................१३८
तालिका ५.१० : रणनीति तथा कार्यनीति ..........................................................................................१४२
तालिका ५.११ : कार्यक्रम तथा बजेट (विद्युत तथा उर्जा) ................................................................... १४४
तालिका ५.१२ : नतिजा खाका (विद्युत तथा उर्जा) ...........................................................................१४५
तालिका ५.१३ : रणनीति तथा कार्यनीति...........................................................................................१४८
तालिका ५.१४ : कार्यक्रम तथा बजेट (सूचना तथा सञ्चार)..................................................................१४९
तालिका ५.१५ : नतिजा खाका (सूचना तथा सञ्चार)..........................................................................१५०
तालिका ६.१ : भू–क्षयबाट प्रभावित क्षेत्र.............................................................................................१५१
तालिका ६.२ : रणनीति तथा कार्यनीति............................................................................................ १५३
तालिका ६.३ : कार्यक्रम तथा बजेट (वन तथा भूसंरक्षण)....................................................................१५४
तालिका ६.४ : नतिजा खाका (वन तथा भूसंरक्षण)............................................................................ १५५
तालिका ६.५ : रणनीति तथा कार्यनीति .............................................................................................१५८
तालिका ६.६ : कार्यक्रम तथा बजेट (जलाधार व्यवस्थापन) ................................................................ १५९
तालिका ६.७ : नतिजा खाका (जलाधार व्यवस्थापन)......................................................................... १६०
तालिका ६.८ : रणनीति तथा कार्यनीति.............................................................................................१६४

तालिका ६.९ : कार्यक्रम तथा बजेट (वातावरण संरक्षण तथा फोहोरमैला व्यवस्थापन)........................................ १६५
तालिका ६.१० : नतिजा खाका (वातारवरण संरक्षण तथा फोहोरमैला व्यवस्थापन)..........................................१६७
तालिका ६.११ : रणनीति तथा कार्यनीति..........................................................................................१७२
तालिका ६.१२ : कार्यक्रम तथा बजेट (विपद् व्यवस्थापन)....................................................................१७३
तालिका ६.१३ : नतिजा खाका (विपद् व्यवस्थापन) ............................................................................ १७४
तालिका ७.१ : रणनीति तथा कार्यनीति............................................................................................१७७
तालिका ७.२ : विस्तुत कार्यक्रम र बजेट (मानव संसाधन विकास) ........................................................ १७८
तालिका ७.३ : नतिजा खाका (मानव संसाधन विकास)........................................................................१७९
तालिका ७.४ : रणनीति तथा कार्यनीति............................................................................................१८२
तालिका ७.५ : कार्यक्रम तथा बजेट (संस्थागत क्षमता विकास र सेवा प्रवाह) ...........................................१८४
तालिका ७.६ : नतिजा खाका (संस्थागत क्षमता विकास र सेवा प्रवाह) ...................................................१८५
तालिका ७.७ : रणनीति तथा कार्यनीति............................................................................................ १८९
तालिका ७.८ : कार्यक्रम तथा बजेट (राजस्व परिचालन)...................................................................... १९०
तालिका ७.९ : नतिजा खाका (राजस्व परिचालन)...............................................................................१९१
तालिका ७.१० : रणनीति तथा कार्यनीति.......................................................................................... १९४
तालिका ७.११ : कार्यक्रम तथा बजेट (सुशासन).................................................................................. १९५
तालिका ७.१२ : नतिजा खाका (सुशासन) ..........................................................................................१९७
तालिका ८.१ : अनुगमन खाका.........................................................................................................२००

## अनुसूचीहरु

अनुसूची १ : दीर्घकालीन सोच, लक्ष्य र उद्देश्य निर्धारण कार्यशालाको संक्षिप्त प्रतिवेदन............................................ २०४
अनुसूची २ : दीर्घकालिन सोच, लक्ष्य र उद्देश्य निर्धारण कार्यशालाको कार्यक्रम तालिका........................................... २१०
अनुसूची ३ : दीर्घकालिन सोच, लक्ष्य र उद्देश्य निर्धारण कार्याशालाका सहभागीहरु..................................................२११
अनुसूची ४ : विषय क्षेत्रगत छलफल सम्बन्धी विवरण......................................................................................२१३
अनुसूची ५ : भर्चुअल अन्तरक्रिया कार्यक्रम ..................................................................................................२१६
अनुसूची ६ : आवधिक विकास योजना तर्जुमाका लागि गठन भएका समितिहरुको विवरण ....................................... २१८
अनुसूची ७ : विभिन्न तहका समृद्धिका संकेतहरु ..........................................................................................२२०
अनुसूची ८ : नगरस्तरीय गौरवका तथा रूपान्तरणकारी आयोजनाहरू.......................................................... २२२
अनुसूची ९ : नगरपालिका क्षेत्रभित्र रहेका प्रमुख धार्मिक तथा पर्यटकीय सम्पदा स्थलहरुको परिचय ...........................२२४
अनुसूची १० : आवधिक विकास योजनामा गण्डकी प्रदेश प्रशिक्षण प्रतिष्ठान पोखराको सुझाव.................................२३५
अनुसूची ११ : विभिन्न कार्यशाला तथा बैठकहरूका तस्विरहरु ........................................................................ २३६

# परिच्छेद एक : परिचय

## १.१ पृष्ठभूमि

योजनाबद्ध तरिकाले गरिएको प्रयासबाट मात्र कुनैपनि ठाउँको विकास सम्भव हुन्छ र आशातित नतिजा हासिल हुन्छ । यसले नेतृत्वतहलाई बढी पारदर्शी र जवाफदेही बनाउनुका साथै नतिजामा आधारित भएर विकासको उपलब्धीहरूको समिक्षा गर्न सजिलो हुन्छ । योजनाको सम्बन्धमा धेरै परिभाषाहरू पाउन सकिन्छ । तर सजिलो तरिकाले योजना कुनै खास लक्ष्य तथा उद्देश्य हासिल गर्नको लागि प्रणालीबद्ध रुपमा सञ्चालन गरिने क्रियाकलापहरूको एउटा समूह हो जसले के गर्ने, कति गर्ने, कहिले गर्ने, कहाँ गर्ने, कसरी गर्ने जस्ता प्रश्नहरूको उत्तर दिन्छ । विकास योजना भनेको कुनै खास समय भित्र खास उद्देश्य हासिल गर्नको लागि प्राप्त स्रोतहरूको उचित व्यवस्थापन हो । योजनाबद्ध विकासको अवधारणा सबैभन्दा पहिले सन् १९२८ मा पूर्व सोभियत संघमा शुरु भएको थियो । अध्ययनको विधाको हिसाबले सन् १९०० को दशकमा स्थानीय योजनाको रुपमा शहरी योजना अध्ययनको एउटा विधाको रुपमा देखा परेको पाईन्छ । यसको शुरुवात बेलायतमा सन् १९०९ मा लिभरपुल विश्वविद्यालयमा भएको पाईन्छ भने अमेरिकाको हावर्ड विश्वविद्यालयमा सन् १९२४ मा यसको पढाई शुरु भएको थियो । विश्वविद्यालय अनुसार यसको पाठ्यक्रममा व्यापक मात्रामा विविधता रहेको पाइन्छ ।

सन् १९२० को दशकको महामन्दी सँगै योजनावद्ध विकासको अवधारणा संसारभर लोकप्रिय बन्दै गयो र संसारका थुप्रै देशहरू तीब्ररुपमा आर्थिक गतिविधिहरू सञ्चालन गर्न सक्षम बनेका थिए । उनीहरूले आफ्नो देशलाई वैदेशिक उत्पादनसँग प्रतिस्पर्धी बनाउन र घरेलु उत्पादनको संरक्षणमा जोड दिनको लागि योजनाबद्ध विकासलाई जोड दिए । नेपालमा योजनाबद्ध विकासको शुरुवात वि.सं. २०१३ मा भएको हो र हालसम्म थुप्रै आवधिक विकास योजनाहरू बनेका छन् । कहिले पञ्चवर्षीय त कहिले त्रिवर्षीय आवधिक विकास योजनाहरू नेपालमा कार्यान्वयनमा आएका छन् र हाल १५ औं पञ्च बर्षीय योजना कार्यान्वयनमा रहेको छ ।

नेपालले सन् १९५० को दशकमा संयुक्त राष्ट्र संघको सदस्यता लिए पश्चातमात्र यहाँ योजनाबद्ध विकासको क्षेत्रमा अन्तर्राष्ट्रिय प्रभावहरू पर्न थालेको पाईन्छ । सन् २००० देखि २०१५ सम्मको लागि सहश्राब्दी विकासका आठवटा लक्ष्यहरू कार्यान्वयनमा आएको र यसमा नेपालले राम्रो प्रगति पनि गरेको थियो । हाल कार्यान्वयनमा रहेको दिगो विकास लक्ष्यको दस्तावेजले सन् २०३० सम्ममा नेपाललाई न्यायपूर्ण तथा समृद्ध मुलुक बनाउने परिकल्पना (Envision) गरेको छ । सन् २०३० सम्मको लागि तय गरिएको लक्ष्यमा पुग्नका लागि नीजि तथा सहकारी क्षेत्रलाई प्रोत्साहित गर्ने र जिम्मेवार बनाउने भूमिका तिनै तहको सरकारको हो । दिगो विकास लक्ष्यहरू अन्तरगत १७ वटा लक्ष्यहरू र १६९ वटा परिमाणात्मक लक्ष्यहरू निर्धारण गरिएका छन् ।[1]

राष्ट्रिय वा प्रादेशिक वा स्थानीय तहको लागि तर्जुमा गरिने योजना दीर्घकालीन (२० देखि २५ वर्ष) को सोच, लक्ष्यमा आधारित हुनु पर्दछ । त्यसको लागि मध्यमकालिन (सामान्यतया ५ देखि ७ वर्षको) योजना निर्माण गर्नु आवश्यक हुन्छ भने त्यसको कार्यान्वयन वार्षिक योजना मार्फत गरिन्छ । यसको साथै आवधिक योजना

[1] नेपाल सरकार, राष्ट्रिय योजना आयोग, दिगो विकास लक्ष्यहरू वर्तमान अवस्था र भावी मार्गचित्र : २०१६-३०, डिसेम्बर, २०१७

कार्यान्वयनका लागि मध्यमकालिन खर्च संरचना निर्माण गर्नुपर्ने प्रावधान पनि नेपालको प्रचलित योजना तर्जुमा पद्धतिमा व्यवस्था गरिएको छ ।

नेपालको संविधान, २०७२ ले स्थानीय तहको अधिकार तथा जिम्मेवारी सम्बन्धी व्यवस्था अनुसूची ८ (एकल अधिकार) र अनुसूची ९ (साझा अधिकार) मा गरेको छ । स्थानीय तहको जिम्मेवारीहरू स्थानीय सरकार सञ्चालन ऐन २०७४ मा विस्तृत रुपमा व्याख्या गरिएको छ । स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ मा स्थानीय तहले आफ्नो क्षेत्रको विकासका लागि योजना बनाई कार्यान्वयन गर्नुपर्ने व्यवस्था रहेको छ । सो दफाको उपदफा १ मा गाउँपालिका तथा नगरपालिकाहरूले आफ्नो अधिकार क्षेत्र भित्रका विषयमा स्थानीयस्तरको विकासका लागि आवधिक, वार्षिक, रणनीतिगत, विषय क्षेत्रगत, मध्यमकालिन, दीर्घकालीन विकास योजना बनाई लागु गर्नुपर्नेछ भन्ने उल्लेख गरिएको छ । यहि कानूनी प्रावधानको परिपालना गर्न तथा जनताको विकासको आकांक्षा पुरा गर्न कुश्मा नगरपालिकाले आफ्नो अधिकार क्षेत्र भित्रको समग्र विकासको दिशा निर्दिष्ट गर्ने उद्देश्यले यो ३ वर्षे (आ.व. २०७८/७९-२०८०/८१ सम्मको) आवधिक विकास योजना तर्जुमा गरिएको हो ।

नेपालको संविधानको मर्म संघ, प्रदेश र स्थानीय तहहरू बीचको समन्वय, सहअस्तित्व र सहकार्यबाट मात्रै लोकतन्त्रको संस्थागत विकास हुने र समग्र मुलुकले लिएको लक्ष्य हासिल गर्न सकिन्छ भन्ने रहेको छ । स्थानीय योजना स्थानीय विकासको लागि मात्र होइन की राष्ट्रिय विकासको लक्ष्यहरू प्राप्त गर्न पनि सहयोगी हो । त्यसैले यो आवधिक विकास योजना संघीय सरकार र गण्डकी प्रदेश सरकारको नीति, लक्ष्य, उद्देश्य, समय सीमा र प्रक्रियासँग तादात्म्यता हुनेगरी सुशासन, वातावरण, बालमैत्री स्थानीय शासन, जलवायु परिवर्तन अनुकूलन, विपद् व्यवस्थापन, लैङ्गिक तथा सामाजिक समावेशीकरण जस्ता अन्तर सम्बन्धित विषयलाई समेत ध्यान दिई तयार गरिएको छ । नतिजामा आधारित यो आवधिक विकास योजनाले आगामी ३ वर्ष पछिको नगरपालिकाको विकासको अवस्था निर्धारणको गर्नुको साथै सोको लागि आवश्यक रणनीति तथा कार्यनीतिहरू, सञ्चालन गर्नुपर्ने कार्यक्रम तथा परियोजनाहरू र त्यसका लागि आवश्यक पर्ने स्रोतहरूको समेत अनुमान गरिएको छ । नगरपालिकाको आर्थिक, सामाजिक लगायत विविध पक्षको विकास गर्न र नगरपालिकाले वार्षिक रुपमा बनाउनु पर्ने र कार्यान्वयन गर्नुपर्ने वार्षिक योजना तर्जुमा गर्न समेत यस आवधिक विकास योजना सहयोग हुन सक्ने विश्वास गरिएको छ ।

नेपाल सरकारको अर्न्तराष्ट्रिय प्रतिबद्धता अनुरुप वि.स. २०८७ सम्ममा दिगो विकास लक्ष्य हासिल गर्नुपर्ने हुन्छ । विकासका सबै आयामहरूमा कसैलाई पनि पछि नछोड्ने (No one is left behind) को प्रतिबद्धता बमोजिम दिगो विकास लक्ष्यहरूलाई नगरपालिकाको आवधिक योजनामा समेत आन्तरिकीकरण र स्थानीयकरण गर्नु बाञ्छनीय हुन्छ । आर्थिक सामाजिक विकासमा छोटो अवधिमै फड्को मार्दै वि.सं. २०७९ सम्ममा नेपाललाई अति कम विकसित देशबाट विकासशील देशमा स्तरोन्नती गर्ने, वि.सं. २०८७ सम्ममा दिगो विकास लक्ष्य हासिल गर्ने र वि.सं. २१०० साल सम्ममा नेपाललाई उच्च-मध्यम आय भएको[२] मुलुकमा पुऱ्याई **"समृद्ध, नेपाल, सुखी नेपाली"** को साझा राष्ट्रिय आकांक्षा पुरा गर्न नगरपालिकाको आवधिक योजनाले योगदान गर्न जरुरी हुन्छ । त्यसैले यस आवधिक विकास योजनाले लिएका लक्ष्य, उद्देश्य तथा क्रियाकलापहरूले तिनै तर्फ लक्षित छन् ।

सार्वजनिक सेवाहरू जस्तै आधारभूत तथा माध्यमिक शिक्षा, प्राथमिक स्वास्थ्य उपचार, पिउने पानीको आपूर्ति र सरसफाई, कृषि, आधारभूत पूर्वाधारहरू र सामाजिक सुरक्षा जस्ता सेवाहरू स्थानीय सरकारहरुमार्फत

[२] नेपाल सरकार, राष्ट्रिय योजना आयोग, पन्ध्रौं योजना, २०७६

प्रदान गरिँदै आएको छ । स्थानीय तह मार्फत कार्यक्रम कार्यान्वयन हुँदा विकासको प्रतिफलमा “कसैलाई पनि पछि पारिने छैन” भन्ने सिद्धान्तमा आधारित र विकासको परिणाम समतामूलक बनाउन गरिबी र अभावग्रस्त क्षेत्रमा लक्षित कार्यक्रमहरू सञ्चालन गरिनु आवश्यक छ ।[३] यसर्थ, दिगो विकास लक्ष्यहरू निर्धारित समयमा हासिल गर्न स्थानीय तहका सरकारहरूले नतिजामा आधारित आवधिक तथा वार्षिक विकास योजना तर्जुमा गरी कार्यान्वयन गर्न अपरिहार्य भएकोले कुश्मा नगरपालिकाको यो आवधिक विकास योजना तर्जुमा गरिएको हो ।

नेपालका पुराना शहरहरूमा अनियन्त्रित र अव्यवस्थित शहरीकरणका कारण यातायात, ढल, विभिन्न किसिमका प्रदूषणको साथै खुला स्थान तथा शहरी सौन्दर्यको अभाव खट्किन गएको छ । ति शहरहरूलाई व्यवस्थित बनाउनु अहिले एउटा ठूलो चुनौती बनेको छ । कुश्मा नगरपालिकाले बेलैमा विचार नपुऱ्याए त्यस्तै परिस्थितिको सामना गर्नुपर्ने हुन्छ भन्ने कुरालाई ध्यान दिई नगरपालिकालाई त्यस्तो अवस्थाबाट गुज्रन नदिन बेलैमा योजनाबद्ध विकासको खाँचो पर्दछ । यहि कुरालाई ध्यानमा राखी कुश्मा नगरपालिकाले नगरका सरोकारवालाहरूको सहभागितामा यस नगरपालिकाको आर्थिक, सामाजिक, भौतिक पूर्वाधार, वन तथा वातावरण क्षेत्र तथा सुशासन तथा संस्थागत विकासका साथै नगरपालिकाबाट प्रदान गरिने सेवा प्रवाहलाई सरल, सहज, प्रभावकारी बनाउने लक्ष्यका साथ नगरपालिकाले यो योजना निर्माण गरेको हो । यस योजनाको कार्यान्वयनबाट शहरीकरणलाई व्यवस्थित बनाउँदै लैजान, नगरको शहरी सौन्दर्य अभिवृद्धि गर्न तथा शहरीकरणलाई दीगो, स्वस्थ, समयानुकूल बनाउन समेत योगदान पुग्ने अपेक्षा गरिएको छ ।

नेपाल सरकारको पन्ध्रौं योजनामा पनि स्थानीय तहको भूमिका र सहयोगको अपेक्षा उल्लेख गरिएको छ । पन्ध्रौं योजनाको आधार पत्रमा स्थानीय तहले संघ र प्रदेश सरकारको विकास सम्बन्धी सोच, लक्ष्य र उद्देश्य प्राप्ति गर्न समन्वय, सहयोग र सहकार्य गर्दै स्थानीय अर्थतन्त्रको विकास र विस्तारबाट समृद्धिको आधार तयार गर्नेछ । त्यसैगरी सो आधारपत्रमा यसका लागि समावेशी प्रतिनिधित्व, साधनस्रोतको बढोत्तरी, सेवा प्रदायक निकायहरूमा सहज पहुँचसँगै अन्तरतह साझेदारी कायम गरिनेछ भन्ने उल्लेख छ । नागरिकलाई आधारभूत सेवा प्रवाह गर्ने कार्यमा स्थानीय तहको प्रमुख भूमिका रहन्छ । यस तहले संघ र प्रदेश तहको योजना तथा नीति अनुरुपको नीति योजना तथा कार्यक्रम कार्यान्वयन गर्नेछ । आवश्यकता बमोजिम स्रोत साधनको परिचालन तथा लगानीको उपयुक्त वातावरण सिर्जना गरी नागरिकको जीवनस्तर सुधारको आयोजना तथा कार्यक्रम कार्यान्वयन गर्नेछ। स्थानीय तहमा एकीकृत सोचका साथ ग्रामीण विकास र स्थानीय पूर्वाधारमा लगानी वृद्धि गरिनेछ । प्रभावकारी सेवा प्रवाह र विकास व्यवस्थापनको आधार केन्द्रको रुपमा स्थापना गर्दै जनतालाई पुऱ्याउनु पर्ने, शिक्षा, स्वास्थ्य, विद्युत खानेपानी तथा सरसफाई लगायत सेवा सुविधाको प्रत्याभूति गर्नु स्थानीय तहको मूख्य भूमिका हो । यसका लागि स्थानीय तहले नीजि, गैर सरकारी तथा सामुदायिक क्षेत्रसँग साझेदारी र सहकार्य गर्नुपर्दछ । शान्ति सुरक्षा, रोजगारी अभिवृद्धि तथा मानव स्रोतको क्षमता विकासमा स्थानीय तहको सहयोगी भूमिका रहन्छ । यस योजनाको कार्यान्वयनबाट स्थानीय तहबाट प्रवाह हुने सेवालाई समावेशी, व्यवसायिक, प्रतिस्पर्धी, सेवामुखी र स्वाबलम्बी बनाउँदै स्थानीय सुशासन कायम गर्न सहयोग पुग्ने अपेक्षा गरिएको छ ।

[३] नेपाल सरकार, राष्ट्रिय योजना आयोग, दिगो विकास लक्ष्यहरू वर्तमान अवस्था र भावी मार्गचित्र : २०१६-३०, डिसेम्बर, २०१७

यस आवधिक विकास योजनाको दीर्घकालीन सोच प्राप्त गर्न नगरपालिकाले कृषि तथा पर्यटन क्षेत्रको विकासलाई उच्च प्राथमिकतामा राखेको छ । शुद्ध खानेपानीको पर्याप्त उपलब्धता र औसत खपतमा वृद्धि, विद्युत उपलब्धता र उपभोगको स्तरमा वृद्धि, गुणस्तरीय शिक्षामा सबैको पहुँच वृद्धि, रोजगारमूलक शिक्षाको विकास, स्वास्थ्य सेवाको स्तरमा वृद्धि, अस्पताल, प्राथमिक स्वास्थ्य सेवा र विशिष्टिकृत सेवा तथा जनशक्तिको उपलब्धता, कृषिमा तरकारी उत्पादनमा वृद्धि गरी रोजगारी, भूमि उपयोग र तरकारी आयात प्रतिस्थापन गरी रोजगारी सिर्जना, लघु तथा साना उद्योगको प्रबर्द्धन जस्ता क्षेत्रको विकासका सम्भावना र अवसरहरूको पहिचान गरी नगरपालिकाले प्राथमिकताका आधारमा लगानी गर्न सहयोगीसिद्ध हुने अपेक्षा सहित यो आवधिक विकास योजना योजना तयार गरिएको हो ।

## १.२ नगरपालिकाको वस्तुस्थिति विवरण




गण्डकी प्रदेश अन्तरगत पर्वत जिल्लामा रहेको ७ वटा स्थानीय तहहरूमध्ये कुश्मा नगरपालिका जिल्लाको मध्य भागमा अवस्थित जिल्लाको सदरमुकाम रहेको नगरपालिका हो । यस नगरपालिका २८°१२'०५" देखि २८°१६'२२" उत्तरी अक्षाँश र ८३°३६'४०" देखि ८३°४८'३३" पूर्वी देशान्तरसम्म फैलिएको छ । यो नगरपालिका समुन्द्र सतहबाट झण्डै ९५३ मिटर उचाईमा रहेको छ । गण्डकी प्रदेशको राजधानी पोखराबाट ५७ कि.मी. को दुरीमा रहेको यो नगरपालिका दुर्लुङ्गको फेदबाट छमर्केसम्म र पोखरातिर अम्बोट सम्म फैलिएको छ । कुश्मा नगरपालिका वि.स. २०७१ साल बैशाख २५ मा पर्वत जिल्लाको पहिलो नगरपालिकाको रुपमा गठन भएको थियो । पर्वत जिल्लामा रहेको तत्कालिन ५५ वटा गाउँ विकास समितिहरूमध्ये ८ वटा गाउँ विकास समितिहरू पाङ, खुर्कोट, दुर्लुङ, शिवालय, चुवा, कटुवाचौपारी, पिपलटारी र पकुवा समावेश गरी १८ वटा वडा सहितको यस कुश्मा नगरपालिका गठन भएको थियो ।

पछि स्थानीय तह पुन:संरचना आयोगको सिफारिशमा नेपाल सरकारको २०७३ साल फागुन ३० गतेको निर्णय अनुसार जिल्लाका साविकका ४७ वटा गाविसहरू मध्ये ठूलीपोखरी, खौलालाँकुरी र आर्थर डाँडाखर्क गाविसहरू समावेश गरी ९३.१८ वर्ग कि.मी सहितको १४ वटा वडाहरु भएको कुश्मा नगरपालिकाका गठन गरिएको हो । २०६८ सालको जनगणनाअनुसार यस नगरपालिकामा रहेका १०,३११ घरधुरीमा कुल ३९,६०० जनसंख्या रहेको छ । जसमध्ये पुरुषको संख्या १७,७३९ र महिलाको संख्या २१,८६१ रहेको छ । यस सम्बन्धी संक्षिप्त विवरण *तालिका १.१* मा प्रस्तुत गरिएको छ :

**तालिका १.१ : नगरपालिकाको संक्षिप्त जानकारी**

| | |
|---|---|
| **क्षेत्रफल** | ९३.१८ वर्ग कि.मी. |
| **वडा संख्या** | १४ |
| **केन्द्र** | कुश्मा, पर्वत |
| **जनसंख्या** | ३९,६०० (महिला २१,८६१ जना र पुरुष १७,७३९ जना) |
| **घरधुरी संख्या** | १०,३११ |
| **सिमाना** | |
| **पूर्व** | मोदी गाउँपालिका पर्वत, आँधीखोला गाउँपालिका स्याङ्जा र पोखरा महानगरपालिका कास्कीको भूभाग |

| | |
|---|---|
| **पश्चिम** | बाग्लुङ नगरपालिका र जलजला गाउँपालिका |
| **उत्तर** | जलजला र मोदी गाउँपालिका |
| **दक्षिण** | फलेवास र बाग्लुङ नगरपालिका |

*स्रोत : कुश्मा नगरपालिकाको वस्तुस्थिति विवरण, २०७५*

पुनसंरचना हुँदा नगरपालिकामा समावेश भएका नगरपालिकाका पुराना वडाहरू र गाविसहरू, नयाँ वडागत क्षेत्रफल, जनसंख्या र घरधुरी संख्या सम्बन्धी विवरण *तालिका १.२* मा उल्लेख गरिएको छ ।

**तालिका १.२ : वडा विभाजनको अवस्था**

| नयाँ वडा | समावेश नगरपालिका/गाविस | साविक वडा नं. | क्षेत्रफल व.कि.मी. | जनसंख्या | घरधुरी |
|---|---|---|---|---|---|
| १ | कुश्मा न.पा. | १, २, ३ पाङ | ८.६७ | ४५६६ | १२०१ |
| २ | कुश्मा न.पा. | ४, ५ खुर्कोट | १३.२९ | ३९५० | ९५८ |
| ३ | कुश्मा न.पा. | ६,७ दुर्लुङ | १२.४९ | ३०२४ | ७३६ |
| ४ | कुश्मा न.पा. | ८ शिवालय | २.९९ | २७२९ | ७३१ |
| ५ | कुश्मा न.पा. | ९ शिवालय | २.५४ | ४१०७ | ११४२ |
| ६ | कुश्मा न.पा. | १० शिवालय | १.०५ | ३६९७ | ९९६ |
| ७ | कुश्मा न.पा. | ११ शिवालय | २.१९ | १९३७ | ५०९ |
| ८ | कुश्मा न.पा. | १२ चुवा | ५.१९ | १७५९ | ४३३ |
| ९ | कुश्मा न.पा. | १३, १४ कटुवाचौपारी | २.९५ | २०४७ | ४९० |
| १० | कुश्मा न.पा. | १५,१६ पिपलटारी | ७.५५ | २४०७ | ६२३ |
| ११ | कुश्मा न.पा. | १७, १८ पकुवा | ७.५५ | २१९६ | ५६५ |
| १२ | ठूलीपोखरी. | १ देखि ९ | ६.४८ | २४३१ | ६६९ |
| १३ | खौलालाँकुरी | १ देखि ९ | ६.२७ | २१३२ | ५५५ |
| १४ | आर्थर डाँडाखर्क | १ देखि ९ | १३.९७ | २६१८ | ७०३ |
| | | **जम्मा** | **९३.१८** | **३९६००** | **१०३११** |

*स्रोत : कुश्मा नगरपालिकाको वस्तुगत विवरण, २०७५*

## (क) नगरपालिकाको भू-वनावट




यस नगरपालिका कालीगण्डकी किनारदेखि पञ्चासेसम्म फैलिएको खोतीयोग्य फाँट, बेसी, पाखा, चरन तथा बनजंगलले ढाकिएको यस नगरपालिका प्राकृतिक सौन्दर्यताले भरपुर नगरपालिका हो । यस नगरपालिकाको कुल भौगोलिक क्षेत्रफलमध्ये सबैभन्दा बढी खेतीयोग्य जमिन रहेको छ । यस नगरपालिकाको कुल क्षेत्रफलमध्ये ५५.४ प्रतिशत भूभाग खेतीयोग्य जमिन रहेको छ । पहाडि जिल्ला अन्तरगतको यस

नगरपालिकाको कुल क्षेत्रफल मध्ये २७.८ प्रतिशत क्षेत्रफल वनजंगलले ढाकेको छ भने घाँसे मैदानका रुपमा ७.२ प्रतिशत जमिन रहेको छ । ७.५ प्रतिशत जमिन झाडीले ढाकेको छ । त्यसैगरी १.३ प्रतिशत क्षेत्रफल बलौटे रहेको छ भने नगरपालिकाको कुल क्षेत्रफल मध्ये ०.९ प्रतिशत क्षेत्रफल पानीले ओगटेको छ ।

**(ख) भू-क्षेत्रको वर्गीकरण**

कुश्मा नगरपालिकाको भूमिलाई भू-बनौट प्रणाली, तथा भू-स्खलन जस्ता प्रवृत्तिका आधारमा अध्ययन गर्दा भूमिको वर्गीकरणलाई त्यसको उपयोगको सम्भाव्यता र सघनता घट्दै जाने (Degrading) क्रममा राखिएको छ । अर्को शब्दमा, भू-स्खलन वा भू-क्षयीकरणको प्रवृत्ति भू-बनोट अनुसार फरक पर्दै जान्छ । त्यसै क्रमले भूमिको स्थायित्वलाई मजबुत बनाउने उपायको भौतिक लक्षण (Physical Characteristics) का आधारमा माटोको अवस्था र भिरालोपन विश्लेषण गरिएको छ । भू-बनौट, पारिस्थितिक प्रणाली, तथा भू-स्खलन जस्ता तत्वका आधारमा भूमिको वर्गीकरणलाई हेर्दा नगरपालिकाको जमिनमा न्यूनतम ० डिग्री देखि अधिकतम ६५ डिग्रीसम्मको भिरालोपन देखिन्छ । जसलाई नक्सामा उल्लेख गरिएको छ ।

(१) भिरालोपन (Slope) १°-५°, माटोको गहिराई पर्याप्त भएको, पानीको निकास राम्रोगरी हुने, कान्ला बनाई खेती गर्न सकिने

यस्तो जमिनमा माटोको गहिराई पर्याप्त हुन्छ र पानीको उपलब्धता सतह तथा अर्धभूमिगत अवस्थामा समेत सजिलै हुन्छ । मनसुनी खेती गर्नका लागि यस्तो भूमिमा गराहरू बनाउनु पर्दछ । सतहगत जलप्रवाह एवं अर्धभूमिगत पानीको निकासलाई भू-क्षय हुन नपाओस भनी नियन्त्रणका उपायहरू अपनाउनु पर्दछ । माटोका भौतिक गुणहरू तथा जमिनको भिरालोपनका कारण वर्षाको पानीबाट नयाँ खोल्सीहरू बन्ने र ती खोल्सीहरू प्रकारान्तरमा चौडा हुँदै गएर भू-क्षयको प्रवृत्ति बढ्ने हुनाले यस वर्गको जमिनको संरक्षण गर्न विशेष ध्यान दिनु पर्दछ ।

यस वर्गको जमिनमा परम्परागत, मध्यम वा आधुनिक विधिबाट खेती गर्न सकिन्छ । मनसुनको समयमा हुने वर्षाका कारण चरन तथा वनस्पतिलाई पनि मनग्गे फाइदा पुग्दछ । यस्तो जमिनमा धान खेती गर्न सकिन्छ । सिंचाइ सुविधा उपलब्ध भएको छ भने मोटो दानादार भएको अवस्थामा समेत धानबाली लगाउन सकिन्छ । सिंचाइको उपलब्धता अनुरूप हिउँदे एवं वर्षे बाली पनि लगाउन सकिन्छ ।

(२) भिरालोपन (Slope) ५°-३०° र माटोको गहिराई ५०-१०० से.मी. भएको, पानीको निकास राम्रोगरी हुने, कान्ला बनाई मात्र खेती गर्न सकिने




५°-३०° भिरालोपन रहेको, पानीको निकास राम्रो हुने तथा माटोको पत्रको गहिराई ५० से.मि. देखि १०० से.मि.सम्म रहेको जग्गा यस वर्गमा पर्दछ। यस वर्गको जमिनमा पहिरो जाने, जमिन भासिने जस्ता भू-क्षयीकरणका प्रवृत्तिहरू सामान्य रूपमा देखा परि रहन्छन् । त्यसैले जमिनलाई सामान्य रूपमा व्यवस्थापन नगरिएमा यस्ता प्रवृत्तिमा झन् वृद्धि हुने हुन्छ । वन, वनस्पतिका लागि यो जमिन त्यति सहज हुँदैन । गाईवस्तुको आवत-जावतबाट भू-क्षयीकरणमा वृद्धि हुने हुनाले चरन विकासलाई यस प्रकारको जमिनमा प्रश्रय दिन ठीक हुँदैन । तर पालैपालो निश्चित स्थानहरूमा गाईवस्तु थुनेर चराउने हो भने त्यसले जमिनको उत्पादकत्वमा सघाउ पुऱ्याउन सक्दछ ।

यस प्रकारको जमिनमा विशेष गरी मनसुन खेतीका लागि भू-क्षय रोक्न गराहरू बनाउन अनिवार्य हुन्छ । यसमा खेतीका परम्परागत र मध्यमस्तरीय प्रविधि नै अपनाउनु पर्ने हुन्छ । यस प्रकारको भिरालोपन भएको जमिनमा खेती गर्दा माटोको भौतिक गुणहरूसँग व्यवस्थापन सीपको सम्मिश्रणले मुख्य भूमिका खेलेको हुन्छ । सिंचाइको प्रयोग नियमित रूपमा पहिलेदेखि नै भइरहेको खण्डमा सिंचाइ गर्दा भू-क्षयको समस्या आउदैन, तर नयाँ सिंचाइ प्रणाली शुरू गर्ने हो भने शुरूमा सावधानी अपनाउनु पर्दछ। एक्कासी बढी सिंचाइ भएको खण्डमा भू-क्षयीकरणको प्रवृत्ति तुरून्त शुरू हुन सक्दछ ।

(३) भिरालोपन (Slope) ३०°-४०°) माटोको गहिराई २० से.मी. मात्र भएको, पानीको निकास राम्रोगरी हुने

माटोको पत्र २० से.मि. मात्र गहिराई भएको पानीको निकास सहज भएको तथा जमिनको भिरालोपन ३०° (१.७ मिटरमा १ मि.) भन्दा बढी भएको जमिन यस वर्गमा पर्दछ। यस प्रकारको ज्यादा भिरालोपन भएको जग्गामा गरा बनाएर खेती गर्नु फाइदाजनक देखिँदैन । यस प्रकारको जमिनमा वर्षाको पानीबाट छिटो खोल्सीहरू बन्ने वा बाढीले क्षति पुऱ्याउने ठुलो सम्भावना रहन्छ। यस प्रकारको जमिनमा बोट विरुवाहरू लगाउन उपयुक्त देखिन्छ। यहाँ काठ र इन्धनका लागि वन पैदावारको उत्पादन वृद्धि गर्नु उपयुक्त हुनेछ। पहिरो जाने वा बाढीबाट क्षति हुने प्रवृत्ति यस प्रकारको जमिनका सामान्य लक्षण हुन् ।

यस्तो क्षेत्रमा जङ्गलको विकास गरी इन्धन, पशु आहार तथा काठ उत्पादन गर्न सकिन्छ । जङ्गल फडानी भएको छ भने पनि यस्तो क्षेत्रमा यात बोटविरूवालाई पुन: हुर्काउन सकिन्छ यात वृक्षारोपण गर्न सकिन्छ। यस वर्गमा पर्ने जमिनहरूमा गाईवस्तुलाई चराउने चलन कडाइकासाथ नियन्त्रण गर्नुपर्छ। यदि इन्धन, पशु, आहार तथा चरनको लागि उपयोग गर्ने हो भने पनि वार्षिक उपयोगले भविष्यको उत्पादकत्वलाई जोखिममा पार्ने खालको हुनु हुँदैन । यस प्रकारको क्षेत्रमा वन पैदावार उपयोग गर्ने तरिका, स्थान र पहुँचको लागि सडक विस्तारका र सुरक्षित योजना बनाउनु पर्दछ ।

(४) भिरालोपन (Slope) >४०० माटोको गहिराई २० से.मी. भन्दा कम भएको, भु-क्षय भईरहने

ज्यादै भिरालो भएको, मध्यम भिरालोपन भए पनि माटोको पत्र (तह) २० से.मि. भन्दा कम भएको वा जस्तोसुकै भिरालोपन भए पनि वर्षे पानीबाट क्षति भएको, धेरै खोल्सीहरू सिर्जना भएको जमिन यस वर्गमा पर्दछ। यस नगरपालिकाको भिरालोपन ६५ डिग्रीसम्म रहेको छ। यस प्रकारको जमिन अति नै कमजोर, भू-क्षयीकरणको प्रवृत्ति भएको तथा पुनर्निर्माण र पुनर्स्थायीकरणको सम्भावना पनि अत्यन्त कम भएको कारण अन्न एवं वनस्पति खेतीका लागि कम उपयुक्त मानिन्छ।

यस प्रकारको जमिनलाई घाँस वा बोट-विरूवा लगाएर हराभरा बनाइराख्नु पर्छ, किनभने माथि उल्लेख गरिए झैँ एकातिर यस्तो जनिमा भू-क्षयीकरणको प्रवृत्ति तीब्र रहेको हुन्छ भने अर्कातिर एक पटक भू-स्खलन भइसकेको क्षेत्रलाई पुनः अधिग्रहण (Reclaim) गर्न असम्भव नै हुन्छ। उच्च भू-भागमा माटोको तापक्रम कम रहने भएबाट तथा भिरालोपन भएबाट माटो सजिलैसँग बग्दछ।

**(ग) उचाई अनुसार क्षेत्रफल वर्गीकरण**




यस नगरपालिका समुद्र सतहबाट ६८० मिटर (मोदीवेणीधाम) देखि २४८० मिटर (आर्थर डाँडाखर्क) सम्म फैलिएको छ। उचाई अनुसार वर्गीकरण गर्दा मोदी खोला, कालीगण्डकी नदी किनार तथा नगरपालिका केन्द्र आसपासको क्षेत्र समुद्र सतहदेखी १००० मीटरको उचाईको क्षेत्रफल २३.८१ वर्ग किमी रहेको छ यहि उचाई भित्र नै नगरपालिकाको केन्द्र पर्दछ। त्यस्तै १००० देखी १२५० मिटर उचाई भएको क्षेत्रफल २२.८३ वर्ग कि.मी रहेको छ भने १२५० मिटर देखी १५०० मिटरसम्म उचाई भएको क्षेत्रफल २२.८७ वर्ग कि.मी. रहेको छ। नगरपालिका को उच्चतम भू-भाग रहेको क्षेत्र (१५०० मिटर भन्दा माथि) को क्षेत्रफल ३०.१५ वर्ग कि.मी. रहेको छ।

## १.३ नगरपालिकाको विकासको समिक्षा

कुश्मा नगरपालिकाले २०७७ साल चैत्र महिनासम्म ९ वटा ऐन, ४ वटा नियमावली, २६ वटा कार्यविधि, २ वटा निर्देशिका गरी कुल ४१ वटा कानूनहरू स्वीकृत भई जारी गरिसकेको छ। सोही अवधि भित्रमा १० वटा ऐन, ४ वटा नियमावली, १७ वटा कार्यविधि र २ वटा निर्देशिका गरी ३३ वटा विभिन्न कानूनी दस्तावेजहरू राजपत्रमा प्रकाशित समेत गरि सकेको छ। आ.व. २०७६/७७ मा रु. १ लाखभन्दा कमका १४ वटा, रु. १ लाख देखि रु. २ लाखसम्मका १८६ वटा र रु. २ लाखभन्दा माथि रु. ५ लाखसम्मका ४३ वटा निर्माण योजना तथा कार्यक्रम सम्पन्न भएका थिए। त्यसैगरी रु. ५ लाखदेखि रु. १० लाखसम्मका ९ वटा, रु. १० लाखदेखि २० लाखसम्मका १३ वटा, रु. २० लाखदेखि ५० लाखसम्मका १ वटा र रु. ५० लाखभन्दा माथिका योजनाहरुको संख्या सुन्य रहेको छ। यसरी कुल २६६ वटा निर्माणका कार्यक्रमहरू गतवर्ष सम्पन्न भएका थिए। सोही आर्थिक वर्षमा सम्पन्न भएका भौतिक पूर्वाधारहरूको विवरण *तालिका १.३* मा उल्लेख गरिएको छ।

**तालिका १.३ : नगरपालिकाको भौतिक विकासको समिक्षा**

| क्र.स. | योजनाको क्षेत्र | क्र.स. | योजनाको किसिम | योजना संख्या |
|---|---|---|---|---|
| १ | सडक | १.१ | कालोपत्रे | ३ |
| | | १.२ | ग्रावेल | ९ |
| | | १.३ | सडक पछि नाला | ११ |
| | | १.४ | स्तरउन्नती तथा अन्य सुधार | २७ |
| | | १.५ | पक्की पुल | ० |
| २ | पुल/पुलेसा | २.१ | काठेपुल/फड्के | ० |
| | | २.२ | कजवे/कलवर्ट | ० |
| | | २.३ | ट्रस्ट ब्रिज | ३ |
| | | २.४ | झोलुङ्गे पुल | ० |
| | | २.५ | पक्कि कुलो निर्माण | ० |
| ३ | सिंचाई | ३.१ | कच्ची कुलो निर्माण | १९ |
| | | ३.२ | पाईप कुलोबाट सिंचाई | ५ |
| | | ३.३ | साना सिंचाई कार्यक्रम | ४ |
| | | ३.४ | मर्मत सुधार तथा अन्य | २६ |
| | | ३.५ | नयाँ भवन निर्माण | ० |
| ४ | शिक्षण संस्था | ४.१ | कोठा थप/मर्मत सुधार | ११ |
| | | ४.२ | शौचालय/तारवार/खानेपानी | १७ |
| | | ४.३ | विज्ञान प्रयोगशाला/पुस्तकालय | ० |
| | | ४.४ | बाल विकास केन्द्र | ० |
| | | ४.५ | खेलकुद मैदान निर्माण सुधार | १३ |
| | | ४.६ | कार्यालय/वडाको नयाँ भवन | ० |
| ५ | भवन | ५.१ | सामुदायिक भवन (समुहका) मर्मत | १३ |
| | | ५.२ | सामुदायिक सिकाई केन्द्र | ९ |
| | | ५.३ | युवा क्लव/बाल क्लव मर्मत | ७ |
| | | ५.४ | ज्येष्ठ नागरिक सेवा केन्द्र भवन | २ |
| | | ५.५ | अन्य (कृषि, पशु, स्वास्थ्य आदि) | ० |
| | | ५.६ | नयाँ योजना सुरुवात | ० |
| ६ | खानेपानी | ६.१ | थप क्षमता विस्तार | ६ |
| | | ६.२. | पुराना मर्मत निर्माण सुधार | १६ |
| | | ६.३ | नयाँ पोल तथा लाईन विस्तार | ५ |
| ७ | विद्युत | ७.१ | ट्रान्समिटर खरिद व्यवस्था | ० |
| | | ७.२ | मर्मत सुधार | ० |
| | | ७.३ | सोलार पावर/बत्ती जडान | ० |
| | | ७.४ | मठ, मन्दिर, मस्जित, गुम्वा निर्माण | १७ |
| ८ | पर्यटन | ८.१ | होमस्टे स्थापना र सुधार | ० |
| | | ८.२ | पदमार्ग निर्माण र सुधार | १ |
| | | ८.३ | संग्राहलय, बाजा, भेषभुषा संरक्षण | ० |

| क्र.स. | योजनाको क्षेत्र | क्र.स. | योजनाको किसिम | योजना संख्या |
|---|---|---|---|---|
| | | ८.४ | थप पर्यटन पूर्वाधार निर्माण सुधार | ५ |
| | | ८.५ | पहिरो नियन्त्रण | ५ |
| ८ | तटवन्ध | ९.१ | नदिमा तटवन्ध/ग्याविन | ० |
| | | ९.२ | गह्वा सुधार वृक्षारोपण संरक्षण | ० |
| | | ९.३ | अन्य | ३३ |
| **जम्मा** | | | | **२६७** |

*स्रोत : कुश्मा नगरपालिका, २०७७ (आर्थिक वर्ष २०७६/७७ को बार्षिक समिक्षा)*




पूर्वाधार विकास अन्तरगत यस नगरपालिकाको २०७७ असार मसान्तसम्म १ किलो मिटर ६२ मिटर सडक कालोपत्रे, १३ कि.मि. ६५१ मिटर सडक ग्राभेल सडक निर्माण भएको छ । यसैगरी सडक पक्की नाला ( मेसिनरी) २ कि.मि. ७०६ मिटर, अन्य सडक ढलान १ कि.मि. ६८ मिटर रहेको छ । पुलपुलेसा अन्तरगत ४ वटा कजवे/स्पान कल्भर्ट, झोलुङ्गे पुल १ वटा रहेको छ । पक्की कुलो सिंचाई ५०३ मिटर, कच्ची कुलो सिंचाई १ कि.मि. ६१५ मिटर, पाईपबाट सिंचाई १ कि.मि. ४४० मिटर रहेको छ । पर्यटन प्रबर्द्धनका हिसावले जातीय वा साँस्कृतिक संग्रालयहरू ५ वटा, होमस्टे (घरवास) ७ वटा, र पर्यटन पदमार्ग १ वटा रहेको छ । कुल ६१ वटा खानेपानी योजनाहरू रहेका छन भने ४ वटा सार्वजनिक शौचालयहरू छन् ।

यस नगरपालिकामा हालसम्म १२ वटा उच्च माध्यमिक विद्यालयहरू, माध्यमिक विद्यालय १४ वटा, ४६ वटा नि.मा.वि./प्रा.वि., निजी विद्यालय सबै तहको १५ वटा, प्राविधिक विद्यालय ३ वटा, बाल विकास केन्द्र ७२ वटा, स्नातक/स्नातकतहका क्याम्पस ३ वटा, सामुदायिक सिकाई केन्द्र ३ वटा, ई-पुस्तकालय १२ वटा रहेका छन् । यस पालिकामा हालसम्म जम्मा ८ वटा सोलार वत्तिको जडान गरिएको छ ।

यस नगरपालिका संगठन संरचनामा स्वास्थ्य शाखा रहेको छ र त्यसमा ३ प्राविधिक (स्वास्थ्य अधिकृत सातौं तह १ जना, सि.अ.हे.व. (अधिकृत छैटौं) १ जना, सि.अ.न.मी पाँचौ तह १ जना)को दरवन्दी रही कार्यरत छन् । स्वास्थ्य क्षेत्र अन्तरगत १ वटा सरकारी अस्पताल, १ वटा प्राथमिक स्वास्थ्य केन्द्र, ९ वटा स्वास्थ्य चौकी, ३ वटा आधारभूत स्वास्थ्य सेवाकेन्द्र, शहरी स्वास्थ्य केन्द्र ३ वटा, गाउँघर क्लिनिक २३ वटा, खोपकेन्द्र ३६ वटा, १ वटा आयुर्वेदिक आरोग्य केन्द्र, औषधी पसल २१ वटा छन् । साथै यस नगरपालिकाको १४ वटा वडाहरुमा १०० महिला सामुदायिक स्वास्थ्य, स्वयं सेविका कार्यरत रहेको छन् ।

यस पालिकामा हालसम्म १ हजार २०३ वटा पसल/व्यवसायहरू दर्ता भएका छन भने पालिका भित्र १२ वटा उद्योगहरू सञ्चालन भैरहेका छन् । पालिका भित्र ९१ वटा सहकारी संस्थाहरू सञ्चालनमा रहेका छन् । कृषि उपज संकलन केन्द्र २ वटा, निजी व्यवसायिक तरकारी फार्म ३७ वटा, व्यवसायिक तरकारी टनेल हाउस

७०० वटा, कृषि समुह/संस्था दर्ता ४४ वटा, कृषि सेवा केन्द्र/सेवा ईकाई ३ वटा, पशु हाटबजार १ वटा, मासु पसल (फ्रेस हाउस) ७६ वटा, निजी व्यवसायिक पशु फर्म १३० वटा रहेका छन् ।

त्यसैगरी प्रदेशको क्षेत्राधिकार भित्र रहेका ३६ वटा सहकारी संस्थाहरू सञ्चालनमा रहेका छन् । नगरपालिका भित्र १ वटा स्यानिटरी ल्याण्डफिल्ड साईट रहेको छ । फोहरमैला व्यवस्थापनका लागि १ वटा ट्याक्टर/टिपर र १ वटा कम्प्रेसर सहितको सवारी साधन रहेको छ । यस पालिका भित्रबाट दैनिक २ टिप फोहर संकलन हुने गरेको छ ।

सामुदायिक वन उपभोक्ता समुह ९६ वटा रहेका छन् । नगरपालिकामा विपद व्यवस्थापनका लागि अति आवश्यक पर्ने वारुणयन्त्र (दमकल) १ वटा र एम्वुलेन्स १ वटा रहेका छन् । साथै ७ वटा रेडक्रम शाखा/उपशाखा/केन्द्र रहेका छन । नगरपालिकाको प्रशासनिक भवन भाडामा बसेको छ । १४ वटा वडा कार्यालय मध्ये ७ वटा वडा कार्यालयको आफ्नै भवन रहेको छ भने २ वटा निर्माणाधिन अवस्थामा रहेका छन् । नगरपालिका र वडा कार्यालयहरूमा विद्युत सेवा, इन्टरनेट सेवा र पिउनेपानी/खानेपानीको सुविधा उपलब्ध रहेको छ ।

## १.४ यस आवधिक विकास योजनाका विशेषताहरू

यस योजना बढी भन्दा बढी यथार्थपरक र सबैको अपनत्व अभिवृद्धि हुनेगरी तयार पारिएको छ । यस योजनाका प्रमुख विशेषताहरू यसप्रकार रहेका छन् ।

१ यस योजना सहभागितामूलक पद्धति (Participatory Approach) अवलम्बन गरी तयार पारिएको छ । नगरका विभिन्न वडाका विभिन्न लक्षित समुदायसँग समेत छलफल गरी योजना तर्जुमा प्रक्रियामा समुदायस्तरसम्मको सहभागिता सुनिश्चित गरिएको छ। कार्यपालिकाका सम्पूर्ण पदाधिकारीहरू, कर्मचारीहरू तथा सरोकारवालाहरूको सहभागितामा पटक–पटक छलफल, अन्तरक्रिया गरी सर्वसम्मत ढंगले सहमति गर्दै योजना दस्तावेज तयारी गरिएको हो ।

२ आगामी तीन वर्ष पछिको नगरपालिकाको अपेक्षित चित्र/अवस्था हासिल गर्नेतर्फ दिशानिर्देश गर्ने प्रयास गरिएको छ ।

३ नेपाल सरकारको १५ औं योजना तथा गण्डकी प्रदेशको आवधिक विकास विकास योजनाले परिकल्पना गरेको दीर्घकालीन सोच, लक्ष्य, उद्देश्यहरूसँग तादात्म्यता कायम हुने गरी सूचनामा आधारित भई योजना तर्जुमा गरिएको छ ।

४ उपलब्ध तथ्याङ्कहरूमा लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण (Gender Equality and Social Inclusion-GESI) को अवधारणालाई आत्मसात गरिएको छ ।

५ कृषि, पर्यटन, उद्योग व्यवसाय लगायतका यस नगरपालिकाका सम्भाव्य क्षेत्रहरूमा व्यवसायिक र दीगो विकासका लागि विपद् प्रतिरोधी पूर्वाधार आवश्यक छ भन्ने मान्यतामा आधारित रही स्थानीयस्तरका प्रमुख विपद्हरू प्रतिरोध गर्नसक्ने क्षमतामा प्रस्ताव गरिएको छ ।

६ नगरपालिकामा भइरहेको शहरीकरणको गतिलाई पहिले भन्दा व्यवस्थित, दिगो र पहिले भन्दा बढी शहरी सौन्दर्य समेत हासिल गर्ने दृष्टिकोण सहितका कार्यक्रमहरूलाई समावेश गरिएको छ ।

७ यो योजना नगरपालिकाको विकासको समग्र पक्षहरूलाई समेट्दै सबै खालका योजनालाई दिशानिर्देश गर्ने हिसाबमा तर्जुमा गरिएको छ ।

८ स्थानीय तह सञ्चालन सम्बन्धी संघीय कानून स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले गाउँ/नगरपालिकाले योजना बनाउँदा प्राथमिकता दिनुपर्ने विषयहरूका अतिरिक्त विकासका कार्य सञ्चालन गर्दा लागत न्यूनीकरण, स्रोत साधनको अधिकतम उपयोग वा प्रभावकारी सेवा प्रवाह तथा अन्य गाउँ/नगरपालिकासँग साझेदारी, सम्झौता र संयुक्त व्यवस्थापन गर्नसक्ने विषयहरू समेत तोकेको छ । यो योजना तर्जुमा गर्दा उपरोक्त विषयहरू समेतलाई ध्यान दिइएको छ ।

९ यो आवधिक विकास योजनाको तर्जुमा नतिजामूलक योजना तर्जुमा पद्धतिमा आधारित भएर गरिएको छ । हरेक क्षेत्रको प्रभाव, असर, प्रतिफल, हालको अवस्था तथा आगामी तीन वर्षपछिको अवस्था झल्काउन सूचकहरूको प्रयोग गरिएको छ । योजनाको अनुगमन, मूल्याङ्कनका क्रममा यी सूचकहरूलाई आधार मानिनेछ । आयोजना तथा कार्यक्रमको तेश्रो पक्षद्वारा गरिने अनुगमन तथा मूल्याङ्कनमा समेत यी सूचकहरू प्रयोग गर्न उपयुक्त हुनेछ ।

१० नेपाल सरकारले प्राथमिकताका साथ कार्यान्वयनमा ल्याएको दिगो विकासको लक्ष्य हासिल गर्न सहयोग पुऱ्याउने जिम्मेवारी स्थानीय सरकारको पनि भएकाले यसको कार्यान्वयनमा सहयोग पुग्नेगरी यो आवधिक विकास योजना निर्माण गरिएको छ ।

११ कुश्मा नगरपालिकाको सन्तुलित विकासलाई निर्देशित गर्ने दीर्घकालीन सोच, लक्ष्य, उद्देश्य, प्रतिफलहरू, सूचकहरू, तदनुसारका मुख्य मुख्य क्रियाकलाप तथा कार्यक्रमहरू पहिचान गर्ने तथा सोको लागि आवश्यक बजेटको अनुमान गरिएको छ ।

## १.५ योजना कार्यान्वयनको ढाँचा र संकेत

यस आवधिक योजना मुख्यतया गण्डकी प्रदेश नीति तथा योजना आयोगले तयार गरेको योजना तर्जुमा दिग्दर्शन, २०७७ मा आधारित भई तयार गरिएको छ । उक्त दिग्दर्शनले तोकेबमोजिम यस आवधिक विकास योजनाले पहिचान गरेका कार्यक्रमहरूको कार्यान्वयन ढाँचा र यसको संकेत सम्बन्धी जानकारी तल *तालिका १.४* मा उल्लेख गरिएको छ ।

**तालिका १.४ : कार्यान्वयनको ढाँचा र संकेत**

| क्र.स. | संकेत | कार्यान्वयनको ढाँचा |
|---|---|---|
| १ | क | स्थानीय तहले आफै कार्यान्वयन गर्ने । |
| २ | ख | गण्डकी प्रदेश सरकारसँगको समन्वयमा कार्यान्वयन गर्ने |
| ३ | ग | नेपाल सरकारसँगको समन्वयमा कार्यान्वयन गर्ने |
| ४ | क, ख | स्थानीय तह र प्रदेशसरकारको संयुक्त लगानी कार्यान्वयन गर्ने |
| ५ | क, ग | स्थानीय तह र नेपाल सरकारको संयुक्त लगानी कार्यान्वयन गर्ने |
| ६ | क,ख,ग | तीनवटै तहको संयुक्त लगानी कार्यान्वयन गर्ने |

*स्रोतः प्रदेश सरकार, प्रदेश नीति तथा योजना आयोग, गण्डकी प्रदेश स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन, २०७७*

## १.६ योजना तर्जुमा विधि तथा प्रक्रिया

आवधिक विकास योजनाको तर्जुमा तयार गर्नको लागि एउटा निश्चित विधि तथा प्रक्रियाको अबलम्बन गरिन्छ । राष्ट्रिय योजना आयोग तथा प्रदेश सरकारले तयार पारेको स्थानीय तहको आवधिक विकास योजना तर्जुमा सम्बन्धी दिग्दर्शनमा आधारित निम्न विधि/प्रक्रियाहरू अनुशरण गरी यो आवधिक विकास योजना निर्माणको कामलाई अन्तिम रुप दिइएको छ ।

**(क) आवश्यक दस्तावेजहरूको पुनरावलोकन**

आवधिक विकास योजना तर्जुमा गर्दा यससँग सम्बन्धित विभिन्न दस्तावेजहरूको पुनरावलोकन गरिएको छ । यसमा नेपालको संविधान, स्थानीय सरकार सञ्चालन ऐन २०७४, राष्ट्रिय योजना आयोगद्वारा तयार पारिएको स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन २०७५ र पन्धौं योजना २०७६/०७७ देखि २०८०/०८१ सम्म, दिगो विकास लक्ष्यहरू, गण्डकी प्रदेशले तयार पारेको आवधिक विकास योजना दस्तावेज लगायत यस अध्ययनसँग सम्बन्धित दस्तावेजहरूको पुनरालोकन गरिएको छ । यो आवधिक विकास योजना आधारभूत रुपमा राष्ट्रिय योजना आयोगले तयार पारेको स्थानीय तहहरूका लागि आवधिक योजना तर्जुमा दिग्दर्शन, २०७५ र गण्डकी प्रदेशले तयार गरेको स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन, २०७७ मा आधारित भएर तयार गरिएको छ । यसैगरी कुश्मा नगरपालिकाको बार्षिक बजेट तथा कार्यक्रम, राजस्व सुधार योजना, बार्षिक समिक्षा प्रतिवेदन, नगरपालिकाको बस्तुगत विवरण, २०७५ हरूको सुस्म अध्ययन गरिएको छ ।

**(ख) नगरप्रमुख, उपप्रमुख तथा प्रमुख प्रशासकीय अधिकृत र कर्मचारीहरूसँगको परामर्श**

यस आवधिक विकास योजना तर्जुमाको सन्दर्भमा आवश्यक वातावरण तयार गर्न नगर प्रमुख, उपप्रमुख तथा प्रमुख प्रशासकीय अधिकृत, सूचना अधिकृत, प्राविधिक कर्मचारीहरूसँग पटक-पटक परामर्श गरिएको थियो । उक्त परामर्श वैठकको उद्देश्यहरू यस प्रकार रहेका थिए ।

- विभिन्न गोष्ठी, विषयगत तथा वडागत छलफल कार्यक्रमका लागि सम्भावित सहभागीहरूको पहिचान गर्ने ।
- त्यस्ता कार्यक्रमहरूको मिति, स्थान, समय आदिको टुंगो लगाउने ।
- कार्यक्रमहरूको लागि चाहिने आवश्यक सामाग्रीहरूको व्यवस्थापन सम्बन्धमा छलफल गर्ने ।
- कार्यशाला तथा छलफल कार्यक्रमहरूको प्रक्रिया वा कार्यक्रम तालिका तयार गर्ने ।
- आवधिक विकास योजना तर्जुमाको कार्यतालिका मस्यौदा तयार पार्ने ।
- नगरपालिकाको नीति, रणनीतिहरू, कार्यनीतिहरू, प्राथमिकताका क्षेत्रहरू, प्रमुख क्रियाकलापहरू, राजस्व परिचालन जस्ता विषयमा आवश्यक सुझावहरू संकलन गर्ने ।

**(ग) दीर्घकालीन सोच निर्धारण कार्यशाला**

आवधिक विकास योजना तर्जुमाका लागि पूर्वतयारीका सिलसिलामा एक दिने पूर्व तयारी कार्यशाला सञ्चालन गरिएको थियो । यस कार्यशालाको उद्देश्य नगरपालिकाका प्रमुख, उपप्रमुख, कार्यपालिकाका सदस्य, सल्लाहकारहरू, कर्मचारी, नगरपालिकाको विकाससँग सम्बन्धी विशिष्ट व्यक्तिहरू तथा सहयोगी संस्थाहरूलाई योजना तर्जुमाको विधि र प्रक्रिया, संलग्न जनशक्ति तथा प्रस्तावित समय सीमाका बारेमा जानकारी गराउनु रहेको थियो । नगरपालिकाद्वारा वि.स. २०७८ साल बैशाख ७ गते आयोजित सो पूर्वतयारी कार्यशाला गोष्ठीमा नगरपालिकाका प्रमुख, उपप्रमुख, वडाध्यक्षहरू, कार्यपालिकाका सदस्यहरू, प्रमुख राजनीतिक दलका प्रतिनिधिहरू, नगरपालिकाका विषयगत शाखाका प्रमुख तथा अन्य कर्मचारीहरू, नागरिक समाज, गैससका प्रतिनिधिहरू लगायत कुल ६० जनाको उपस्थिति रहेको थियो । सो कार्यशालामा राष्ट्रिय योजना आयोगका पूर्व उपाध्यक्ष श्री जगदिशचन्द्र पोखरेलज्यूले आवधिक विकास योजनाको इतिहास, यसको आवश्यकता र महत्वका बारेमा सहभागीहरूलाई जानकारी गराउनु भएको थियो । उक्त कार्यक्रमको संक्षिप्त प्रतिवेदन अ*नुसूची १*, कार्यक्रमको कार्यतालिका *अनुसूची २* र सहभागीहरूको नामावली *अनुसुची ३* मा प्रस्तुत गरिएको छ ।

यस कार्यशालाको अपेक्षित उपलब्धीहरू यस प्रकार रहेका थिए :

- योजनाको अवधारण, किसिम, महत्व, प्रक्रियाको बारेमा सहभागीहरू जानकार भएको हुने ।
- योजना तर्जुमाको लागि आवश्यक निर्देशक तथा विषयगत समितिहरूको गठन भएको हुने ।
- योजना तर्जुमा कार्यशालाको कार्यतालिका तयार हुने ।

**(घ) विषयगत योजना तर्जुमा कार्यशालाहरू**

कोभिडको बढ्दो प्रकोपका नेपाल सरकारको स्वास्थ्य सम्बन्धी मापदण्ड तथा निषेधाज्ञाका कारण भौतिक रुपमा विषयगत कार्यशाला आयोजना गर्न नसकिएकोले विषयगत समितिका संयोजक र पदाधिकारीहरूसँग टेलिफोनमा सम्वाद गरी क्षेत्रगत सवालहरू, समस्याहरू, अवसरहरू, मुख्य-मुख्य क्रियाकलापहरूको सम्बन्धमा छलफल गरी आवश्यक सूचनाहरू संकलन गर्ने काम गरियो । टेलिफोन सम्पर्कबाट सम्वादमा सहभागी पदाधिकारीहरूको नामावली *अनुसूची ४* मा समावेश गरिएको छ ।

**(ङ) प्रारम्भिक मस्यौदा प्रतिवेदन तयारी**

विभिन्न तहका छलफल, टेलिफोन सम्वाद तथा गोष्ठीहरूबाट प्राप्त सुझाव एवं विभिन्न प्रकारका दस्तावेजहरूको अध्ययन आदिका आधारमा आवधिक विकास योजनाको मस्यौदा तयार गरिएको थियो । यसै क्रममा नगरपालिकाका कर्मचारीहरूसँग भर्चुअल बैठक समेत गरिएको थियो । मस्यौदा आवधिक विकास योजना दस्तावेज गण्डकी प्रदेशले तयार गरेको स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन, २०७७ ले निर्दिष्ट गरेको ढाँचामा तयार गरिएको छ ।

**(च) अन्तिम मस्यौदा प्रतिवेदन तयारी**

विज्ञ टोलीले विभिन्न प्रक्रियाहरू अवलम्बन गरी तथा नगरपालिकाको वार्षिक योजना, पार्श्वचित्र, प्रगति प्रतिवेदन लगायत विभिन्न दस्तावेजहरूको समेत अध्ययन गरी तयार गरिएको प्रारम्भिक मस्यौदा प्रतिवेदन अध्ययन गरी आवश्यक सुझाव उपलब्ध गराउन कुश्मा नगरपालिका समक्ष प्रारम्भिक मस्यौदा दस्तावेज पेश गरियो । सुझाव संकलनको लागि नगरपालिकाबाट आयोजना गरिएको अन्तरक्रिया कार्यक्रमका सहभागी विभिन्न सरोकारवालाहरुबाट प्राप्त सुझाव तथा पृष्ठपोषण र नगरपालिकाबाट प्राप्त सुझावलाई समेत समावेश गरी अन्तिम मस्यौदा प्रतिवेदन तयार गरियो ।

**(छ) अन्तिम प्रतिवेदन तयारी**

गण्डकी प्रदेश प्रशिक्षण प्रतिष्ठान पोखराबाट प्राप्त सुझावलाई समेत समावेश गरिएको आवधिक विकास योजनाको अन्तिम प्रतिवेदन कुश्मा नगर कार्यपालिकाको कार्यालयमा पेश गरियो ।

## १.७ अध्ययनका सीमाहरु

यो आवधिक विकास योजना विशेषगरी नगरपालिकाको मौजुदा पार्श्वचित्र, सम्बन्धित शाखाले उपलब्ध गराएको तथ्याङ्क, विभिन्न कार्यशालाहरूबाट प्राप्त जानकारी तथा सुझावहरूलाई आधार मानी तयार गरिएको छ । यसका अतिरिक्त केन्द्रीय तथा प्रादेशिक तहका सरकारका प्रकाशनहरूलाई पनि यस योजना निर्माण प्रक्रियामा सन्दर्भ सामग्रीको रुपमा प्रयोग गरिएको छ । योजनाको लागि पहिचान भएका आयोजनाहरूको लागि चाहिने लागत अनुमानमा आधारित छ । सरकारी, गैरसरकारी र अन्य विभिन्न पक्षबाट आगामी तीन वर्षको अवधिमा नगरपालिकामा प्राप्त हुनसक्ने स्रोतको सहि विवरण प्राप्त हुन नसक्ने हुँदा सम्भावित कुल बजेटमा आउने फरक यकिन गर्न सकिने स्थिति रहेको छैन । यद्यपि हालका वर्षहरूमा यस नगरपालिका

क्षेत्रमा प्राप्त हुने गरेको वार्षिक बजेट, विगतको बजेट वृद्धि प्रवृत्ति र पछिल्लो परिवेशलाई मध्यनजर गरी सम्भावित बजेटको आंकलन गरिएको हुँदा योजना तर्जुमाका दृष्टिले अनुमानित बजेट धेरै हदसम्म यथार्थपरक रहने अनुमान गर्न सकिन्छ। कोभिड १९ को विषम परिस्थितिका कारणले पटक पटक भौतिक रुपमा नगरपालिकामा उपस्थिति भै सरोकारवालाहरूसँग छलफल गर्न सकिएन । तथापि फोन एवम् भर्चुअल विधिमार्फत सम्बन्धित जिम्मेवार पदाधिकारीहरू र नगरपालिकाका कर्मचारीहरूसँग छलफल गरी आवश्यक सुझाव तथा सूचनाहरू संकलन गरी यो आवधिक विकास योजना तर्जुमा गरिएको छ ।

# परिच्छेद दुई : दीर्घकालिन सोच, लक्ष्य, उद्देश्य र रणनीतिहरु

## २.१ पृष्ठभुमि

कुश्मा नगरपालिकाले नेपाल सरकार र गण्डकी प्रदेश सरकारले अवलम्बन गरेको समष्टिगत आर्थिक नीति, दिगो विकास लक्ष्य र दीर्घकालीन सोच, लक्ष्य र उद्देश्यसँग तादात्म्यता हुने गरी यो आवधिक विकास योजना तर्जुमा गरिएको छ । नगरपालिकाले यो आवधिक विकास योजना पूर्णरुपमा कार्यान्वयन गर्नको लागि संघ, प्रदेश र स्थानीय तह बीचको सहकार्य, समन्वय र सहअस्तित्वको सिद्धान्तलाई आत्मसात गरी तयार गरेको छ । यसको अतिरिक्त नगरपालिकाले यो आवधिक विकास योजना कार्यान्वयन गर्नका लागि नगरस्तरीय राजनीति दलहरू, नागरिक समाज, नीजि क्षेत्र, गैरसरकारी संघ संस्थाहरूसँग साझेदारी र सहकार्य गर्ने छ । नगरपालिकाका निर्वाचित पदाधिकारीहरू र कार्यरत कर्मचारीहरूको क्षमता विकास गरी उनीहरूको इमान्दारिता र कार्यदक्षता अभिवृद्धि गरी छिटो, छरितो, पारदर्शी र उत्तरदायीपूर्ण तरिकाले कार्यान्वयन गर्न आवश्यक हुन्छ । कार्यक्रमबाट फाईदा लिन लक्षित वर्गहरू जस्तै महिला, बालबालिका, युवा, अपाङ्गता भएका व्यक्तिहरू, दलित, जनजाति, विपन्न, ज्येष्ठ नागरिक आदिको सक्रिय सहभागितालाई सुनिश्चित गरी उनीहरूको अपनत्व अभिवृद्धि गरिनेछ ।

## २.२ समस्या र चूनौती

यस नगरपालिकामा सामाजिक, आर्थिक, भौतिक पूर्वाधार, पर्यटकीय विकासका प्रशस्त सम्भावनाहरू भएता पनि त्यत्तिकै मात्रमा समस्या र चूनौतीहरू पनि विद्यमान छन् । दिगो किसिमको सामाजिक र भौतिक विकासका पूर्वाधार निर्माण गरी नगरवासीहरूको जीवनस्तरमा सकारात्मक परिवर्तन ल्याउन नगरपालिकाले सकेको छैन । नगरपालिकाले राजस्व सुधार योजना तर्जुमा गरेता पनि योजनाले पहिचान गरेका सुधार गर्नुपर्ने पक्षमा ध्यान पुग्न नसकेका कारण सबै करदातालाई करको दायरामा ल्याउन नसक्नु र सम्भावना भएका राजस्वका स्रोतहरू जस्तै व्यवसाय कर, घर वहाल कर, वहाल विटौरी करलाई राजस्वको दायरा अझै ल्याउन सकेको छैन भने कर राजस्वको महत्व र यसको सदुपयोगका बारेमा करदाता शिक्षा सञ्चालन गरी करदाताको विश्वास जित्न पनि नगरपालिकाले सकेको छैन । यस नगरपालिकाको १४ वटा वडाहरू मध्ये ४ वटा वडाहरूमात्रै बजारमा रहेका छन् । बाँकी वडाहरू ग्रामीण क्षेत्रमा रहेका र यिनीहरूको धेरैजसो भू-भागहरू वनजंगलले ढाकेको, चरन क्षेत्र, पाखा, खोला, वगर, भीरपाखा रहेकोले पनि कृषिको आधुनिकीकरण गरी व्यवसायिक कृषिलाई प्रवर्द्धन गर्ने चुनौति रहेको छ । नगरपालिकाको बार्षिक योजनाले कृषि र पर्यटन क्षेत्रको विकासमा पर्याप्त बजेट विनियोजन गर्न नसकेको कारण आयआर्जन र रोजगारी प्रवर्द्धनमा नगरपालिकाले उल्लेख्य योगदान पुऱ्याउन सकेको छैन । विभिन्न वडाहरूमा विभिन्न प्रकारका नयाँ नयाँ फलफूल, तरकारी, पशुपालन जस्ता व्यवसायहरू शुरु भएता पनि बजारीकरणको अभावको कारण उत्पादित बस्तुहरूले सहजरुपमा बजार पाउन सकेको अवस्था छैन । यसबाट भविष्यमा कृषि तथा पशु व्यवसायमा युवाहरूलाई आकर्षण गर्ने विषय नगरपालिकाको लागि चुनौतीको रुपमा खडा हुने देखिएको छ । यस नगरपालिका अन्तरगतका सबै १४ वटै वडाहरू सडक सञ्जालले जोडिएको भएतापनि सदरमुकामका क्षेत्रबाहेक अन्य क्षेत्रहरूका सडकहरू साँघुरा, जीर्ण तथा कच्ची अवस्थामा रहेका छन् । यसरी सबै वडाको वडा केन्द्रसम्म कालोपत्रे वा ग्राभेल गर्ने कार्य नगरपालिकाको लागि चूनौतीपूर्ण रहेको छ । पर्यटकीय सम्भावना बोकेको पञ्चासे क्षेत्र पर्यावरणीय र प्राकृतिक सौन्दर्यताको दृष्टिले मनोरम स्थल भएतापनि सडक यातायातको सहज पहुँच नभएको कारण सहजरुपमा आवतजावत गर्न कठिन छ । यस्ता सम्भावना बाकेका क्षेत्रहरूसम्म यातायातको विकास गर्नु नगरपालिकाको लागि एउटा अर्को चुनौती रहेको छ । यसैगरी ऐतिहासिक तथा

धार्मिक सम्पदाहरूको संरक्षण र सम्बर्द्धन गर्ने विषय पनि नगरपालिकाको लागि चुनौतीपूर्ण रहेको छ। नगर क्षेत्रभित्र रहेको समस्या र चुनौतीहरूलाई निम्नानुसार *तालिका २.१* मा उल्लेख गरिएको छ।

**तालिका २.१ : नगरपालिकाको क्षेत्रगत समस्या र चुनौतीहरु**

| क्षेत्र | समस्या | चुनौती |
|---|---|---|
| नगरपालिकाको अर्थतन्त्र | • शहरी क्षेत्र आयतमा निर्भर<br>• ग्रामीण क्षेत्रको अर्थतन्त्र निर्वाहमुखी | • निर्यातमूलक अर्थतन्त्र बनाउनु<br>• आत्मनिर्भर अर्थतन्त्र बनाउनु |
| वित्तीय क्षेत्र | • सहकारी तथा वित्तीय संस्थाहरूको उत्पादन क्षेत्रमा न्यून लगानी | • सहकारी तथा वित्तीय संस्थाहरूको नियमन र उत्पादन क्षेत्रमा लगानी वृद्धि गर्नु |
| वाणिज्य | • आयतित उपभोग्य बस्तु तथा निर्माण सामग्रीको बाहुल्यता | • नगरपालिकामा तुलनात्मक लाभ भएका उपभोग्य वस्तु तथा निर्माण सामग्रीको उत्पादन र प्रयोगमा वृद्धि गर्नु |
| विप्रेषण | • बैदेशिक रोजगारबाट प्राप्त विप्रेषण उपभोग्य वस्तु र सेवामा खर्च हुनु | • नगरपालिका भित्र आउने विप्रेषणको रकमलाई उत्पादनशिल क्षेत्रमा लगानी गर्नु |
| पर्यटन | • सम्भाव्य पर्यटकीय क्षेत्रहरुको प्रचारप्रसारमा कमी र स्थानीय उत्पादनसँग तादात्म्यता हुनु नसक्नु | • स्थानीय उत्पादनसँग सघन सहकार्य गर्दै गुणस्तरीय पर्यटकीय आकर्षणका लागि पर्यटन पूर्वाधारमा लगानी विस्तार गर्नु |
| उद्योग | • घरेलु तथा साना उद्योग प्रतिस्पर्धी हुन नसक्नु | • कुश्मा नगरमा औद्योगिक ग्राम बनाई औद्योगिक वातावरण निर्माण गर्नु<br>• मझौला तथा ठूला, कृषि तथा वनजन्य प्रशोधन र खनिजजन्य उद्योगहरूको स्थापना र सञ्चालनको वातावरण निर्माण गर्नु |
| कृषि | • मनसुनमा आधारित, निर्वाहमुखी र परम्परागत खेती प्रणाली<br>• न्यून उत्पादन र उत्पादकत्व | • कृषिको यान्त्रीकीकरण, व्यवसायीकरण र बजारीकरण गर्नु<br>• उच्च उत्पादकत्व र उत्पादन हासिल गर्नु |
| सहकारी | • सहकारी क्षेत्रको लगानी अनुपात्दक क्षेत्र जस्तै घर, जग्गा, व्यापार, घरायसी आवश्यकता जस्तै विवाह, व्रतवन्ध, जस्ता क्षेत्रमा लगानी हुनु | • सहकारीको बचत उत्पादन क्षेत्रमा लगानी गर्नु |
| वन | • आर्थिक उपार्जनसँग कमजोर सम्बन्ध रहेको संरक्षणमुखी वन व्यवस्थापन प्रणाली | • संरक्षण र जनताको आय आर्जन सँगसँगै हुने वन व्यवस्थापन प्रणालीको विकास गर्नु |
| उर्जा | • सबै घर परिवारमा सफा उर्जाको प्रयोग हुन नसकेको | • सबै घरपरिवारलाई सफा उर्जाको पहुँचा ल्याउनु र उज्यालो नगर बनाउनु |
| पूर्वाधार निर्माण | • भौतिक पूर्वाधारको निर्माण गुणस्तरीय नहुनु<br>• भौतिक पूर्वाधारहरू अपाङ्गमैत्री नहुनु<br>• सडक लगायतका पूर्वाधार निर्माण वातावरणमैत्री तथा विपद प्रतिरोधी नहुनु | • निर्धारित समय र लागतमा गुणस्तरीय भौतिक पूर्वाधारको निर्माण सम्पन्न गर्नु<br>• नयाँ निर्माण गर्ने भौतिक पूर्वाधारहरू अपांगमैत्री बनाउनु<br>• पूर्वाधार निर्माण गर्दा वातावरण संरक्षण र विपद जोखिम न्यूनीकरणलाई ध्यान दिई गराउनु। |
| सिंचाई | • सिंचाई प्रणाली सतह कुलो र नहरमा मात्र आधारित भएको र टार तथा भिरालो | • सम्पूर्ण सिंचाईयोग्य जमिनमा सिंचाई सुविधा पुऱ्याउनु |

| क्षेत्र | समस्या | चुनौती |
|---|---|---|
| | पहाडी भू-भागमा सिंचाई सुविधाको अभाव | |
| खानेपानी | • सबै बस्तीहरूमा नियमित रुपमा आधारभूत तहको खानेपानीको आपुर्ति नभएको | • सबै घरधुरीमा स्वच्छ खानेपानी उपलब्ध गराउनु |
| स्वास्थ्य | • आधारभूत स्वास्थ्य सेवाबाट नगरवासी बञ्चित हुनु | • आधारभूत र विशिष्टीकृत सेवा प्रभावकारी रुपमा प्रदान गर्नु |
| लैङ्गिक समानता | • लैङ्गिक समानताको अवधारणा व्यवहारमा आउन नसकेको | • लैङ्गिक समानता सम्बन्धी कानूनी र व्यवहारिक अभ्यास विच सामाञ्जस्यता विकास गर्नु |
| श्रम र रोजगार | • श्रम बजारको माग अनुसार श्रमशक्ति उत्पादन नहुनु<br>• सीपयुक्त मानव संसाधनको अभाव<br>• अधिकांश युवा वर्ग बेरोजगार हुनु | • श्रमबजारको माग अनुसारको श्रमशक्ति उत्पादन गर्नु र उत्पादित जनशक्तिको लागि रोजगारी सिर्जना गर्नु |
| सूचना र सञ्चार | • दुर्गम वस्तीहरूमा इन्टरनेटको पहुँच कम हुनु | • दुर्गम वस्तीहरूमा इन्टरनेटको पहुँच पुर्‍याउनु |
| जलवायु परिवर्तन | • जलवायु परिवर्तनले स्थानीय उत्पादनमा प्रतिकुल प्रभाव पर्नु | • जलवायु परिवर्तनको प्रभाव वहन गर्न सक्ने जलवायु अनुकुलन उत्पादन प्रणाली विकास गर्नु |
| सुशासन | • सार्वजनिक सेवामा अपेक्षित प्रभावकारिताको अभाव | • सार्वजनिक सेवा प्रवाह थप प्रभावकारी बनाउनु । |

## २.३ अवसर र सम्भावनाहरुको विश्लेषण

नेपालको संविधानले स्थानीय तहलाई राजस्व संकलन र खर्च गर्ने अधिकार सुनिश्चित गर्नु, स्थानीय तहलाई संघ र प्रदेश तहको कानूनसँग नबाझिने गरी ऐन, नियम, कार्यविधि, नीति बनाउने कानूनी अधिकार हुनु, नगरपालिकामा निर्वाचित नेतृत्व हुनु, नगरस्तरीय सबै राजनीतिक दलहरूले नगरपालिकाको विकास प्रयासमा साथ दिनु, संघ र प्रदेश सरकारले पर्याप्त मात्रामा समानीकरण, सशर्त, विशेष र समपुरक अनुदान दिनु, नगरपालिकाले राजस्व बाँडफाँट वापत रकमहरू प्राप्त गर्नु, नागरिक समाज, गैरसरकारी संघ संस्थाहरूले नगरपालिकासँग सहकार्य गर्ने सकारात्मक वातावरण सिर्जना हुनु, नीजि क्षेत्र नगरपालिकासँग सहकार्य गर्न तयार हुनु, पर्यटकको आकर्षणको केन्द्र र व्यवसायिक दृष्टिकोणले निर्मित विश्वकै दोस्रो अग्लो बञ्जीजम्प/स्विङ्ग, पुरातात्विक स्थल जस्तै दर्लुङ कोट, खौलाकोट, सुन्दर मठ मन्दिरहरू, पार्वतीको जन्म भएको ठाउँ, मोदी वेनी तिर्थस्थल, ऐतिहासिक दशरथ कुण्ड, विभिन्न नामका गुफाहरू हुनु, जलसम्पदाले धनी (मोदी, काली), प्याराग्लाईडिङको सम्भावना, पर्यटकीय र विकसित शहर पोखराको सामिप्यतामा हुनु, पहाडी भेग (डाँडा काँडा) एडभेञ्चरको हव, काली गण्डकी ऱ्याफ्टिङ्ग, पञ्चासे डाँडा, कृषि र पशु क्षेत्रको विकासका लागि उर्वर भूमिको उपलब्धता, प्रशस्त जलस्रोतको उपलब्धता, लगानीमैत्री वातावरण निर्माण गर्न प्रतिबद्ध गण्डकी प्रदेश सरकार, प्राकृतिक सौन्दर्यता, जैविक विविधता, अनेकता वीच सामाजिक एकता, साँस्कृतिक सम्पन्नता र पहिचान जस्ता अवसरहरू रहेका छन् जसको सदुपयोग गरी कुश्मा नगरको आर्थिक, सामाजिक विकास गरी **समृद्ध सुन्दर कुश्मा नगर**को दीर्घकालीन सोच हासिल गर्न सकिनेछ। यसका साथै कालीगण्डकी तटीय क्षेत्रमा रहेको नदीजन्य वस्तुहरूको उपयोगबाट आन्तरिक राजस्व अभिवृद्धि गर्न सकिने, विभिन्न पर्यटकीय तथा धार्मिक सम्पदाहरूको उपयोग गर्दै पर्यटन व्यवसायको विकास र विस्तार गरी नगरवासीको

आर्थिक तथा जीवनस्तरमा सुधार ल्याउन सकिने, जलस्रोत र वनजंगलको भरपुर रुपमा उपयोग गर्न सकिने, कालीगण्डकी जलयात्रा, कालीगण्डकी र मोदीखोलामा निर्माण भएका र निर्माणाधिन नेपालकै अग्ला र लामा झोलुङ्गे पुलहरू, कुश्मा बलेवा जोड्ने यान्त्रिक पुल, बञ्जी पुल तथा बलेवा विमानस्थलको उपयोग गर्दै पर्यटन व्यवसायलाई विस्तार गर्न सकिने, कालीगण्डकी करिडोरसँग सडक सञ्जाल जोडिएकोले यसबाट पर्यटन तथा व्यापार व्यवसायमा विस्तार गर्न सकिने प्रशस्त सम्भावनाहरू रहेका छन् । यसबाट कुश्मा नगरपालिकाले राखेको समृद्ध सुन्दर नगर निर्माणको आकांक्षा पुराहुने अपेक्षा गर्न सकिन्छ ।

## २.४ कुश्मा नगरपालिकाको समृद्धिका प्रमुख संवाहकहरु

कुश्मा नगरपालिकाको समृद्धिका मुख्य-मुख्य संवाहकहरू (Key Drivers of Prosperity) निम्नानुसार तय गरिएको छ ।

१. **पूर्वाधार विकास :** नगरपालिकाका सबै वडाहरू र वस्तीहरूलाई गुणस्तरीय सडक सञ्जालमा आवद्ध गराइनेछ । यसबाट आवतजावत थप सहज हुनुको साथै स्थानीय उत्पादनको लागत घट्न जाने प्रतिस्पर्धी क्षमता बढ्ने छ । यसबाट कुश्मा नगरपालिकाको अर्थतन्त्रलाई विस्तारमा सहयोग पुग्नेछ । कालिगण्डकी करिडोरसँग सडक सञ्जाल जोडी कालिगण्डकी लोकमार्गको उपयोग गर्दै आर्थिक समृद्धि हासिल गर्न सकिने सम्भावना पनि रहेको छ ।

२. **कृषि तथा पशुपालन :** यस पालिका अन्तरगत रहेका प्रशस्त उर्वरा फाँटको सदुपयोग गर्दै हरेक वडालाई निश्चित पकेट क्षेत्र घोषणा गरी कृषि र पशुपालन पेशालाई यान्त्रिकीकरण, व्यवसायीकरण र बजारीकरण मार्फत उच्च उत्पादन र उत्पादकत्व वृद्धि गरी रोजगारी सिर्जना र आयआर्जन वृद्धिमा जोड दिईनेछ । पर्यटन प्रवर्द्धनलाई समेत सहयोग पुग्ने जेठो बुढो चामल, ज्ञादी केरा उत्पादन क्षेत्र, कालिज, टर्की, बट्टाई, स्थानीय कुखुरा फार्म, पाङ, ज्ञादी कटुवा, पकुवा तरकारी पकेट, पिपलटारी, ठूलीपोखरी केरा ब्लक, पकेट क्षेत्रहरू, दुधमा आत्मनिर्भर, कुखुरामा आत्मनिर्भर, उच्च भाग दुर्लुङमा किवी खेती जस्ता सम्भावनाहरूको सदुपयोग गरी कुश्मा नगरपालिकालाई समृद्धि तर्फ लगिनेछ ।

३. **पर्यटन :** यस कुश्मा नगरपालिकामा उपलब्ध अग्ला झोलुङ्गे पुलहरू (अग्ला र लामा), पहाडी भेग (डाँडा काँडा), धार्मिक स्थलहरू, यान्त्रिक पूल, बञ्जिजम्प, ऱ्याफ्टिङ्ग, पवित्र काली गण्डकी नदि आदि रहेका छन् । यिनीहरुको प्रयोग गरी साहसिक, धार्मिक एवम् साँस्कृतिक पर्यटन प्रवर्द्धन गर्न असकिने सम्भावना रहेको छ भने अर्को तर्फ स्थानीय उत्पादनसँग अग्र र पृष्ठ (Forward and Backward Linkage) सम्बन्ध भएको गुणस्तरीय पर्यटन सेवाको सुदृढीकरण र विस्तार गरी नीजि क्षेत्रसँगको सहकार्यमा रोजगारी सिर्जनाको अवसरहरु निर्माण गर्न सकिन्छ । यसबाट गरीबी न्यूनीकरण र पालिकाको आन्तरिक आय वृद्धिको लागि आधारशिला तयार हुनेछ । यसै गरी कुश्मा नगरपालिका सबैभन्दा लामो झोलुङ्गे पुल (कुश्मा र ग्यादिचौर जोडेने) भएको स्थानको रुपमा पनि परिचित छ । यसका अतिरिक्त यहाँ कुश्मा बलेवा (३४७ मिटर लामो) र कुश्मा मोदीकुवा (३५९ मिटर) र कुश्मा बञ्जि (४९० मिटर लामो) झोलुङ्गे पुलहरूले कुश्मा नगरपालिकालाई छुट्टै पहिचान दिएको छ । यहाँको पर्यटकीय विकासमा यिनीहरुको महत्वपूर्ण योगदान रहने छ ।

३. **घरेलु तथा साना उद्योग** : पालिका स्तरमा उद्यमशीलताको विकास गर्न घरेलु तथा साना उद्योगहरूको स्थापना तथा स्तरोन्नती मार्फत उपभोग्य वस्तु, निर्माण सामाग्री, कृषि प्रशोधन, परम्परागत सिप र ज्ञानको प्रबर्द्धन गर्दै आयत प्रतिस्थापन, राजस्व वृद्धि र समग्र पालिकाको अर्थतन्त्रको आयतन बढाईनेछ ।

५. **उर्जा** : नवीकरणीय उर्जा (सौर्य, वायु र जैविक) र जलविद्युतको उच्च उत्पादन वृद्धि गरी विद्युतको नियमित आपूर्ति सुनिश्चित गरिनेछ । यसबाट उद्योग क्षेत्रको विकास गरी आत्मनिर्भर र हरित अर्थतन्त्र निर्माण गरिनेछ । जल विद्युत उत्पादनका लागि यस पालिकामा मुख्यतः कालिगण्डकी, मोदी खोला, जहरे खोला, रतिखोला, अम्बोट खोला, फाप्रे खोला, दमुवा खोला, सुन्दरे खोला, र केवादी खोलाहरू रहेका छन् ।

६. **मानव ससाधन विकास (शिक्षा, स्वास्थ्य)** : गुणस्तरीय शिक्षा र स्वास्थ्य सेवालाई सुनिश्चित गर्दै स्वस्थ, दक्ष र प्राविधिक सीप र ज्ञानयुक्त मानव संसाधनको विकास गरी पालिकाको समग्र अर्थतन्त्रलाई प्रभावकारी र प्रतिस्पर्धी बनाउन सघाइनेछ ।

७. **सुशासन** : वडा तह र पालिका तहका विभिन्न कार्यालयहरूमा विद्युतीय सुशासनको अभ्यास मार्फत कार्यदक्षता वृद्धि गरी सेवा प्रवाहलाई छिटो, छरितो, पारदर्शी र जनताप्रति जवाफदेही बनाई सुशासनको प्रतिफल जनताको तहसम्म पुऱ्याईनेछ ।

## २.५ कुश्मा नगरपालिकाको समृद्धिका मुख्य सहयोगी क्षेत्रहरु

यस नगरपालिकाको समृद्धिका मुख्य-मुख्य सहयोगी क्षेत्रहरू (Key Enablers of Prosperity) निम्नानुसार पहिचान गरिएका छन् ।

### (क) प्राकृतिक सौन्दर्य

यस नगरपालिका अन्तरगत विभिन्न किसिमका नदिनाला, पहाड, हरियाली, मनोरम भू-धरातल, पदमार्ग, दुर्लुङ, आर्थर, ठुली पोखरी, खौला कोट, पकुवा, चुवा जस्ता सौन्दर्य स्थलहरू, पर्यटक आकर्षण गर्न सक्ने प्राकृतिक सौन्दर्यताहरू रहेका छन् । यसरी प्राकृतिक सौन्दर्यताको प्रवर्द्धन गरी पर्यटन क्षेत्रको विकास र विस्तार गरी पर्यटकहरू आकर्षण गर्न सकिने र यसले रोजगारी सिर्जनामा ठूलो सहयोग पुऱ्याई नगरपालिकाको समृद्धिमा सहयोग पुग्ने सुनिश्चित छ ।

### (ख) जैविक विविधता

यस नगरपालिका जैविक विविधताको दृष्टिकोणले धनी नगरपालिका मानिन्छ । करिब २८ प्रतिशत क्षेत्रफल वनजंगलले ओगटेको छ । नगरपालिकाले सबै वडाहरूमा पार्क उद्यान, बाल उद्यान तथा वनस्पतिजन्य मनोरञ्जन आरामदायी स्थलहरूको विकास गर्न सक्ने प्रवल सम्भावनाहरू रहेको छ । यति धेरै प्राकृतिक सौन्दर्यता र जैविक विविधताले धनी नगरपालिका भएता पनि हालसम्म वडा नं. ४ को माझमेलामा अमृत जोशी स्मृति पार्कको निर्माण भएको र हालसम्म पनि यसलाई राम्रोसँग सम्पन्न गरी सुचारु गर्न सकिएको अवस्था छैन भने बाँकी १३ वटा वडाहरूमा त्यस्ता पार्क तथा उद्यानहरू नभएकोले यस आवधिक विकास योजनाले कम्तिमा पनि एक वडा एक पार्कको नीति अबलम्वन गरी प्राथमिकता राखी पार्क तथा उद्यान निर्माण गर्न सक्नेछ । यस नगरपालिकाको सबै वडाहरूमा धेरै थोरै वनजंगलहरू रहेका छन । वनजंगलमा विभिन्न किसिमका जडिवुटिहरू, चराचुरुङ्गीहरू, वन्यजन्तुहरू पाउन सकिन्छ । सामुदायिक वन उपभोक्ता समितिहरूको क्षमता विकास गरी नगरपालिकाले उपलब्ध जैविक विविधताको भरपुर उपयोग गर्न सक्दछ । नगरपालिकामा भएको जैविक विविधताले नगरपालिकाको पर्यावरणीय सन्तुलन र विदेशी तथा स्वदेशी पर्यटनहरू आकर्षण गरी नगरपालिकाले परिकल्पना गरेको समृद्धि हासिल गर्ने महत्वपूर्ण सहयोगी क्षेत्र हुन सक्दछ ।

### (ग) सामाजिक विविधता बीच एकता

यस नगरपालिकामा विभिन्न आस्था र विश्वास भएका राजनीतिक दलहरू, विभिन्न भाषा, संस्कृति अपनाउने जातजातिहरू (ब्राम्हण, क्षेत्री, सार्की, कामी, दमाई, गुरुङ, मगर, नेवार, दशनामी/सन्यासी राई, मगर, शेर्पा, ठकुरी, वि.क., परियार, नेपाली आदि) भएको विविधता विचमा एकता कायम गरी नगरवासीको समृद्धि हासिल गर्ने कार्यमा सबै पक्षको सक्रिय सहभागिता हुन एक महत्वपूर्ण अवसर यस नगरपालिकाको रहेको छ । यस किसिमको एकताले नगरपालिकालाई सहयोगीको भूमिका निर्वाह गरेको छ । यी विभिन्न समूह बीच रहन सहनमा विविधता भएतापनि आर्थिक विकास र पूर्वाधार निर्माणमा विविधता बीच अनुपम एकता छ जुन नगरपालिकाको समृद्धिको महत्वपूर्ण सहयोगी क्षेत्र हो ।

### (घ) सांस्कृतिक सम्पन्नता

कुश्मा नगरपालिका साँस्कृतिक रुपमा धनी छ । यहाँ विभिन्न किसिमका पुरातात्विक र सुन्दर मठ, मन्दिर, गुम्बा, मस्जिदहरू, ऐतिहासिक दरवारहरू, गुप्तेश्वर गुफा लगायत थुप्रै गुफाहरू, देवी पार्वतीको जन्मस्थल पाङ, पञ्चासे तिर्थस्थल जस्ता थुप्रै पवित्र तिर्थस्थलहरू लगायतका प्रशस्त धार्मिक र साँस्कृतिक सम्पदाले भरिपुर्ण नगरपालिका हो । तसर्थ यस नगरपालिकाको समृद्धिका लागि यहाँ उपलव्ध साँस्कृतिक सम्पदाको भरपुर सदुपयोग गर्न सके यो समृद्धिको महत्वपूर्ण सहयोगी क्षेत्र हुन सक्दछ ।

### (ङ) जनसांख्यिक लाभ

यस नगरपालिकामा आर्थिक रुपले सक्रिय जनसंख्या (१५ देखि ५९ वर्ष उमेर समुहको जनसंख्या) कुल जनसंख्याको करिब ५६ प्रतिशत रहेको छ । यो उमेर समुहलाई विशेष योजनाका साथ विदेश जान वा पलायन हुनबाट रोक्दै उत्पादनमूलक क्षेत्रमा योजनाबद्ध रुपमा परिचालन गर्नसके नगरपालिकाको आर्थिक सामाजिक विकासका क्षेत्रमा प्रगति गर्न सकिने छ । तसर्थ नगरपालिकामा उपलब्ध आर्थिक रुपले सक्रिय जनसंख्यालाई परिचालन गर्न सके नगरपालिकाले परिकल्पना गरेको समृद्धि हासिल गर्न उपलब्ध जनशक्ति सहयोगी सिद्ध हुनसक्छ ।

## २.५.१ समष्टिगत दीर्घकालिन सोच

नगरपालिकाका सरोकारवालाहरुबाट सहभागितामूलक पद्धति अवलम्बन गरी व्यापक मात्रामा छलफल पश्चात कुश्मा नगरपालिकाको दीर्घकालिन सोच तयार पारिएको छ । कुश्मा नगरपालिकाको दीर्घकालिन सोच यसप्रकार रहेको छ ।

***"समृद्ध सुन्दर कुश्मा नगर"***

**दीर्घकालिन सोचमा रहेका शब्दहरुको अर्थ तथा मर्म :**

नगरका प्रमुख सरोकारवालाहरुको व्यापक छलफल पछि तयार भएको यस दीर्घकालिन सोचमा समृद्ध तथा सुन्दर गरी २ वटा विशेषणात्मक शब्दहरु नगरपालिकाको नामको अगाडि राखिएका छन् ।

**समृद्ध :** नेपाली शब्दसागरमा समृद्धको अर्थ पुगिसरी आएको, सम्पन्न, उन्नत, उन्नतीशिल, भरिपूर्ण भनी परिभाषित गरिएको छ । त्यसै गरी राष्ट्रिय योजना आयोगले तयार पारेको १५ औँ योजनामा समान अवसर प्राप्त, स्वस्थ, शिक्षित, मर्यादित र उच्च जीवनस्तर भएको अवस्थालाई समृद्धिको अवस्था भनेर परिभाषित

गरेको छ । यस नगरपालिकाको दीर्घकालिन सोचमा समाविष्ट समृद्ध शब्दले पनि सोहि अवस्थाको परिकल्पना गरेको छ ।

**सुन्दर :** सुन्दर शब्दको अर्थ समय, ठाउँ र सन्दर्भ अनुसार फरक फरक हुन सक्दछ । यो बढि आँखासँग सम्बन्धित भए पनि कतिपय अवस्थामा भावनात्मक कुरा पनि हो । नेपाली शब्दसागरमा सुन्दर शब्दको अर्थ मनै खिचिदिने, मनोहर, मनोरम, बेस, असल, जाति उल्लेख गरिएको छ । यहाँ सुन्दर शब्दले विशेष गरी हरियाली, सफा र चित्त आकर्षण गर्ने प्राकृतिक तथा मानव निर्मित वस्तुहरुलाई संकेत गर्दछ । कुश्मा नगरपालिका हरियालीयुक्त नगरपालिका हो । यसलाई थप व्यवस्थित गरी केही मानव निर्मित सुन्दर संरचनाहरु जस्तै मन्दिर, गुम्बा, पुल, पार्क आदिको थप गर्न सकेमा नगरको सुन्दरता बढ्न जानेछ र यसबाट नगरको प्रतिष्ठा बढ्ने मात्र होइनकी पर्यटनको माध्यमबाट समृद्धिको आकांक्षा पुरा हुने सोच रहेको देखिन्छ ।

### २.५.२ समष्टिगत लक्ष्य

कुश्मा नगरपालिकाले निर्धारण गरेको उपरोक्त दीर्घकालीन सोच प्राप्त गर्न निम्नानुसारको समष्टिगत लक्ष्य तय गरिएको छ ।

"कृषि तथा पर्यटन क्षेत्रको उत्पादन तथा उत्पादकत्व वृद्धि र विपद् जोखिम व्यवस्थापनलाई केन्द्रमा राखी शिक्षा, स्वास्थ्य र रोजगारीको अवसर सहितको आर्थिक तथा सामाजिक रुपले उत्थानशिल समाज निर्माण गर्ने"

### २.५.३ समष्टिगत उद्देश्यहरु

१. रोजगारीको अवसरहरू सिर्जना गर्नु,
२. कृषि, पशु, वन क्षेत्रको उत्पादन तथा उत्पादकत्व अभिवृद्धि गर्नु,
३. जलवायु परिवर्तनसँग अनुकुलित हुँदै विपद उत्थानशील भौतिक पूर्वाधार निर्माण गर्नु,
४. महिला, बालबालिका, अपाङ्गता भएका व्यक्ति, दलित, जेष्ठ नागरिक, युवा, लगायत समाजका विपन्न समुदायहरूको लगायत सम्पूर्ण नागरिकको संवैधानिक अधिकार सुनिश्चित गर्नु ।
५. संस्थागत विकास मार्फत सुशासन र नगरपालिकाबाट हुने सेवा थप प्रभावकारी बनाउनु ।

## २.६ समष्टिगत रणनीतिहरु

कुश्मा नगरपालिकाको तीनवर्षे आवधिक विकास योजनाले परिलक्षित गरेको दीर्घकालीन सोच, लक्ष्य र उद्देश्य हासिल गर्नका लागि निम्नानुसारको रणनीतिहरू तय गरिएको छ ।

१ नगरको आर्थिक विकासको पहिलो सम्भाव्य क्षेत्रको रुपमा रहेको कृषि तथा पर्यटन व्यवसायलाई उद्योगको रुपमा विकास गर्ने र यसका लागि निजी क्षेत्रलाई थप आकर्षित गर्ने,
२ आवधिक विकास योजना कार्यान्वयनका लागि आवश्यक श्रोतको सुनिश्चित गर्न नीजि, गैरसरकारी र सहकारी क्षेत्रसँगको साझेदारीलाई विस्तार गर्ने,
३ नगरपालिकाको आन्तरिक राजस्व वृद्धिका लागि करका दायराहरूको विस्तारमा जोड दिने,
४ नगरपालिका, वडा र समुदाय तहमा विपद् जोखिम सम्बन्धी क्षमता विकास र संस्थागत संरचना निर्माणलाई जोड दिने ।
५ सबै क्षेत्रमा लैङ्गिक समानता र सामाजिक समावेशीतालाई मूलप्रवाहीकरण गर्ने ।

६ जोखिमबाट पिडित वा जोखिममा रहेका समुदायहरूलाई भविष्यमा हुनसक्ने विपद्‌बाट बचाउन उनीहरूको क्षमता विकासमा जोड दिने ।

७ विकास प्रक्रियामा समाजमा रहेका कमजोर वर्ग लयायत सबै समुदायको सहभागिता सुनिश्चित गर्ने ।

८ **"अझ राम्रो र अझ बलियो (Build Back Better)"** पुनर्लाभ, जलवायु परिवर्तन अनुकुलन र विपद् जोखिम न्यूनीकरण र व्यवस्थापनका लागि नगरपालिका, विकास साझेदार निकायहरू, नीजि क्षेत्र, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरसरकारी संघसंस्थाहरू विचको सहकार्य प्रवर्द्धन गर्ने र युवा, बालबालिका, अपाङ्गता भएका व्यक्तिहरू, ज्येष्ठ नागरिक, दलित र कमजोर समुदायको क्षमता अभिवृद्धि गर्ने र तिनीहरुको सहभागिता सुनिश्चित गर्ने ।

## २.७ खर्चको आवश्यकता र स्रोत परिचालन (राजस्व प्रक्षेपण)

### (क) नगरपालिकाको क्षेत्रगत बजेट विनियोजन र यथार्थ खर्च

कुश्मा नगरपालिकाको आ.व. २०७६/०७७ को विषय क्षेत्रगत बजेट विनियोजन र खर्चको विवरण तल तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका २.२ : आ.व. २०७६/०७७ को विषय क्षेत्रगत वजेट विनियोजन र खर्चको अवस्था**

| क्र.सं. | विषय क्षेत्र | विनियोजन रकम रु. | विनियोजन प्रतिशत | यथार्थ खर्च रु. | खर्च प्रतिशत | क्षेत्रगत प्रतिशत |
|---|---|---|---|---|---|---|
| **१** | **आर्थिक विकास** | **३३२२७०००** | **१००** | **२७३३२७१४** | **१००** | **४.५५** |
| १.१ | कृषि | १६९०८००० | ५०.८८६ | १५१८४११७ | ५५.५५२९ | |
| १.२ | पर्यटन | १७२०००० | ५.१७६५ | ५०९५४० | १.८६४२१ | |
| १.३ | जलस्रोत तथा सिंचाई | ५४००००० | १६.२५२ | ४१६२७१३ | १५.२२९८ | |
| १.४ | पशुपंक्षी विकास | ६०६७००० | १८.२५९ | ४५५६६७९ | १६.६७१२ | |
| १.५ | श्रम तथा रोजागारी | ३१३२००० | ९.४२६१ | २९१९६६५ | १०.६८१९ | |
| **२** | **सामाजिक विकास** | **४३५३३०९८४** | **१००** | **३८९४८४२०१** | **१००** | **५९.७** |
| २.१ | शिक्षा | ३२६७५४००० | ७५.०५९ | ३१८२१८८७५ | ८१.७०२६ | |
| २.२ | स्वास्थ्य | ६९१४८००० | १५.८८४ | ४८८२५१०६ | १२.५३५८ | |
| २.३ | खानेपानी तथा सरसफाई | २१९५८८६४ | ५.०४४२ | १३१९४६५० | ३.३८७७२ | |
| २.४ | भाषा तथा संस्कृति | ४०४०००० | ०.९२८ | २१०८६२७ | ०.५४१३९ | |
| २.५ | लैंङ्गिक समानता तथा सामाजिक समावेशीकरण | ९५८०००० | २.२००६ | ४९९९९७९ | १.२८३७४ | |
| २.६ | युवा तथा खेलकुद | ३६५०१२० | ०.८३८५ | २१३६९६४ | ०.५४८६७ | |
| २.७ | सामाजिक सुरक्षा तथा संरक्षण | २००००० | ०.०४५९ | ० | ० | |
| **३** | **भौतिक पूर्वाधार** | **१२१९९६६७४** | **१९७.०३** | **८०२६४०८५** | **१९६.७२३** | **१६.७** |
| ३.१ | यातायात पूर्वाधार | ९५७९४४६९ | ७८.५२२ | ६२९६५४६४ | ७८.४४७९ | |
| ३.२ | भवन, आवास तथा शहरी विकास | २१२३०३२५ | १७.४०२ | १३४०४२८० | १६.७००२ | |
| ३.३ | उर्जा | १२५२००० | १.०२६३ | ११९९४६३ | १.४९४४ | |
| ३.४ | सञ्चार तथा सूचना प्रविधि | १००००० | ०.०८२ | ६५००० | ०.०८०९८ | |
| **४** | **वन, वातावरण तथा विपद् व्यवस्थापन** | **३६१९८८०** | **१००** | **२६२९८७८** | **१००** | **०.५** |
| ४.१ | वन तथा वातावरण | ० | ० | ० | ० | |
| ४.२ | जलाधार संरक्षण | ० | ० | ० | ० | |
| ४.३ | वातावरण संरक्षण | ५१९८८० | १४.३६२ | ४५९८६८ | १७.४८६३ | |

| क्र.सं. | विषय क्षेत्र | विनियोजन रकम रु. | विनियोजन प्रतिशत | यथार्थ खर्च रु. | खर्च प्रतिशत | क्षेत्रगत प्रतिशत |
|---|---|---|---|---|---|---|
| ४.४ | फोहरमैला व्यवस्थापन | ० | ० | ० | ० | |
| ४.५ | जलउत्पन्न प्रकोप नियन्त्रण | ० | ० | ० | ० | |
| ४.६ | जलवायु परिवर्तन | ० | ० | ० | ० | |
| ४.७ | विपद् व्यवस्थापन | ३१०००००० | ८५.६३८ | २१७००१० | ८२.५१३७ | |
| **५** | **संस्थागत विकास, सेवा प्रवाह र सुशासन** | **१३५३९६०००** | **१००** | **१०८३४३०४२** | **१००** | **१८.६** |
| ५.१ | मानव संसाधन विकास (कार्यालय सञ्चालन र प्रशासनिक खर्च) | १३५२९६००० | ९९.९३ | १०७७४३०४२ | ९९.४५ | |
| ५.२ | संस्थागत विकास | ० | ० | ० | ० | |
| ५.३ | प्रशासकीय सुशासन | १००००० | ०.०७३९ | ६००००० | ०.५५३८ | |
| ५.४ | राजस्व परिचालन | ० | | ० | ० | |
| | **कुल जम्मा रकम रु.** | **७२९५७०५३८** | | **६०८०५३९२०** | | **१००** |

*स्रोत : कुश्मा नगरपालिका, २०७८*

**(ख) नगरपालिकाको राजस्व परिचालनको अवस्था विश्लेषण**

कुश्मा नगरपालिकाको विगत तीन आर्थिक वर्षको शीर्षकगत राजस्व संकलनको अवस्थाको विश्लेषण तल तालिकामा गरिएको छ ।

**तालिका २.३ : कुश्मा नगरपालिकाकको आन्तरिक राजस्व परिचालनको अवस्था विश्लेषण (रकम रू.)**

| क्र.सं. | शीर्षक | आ.व. २०७४/०७५ | आ.व. २०७५/०७६ | आ.व. २०७६/०७७ |
|---|---|---|---|---|
| १ | एकिकृत सम्पत्ति/सम्पत्ति तथा भूमिकर | ८०००००० | ५५४४२३० | ६१०७३७१ |
| २ | घरजग्गा वहाल कर | २००००० | ९४४९८७ | १९५३४४६ |
| ३ | सवारी साधनकर (साना सवारी) | ५०००० | ३३०० | ६०० |
| ४ | मनोरञ्जन कर | ० | ० | ० |
| ५ | विज्ञापन कर | ५०००० | ० | ० |
| ६ | अन्य कर | | १३६१४४१ | ५४६४९५९ |
| ७ | व्यवसाय कर | १०००००० | २४०३५८५ | १५८३८०० |
| ८ | अन्य शुल्क | | १०७५३० | ३६१५६५८ |
| ९ | नक्सा पास दस्तुर | | १०५११४९ | १४१२४५० |
| १० | सिफारिस दस्तुर | | ८०८५२५ | १०४१२७० |
| ११ | व्यक्तिगत घटना दर्ता दस्तुर | | १४२१५० | ९६१५० |
| १२ | नाता प्रमाणित दस्तुर | | ७०२१४१ | २५५८५२ |
| १३ | अन्य दस्तुर | | १४०७२८४ | २५४२५६० |
| १४ | अन्य प्रशासनिक दण्ड जरिवाना र जफत | १००००० | १६८४३० | ४३४५० |
| १५ | अन्य राजस्व | | १३००० | ४६९२८६७ |
| १६ | नदीजन्य पदार्थ बिक्रि (ढुंगा, गिटी, बालुवा) | ० | ० | ८१९०००० |

| क्र.सं. | शीर्षक | आ.व. २०७४/०७५ | आ.व. २०७५/०७६ | आ.व. २०७६/०७७ |
|---|---|---|---|---|
| १७ | घरजग्गा रजिष्ट्रेशन शुल्क (मालपोत कार्यालयबाट प्राप्त हुने) | ३००००० | ० | ० |
| १८ | सवारी साधन कर (प्रदेश सरकारबाट प्राप्त हुने) | ० | ० | ० |
| | **कुल जम्मा रकम रु.** | **१२४०००००** | **१४६५७७५२** | **३७०००४३३** |

**(ग) नगरपालिकाको राजस्व प्रक्षेपण**

कुश्मा नगरपालिकाको राजस्व सुधार कार्ययोजनाका आधारमा चार आर्थिक वर्षको सम्भावित राजस्व प्रक्षेपण निम्नानुसार गरिएको छ ।

**तालिका २.४ : कुश्मा नगरपालिकाको राजस्व प्रक्षेपण (रकम रू.)**

| क्र.सं. | आयका शिर्षकहरु | आ.व. २०७७/०७८ | आ.व. २०७८/०७९ | आ.व. २०७९/०८० | आ.व. २०८०/०८१ |
|---|---|---|---|---|---|
| १ | कर राजस्व | २४७१८२६५ | २६३५४६९४ | २८०१७६३३ | ३०८१९३९६ |
| २ | गैरकर राजस्व | ८७७८८६१ | ९५५३४६१ | १०३९४००२ | ११४३३४०२ |
| ३ | संघीय सरकारको अनुदान (वित्तीय हस्तान्तरण) | ६४८४२७००० | ७१३२६९७०० | ७८४५९६६७० | ८६३०५६३३७ |
| ४ | प्रदेश सरकारको अनुदान | २२३३१००० | २३९४७५५० | २५६९४९२८ | २८२६४४२० |
| ५ | प्राकृतिक स्रोतको रोयल्टी बाँडफाँडबाट प्राप्त आय | २३५२३९८ | २२३४७७८ | २३४६५१७ | २५८११६९ |
| ६ | राजस्व बाँडफाँटबाट प्राप्त आय | ९९२९१००० | १०९२१९०५० | १२०१३९८५३ | १३२१५३८३८ |
| | **जम्मा** | **८०५८९८५२४** | **८८४५७९२३३** | **९७११८९६०२** | **१०६८३०८५६२** |

*स्रोत : राजस्व सुधार कार्ययोजना, कुश्मा नगरपालिका, २०७७*

**(घ) नगरपालिकाको उपक्षेत्रगत खर्च अनुमान**

नगरपालिकाको त्रिवर्षीय आवधिक विकास योजना कार्यान्वयनका लागि आवश्यक पर्ने कार्यक्रमगत बजेटको अनुमान क्षेत्र तथा उपक्षेत्रगतरुपमा निम्नानुसार गरिएको छ ।

**तालिका २.५ : त्रिवर्षीय आवधिक विकास योजनाको क्षेत्रगत खर्च अनुमान (रू. हजारमा)**

| क्र.सं. | विषयगत क्षेत्र | पहिलो आ.व. २०७८/०७९ | दोश्रो आ.व. २०७९/०८० | तेस्रो आ.व. २०८०/०८१ | रकम (रु. हजारमा) | प्रतिशत |
|---|---|---|---|---|---|---|
| १ | **आर्थिक विकास** | | | | २०८१८२ | ६.०३ |
| २ | कृषि विकास | २४८०० | २३९५० | २५००० | ७३७५० | २.१४ |
| ३ | पशुपंक्षी तथा मत्स्य विकास | १५३५० | १६०९५ | १६२८६ | ४७७३१ | १.३८ |
| ४ | पर्यटन | ४४०० | ३१०० | ३४०० | १०९०० | ०.३२ |
| ५ | घरेलु तथा साना उद्योग | १४४०० | १५५०० | १९००० | ४८९०० | १.४२ |
| ६ | सहकारी तथा वित्तीय संघ संस्था | ४१०० | ३६५१ | ४२०० | ११९५१ | ०.३५ |
| ७ | श्रम तथा रोजगार | ४५१० | ४५१० | ५०८० | १४९५० | ०.४३ |
| ८ | **सामाजिक विकास** | **४१८०१०** | **४७२७१०** | **९१८३१०** | **१८०९०३०** | **५२.३९** |
| ९ | शिक्षा | १८६७०० | २१५६०० | २१५१०० | ६१७४०० | १७.८८ |

| क्र.सं. | विषयगत क्षेत्र | पहिलो आ.व. २०७८/०७९ | दोश्रो आ.व. २०७९/०८० | तेस्रो आ.व. २०८०/०८१ | रकम (रु. हजारमा) | प्रतिशत |
|---|---|---|---|---|---|---|
| १० | स्वास्थ्य तथा पोषण | १३५००० | १६३००० | ६२९५०० | ९२७५०० | २६.८६ |
| ११ | खानेपानी तथा सरसफाई | ६३६५० | ६३६५० | ४३५५० | १७०८५० | ४.९५ |
| १२ | युवा तथा खेलकुद | ७००० | ६८०० | ६८०० | २०६०० | ०.६० |
| १३ | लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण | १९३१० | १७६१० | १७३१० | ५४२३० | १.५७ |
| १४ | भाषा तथा संस्कृति | ६३५० | ६०५० | ६०५० | १८४५० | ०.५३ |
| १५ | **भौतिक पूर्वाधार विकास** | **३४९५००** | **३६८४००** | **४४१०००** | **११५८९००** | **३३.५६** |
| १६ | सडक | २६४५०० | ३०३५०० | ३४८००० | ९१६००० | २६.५३ |
| १७ | यातायात | २३०० | २५०० | २७०० | ७५०० | ०.२२ |
| १८ | आवास, भवन तथा शहरी विकास | ६०००० | ३६००० | ६०००० | १५६००० | ४.५२ |
| १९ | विद्युत तथा उर्जा | १५२०० | १८८०० | २२६०० | ५६६०० | १.६४ |
| २० | सूचना तथा सञ्चार | ७५०० | ७६०० | ७७०० | २२८०० | ०.६६ |
| २१ | **वन, वातावरण तथा विपद् व्यवस्थापन** | **२८९५०** | **३१५५०** | **२८९५०** | **८९४५०** | **२.५९** |
| २२ | वन तथा भूसंरक्षण | ६६०० | ६६०० | ६१०० | १९३०० | ०.५६ |
| २३ | जलाधार व्यवस्थापन | २८०० | ४००० | २००० | ८८०० | ०.२५ |
| २४ | वातावरण संरक्षण तथा फोहोरमैला व्यवस्थापन | १३९५० | १५८५० | १५७५० | ४५५५० | १.३२ |
| २५ | विपद् व्यवस्थापन | ५६०० | ५१०० | ५१०० | १५८०० | ०.४६ |
| २६ | **संस्थागत विकास तथा सुशासन** | **६३८००** | **६०८००** | **६३०००** | **१८७६००** | **५.४३** |
| २७ | मानव संशाधन विकास | ६५०० | ६००० | ७५०० | २०००० | ०.५८ |
| २८ | संस्थागत क्षमता विकास र सेवा प्रवाह | ४८५०० | ४७००० | ४८००० | १४३५०० | ४.१६ |
| २९ | राजस्व परिचालन | २६०० | २४०० | २१०० | ७१०० | ०.२१ |
| ३० | सुशासन | ६२०० | ५४०० | ५४०० | १७००० | ०.४९ |
| | **कूल जम्मा** | ८६१२६० | ९३५९६० | १४५३७६० | ३२५२४८० | १०० |

### (ङ) नगरपालिकाको समग्र राजस्व प्रक्षेपण र खर्च अनुमान

कुश्मा नगरपालिकाको त्रिवर्षीय आवधिक विकास योजना कार्यान्वयनका लागि कुल रु. ३ अर्ब २५ करोड २४ लाख ८० हजार अनुमान गरिएको छ। यसैगरी विभिन्न स्रोतबाट नगरपालिकाले करिब रु. २ अर्ब ९२ करोड ४० लाख ७७ हजार ३ सय ९७ राजस्व संकलन गर्नसक्ने प्रक्षेपण गरिएको छ। यसरी प्रक्षेपित राजस्वको तुलनामा करिब रु. ३२ करोड ६९ लाख २ हजार ६ सय ३ (१०.०६ प्रतिशत) अपुग रकम नगरपालिकाले अन्य थप स्रोत परिचालन गर्नु पर्ने देखिन्छ।

**तालिका २.६ : कुश्मा नगरपालिकाको राजस्व प्रक्षेपण (रकम रू.)**

| क्र.सं. | शीर्षकहरु | २०७८/७९ | २०७९/८० | २०८०/८१ | जम्मा |
|---|---|---|---|---|---|
| १ | राजश्व प्रक्षेपण | ८८४५७९२३३ | ९७११८९६०२ | १०६८३०८५६२ | २९२४०७७३९७ |
| २ | खर्च अनुमार | ८६१२६०००० | ९३५९६०००० | १४५३७६०००० | ३२५०९८०००० |
| ३ | अपुग रकम | २३३१९२३३ | ३५२२९६०२ | -३८५४५१४३८ | -३२६९०२६०३ |
| ४ | अपुग रकम प्रतिशत | **२.७१** | **३.७६** | **-२६.५१** | **-१०.०६** |

*स्रोत : माथिको तालिका २.४ र २.५*

## २.८ परिमाणात्मक लक्ष्य

कुश्मा नगरपालिकाको यस आवधिक विकास योजनाको आर्थिक, सामाजिक र भौतिक विकासको परिमाणात्मक लक्ष्यहरू तलको तालिकामा प्रस्तुत गरिएको छ । यसमा कुश्मा नगरपालिकाको अतिरिक्त संघ र गण्डकी प्रदेश सरकारले तय गरेका सूचकहरु, तिनका आधार तथ्याँक र तिनीहरुले राखेका लक्ष्यलाई समावेश गरिएको छ ।

**तालिका २.७ : योजनाको परिमाणात्मक लक्ष्य**

| क्र.स. | सूचक | आ.व. २०७६/७७ को स्थिति | | | योजनाको लक्ष्य आ.व. २०८०/८१ | | |
|---|---|---|---|---|---|---|---|
| | | संघ | गण्डकी प्रदेश | कुनपा | संघ | गण्डकी प्रदेश | कुनपा |
| १ | निरपेक्ष गरिबीको रेखामुनीको जनसंख्या (प्रतिशत) | १८.७ | १४.९१ | | ११ | ७.४ | |
| २ | बहुआयामिक गरिबीमा रहेको जनसंख्या | २८.६ | १४.२ | | १३ | ७.३ | |
| ३ | प्रतिदिन १.९ डलर (PPP) आम्दानीका आधारमा गरिबी | १४.९९ | ११.१ | | १४.९९ | १० | |
| ४ | प्रतिव्यक्ति आय अमेरिकी डलर | १०४७ | १०४३ | | १५९५ | १९५६ | |
| ५ | अपेक्षित आयु (जन्मेको समयमा) | ६९.७ | ७१.४ | ७२ | ७२ | ७७ | ७८ |
| ६ | मातृ मृत्युदर (प्रतिलाख जीवित जन्ममा) | २३९ | २३९ | ० | ९९ | | ० |
| ७ | ५ बर्षमुनिको बाल मृत्युदर (प्रति हजार जीवित जन्ममा) | ३९ | २७ | ० | २४ | २२ | ० |
| ८ | शिशु मृत्युदर प्रतिहजार जिवित जन्ममा | ३२ | २३ | ० | १७ | १७ | ० |
| ९ | साक्षरता दर (१५ बर्ष माथिको) | ५८ | ६७ | ९८ | ९० | ९५ | ९९ |
| १० | युवा साक्षरता दर (१५ देखि २४ बर्ष) प्रतिशत | ९२ | ९५ | ९८.५ | ९९ | ९९ | ९९ |
| ११ | आधारभूत तह (१ देखि ८) कक्षासम्मको खुद भर्ना दर प्रतिशत | ९३.० | ९४.८ | ९३ | ९९.० | ९९.० | ९९ |
| १२ | आधारभुत तहमा विद्यालय जाने उमेरका विद्यालय बाहिर रहेका विद्यार्थी प्रतिशत | २२.९ | ९.६ | २ | ५ | १ | १ |
| १३ | माध्यमिक तह (९ देखि १२ कक्षासम्मको खुद भर्ना दर) प्रतिशत *(स्रोत: राष्ट्रिय योजना आयोग)* | ४६.० | ४४.७ | ६० | ६५.० | ६०.० | ६५ |
| १४ | उच्च शिक्षामा कुल भर्ना दर (प्रतिशत) | १२ | ८.३ | १४ | २२ | २१ | २५ |
| १५ | काम गर्ने उमेर समुहका प्राविधिक र व्यवसायिक क्षेत्रमा तालिम प्राप्त जनसंख्या (प्रतिशत) | ३१ | | | ५० | | |
| १६ | बेरोजगारी दर (प्रतिशत) प्रदेश योजना | ११.४ | ९ | | ६ | ४ | |
| १७ | विद्युत सेवामा पहुँच पुगेको जनसंख्या (प्रतिशत) | ८८.० | ८२.५ | | १०० | १०० | |
| १८ | आधारभूत खानेपानी सुविधा पुगेको जनसंख्या (प्रतिशत) | ८९ | ९१.१ | | ९९ | १०० | |
| १९ | उच्च मध्ययमस्तरको खानेपानी सुविधा पुगेको जनसंख्या (प्रतिशत) | २१ | २० | | ४० | ५० | |
| २० | इन्टरनेट प्रयोगकर्ता प्रतिशत | ५५.४ | ४८.० | | ८० | ८० | |
| २१ | ५ बर्ष मुनिका कम तौल भएका बालबालिका ( प्रतिशत) (स्रोत: प्रदेश योजना) | २७ | १४.९ | १५ | १५ | ८.० | ७ |
| २२ | ५ वर्ष मुनिका बालबालिकामा दुब्लोपना प्रतिशत ( स्रोत: प्रदेश योजना) | ९.७ | ५.९ | ६ | ५ | १ | ४ |

| क्र.स. | सूचक | आ.व. २०७६/७७ को स्थिति | | | योजनाको लक्ष्य आ.व. २०८०/८१ | | |
|---|---|---|---|---|---|---|---|
| | | संघ | गण्डकी प्रदेश | कुनपा | संघ | गण्डकी प्रदेश | कुनपा |
| २३ | ५ वर्ष मुनिका बालबालिकामा पुड्को पना प्रतिशत (स्रोतः प्रदेश योजना) | ३५.८ | २८.९ | २९ | १८ | १७.३ | २० |
| २४ | मानव विकास सूचकाङ्क (स्रोतः प्रदेश योजना) | ०.५७९ | ०.५९ | | ०.६२४ | ०.६५ | |
| २५ | भवन आचारसंहिताको मापदण्डअनुसार निर्मित आवासमा बसोवास गर्ने जनसंख्या (प्रतिशत) | ३७.८ | २६.२ | | ६० | ३७ | |
| २६ | सुधारिएको सरसफाई प्राप्त गर्ने घरपरिवार प्रतिशत | ६४.६ | ७३.६ | | ९० | ८५ | |
| २७ | ५ बर्ष मुनिका बालबालिकाको जन्म दर्ता ( प्रतिशत) | ५६ | | | १०० | | |
| २८ | कुल वार्षिक बजेटमा आन्तरिक राजस्वको योगदान (प्रतिशतमा) | | | ६.०९ | | | १० |
| २९ | वार्षिक विनियोजन मध्ये कुल खर्चको प्रतिशत | | | ८३.३४ | | | ९५ |

*स्रोत : राष्ट्रिय योजना आयोग, पन्ध्रौं योजना, नेपाल सरकार, २०७७ ;गण्डकी प्रदेश, प्रथम पञ्च वर्षीय योजना, २०७७*

# परिच्छेद तीन : आर्थिक विकास

## ३.१ कृषि विकास

### ३.१.१ पृष्ठभूमि

नगरपालिकाको पार्श्वचित्र, २०७५ अनुसार यस नगरपालिका क्षेत्रमा उत्पादन हुने अन्नबालीहरू मध्ये धान करिब ४० प्रतिशत, मकै ३६ प्रतिशत, कोदो १४ प्रतिशत र गहुँ १० प्रतिशत रहको छ । त्यसैगरी तेलहन बाली जस्तै : तोरी, सस्र्युँ र सूर्यमुखीको पनि यस पालिकामा उत्पादनको सम्भावना रहेको छ । दलहन बालीहरूमा मास, बोडी, सिमी, मुसुरो मुख्य रुपमा रहेका छन् । तरकारी बालीमा आलु, काउली, भण्टा, बन्दा, गोलभेडा, रामतोरिया, साग आदि रहेका छन् । त्यसैगरी अदुवा, बेसार, लसुन, प्याज, खुर्सानी जस्ता मसला पनि यहाँ उत्पादन हुने गर्दछ । यसैगरी यस नगरपालिका क्षेत्रमा लप्सी, कफि, कागती, अलैंची, च्याउ तथा मौरीपालनको सम्भावाना रहेको छ र त्यसको अभ्यास पनि हुँदै आएको छ । फलफूल खेतीमा केरा, सुन्तला जात, किवी, अम्बा र भुईकटहरहरू रहेका छन् । यस नगरपालिकामा कृषि तथा पशु व्यवसाय गर्ने घरपरिवार संख्या करिब करिब ५१ प्रतिशत रहेको छ । नगरपालिकामा दर्ता भएका कृषि तथा पशुपंक्षीफर्महरु करिव ३०० वटा रहेका छन् ।

पर्वत जिल्लाकै सबैभन्दा ठूलो बजार केन्द्र कुश्मा बजार हो । यस बाहेक यस नगरपालिकामा ठूलीपोखरी, मालढुङ्गा, बगैंचा, सरुनचौर, साईकल चोक, वितलव, खौला र डाडाँखर्कहरू मुख्य बजार क्षेत्रका रुपमा परिचित छन् । यी लगायत कुश्मा नगरपालिका भित्र १८ वटा बजार केन्द्रहरू रहेका छन् । यी बजार केन्द्रहरूमा मुख्यतः बैंकिङ्ग सुविधा, व्यवसाय, सेवा प्रदायक निकायहरूको उपस्थिति रहेका छन । यसले गर्दा यस क्षेत्रका बासिन्दाहरूलाई आवश्यक पर्ने सेवा सुविधाहरू लिन तथा बस्तु तथा सेवाहरूको खरिद बिक्री गर्न सहज हुने गरेको छ ।

### ३.१.२ प्रमुख समस्या

आवश्यक स्थानमा कृषि उपज संकलन केन्द्र स्थापना नहुनु, अनुगमन संयन्त्र प्रभावकारी नहुनु, कृषि सहकारीहरू प्रभावकारी हुन नसक्नु, जग्गाको खण्डीकरण हुनु, कृषि पेशा सम्मानित र मर्यादित बन्न नसक्नु, जलवायु अनुकुलन बालीनाली लगाउने अभ्यासको कमी, सुरक्षित अन्न भण्डारणको व्यवस्था नहुनु, बालीनालीमा रोग तथा किराहरूको प्रकोप बढ्दै जानु, गुणस्तरीय मल, बिउ, कृषि सामग्री आदिको आवश्यकता र मागअनुसार सही समय, मूल्य र स्थानमा उपलब्ध नहुनु, कृषि प्रसार सेवा, कृषि सूचना, कृषि बीमा, कृषि ऋण जस्ता कार्यक्रम ग्रामीण कृषकहरूसम्म सहजरुपमा नपुग्नु, दिगो किसिमले बजारीकरण गर्न नसक्नु, किसानहरूलाई प्रोत्साहन गर्न न्यूनतम समर्थन मूल्य तोक्ने र किसानलाई क्षतिपूर्ति दिने परिपाटीको विकास नहुनु, किसानको उत्पादनलाई बजारसम्म पुर्‍याउनका लागि ढुवानी अनुदानको व्यवस्था नहुनु, कृषकहरूलाई आवश्कता अनुसार अनुदान उपलब्ध नहुनु जस्ता समस्याहरू कृषि विकास क्षेत्रमा रहेका छन् । कृषकहरुको मागको तुलनामा ज्यादै कम बजेटको व्यवस्था हुनु पनि यस क्षेत्रको एउटा प्रमुख समस्याको रुपमा रहेको छ ।

### ३.१.३ चुनौती र अवसर

**(क) चुनौती**

युवा जनशक्तिलाई कृषि क्षेत्रमा आकर्षण गर्नु, जग्गाको खण्डीकरण रोक्नु, किटनाशक बिषादि, मल, उन्नत विउविजन तथा कृषि सामग्रीहरू समयमा कृषकलाई उपलब्ध गराउनु, कृषि पेशालाई प्रतिस्पर्धी बनाउनु, जलवायु परिवर्तन अनुकूलन हुने गरी कृषि प्रणालीको विकास गर्नु, कृषि उत्पादनको बजार सुनिश्चित गर्नु, कृषकलाई न्यूनतम अनुदानको व्यवस्था गर्नु, कृषक सहकारी संस्थाहरूको पूँजी, सिप, ज्ञान र प्रविधिको परिचालन गर्नु, कृषि प्रसार सेवामा कृषकको पहुँच सुनिश्चित गर्नु जस्ता चुनौतीहरू कृषि विकासका क्षेत्रमा रहेका छन् ।

**(ख) अवसर**

कटुवाचौपारी खाद्यन्न बाली उत्पादन पकेट क्षेत्र, शिवालय ताजा तरकारी उत्पादन पकेट क्षेत्र, खुर्कोट तरकारी वीउ पकेट क्षेत्र, खुर्कोट खाद्यन्न बाली बीउ पकेट क्षेत्र, मौरीपालनका लागि पकुवा, पिपलटारी, ठूलीपोखरीलाई पकेट क्षेत्र र दुर्लङलाई आलु र मकै पकेट क्षेत्रका रुपमा पालिकाले पहिचान गरेको छ । यस नगरपालिका अन्तरगत वडा नं. १, २, ४, ९, १० र ११ मा पर्याप्त मात्रामा कृषियोग्य फाँटहरू रहेका छन् जुन जग्गामा चक्लावन्दी गरी धान, मकै, गहुँ जस्ता अन्नवाली लगाउने प्रवल सम्भावना रहेको छ । कु.न.पा. को ९, १०, ११ र १२ केरा खेतीको लागि उपयुक्त छन् भने पाङ, पकुवा र कटुवा चौपारी पर्यटन प्रवर्द्धनलाई समेत सहयोग गर्ने जेठो बुढो चामलको लागि प्रख्यात छ । यहाँ कालिज, टर्की, बट्टाई, स्थानीय कुखुरा फार्म विस्तारित छन् ।

### ३.१.४ दीर्घकालिन सोच, लक्ष्य र उद्देश्य

**सोच** : खाद्यमा आत्मनिर्भर नगर

**लक्ष्य** : कृषिको यान्त्रीकीकरण, औद्योगीकरण, र व्यवसायीकरणको माध्यमबाट उच्च उत्पादन र उत्पादकत्वमा वृद्धि गर्ने ।

**उद्देश्य**

१. कृषिलाई पर्यटन र उद्योगसँग जोड्दै रोजगारीका अवसर सिर्जना गर्नु,
२. कृषिलाई नाफामूलक, दिगो र सम्मानित व्यवसायको रुपमा रुपान्तरण गर्नु,
३. कृषि प्रणालीलाई वातावरणमैत्री बनाउनु ।

### ३.१.५ रणनीति र कार्यनीति

**तालिका ३.१ : रणनीति तथा कार्यनीति**

| रणनीति | कार्यनीति |
|---|---|
| **उद्देश्य १ : कृषिलाई पर्यटन र उद्योगसँग जोड्दै रोजगारीका अवसर सिर्जना गर्नु** | |
| १.१ कृषिलाई पर्यटन र उद्योगसँग जोड्ने नीति तर्जुमा गरी कृषक र पर्यटन व्यवसायीको बीचमा समन्वय र सहकार्य गर्ने | १.१.१ गुणस्तरीय तथा अर्गानिक कृषि उत्पादनलाई पर्यटनसँग जोड्दै दिगो र आकर्षक कृषि पर्यटन प्रवर्द्धन गरिनेछ ।<br>१.१.२ कृषक र होटल तथा पर्यटन व्यवसायीबीच करार सम्झौता गराई कृषि उत्पादनको बजारीकरण गरिनेछ ।<br>१.१.३ कृषिलाई पर्यटनसँग जोड्ने आवश्यक नीति, कानुनी अधार, संयन्त्रको विकास गरिनेछ । |

| रणनीति | कार्यनीति |
| --- | --- |
| | १.१.४ कृषिको उत्पादन वृद्धि तथा बजारीकरणको लागि सहयोग गरिनेछ । |
| **उद्देश्य २ : कृषिलाई नाफामूलक, दिगो र सम्मानित व्यवशायको रुपमा रुपान्तरण गर्नु,** | |
| २.१ तुलनात्मक लाभ हुनसक्ने बाली तथा वस्तुको व्यावसायीकरण गर्ने | २.१.१ तुलनात्मक लाभ हुनसक्ने स्थानीय बाली तथा वस्तुको पहिचान र व्यवसायिक खेती प्रणालीको प्रवर्द्धन गरिनेछ ।<br>२.१.२ निजी तथा सहकारी क्षेत्रको संलग्नतामा सहकारी खेती प्रणालीलाई प्रवर्द्धन गर्ने नीति कार्यान्वयन गरिनेछ ।<br>२.१.३ सहुलियतपूर्ण कृषि ऋण र कृषि बीमालाई तुलनात्मक लाभ हुने बाली बस्तुहरूको लागि प्राथमिकता दिईनेछ । |
| २.२ कृषिको यान्त्रीकीकरण, औद्योगिकीकरण र व्यवसायीकरण गर्ने । | २.२.१ कृषिको लागि आवश्यक उपकरणहरू जस्तै टयाक्टर, पावर टिलर आदिमा अनुदान उपलब्ध गराईनेछ । |
| **उद्देश्य ३ : कृषि प्रणालीलाई वातावरणमैत्री बनाउनु** | |
| ३.१ वातावरणमैत्री कृषि प्रविधिको विकास गर्ने । | ३.१.१ प्राङ्गारिक खेतीका सम्भावित वस्तु र क्षेत्रहरूको पहिचान गरी प्रवर्द्धन गरिनेछ ।<br>३.१.२ घरघरमा प्राङ्गरिक मल उत्पादन तथा उपयोग सम्बन्धी कार्यक्रमलाई प्रवर्द्धन गरिनेछ ।<br>३.१.३ मुख्यमन्त्री वातावरणमैत्री नमुना कृषि गाउँको कार्यक्रम सञ्चालन गरिनेछ । |

### ३.१.६ कार्यक्रमका प्राथमिकता

१ कृषि अनुसन्धान र नयाँ प्रविधिको विकास र प्रयोग ।
२ आलु, कफी, अलैंची, सुन्तलाजात, च्याउ, मौरी, किवी र तरकारी खेतीको प्रवर्द्धन कार्यक्रम ।
३ अर्गानिक खेती प्रवर्द्धन कार्यक्रम ।
४ कृषिलाई पर्यटन तथा उद्योगसँग जोड्ने कार्यक्रम ।
५ कृषि यान्त्रिकीकरण र आधुनिकीकरण कार्यक्रम

## ३.१.७ विस्तृत कार्यक्रम र बजेट

### तालिका ३.२ : कार्यक्रम तथा बजेट (कृषि विकास)

*(रू. हजारमा)*

| क्र.सं. | उद्देश्य नं. | रणनीति नं. | कार्यनीति नं. | संकेत नं. | कार्यक्रम तथा क्रियाकलापहरू | इकाई | आधार वर्ष २०७६/७७ | पहिलो आ.व. २०७८/७९ | | दोश्रो आ.व. २०७९/८० | | तेस्रो आ.व. २०८०/८१ | | योजना अवधिको जम्मा | | जिम्मेवार निकाय |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | लक्ष्य | रकम | लक्ष्य | रकम | लक्ष्य | रकम | लक्ष्य | रकम | |
| १ | १ | १.१ | १.१.१ | क | अर्गानिक खेती प्रवर्धन कार्यक्रम | प्याकेज | | ४ | २०० | ५ | २०० | ५ | २०० | १४ | ६०० | कृषि शाखा |
| २ | | | | क | घरघरमा प्राङ्गरिक मल उत्पादन र प्रयोग गर्न सहयोग एवम सचेतना मूलक कार्यक्रम (१४ वटै वडामा) | प्याकेज | | ४ | २०० | ५ | २०० | ५ | २०० | १४ | ६०० | कृषि शाखा |
| ३ | | | | क | उच्च उत्पादन दिने विउ वितरण (१४ वटै वडामा) | प्याकेज | | | २०० | | २०० | | २०० | | ६०० | कृषि शाखा |
| ४ | | | | क | टनेल खेतीलाई अनुदान (प्रति टनेल रु. ५ हजार) | संख्या | | ३३ | ५०० | ३३ | ५०० | ३४ | ५०० | १०० | १५०० | कृषि शाखा |
| ५ | | | | कख | कृषक वर्गिकरण र परिचयपत्र वितरण | वडा संख्या | | ४ | ४०० | ५ | ४०० | ५ | ४०० | १४ | १२०० | कृषि शाखा |
| ६ | | | | कख | नमूना कृषि फार्मको अवधारणामा सुधार गरी विस्तार गर्ने | संख्या | | | ५०० | | ६०० | | ६०० | | १७०० | कृषि शाखा |
| ७ | | | १.१.२ | कख | कृषि सम्वन्धी तथ्यांक अद्यावधिक गर्ने | संख्या | | १ | ५०० | | ० | | ० | १ | ५०० | कृषि शाखा |
| ८ | | | १.१.३ | क | कृषि योग्य भूमि चक्लावन्दी नीति तर्जुमा र कार्यान्वयन | प्याकेज | | १ | २०० | १ | २०० | १ | २०० | ३ | ६०० | कृषि शाखा |
| ९ | | | | कख | प्रदेश सरकारसँगको सहकार्यमा वडा नं. १ पाङ्ग, वडा नं. ४ को अर्मादी फाँट, वडा नं. | संख्या | | १ | १०००० | १ | १०००० | २ | १०००० | ४ | ३०००० | कृषि शाखा |

| क्र.सं. | उद्देश्य नं. | रणनीति नं. | कार्यनीति नं. | संकेत नं. | कार्यक्रम तथा क्रियाकलापहरू | इकाई | आधार वर्ष २०७६/७७ | पहिलो आ.व. २०७८/७९ | | दोश्रो आ.व. २०७९/८० | | तेस्रो आ.व. २०८०/८१ | | योजना अवधिको जम्मा | | जिम्मेवार निकाय |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | लक्ष्य | रकम | लक्ष्य | रकम | लक्ष्य | रकम | लक्ष्य | रकम | |
| | | | | | ९ को कटुवा चौपारी फाँट र वडा नं. ११ मा रहेको पकुवा फाँटमा रहेका कृषि योग्य जमिनहरूको चक्लावन्दी गर्ने | | | | | | | | | | | |
| १० | | | | क | आवश्यक किटनाशक विषादी, उन्नत विउ विजन वितरण | रकम | | | ५०० | | ५०० | | ५०० | एकमुष्ट | १५०० | कृषि शाखा |
| ११ | | | | कखग | कोल्ड रुम तथा कोल्ड स्टोर स्थापना र सञ्चालन | संख्या | | १ | ३००० | | २००० | | २००० | १ | ७००० | कृषि शाखा |
| १२ | | | | क | प्रयोगशाला सेवा सञ्चालन | निरन्तर | | ४ | २०० | ४ | २०० | ६ | २०० | १४ | ६०० | कृषि शाखा |
| १३ | | | | क | कृषि उत्पादनमा आधारित उद्योगको स्थापना गर्न निजी क्षेत्रलाई सहयोग तथा प्रोत्साहन गर्ने | सख्या | | १ | ५०० | १ | ५०० | १ | ५०० | ३ | १५०० | कृषि शाखा |
| १४ | | | | क | कार्यक्रम अनुगमन तथा मूल्यांकन गर्ने | प्याकेज | | ४ | २०० | ४ | २०० | ४ | २०० | १२ | ६०० | कृषि शाखा |
| १५ | २ | २.१ | २.१.१ | क | तुलनात्मक लाभ हुने अन्नवाली तथा तरकारी वालीको अध्ययन अनुसन्धान गर्ने | वटा | | १ | २०० | | २०० | | २०० | १ | ६०० | कृषि शाखा |
| १६ | | | | क | वडास्तरमा टोल सुधार समिति गठन गर्ने | संख्या | | ४ | १५० | ४ | १०० | ६ | १५० | १४ | ४०० | कृषि शाखा |
| १७ | | | २.१.२ | क | वडास्तरीय कृषक सहकारी निर्माण र क्षमता विकास | संख्या | | ४ | १०० | ४ | १०० | ६ | १०० | १४ | ३०० | कृषि शाखा |

| क्र.सं. | उद्देश्य नं. | रणनीति नं. | कार्यनीति नं. | संकेत नं. | कार्यक्रम तथा क्रियाकलापहरू | इकाई | आधार वर्ष २०७६/७७ | पहिलो आ.व. २०७८/७९ | | दोश्रो आ.व. २०७९/८० | | तेस्रो आ.व. २०८०/८१ | | योजना अवधिको जम्मा | | जिम्मेवार निकाय |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | लक्ष्य | रकम | लक्ष्य | रकम | लक्ष्य | रकम | लक्ष्य | रकम | |
| | | | | | कार्यक्रम सञ्चालन गर्ने | | | | | | | | | | | |
| १८ | | | | कख | वडा स्तरमा कृषि संकलन केन्द्र निर्माण गर्ने (हाल वडा नं. २,४,५,६,७ र १० मा रहेको) | संख्या | | ३ | १५०० | ३ | २००० | ३ | २५०० | ९ | ६००० | कृषि शाखा |
| १९ | | | २.१.३ | कख | कृषि वीमा कार्यक्रम सञ्चालन | प्याकेज | | १ | २०० | १ | २०० | १ | २०० | ३ | ६०० | कृषि शाखा |
| २० | | | २.१.४ | क | नगरस्तरीय कृषी बजार अनुगमन समिति गठन गरी नियमन कार्य गर्ने | संख्या | | ४ | १०० | ४ | १०० | ४ | १०० | १२ | ३०० | कृषि शाखा |
| २१ | | | | क | कृषकको कृषि उपजको बजारसम्म ल्याउन ढुवानी अनुदान दिने (प्रति दिन २००० केजी उत्पादन * २०० दिन * प्रति केजी रु. २ अनुदान) | केजी. | | | ८०० | | ८०० | | ८०० | ४ लाख | २४०० | कृषि शाखा |
| २२ | | | | कखग | कृषी उपजको न्यूनतम समर्थन मूल्य (रु. २०) तोक्ने (प्रति केजी रु. ५ का दरले अनुदान दिने) दैनिक २००० केजी तरकारी उत्पादन हुने गरी बार्षिक २०० दिनको हिसावले) | केजी. | | | २००० | | २००० | | २००० | ४ लाख | ६००० | कृषि शाखा |
| २३ | | | | क | कृषी उपजको न्यूनतम समर्थन मूल्य सम्बन्धी व्यवस्था | एकमुष्ट | | | १०० | | ० | | ० | | १०० | कृषि शाखा |

| क्र.सं. | उद्देश्य नं. | रणनीति नं. | कार्यनीति नं. | संकेत नं. | कार्यक्रम तथा क्रियाकलापहरू | इकाई | आधार वर्ष २०७६/७७ | पहिलो आ.व. २०७८/७९ | | दोश्रो आ.व. २०७९/८० | | तेस्रो आ.व. २०८०/८१ | | योजना अवधिको जम्मा | | जिम्मेवार निकाय |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | लक्ष्य | रकम | लक्ष्य | रकम | लक्ष्य | रकम | लक्ष्य | रकम | |
| | | | | | सञ्चालन कार्यविधी तर्जुमा र कार्यान्वयन | | | | | | | | | | | |
| २४ | | | | कख | कृषकहरूलाई कृषि सम्बन्धी यन्त्र तथा उपकरण सहयोग कार्यक्रम | एकमुष्ट | | | ५०० | | ६०० | | ७०० | | १८०० | कृषि शाखा |
| २५ | ३ | ३.१ | ३.१.१ | क | प्रारङ्गीक खेती प्रवर्धन कार्यक्रम | वटा | | ९ | ४०० | ९ | ४०० | १० | ४०० | २८ | १२०० | कृषि शाखा |
| २६ | | | ३.१.२ | | प्राङ्गरिक मल उत्पादन सम्बन्धी सहयोग कार्यक्रम | प्याकेज | | | २०० | | २५० | | ३०० | | ७५० | कृषि शाखा |
| २७ | | | | कख | लप्सी खेती प्रवर्धन कार्यक्रम | प्याकेज | | | १००० | | १२०० | | १५०० | | ३७०० | कृषि शाखा |
| २८ | | | ३.१.३ | क | वातावरणमैत्री कृषि बाली र प्रविधिको सम्भाव्यता अध्ययन | संख्या | | | २०० | | ० | | ० | १ | २०० | कृषि शाखा |
| २९ | | | | क | प्रत्येक वडामा नर्सरी स्थापना गर्न सहयोग गर्ने | संख्या | | ४ | २५० | ४ | ३०० | ६ | ३५० | १४ | ९०० | कृषि शाखा |
| | | | | | **जम्मा** | | | | **२४८००** | | **२३९५०** | | **२५०००** | | **७३७५०** | |

### ३.१.८ नतिजा खाका

**तालिका ३.३ : नतिजा खाका (कृषि विकास)**

| नतिजाको स्तर | नतिजा | सूचक | ईकाइ | आधार बर्ष २०७६/७७ | उपलब्धी | | | योजना अवधिको कुल उपलब्धी | पुष्ट्याईको आधार | जिम्मेवार निकाय | जोखिम तथा अनुमान | स्थाससं | प्रससं संकेत | दीराल संकेत | दीविल संकेत | कृविरसं |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | आ.व. २०७८/७९ | आ.व. २०७९/८० | आ.व. २०८०/८१ | | | | | | | | | |
| प्रभाव | कृषि क्षेत्रको उत्पादन उत्पादनकत्व वृद्धि भएको हुने । | कृषिजन्य वस्तुको आयतमा भएको कमी | प्रतिशत | | ४० | ५० | ६० | ५० | वार्षिक प्रतिवेदन | कृषि शाखा | | २ | २ | ४ | २ | ४ |
| | | कृषिमा आधारित उद्योग | संख्या | | ५ | ६ | ७ | १८ | वार्षिक प्रतिवेदन | कृषि शाखा | | २ | २ | ४ | २ | ४ |
| | | कृषिमा आधारित स्वरोजगारी | संख्या | | १० | १० | १० | ३० | वार्षिक प्रतिवेदन | कृषि शाखा | | २ | २ | ४ | २ | ३ |
| | | कृषि भूमिमा यान्त्रीकीकरणको कभरेज | प्रतिशत | | १० | २० | ३० | २० | वार्षिक प्रतिवेदन | कृषि शाखा | | २ | २ | ४ | २ | ४ |
| असर १ | कृषिलाई पर्यटन र उद्योगसँग जोड्ने नीति तर्जुमा भई कृषक र पर्यटन व्यावसायीको वीचमा समन्वय र सहकार्यमा उच्च उत्पादन र उत्पादकत्व हासिल भएको हुने । | मुख्य खाद्यन्न बाली (धान, मकै गहुँ, कोदो, जौ) आदिको उत्पादकत्व मे.टन/हेक्टर | वार्षिक बृद्धि प्रतिशत | | १० | १५ | २० | २० | वार्षिक प्रतिवेदन | कृषि शाखा | | २ | २ | ४ | २ | २ |
| | | तेलहन बालीको उत्पादकत्व | वार्षिक बृद्धि प्रतिशत | | ५ | ७ | १० | ८ | वार्षिक प्रतिवेदन | कृषि शाखा | | २ | २ | ४ | २ | २ |
| | | प्रति व्यक्ति खाद्यान्न उत्पादन | के.जी. | | | | | | वार्षिक प्रतिवेदन | कृषि शाखा | | २ | २ | ४ | २ | २ |
| | | तरकारीको उत्पादन | मे.टन/हेक्टर | | | | | | वार्षिक प्रतिवेदन | कृषि शाखा | | २ | २ | ४ | २ | २ |
| | | फलफूल उत्पादन | मे.टन/हेक्टर | | | | | | वार्षिक प्रतिवेदन | कृषि शाखा | | २ | २ | ४ | २ | २ |
| | | कृषि सम्बन्धी यन्त्र तथा उपकरण सहयोग | संख्या | | १० | १० | १० | ३० | वार्षिक प्रतिवेदन | कृषि शाखा | | २ | २ | ४ | २ | २ |

| नतिजाको स्तर | नतिजा | सूचक | ईकाइ | आधार बर्ष २०७६/७७ | उपलब्धी | | | योजना अवधिको कुल उपलब्धी | पुष्ट्याईको आधार | जिम्मेवार निकाय | जोखिम तथा अनुमान | स्थासं | प्रसं संकेत | दीराल संकेत | दीविल संकेत | कृविसं |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | आ.व. २०७८/७९ | आ.व. २०७९/८० | आ.व. २०८०/८१ | | | | | | | | | |
| प्रतिफल १.१ | कृषि व्यवशायमुलक र बढि उत्पादनमुलक भएको हुने। | चक्लावन्दी भएको कृषि भूमिको क्षेत्रफल | हेक्टर | | | | | | वार्षिक प्रतिवेदन | कृषि शाखा | | २ | २ | ४ | २ | २ |
| | | व्यवसायिक करार खेती कार्यक्रम सञ्चालन भएको जग्गाको क्षेत्रफल | हेक्टर | | | | | | वार्षिक प्रतिवेदन | कृषि शाखा | | २ | २ | ४ | २ | २ |
| | | कुल कृषि भूमि मध्ये बाली लगाइएको भूमि | प्रतिशत | | | | | | वार्षिक प्रतिवेदन | कृषि शाखा | | २ | २ | ४ | २ | २ |
| | | अर्गानिक खेती भएको क्षेत्रफल | प्रतिशत | | १० | २० | ३० | ६० | वार्षिक प्रतिवेदन | कृषि शाखा | | २ | २ | ४ | २ | २ |
| | | प्राङ्गरिक मल प्रयोग भएको जमिनको क्षेत्रफल | प्रतिशत | | ५ | ५ | ५ | १५ | वार्षिक प्रतिवेदन | कृषि शाखा | | २ | २ | ४ | २ | २ |
| | | उच्च उत्पादन दिने विउ वितरण | प्याकेज | | ५ | ५ | ५ | १५ | वार्षिक प्रतिवेदन | कृषि शाखा | | २ | २ | ४ | २ | २ |
| प्रतिफल १.२ | कृषि नीतिहरु किसान लक्षित भएको हुने। | कृषक वर्गीकरण र परिचयपत्र वितरण गरिएका वडाहरू | संख्या | | ५ | ५ | ४ | १४ | वार्षिक प्रतिवेदन | कृषि शाखा | | २ | २ | ४ | २ | १ |
| | | अनुदान प्रदान गरिएका उत्पादनका क्षेत्रहरू | संख्या | | २ | ४ | ५ | ११ | वार्षिक प्रतिवेदन | कृषि शाखा | | २ | २ | ४ | २ | २ |
| प्रतिफल १.३ | विशिष्टकृत कृषि उत्पादन क्षेत्र (पकेट, ब्लक, जोन र सुपरजोन) र नमूना फार्म | स्थापना तथा विस्तार गरिएका नमुना कृषि फार्म | संख्या | | ५ | ६ | ७ | १८ | वार्षिक प्रतिवेदन | कृषि शाखा | | २ | २ | ४ | २ | २ |
| | | फलफूल पकेट क्षेत्र | संख्या | | २ | २ | १ | ५ | वार्षिक प्रतिवेदन | कृषि शाखा | | २ | २ | ४ | २ | २ |

| नतिजाको स्तर | नतिजा | सूचक | ईकाइ | आधार बर्ष २०७६/७७ | उपलब्धी | | | योजना अवधिको कुल उपलब्धी | प्रगतिको आधार | जिम्मेवार निकाय | जोखिम तथा अनुमान | स्थाससं | प्रससं संकेत | दीराल संकेत | दीविल संकेत | कृविरसं |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | आ.व. २०७८/७९ | आ.व. २०७९/८० | आ.व. २०८०/८१ | | | | | | | | | |
| | विकास भएको हुने । | अन्नवाली पकेट क्षेत्र | संख्या | | २ | २ | १ | ५ | वार्षिक प्रतिवेदन | कृषि शाखा | | २ | २ | ४ | २ | २ |
| | | संचालनमा रहेका नर्सरीहरू | संख्या | | २ | १ | २ | ५ | वार्षिक प्रतिवेदन | कृषि शाखा | | २ | २ | ४ | २ | २ |
| प्रतिफल १.४ | कृषि तथ्याङ्क प्रणाली व्यवस्थित भएको हुने | कृषि सम्बन्धी GIS सहितको तथ्याङ्क | | | १ | १ | १ | १ | वार्षिक प्रतिवेदन | कृषि शाखा | | २ | २ | ४ | २ | १ |
| प्रतिफल १.५ | कृषकमैत्री नीति, ऐन र नियम निर्माण भएको हुने । | कृषकमैत्री नीति, ऐन र नियम निर्देशिका तथा कार्यविधिहरु | संख्या | | आवश्यकता अनुसार | आवश्यकता अनुसार | आवश्यकता अनुसार | आवश्यकता अनुसार | वार्षिक प्रतिवेदन | कृषि शाखा | | २ | २ | ४ | २ | १ |
| प्रतिफल १.६ | लगानी सुनिश्चित र जोखिम न्यूनीकरण भएको हुने । | कृषि बीमाबाट लाभान्वित कृषकहरु | प्रतिशत | | १० | २० | ४० | ४० | वार्षिक प्रतिवेदन | कृषि शाखा | | २ | २ | ४ | २ | १ |
| प्रतिफल १.७ | सिचाई सुविधा विस्तार भएको हुने | सिंचाई सुविधा भएको थप क्षेत्रफल | हेक्टर | | २०० | २०० | २०० | ६०० | वार्षिक प्रतिवेदन | कृषि शाखा | | २ | ५ | ४ | २ | २ |
| असर २ | कृषि नाफामूलक, गुणस्तरीय, दिगो एवं व्यवसायिक पेशाको रुपमा रुपान्तरण भएको हुन् | व्यवसायिक कृषिमा थपिएका कृषकहरू | संख्या प्रति वर्ष | | ७० | ७५ | ७५ | २२५ | वार्षिक प्रतिवेदन | कृषि शाखा | | २ | ५ | ४ | २ | २ |
| प्रतिफल २.१ | कृषिको प्रति इकाई लागत कम भएको हुने | प्रति इकाई लागतमा आएको कमी | प्रतिशत | | १० | १५ | २० | २० | वार्षिक प्रतिवेदन | कृषि शाखा | | २ | ५ | ४ | २ | २ |

| नतिजाको स्तर | नतिजा | सूचक | ईकाइ | आधार बर्ष २०७६/७७ | उपलब्धी | | | योजना अवधिको कुल उपलब्धी | पुष्टयाईको आधार | जिम्मेवार निकाय | जोखिम तथा अनुमान | स्थासं | प्रसं संकेत | दीराल संकेत | दीविल संकेत | कृविसं |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | आ.व. २०७८/७९ | आ.व. २०७९/८० | आ.व. २०८०/८१ | | | | | | | | | |
| असर ३ | कृषि प्रणाली, वातावरणमैत्री भएको हुने | वातावरणमैत्री कृषि अभ्यास गरिएको क्षेत्रफल | प्रतिशत | | १० | १५ | १५ | १५ | वार्षिक प्रतिवेदन | कृषि शाखा | | २ | ५ | ४ | २ | २ |
| प्रतिफल ३.१ | वातावरणमैत्री कृषि सम्बन्धी ज्ञानमा वृद्धि भएको हुने | वातावरणमैत्री कृषिको अभ्यास गर्ने कृषकहरू | प्रतिशत | | १० | २० | ३० | ३० | वार्षिक प्रतिवेदन | कृषि शाखा | | २ | ५ | ४ | २ | २ |
| प्रतिफल ३.२ | वातावरणमैत्री कृषि सामग्रीहरू उपलब्ध भएको हुने | वातावरणमैत्री कृषि उपकरणहरूको प्रतिशत | प्रतिशत | | १० | १० | १० | १० | वार्षिक प्रतिवेदन | कृषि शाखा | | २ | ५ | ४ | २ | २ |

## ३.२ पशुपंक्षी तथा मत्स्य विकास

### ३.२.१ पृष्ठभूमि

नगरपालिकाको प्रोफाईल अनुसार यस नगरपालिका क्षेत्रमा उन्नत जातका गाई, भैंसी तथा स्थानीय जातका गाईगोरु, भैंसी, बाखा, भेडा, सुँगुर, बंगुर, विभिन्न किसिमका पंक्षीहरू (बट्टाई, कालिज), कुखुरा, हाँस आदिको प्रवल सम्भावना रहेको छ । नगरपालिकाका सबै वडाहरूलाई खास खास किसिमका पशुपंक्षीको पकेट क्षेत्र घोषणा गरी सोही अनुसार किसानहरूलाई आवश्यक पर्ने प्राविधिक सहयोग र बजारको सुनिश्चितता गर्न सकेमा पशुपंक्षीका क्षेत्रमा कुश्मा नगरपालिका आत्मनिर्भर भै निर्यातका क्षेत्रमा समेत योगदान गर्न सकिने सम्भावनाहरू रहेको छ ।

### ३.२.२ प्रमुख समस्या

वास्तविक किसान नभई अनुदान लिने हिसाबले मानिसहरू नगरपालिकाको सम्पर्कमा आउने गरेको, पालिकास्तरमा जम्मा तीनवटा मात्रै सेवा केन्द्र र कम प्राविधिक कर्मचारीहरू भएको कारण किसानहरूलाई माग अनुसार सेवा उपलब्ध गराउन नसकिएको, पशुपालन पेशालाई सम्मानित पेशा र लगानीमैत्री बनाउन नसक्नु, स्थानीय पशुपंक्षीको उत्पादकत्व कम हुनु, बजारीकरणमा बिचौलियाहरूको हावी हुनु, पशु विकास सेवाका लागि पर्याप्तमात्रमा बजेटको उपलब्धता हुन नसक्नु जस्ता समस्याहरू पशुपंक्षी तथा मत्स्य विकास क्षेत्रमा भएका समस्या हुन् ।

### ३.२.३ चुनौती र अवसर

**(क) चुनौती**

उत्पादनलाई बजारसँग जोडनु, किसानहरूको पेशाप्रति निरन्तरता दिन प्रभावकारी रुपमा आवश्यक प्रोत्साहन र सहयोगका कार्यक्रमहरू सञ्चालन गर्नु, पशपंक्षी विकासलाई राजनीति भन्दा माथि राखेर नीतिगत निर्णय गरी कार्यान्वयन गर्नु, उत्पादन र उत्पादकत्व वृद्धि गर्नु पशुपंक्षी विकासका क्षेत्रमा रहेका चुनौतीहरू हुन् । यस नगरपालिका भित्रका आर्थर, खौला र अन्य वडाका पनि केहि क्षेत्रहरु विकट अवस्थामा रहेका छन् र तिनमा सेवा पुऱ्याउनु पनि एउटा ठूलो चुनौतीको रुपमा रहेका छन् ।

**(ख) अवसर**

पशुपंक्षीको विकासको प्रवल सम्भावनाहरू यस पालिकामा रहेको छ । यस नगरपालिका अन्तरगत वडा नं. १ र २ मा भैंसी व्यवसायको प्रवल सम्भावना रहेको र यी वडाहरूलाई भैंसी पकेट क्षेत्रका रुपमा विकास भएको छ । वडा नं ३ मा निर्वाहमुखी र व्यवसायिक रुपमा बाखापालन गर्न सकिने प्रवल सम्भावना रहेको छ । त्यसैगरी वडा नं. ४, ५ र ६ बजार क्षेत्र भएतापनि यी वडाहरूमा वट्टाई पालन, कोइलर, ब्रोइलर कुखुरापालन जस्ता व्यवसाय गर्न सकिने अवस्था भएको र व्यवसाय पनि संचालनमा रहेको छ । त्यसैगरी वडा नं. ७, ८ र ९ मा गाई व्यवसायको सम्भावना रहेको र यी क्षेत्रहरु गाई पकेट क्षेत्रको रुपमा विकास भएको छ र थप विस्तार हुने सम्भावना रहेको छ । यसरीनै ११, १२, १३ र १४ वडाहरू बाखा पालनको लागि धेरैनै सम्भावना रहेको र यी क्षेत्रहरूलाई बाखा पकेट क्षेत्रका रुपमा विकास गर्न सकिने छ । नगरपालिकाको दोविल्ला, नयाँपुल, पकुवा र अम्बोट क्षेत्रहरूमा माछापालनको पनि प्रवल सम्भावना रहेको छ । वडा नं १, २ र ९ जै घाँस खेतीमा आत्मनिर्भर भएर निकासी गर्न समेत भैरहेको अवस्था छ ।

### ३.२.४ दीर्घकालीन सोच, लक्ष्य र उद्देश्य

**सोच** : कुश्मा नगरको आर्थिक समृद्धिको आधार पशुपंक्षी र मत्स्य क्षेत्रको आधुनिकीकरण

**लक्ष्य** : पशु, पंक्षी र मत्स्य विकासका लागि आधुनिकीकरण, व्यवसायीकरण, विविधीकरण र यान्त्रिकीकरण गरी नगरवासीको आत्मनिर्भरतामा वृद्धि गर्ने ।

**उद्देश्य**

१. पशु, पंक्षी र मत्स्य विकास पकेट क्षेत्र घोषणा गरी उत्पादन र उत्पादकत्व वृद्धि गर्नु ।

२. महिला, युवा तथा अन्य वर्गलाई पशु, पंक्षी र मत्स्य विकासका क्षेत्रमा सम्लग्न हुन प्रोत्साहन गर्नु ।

३. पशुपंक्षी तथा मत्स्यपालन व्यवसायलाई प्रविधियुक्त, व्यवसायिक र प्रतिस्पर्धी बनाउनु ।

### ३.२.५ रणनीति र कार्यनीति

**तालिका ३.४ : रणनीति तथा कार्यनीति**

| रणनीति | कार्यनीति |
|---|---|
| **उद्देश्य १ :. पशु, पंक्षी र मत्स्य विकास पकेट क्षेत्र घोषणा गरी उत्पादन र उत्पादकत्व वृद्धि गर्नु** | |
| १.१ नगरपालिकाका १४ वटै वडाहरूलाई पकेट क्षेत्र घोषणा गर्ने । | १.१.१ पशु, पंक्षी र मत्स्य विकास पकेट सम्बन्धी १४ वटै वडामा संभाव्यता अध्ययन गरिनेछ ।<br>१.१.२ पकेट क्षेत्रको विकासका लागि प्रधानमन्त्री कृषि आधुनिकीकरण र मुख्य मन्त्री वातावरणमैत्री कृषि कार्यक्रमसँग समन्वय गरी व्यवसायिक कृषकलाई अनुदानको व्यवस्था गरिनेछ ।<br>१.१.३ सेवा केन्द्रहरूको क्षमता विकास गरी छिटो भरपर्दो प्राविधिक सेवा उपलब्ध गराइनेछ । |
| **उद्देश्य २ : महिला, युवा तथा अन्य वर्गलाई पशु, पंक्षी र मत्स्य विकासका क्षेत्रमा सम्लग्न हुन प्रोत्साहन गर्नु** | |
| २.१ महिला, युवा तथा अन्य वर्गहरूको प्रतिस्पर्धी उत्पादन गर्ने क्षमताको विकास गर्ने | २.१.१ पशुपालक कृषकमैत्री नीति, नियम, तथा कार्यविधिहरू तयार गरिनेछ ।<br>२.१.२ पशुपालनमा संलग्न महिला तथा युवा कृषकहरूलाई क्षमता विकास सम्बन्धी तालिम र अध्ययन भ्रमण गराईनेछ ।<br>२.१.३ पशु प्रयोगशालाको विकास र विस्तारमा जोड दिईनेछ ।<br>२.१.४ किसानहरूलाई प्रोत्साहन गर्न आवश्यकता अनुसार पुरस्कृत गर्ने कार्य कार्यान्वयन गरिनेछ ।<br>२.१.५ खोर सुधार कार्यक्रमलाई बढी व्यहारिक बनाई किसानमैत्री नीति कार्यान्वयन गरिनेछ ।<br>२.१.६ निजी क्षेत्रलाई पशुदाना उत्पादन गर्ने कारखाना खोल्न प्रोत्साहन गरिनेछ ।<br>२.१.७ पाडापाडी तथा बाच्छाबाच्छी हुर्काउने कार्यक्रम सञ्चालन गरिनेछ । |
| २.२ पर्यटन व्यवसायको समेत विकासमा सहयोग पुग्ने गरी स्थानीय तथा अन्य प्रजातिका पंक्षीहरूको प्रवर्द्धन गर्ने । | २.२.१ एकहजार भन्दा बढी कालिज, टर्की जस्ता प्रजातिका पंक्षीपालकहरूको व्यवसाय प्रवर्द्धनका लागि आवश्यक नीति बनाई आर्थिक तथा प्राविधिक सहयोग कार्यक्रम कार्यान्वयन गरिनेछ ।<br>२.२.२ आफ्नै ह्याचरी सहित एकहजारभन्दा बढी स्थानीय कुखुरा पालक कृषकहरूको व्यवसाय प्रवर्द्धनका लागि आवश्यक नीति बनाई आर्थिक तथा प्राविधक सहयोग कार्यक्रम कार्यान्वयन गरिनेछ । |
| **उद्देश्य ३ : पशुपंक्षी तथा मत्स्यपालन व्यवसायलाई प्रविधियुक्त, व्यवसायिक र प्रतिस्पर्धी बनाउनु ।** | |

| रणनीति | कार्यनीति |
|---|---|
| ३.१ पशुपंक्षीको उत्पादन र उत्पादकत्व वृद्धि गर्न यान्त्रीकीकरणमा जोड दिने । | ३.१.१ पशुपंक्षी तथा मत्स्यपालन व्यवसायलाई प्रविधियुक्त र प्रतिस्पर्धी बनाउनको लागि अध्ययन/अनुसन्धान गरिनेछ ।<br>३.१.२ स्थानीय नश्लका पशुपंक्षीहरूको अनुसन्धानमा आधारित नश्ल सुधार कार्यक्रम कार्यान्वयन गरी उत्पादन र उत्पादकत्व अभिवृद्धि गरिनेछ । |
| ३.२ पशुपंक्षी तथा मत्स्य उत्पादनको बजार संरचना, सूचना प्रणाली र अन्य पूर्वाधारको विकास तथा सुधार गर्ने । | ३.२.१ निजी तथा सहकारी संस्थाको संलग्नता बढाएर पशु तथा मत्स्यपालन व्यवसायलाई प्राथमिकता दिई उत्पादनदेखि बजारीकरणसम्मका कार्यक्रमहरू एकीकृत रूपमा सञ्चालन गरिनेछ ।<br>३.२.२ छाडा तथा अनुत्पादक पशुका हकमा गौशाला स्थापना गर्न सरोकारवाला संघसंस्थासँगको समन्वय तथा सहकार्यमा व्यवस्थापन गरिनेछ । |

## ३.२.६ कार्यक्रमका प्राथमिकता

१ किसानहरूको क्षमता विकास कार्यक्रम,

२ किसानलाई आवश्यकता अनुसारको प्राविधिक सेवा प्रदान,

३ सेवा केन्द्रको सुधार र विस्तार कार्यक्रम,

४ बजारीकरण प्रवर्द्धन कार्यक्रम ।

## ३.२.७ विस्तृत कार्यक्रम र बजेट

### तालिका ३.५ : कार्यक्रम तथा बजेट (पशुपंक्षी तथा मत्स्य विकास)

*(रू. हजारमा)*

| क्र.सं. | उद्देश्य नं. | रणनीति नं. | कार्यनीति नं | संकेत नं. | कार्यक्रम तथा क्रियाकलापहरू | इकाई | आधार वर्ष २०७६/७७ | पहिलो आ.व. २०७८/७९ | | दोश्रो आ.व. २०७९/८० | | तेस्रो आ.व. २०८०/८१ | | योजना अवधिको जम्मा | | जिम्मेवार निकाय |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | लक्ष्य | रकम | लक्ष्य | रकम | लक्ष्य | रकम | लक्ष्य | रकम | |
| १ | १ | १.१ | १.१.१ | क | पशु, पंक्षी र मत्स्य विकास सम्बन्धी वडागत पकेट क्षेत्र सम्बन्धी संभाव्यता अध्ययन | बार्षिक संख्या | | १ | १५० | १ | २०० | १ | २५० | ३ | ६०० | पशु शाखा |
| २ | | | | क | अध्ययन/अनुसन्धान तथा डाटा अद्यावधिक गर्ने कार्यक्रम | बार्षिक संख्या | | १ | २०० | | २३० | | २६५ | १ | ६९५ | पशु शाखा |
| ३ | | | १.१.२ | कख | नश्ल सुधार (कृत्तिम गर्भाधान) कार्यक्रम | बार्षिक संख्या | | १६ | ३०० | १६ | ३४५ | १८ | ३९७ | ५० | १०४२ | पशु शाखा |
| ४ | | | | कख | कम्तिको २५ वटा लोकल कुखुरा पाल्ने १०० जना कृषकलाई अनुदान (प्रति कृषक बार्षिक रु. २ हजारका दरलें) | संख्या | | ३३ | २०० | ३३ | २०० | ३४ | २०० | १०० | ६०० | पशु शाखा |
| ५ | | | | कखग | कम्तिका १० वटा मौरी घार राख्ने बार्षिक २० जना कृषकलाई अनुदान ( प्रति कृषक रु. ५० हजार) | संख्या | | ६ | १००० | ६ | १००० | ८ | १००० | २० | ३००० | पशु शाखा |
| ६ | | | | कखग | कम्तिमा २० वटा माउ बाखा पाल्ने २० जना कृषकलाई अनुदान ( प्रति कृषक रु. ५० हजार) | संख्या | | ६ | १००० | ६ | १००० | ८ | १००० | २० | ३००० | पशु शाखा |
| ७ | | | | कखग | कम्तिमा १० वटा बंगुर पालक २० जना कृषकलाई अनुदान ( | संख्या | | ६ | १००० | ६ | १००० | ८ | १००० | २० | ३००० | पशु शाखा |

| क्र.सं. | उद्देश्य नं. | रणनीति नं. | कार्यनीति नं | संकेत नं. | कार्यक्रम तथा क्रियाकलापहरू | इकाई | आधार वर्ष २०७६/७७ | पहिलो आ.व. २०७८/७९ | | दोश्रो आ.व. २०७९/८० | | तेस्रो आ.व. २०८०/८१ | | योजना अवधिको जम्मा | | जिम्मेवार निकाय |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | लक्ष्य | रकम | लक्ष्य | रकम | लक्ष्य | रकम | लक्ष्य | रकम | |
| | | | | | प्रति कृषक रु. ५० हजार) | | | | | | | | | | | |
| ८ | | | | कखग | स्थानीय कुखुरा तथा अन्य कालिज, टर्की जस्ता अन्य प्रजातिका पंक्षी पालनका लागि प्रोत्साहन कार्यक्रम ( प्रति फार्म रु. ५ लाख अनुदान) | बार्षिक संख्या | | १ | २००० | १ | २३०० | २ | २६४५ | ४ | ६९४५ | पशु शाखा |
| ९ | | | | कख | नगरस्तरीय दुग्ध संकलन केन्द्र स्थापना | वटा | | १ | ५०० | | ५०० | | ० | १ | १००० | पशु शाखा |
| १० | | | | कखग | दुग्ध उत्पादन कृषकलाई प्रति लिटर रु. ३ का दरले अनुदान सहयोग गर्ने (दैनिक ३००० लिटर दुध उत्पादन हुने अनुमान गरी ३०० दिनको) | लिटर | | | २७०० | | २७०० | | २७०० | ९ लाख | ८१०० | पशु शाखा |
| ११ | | | १.१.३ | क | सेवा केन्द्र विस्तार कार्यक्रम | संख्या | | १ | २०० | १ | २३० | १ | २६५ | ३ | ६९५ | पशु शाखा |
| १२ | | | १.१.३ | क | प्राविधिक कर्मचारीहरूको क्षमता विकास कार्यक्रम | बार्षिक संख्या | | १ | २०० | १ | २३० | | २६५ | २ | ६९५ | पशु शाखा |
| १३ | | | | कख | वजार विस्तार तथा सुधार कार्यक्रम | बार्षिक संख्या | | १ | ५०० | १ | ५७५ | | ६६१ | २ | १७३६ | पशु शाखा |
| १४ | | | २.१.१ | क | कृषकमैत्री नीति, नियम, तथा कार्यविधीहरू तयारी तथा कार्यान्वयन | बार्षिक संख्या | | १ | २०० | १ | २५० | १ | ३०० | ३ | ७५० | पशु शाखा |
| १५ | २ | २.१ | २..२ | क | कृषक समुहहरूको क्षमता विकास सम्बन्धी अभिमुखीकरण तथा तालिम कार्यक्रम | बार्षिक संख्या | | १ | २०० | १ | २३० | | २६५ | २ | ६९५ | पशु शाखा |
| १६ | | | २.१.३ | क | गोवर जाँच कार्यक्रम | संख्या | | १६ | ३०० | १६ | ३४५ | १८ | ३९७ | ५० | १०४२ | पशु शाखा |

| क.सं. | उद्देश्य नं. | रणनीति नं. | कार्यनीति नं | संकेत नं. | कार्यक्रम तथा क्रियाकलापहरू | इकाई | आधार वर्ष २०७६/७७ | पहिलो आ.व. २०७८/७९ | | दोश्रो आ.व. २०७९/८० | | तेस्रो आ.व. २०८०/८१ | | योजना अवधिको जम्मा | | जिम्मेवार निकाय |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | लक्ष्य | रकम | लक्ष्य | रकम | लक्ष्य | रकम | लक्ष्य | रकम | |
| १७ | | | | क | प्रयोगशाखा सुधार (उपकरण खरीद समेत) कार्यक्रम | बार्षिक संख्या | | १ | २०० | १ | २३० | १ | २६५ | ३ | ६९५ | पशु शाखा |
| १८ | | | | क | नियमित औषधी वितरण कार्यक्रम | संख्या | | १ | ३०० | १ | ३४५ | १ | ३९७ | ३ | १०४२ | पशु शाखा |
| १९ | | | २.१.४ | कख | उत्कष्ट किसानहरूलाई प्रोत्साहन गर्न कार्यक्रम | बार्षिक संख्या | | १ | ५०० | १ | ५०० | १ | ५०० | ३ | १५०० | पशु शाखा |
| २० | | | २.१.५ | कखग | खोर सुधार कार्यक्रम | संख्या | | ३ | १००० | ३ | ११५० | ४ | १३२३ | १० | ३४७३ | पशु शाखा |
| २१ | | २.२ | २.२.१ | क | टर्की जस्ता प्रजातिका पंक्षीपालक कृषकलाई प्राविधिक सहयोग | प्याकेज | | १ | २०० | १ | २३० | १ | २६५ | ३ | ६९५ | पशु शाखा |
| २२ | | | | क | स्थानीय कुखुरा पालक किसानहरूलाई विद्युत महसुलमा अनुदान | बार्षिक संख्या | | ६ | २०० | ६ | २३० | ८ | २६५ | २० | ६९५ | पशु शाखा |
| २३ | | | | कख | कौशी खेती प्रवर्धन कार्यक्रम | बार्षिक संख्या | | ३३ | ५०० | ३३ | ५७५ | ३४ | ६६१ | १०० | १७३६ | पशु शाखा |
| २४ | ३ | ३.१ | ३.१.१ | कख | पशुपंक्षी तथा मत्स्यपालन व्यवसायलाई प्रविधियुक्त र प्रतिस्पर्धी बनाउने सम्बन्धी अध्ययन/अनुसन्धान | संख्या | | १ | ३०० | | ० | | ० | १ | ३०० | पशु शाखा |
| २५ | | | ३.१.२ | क | नश्ल सुधार कार्यक्रम | संख्या | | | ५०० | | ५०० | | ५०० | | १५०० | पशु शाखा |
| २६ | | ३.२ | ३.२.१ | कख | निजी तथा सहकारी संस्थाको संलग्नतामा पशु तथा मत्स्यपालन व्यवसायको उत्पादनदेखि बजारीकरणसम्मका कार्यक्रमहरू एकीकृत् रूपमा सञ्चालन | प्याकेज | | | ५०० | | ५०० | | ५०० | | १५०० | पशु शाखा |

| क्र.सं. | उद्देश्य नं. | रणनीति नं. | कार्यनीति नं | संकेत नं. | कार्यक्रम तथा क्रियाकलापहरू | इकाई | आधार वर्ष २०७६/७७ | पहिलो आ.व. २०७८/७९ | | दोश्रो आ.व. २०७९/८० | | तेस्रो आ.व. २०८०/८१ | | योजना अवधिको जम्मा | | जिम्मेवार निकाय |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | लक्ष्य | रकम | लक्ष्य | रकम | लक्ष्य | रकम | लक्ष्य | रकम | |
| २७ | | | ३.२.२ | कख | छाडा तथा अनुत्पादक पशुका हकमा गौशाला स्थापना | प्याकेज | | | ५०० | | ५०० | | ० | | १००० | पशु शाखा |
| | | | | | **जम्मा** | | | | **१५३५०** | | **१६०९५** | | **१६२८६** | | **४७७३१** | |

## ३.२.८ नतिजा खाका

### तालिका ३.६ : नतिजा खाका (पशुपंक्षी तथा मत्स्य विकास)

| नतिजाको स्तर | नतिजा | सूचक | ईकाइ | आधार वर्ष २०७६/७७ | उपलब्धी | | | योजना अवधिको कूल उपलब्धी | पुष्ट्याईको आधार | जिम्मेवार निकाय | जोखिम तथा अनुमान | स्थासं | प्रसं संकेत | दीराल संकेत | दीविल संकेत | कृविरसं |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | आ.व. २०७८/७९ | आ.व. २०७९/८० | आ.व. २०८०/८१ | | | | | | | | | |
| प्रभाव | गुणस्तरीय पशुपंछी तथा मत्स्यजन्य उत्पादनमा आत्मा निर्भर भई नगरवासीको आयआर्जन र आम्दानीमा टेवा पुगेको हुनेछ। | मासु उत्पादन (थप) | मेट | | १५० | २०० | २५० | ६०० | नपापशाप्र | पशु शाखा | | २ | २ | ४ | २ | २ |
वडा नं. ३, १२ र १३ मा खानेपानीको असुविधा रहेको, बाढी र पहिरोले पाईपलाईन क्षति गर्ने गरेको ( ठूलीपोखरी, दुर्लुङ्ग वडा नं. २, ३, १२, १३), बाटो खन्ने जस्ता निर्माण कार्य गर्दा पाईपलाईन क्षति हुनु, केहि पाईपलाईन २०/२५ वर्ष पुराना हुनु, पानीका मुहान सुक्दै जानु, पानीको मुहान टाढा हुनु, खानेपानी तथा सरसफाईको लागि पर्याप्त बजेट विनियोजन नहुनु, ग्रामीण इलाकामा फोहरमैला व्यवस्थापनमा कठिनाई जस्ता समस्या खानेपानी तथा फोहोरमैला व्यवस्थापनका प्रमुख समस्या हुन् ।

## ४.३.३ चुनौती र अवसर

**(क) चुनौती**

भिरालो जमिन र छरिएको वस्तीहरूमा खानेपानीको पहुँचमा सर्वसुलभ गराउनु मुख्य चुनौती बन्नु पुगेको छ ।

**(ख) अवसर**

खानेपानी सुधारमा प्रदेश सरकारको सहयोग प्राप्त हुनु, खानेपानी डिभिजन र साना शहरी आयोजनाको सहयोग प्राप्त हुनु, खानेपानी तथा सरसफाई उपभोक्ता समिति सक्रिय हुनु, वडा नं. ४, ५, ६ र ७ मा फोहरमैला व्यवस्थापनका लागि अन्य संस्थासँग समन्वय गरि फोहरमैला व्यवस्थापन गर्ने कार्य सञ्चालन हुनु जस्ता अवसरहरू रहेका छन् ।

## ४.३.४ दीर्घकालिन सोच, लक्ष्य र उद्देश्य

**सोच** : दिगो खानेपानी तथा पूर्ण सरसफाई सहितको नगरपालिका

**लक्ष्य** : गुणस्तरीय र सर्वसुलभ खानेपानी तथा सरसफाई सेवाको पहुँच विस्तार गर्ने

**उद्देश्य**

१. स्वच्छ र गुणस्तरयुक्त खानेपानी सुविधा खानेपानी र सरसफाइको व्यवस्था गर्नु ।

## ४.३.५ रणनीति र कार्यनीति

**तालिका ४.७ : रणनीति तथा कार्यनीति**

| रणनीति | कार्यनीति |
|---|---|
| **उदेश्य १ : स्वच्छ र गुणस्तरको खानेपानी सुविधा खानेपानी र सरसफाइको व्यवस्था गर्नु ।** | |
| १.१ एक घर एक धारा अभियान सञ्चालन गर्ने । | १.१.१ एक घर एक धारा अभियानलाई निरन्तरता दिईनेछ ।<br>१.१.२ क्षति भएका र पुराना पाईपलाईनको नियमित मर्मत सम्भारको व्यवस्था मिलाइनेछ ।<br>१.१.३ १००% घरधुरीमा समेट्नको लागि प्रदेश सरकार, खानेपानी डिभिजन तथा अन्य सरोकार पक्षसँग समन्वय गरिनेछ ।<br>१.१.४ वडास्तरीय खानेपानी योजनालाई निरन्तरता दिईने छ ।<br>१.१.५ स्वच्छ र गुणस्तरीय खानेपानी वितरणको लागि संकलन ट्याङ्की तथा वितरण पाईपहरूको नियमित सरसफाई, मर्मत तथा आवश्यक व्यवस्थापन गरिने छ । |
| १.२ खानेपानीका मुहान तथा स्रोतहरूको संरक्षण तथा संवर्द्धन गर्ने । | १.२.१ खानेपानीका सबै मुहान तथा स्रोतहरूको वरपर सरसफाई तथा वृक्षारोपण गरिनेछ ।<br>१.२.२ खानेपानीको मुहान सफा र स्वच्छ राख्न स्थानीय उपभोक्ता समितिलाई थप प्रभावकारी ढंगले परिचालन गरिनेछ । |
| १.३ आम नागरिक, निजी क्षेत्र, टोल सुधार समिति तथा उपभोक्ता समितिलाई परिचालन गर्ने । | १.३.१ घरेलु फोहरलाई स्रोतमा नै वर्गीकरण गरि मोहरमा परिणत गरिने छ ।<br>१.३.२ स्वास्थ्य जन्य फोहरको उचित व्यवस्थापन गरिनेछ ।<br>१.३.२ नगरलाई स्वच्छ र सफा बनाउन स्थानीय नागरिकहरूको अगुवाईमा कार्य सञ्चालन गरिने छ ।<br>१.३.३ फोहोरमैला संकलन र व्यवस्थापनलाई प्रभावकारी बनाउन Public Private Partnership अन्तरगत सम्बन्धी सरोकार पक्षसँग समन्वय गरिने छ ।<br>१.३.४ खानेपानी तथा फोहरमैला व्यवस्थापनका लागि खानेपानी तथा सरसफाई उपभोक्ता समिति सक्रिय बनाईनेछ । |

## ४.३.६ कार्यक्रमका प्राथमिकता

१. एक घर एक धारा अभियान सञ्चालन,

२. खानेपानीका मुहान तथा स्रोत संरक्षण कार्यक्रम ।

### ४.३.७ विस्तृत कार्यक्रम र बजेट

**तालिका ४.८ : कार्यक्रम तथा बजेट (खानेपानी तथा सरसफाई)**

*(रू. हजारमा)*

| क्र.सं. | उद्देश्य नं. | रणनीति नं. | कार्यनीति नं. | संकेत नं. | कार्यक्रम तथा क्रियाकलापहरू | ईकाई | आधार वर्ष (२०७६/७७) | पहिलो आ.व. २०७८/७९ | | दोश्रो आ.व. २०७९/८० | | तेस्रो आ.व. २०८०/८१ | | योजना अवधिको जम्मा | | जिम्मेवार निकाय |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | लक्ष्य | बजेट | लक्ष्य | बजेट | लक्ष्य | बजेट | लक्ष्य | बजेट | |
| १ | १ | १.१ | १.१.१ | कखग | एक घर एक खानेपानी धारा कार्यक्रम अन्तरगत बाँकी ७०% घरधुरीमा सेवा विस्तार | संख्या | ३०% | २५% | ५०००० | २५% | ५०००० | २०% | ३०००० | ७०% | १३०००० | कु.न.पा |
| २ | १ | १.१ | १.१.२ | क | बाढी पहिरोले क्षति भएका र पुराना पाईप लाईन मर्मत | संख्या | | २० | १००० | २० | १००० | २० | १००० | ६० | ३००० | कु.न.पा |
| ३ | १ | १.१ | १.१.५ | क | संकलन ट्याङ्की तथा वितरण पाईपहरूको नियमित सरसफाई, मर्मत तथा आवश्यक व्यवस्थापन | संख्या | | २० | १००० | २० | १००० | २० | १००० | ६० | ३००० | कु.न.पा |
| ४ | १ | १.२ | १.२.१ | क | खानेपानीका सबै मुहान तथा स्रोतहरूको संरक्षण तथा संवर्धनका लागि मुहान वरपर सरसफाई | संख्या | | १५ | १५०० | १५ | १५०० | १५ | १५०० | ४५ | ४५०० | कु.न.पा |
| ५ | १ | १.२ | १.२.१ | क | खानेपानीका सबै मुहान तथा स्रोतहरूको संरक्षण तथा संवर्धनका लागि मुहान वरपर वृक्षारोपण | संख्या | | १५ | १००० | १५ | १००० | १५ | १००० | ४५ | ३००० | कु.न.पा |
| ६ | १ | १.२ | १.२.१ | क | खानेपानीका सबै मुहान तथा स्रोतहरूको संरक्षण तथा संवर्धनका लागि मुहान वरपर घेरावार र तारजाली लगाउने | संख्या | | १५ | १५०० | १५ | १५०० | १५ | १५०० | ४५ | ४५०० | कु.न.पा |
| ७ | १ | १.२ | १.२.२ | क | खानेपानीको मुहान सफा र स्वच्छ राख्न स्थानीय उपाभोक्ता समितिलाई सहयोग तथा नियमित बैठक | संख्या | | ४ | ८०० | ४ | ८०० | ४ | ८०० | १२ | २४०० | कु.न.पा |
| ८ | १ | १.३ | १.३.१ | क | घरेलु फोहरलाई स्रोतमा नै वर्गीकरण गरि, कुहिने फोहरबाट कम्पोष्ट मल | संख्या | | ३० | ६००० | ३० | ६००० | ३० | ६००० | ९० | १८००० | कु.न.पा |

| क्र.सं. | उद्देश्य नं. | रणनीति नं. | कार्यनीति नं. | संकेत नं. | कार्यक्रम तथा क्रियाकलापहरू | ईकाई | आधार वर्ष (२०७६/७७) | पहिलो आ.व. २०७८/७९ | | दोश्रो आ.व. २०७९/८० | | तेस्रो आ.व. २०८०/८१ | | योजना अवधिको जम्मा | | जिम्मेवार निकाय |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | लक्ष्य | बजेट | लक्ष्य | बजेट | लक्ष्य | बजेट | लक्ष्य | बजेट | |
| | | | | | बनाउने सम्बन्धी समुदाय स्तरमा तालिम सञ्चालन | | | | | | | | | | | |
| ९ | १ | १.३ | १.३.१ | क | नकुहिने फोहरलाई Recycle का लागि खरिद तथा घरेलु स्तरमा उत्पादन भएका कम्पोष्ट मल खरिद तथा विक्रिका लागि स्थानीय तहमा Recycle center स्थापना | प्याकेज | | ५ | ५०० | ५ | ५०० | ४ | ४०० | १४ | १४०० | कु.न.पा |
| १० | १ | १.३ | १.३.१ | क | फोहोरमैला व्यवस्थापन, तालिम सञ्चालन तथा व्यवस्थापनका लागि विभिन्न संस्थाहरूसँग साझेदारी | प्याकेज | | १० | १०० | १० | १०० | १० | १०० | ३० | ३०० | कु.न.पा |
| ११ | १ | १.३ | १.३.२ | क | फोहरलाई मोहर बनाऔं, नगर स्वच्छ राखौं भन्ने नारा सहित समुदाय स्तरमा समुह परिचालन | प्याकेज | | १४ | १०० | १४ | १०० | १४ | १०० | ४२ | ३०० | कु.न.पा |
| १२ | १ | १.३ | १.३.३ | क | फोहोरमैला संकलन र व्यवस्थापनलाई प्रभावकारी बनाउन Public Private Partnership अन्तरगत सम्बन्धी सरोकार पक्षसँग समन्वय | संख्या | | ५ | ५० | ५ | ५० | ५ | ५० | १५ | १५० | कु.न.पा |
| १३ | १ | १.३ | १.३.४ | क | खानेपानी तथा सरसफाई उपभोक्ता समितिसँग नियमित बैठक र व्यवस्थापन तथा क्षमता वृद्धि मा सहयोग | संख्या | | ४ | १०० | ४ | १०० | ४ | १०० | १२ | ३०० | कु.न.पा |
| | | | | | **जम्मा** | | | | **६३६५०** | | **६३६५०** | | **४३५५०** | | **१७०८५०** | |

## ४.३.८ नतिजा खाका

### तालिका ४.९ : नतिजा खाका (खानेपानी तथा सरसफाई)

| नतिजाको स्तर | नतिजा | सूचक | ईकाइ | आधार बर्ष २०७६/७७ | उपलब्धी | | | योजना अवधिको कुल उपलब्धी | पुष्ट्याईको आधार | जिम्मेवार निकाय | जोखिम तथा अनुमान | स्थासं | प्रसं संकेत | दीराल संकेत | दीविल संकेत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | आ.व. २०७८/७९ | आ.व. २०७९/८० | आ.व. २०८०/८१ | | | | | | | | |
| प्रभाव | गुणस्तरीय र सर्वसुलभ खानेपानी तथा सरसफाई सेवाको पहुँच विस्तार भएको हुने | गुणस्तरीय र सर्वसुलभ खानेपानीको सुविधामा पहुँच भएको जनसंख्या | संख्या | | ८० | ९० | १०० | १०० | नपावाप्र | नपा | | ७ | ५ | ७ | ६ |
| | | सरसफाई कार्यक्रममा नियमित सहभागी भएका घरधुरी | प्रतिशत | – | ८० | ९० | १०० | १०० | नपावाप्र | नपा | | ७ | ५ | ७ | ६ |
| असर १ | स्वच्छ र गुणस्तरको खानेपानी सुविधा र सरसफाइको व्यवस्था भएको हुने । | निर्माण भएका खानेपानी वितरण र सरसफाई व्यवस्थापनको नीति नियम र कार्यविधी | संख्या | | आवश्यकता अनुसार | आवश्यकता अनुसार | आवश्यकता अनुसार | आवश्यकता अनुसार | नपावाप्र | नपा | | ७ | ५ | ७ | ६ |
| | | स्वच्छ खानेपानी वितरण र सरसफाई प्रति नागरिको सन्तुष्टी तह | प्रतिशत | | ७५ | ८० | ९० | ९० | नपावाप्र | नपा | | ७ | ५ | ७ | ६ |
| | | सरसफाइ कार्यका असल प्रयासहरूको प्रचार प्रसार | पटक | | १ | १ | १ | ३ | नपावाप्र | नपा | | ७ | ५ | ७ | ६ |
| प्रतिफल १.१ | खानेपानीको संरचनाहरुको विस्तार संरक्षण र सरसफाई भएको हुने । | एक घर एक धारा अनुरुप सेवा पाएका घरधुरी | प्रतिशत | | ८० | ९० | १०० | १०० | नपावाप्र | नपा | | ७ | ५ | ७ | ६ |
| | | मर्मत भई नियमित पानी वितरण भएका पाईप लाईन | संख्या | | आवश्यकता अनुसार | आवश्यकता अनुसार | आवश्यकता अनुसार | आवश्यकता अनुसार | नपावाप्र | नपा | | ७ | ५ | ७ | ६ |
| | | वडा स्तरीय खानेपानी तथा सरसफाई सभिति क्रियाशिल भएका वडाहरु | संख्या | | १४ | १४ | १४ | १४ | नपावाप्र | नपा | | ७ | ५ | ७ | ६ |
| | | मर्मत तथा नियमित सरसफाई गरिएका संकलन ट्याङ्की तथा पाईप लाईन | संख्या | | आवश्यकता अनुसार | आवश्यकता अनुसार | आवश्यकता अनुसार | आवश्यकता अनुसार | नपावाप्र | नपा | | ७ | ५ | ७ | ६ |

| नतिजाको स्तर | नतिजा | सूचक | ईकाइ | आधार बर्ष २०७६/७७ | उपलब्धी | | | योजना अवधिको कुल उपलब्धी | पुष्ट्याईको आधार | जिम्मेवार निकाय | जोखिम तथा अनुमान | स्थासं | प्रसं संकेत | दीराल संकेत | दीविल संकेत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | आ.व. २०७८/७९ | आ.व. २०७९/८० | आ.व. २०८०/८१ | | | | | | | | |
| प्रतिफल १.२ | खानेपानीका मुहान तथा स्रोतहरू संरक्षित, सरक्षित र स्वच्छ भएको हुने | सूचीकृत गरिका नगरपालिका भित्रका मुहान तथा स्रोतहरूको | संख्या | | आवश्यकता अनुसार | आवश्यकता अनुसार | आवश्यकता अनुसार | आवश्यकता अनुसार | नपावाप्र | नपा | | ७ | ५ | ७ | ६ |
| | | संरक्षित गरिएका पानीका स्रोत र मुहान | प्रतिशत | | ८० | ९० | १०० | १०० | नपावाप्र | नपा | | ७ | ५ | ७ | ६ |
| प्रतिफल १.३ | स्वच्छ र सफा नमुना नगरको रुपमा परिचित हुने | कुहिने फोहर स्रोतमा नै व्यवस्थापन गर्ने घर तथा वस्ती | संख्या | | ८० | ९० | १०० | १०० | नपावाप्र | नपा | | ७ | ५ | ७ | ६ |
| | | घरेलु स्तरमा उत्पादन भएको कम्पोष्ट मल | परिमाण | | आवश्यकता अनुसार | आवश्यकता अनुसार | आवश्यकता अनुसार | आवश्यकता अनुसार | नपावाप्र | नपा | | ७ | ५ | ७ | ६ |
| | | Recycle center | संख्या | | १ | १ | १ | ३ | नपावाप्र | नपा | | ७ | ५ | ७ | ६ |
| | | फोहोर मैला व्यवस्थपन भएका नमुना टोल वा वस्ती | | | ८० | ९० | १०० | १०० | नपावाप्र | नपा | | ७ | ५ | ७ | ६ |

## ४.४ युवा तथा खेलकुद

### ४.४.१ पृष्ठभुमि

यस नगरपालिकाको कुल जनसंख्याको संरचनालाई नियाल्दा १५-५९ वर्षसम्मको जनसंख्याको अंश ५६.०७ % रहेको छ भने १५ वर्षभन्दा कम र ६० वर्षभन्दा माथिको जनसंख्याको अंश ४३.९३ % रहेको छ । तुलनात्मक रुपले सक्रिय जनसंख्याको मात्रा बढि रहेको देखिन्छ । सक्रिय जनसंख्याको मात्रामा पुरुषको तुलनामा महिलाहरूको जनसंख्या ३९८६ ले बढी रहेको देखिन्छ ।

### ४.४.२ प्रमुख समस्या

युवाहरूमा सीपको कमी, उद्यमशीलता र रोजगारीका अवसरहरू पर्याप्त नहुनु, वैदशिक रोजगारीमा जानुपर्ने बाध्यता हुनु, सीप र तालिम बिनानै वैदेशिक रोजगारीमा जानु, युवा परिचालनको लागि ठोस नीति नुहुनु, नगरपालिकाका योजना तर्जुमा, कार्यान्वयन तथा अनुगमनमा युवाको चासो कम हुनु, उच्च शिक्षाको लागि अन्यत्र जानुपर्ने अवस्था रहनु, कोरोना महामारीका कारण विदेशबाट फर्केका युवाहरू वेरोजगार रहनु, युवाहरूलाई नयाँ कामको थालनीका लागि लगानीको वातावरण र पूँजी नहुनु आदि प्रमुख समस्याका रुपमा रहेका छन् ।

### ४.४.३ चुनौती र अवसर

**(क) चुनौती**

विदेशवाट फर्केका युवाहरूको सिप तथा अनुभवको उचित प्रयोग गरि उत्पादनमुलक कार्यमा लगाउनु, नगरपालिकामा भएका पर्यटनका अवसरमा युवाहरूलाई आकर्षित गरी यस्ता व्यवसायमा परिचालित गर्नु ।

**(ख) अवसर**

नेपालको संविधानमा युवा विकास सम्बन्धी व्यवस्था हुनु, युवाहरूको सिप तथा क्षमता विकासलाई लक्षित गरि न.पा.बाट ड्राईभिङ्ग ट्रेनिङ्ग जस्ता केहि कार्यक्रम सञ्चालन हुनु, विदेशवाट फर्केका युवाहरूसँग सिप तथा अनुभव हुनु, युवाहरूको लागि रोजगारीको अवसर श्रृजना गर्न सकिने पर्यटकीय विकासको सम्भावनाहरू हुनु जस्ता अवसरहरू रहेका छन् ।

### ४.४.४ दीर्घकालिन सोच, लक्ष्य र उद्देश्य

**सोच** : उद्यमशिलता र व्यवसायिकतामा युवा जनशक्तिको अग्रसरता

**लक्ष्य** : नगरपालिकाको समग्र विकासमा युवाहरुको योगदान वृद्धि गर्ने ।

**उद्देश्य** :

१. नगरको समग्र विकासमा युवाको अर्थपूर्ण सहभागिता वृद्धि गर्नु ।
२. युवाहरूलाई उद्यमशील र व्यवसायिक बनाउनु ।

### ४.४.५ रणनीति र कार्यनीति

**तालिका ४.१० : रणनीति तथा कार्यनीति**

| रणनीति | कार्यनीति |
|---|---|
| **उद्देश्य १ : नगरको समग्र विकासमा युवाको अर्थपूर्ण सहभागिता वृद्धि गर्नु ।** | |
| १.१ नगरपालिकाको नीति निर्माण, योजना तर्जुमा, कार्यान्वयन र अनुगमन तथा मूल्याङ्कन प्रक्रियामा युवाको सहभागिता सुनिश्चित गर्ने । | १.१.१ नगरपालिकाका युवाहरूलाई विकासका काममा मुलप्रवाहीकरण गरि जिम्मेवार, कर्तव्यवोध र नैतिकवान् बनाउन युवा नीति नियम निर्माण तथा कार्यान्वयन गरिनेछ ।<br>१.१.२ विकास निर्माणमा युवाहरूलाई परिचालन गर्न युवा स्वयंसेवा कार्यक्रम सञ्चालन, स्थानीय उपभोक्ता समिति, टोल विकास संस्था आदिमा युवा (अझ युवती) लाई नेतृत्व गर्न प्रोत्साहन गरिनेछ ।<br>१.१.३ नीति निर्माण, योजना तर्जुमा, कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कनमा युवा सहभागिता वृद्धि गरिनेछ । |
| **उद्देश्य २ युवाहरूलाई उद्यमशील र व्यवसायिक बनाउनु ।** | |
| २.१ उद्यमशीलता र व्यवसायीकतामा वृद्धि गरि र आत्मनिर्भर बनाउन क्षमता विकास तथा वित्तीय स्रोत साधनको पहुँचमा वृद्धि गर्ने । | २.१.१ युवाहरूलाई पर्यटन सम्बन्धी प्राविधिक तथा व्यवसायिक शिक्षा र सीप विकासका अवसरहरूको व्यवस्थापन गरी क्षमता विकासमा पहल गरिने छ ।<br>२.१.२ युवाहरूको अग्रसरतामा पर्यटन क्षेत्रमा व्यवसाय थालनी, रोजगार तथा स्वरोजगार सिर्जनाका लागि सार्वजनिक, निजी साझेदारी वित्तीय संस्थाहरूमार्फत सहुलियत ब्याजदरमा लगानीका वातावरण तयार गरिनेछ |
| २.२खेलकुद क्रियाकलापहरूमा युवाहरूको संलग्नता बढाउने । | २.२.१ खेलाडीहरूलाई व्यवसायीक, उत्तरदायी, लगनशील र प्रतिभावान हुन अभिप्रेरित गर्न तथा पालिकाको पहिचान स्थापित गर्न पालिकास्तरीय खेलकुद प्रतियोगिताहरूको आयोजना गरी खेलकुद प्रर्वद्धन गरिने छ । |

### ४.४.६ कार्यक्रमका प्राथमिकता

१. युवाहरूको लागि नेतृत्व विकासका तालिम,

२. सबै वडामा युवा सञ्जाल स्थापना,

३. युवाहरूको लागि पर्यटन सम्बन्धी व्यवसायिक तथा प्राविधिक तालिम ।

## ४.४.७ विस्तृत कार्यक्रम र बजेट

### तालिका ४.११ : कार्यक्रम तथा बजेट (युवा तथा खेलकूद)

*(रू. हजारमा)*

| क्र.सं. | उद्देश्य नं. | रणनीति नं. | कार्यनीति नं. | संकेत नं. | कार्यक्रम तथा क्रियाकलापहरू | ईकाई | आधार वर्ष (२०७६/७७) | पहिलो आ.व. २०७८/७९ | | दोश्रो आ.व. २०७९/८० | | तेस्रो आ.व. २०८०/८१ | | योजना अवधिको जम्मा | | जिम्मेवार निकाय |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | लक्ष्य | बजेट | लक्ष्य | बजेट | लक्ष्य | बजेट | लक्ष्य | बजेट | |
| १ | १ | १.१ | १.१.१ | क | युवा नीति तथा कार्यविधि निर्माण तथा कार्यान्वयन गर्ने | संख्या | | १ | २०० | | | | | १ | २०० | नपा |
| २ | १ | १.१ | १.१.२ | क | युवा स्वयंसेवा कार्यक्रम सञ्चालन | संख्या | | २० | २०० | २० | २०० | २० | २०० | ६० | ६०० | नपा |
| ३ | १ | १.१ | १.१.२ | क | युवाहरूलाई विभिन्न संस्थाको पहलमा नेतृत्व विकास तालिम | संख्या | | २० | २००० | २० | २००० | २० | २००० | ६० | ६००० | नपा |
| ४ | १ | १.१ | १.१.३ | क | नीति निर्माण, योजना तर्जुमा, कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कनमा युवा सहभागिता सम्बन्धी तालिम | संख्या | | ३० | ५० | ३० | ५० | ३० | ५० | ९० | १५० | नपा |
| ५ | १ | १.१ | १.१.३ | क | सबै वडाका युवाहरूको सञ्जाल स्थापना | संख्या | | १ | १०० | १ | १०० | १ | १०० | ३ | ३०० | नपा |
| ६ | २ | २.१ | २.१.१ | कख | पर्यटन क्षेत्रलाई केन्द्रित गरि युवाहरूको लागि उत्पादनमूलक व्यवसायिक तथा प्राविधिक तालिम तथा क्षमता वृद्धि कार्यक्रम | प्याकेज | | ४ | १००० | ४ | १००० | ४ | १००० | १२ | ३००० | नपा |
| ७ | २ | २.१ | २.१.२ | क | व्यवसाय थालनी, रोजगारी तथा स्वरोजगारी सिर्जनाका लागि व्याजमा अनुदान | प्याकेज | | ४ | ५० | ४ | ५० | ४ | ५० | १२ | १५० | नपा |
| ८ | २ | २.२ | २.२.१ | क | खेलकुद पर्यटनको रुपमा प्रर्वद्धन गर्ने खालका कार्यक्रम संचालन | प्याकेज | | १ | १००० | १ | १००० | १ | १००० | ३ | ३००० | नपा |
| ९ | २ | २.२ | २.२.१ | कख | खेलकुदलाई व्यवसायिकता दिन मध्यम तथा उच्चकोटीको तालिम | प्याकेज | | ४ | १००० | ४ | १००० | ४ | १००० | १२ | ३००० | नपा |
| १० | २ | २.२ | २.२.१ | क | पर्यटकिय विकासमा टेवा दिने खेलकुद प्रतियोगिता सञ्चालन | प्याकेज | | १ | १००० | १ | १००० | १ | १००० | ३ | ३००० | नपा |
| ११ | २ | २.२ | २.२.१ | कखग | खेलकुद स्थल निर्माण | संख्या | | १ | ४०० | १ | ४०० | १ | ४०० | ३ | १२०० | नपा |
| | | | | | **जम्मा** | | | | **७०००** | | **६८००** | | **६८००** | | **२०६००** | |

## ४.४.८ नतिजा खाका

### तालिका ४.१२ : नतिजा खाका (युवा तथा खेलकुद)

| नतिजाको स्तर | नतिजा | सूचक | ईकाइ | आधार बर्ष २०७६/७७ | उपलब्धी | | | योजना अवधिको कुल उपलब्धी | पुष्ट्याईको आधार | जिम्मेवार निकाय | जोखिम तथा अनुमान | स्थासं | प्रसं संकेत | दीराल संकेत | दीविल संकेत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | आ.व. २०७८/७९ | आ.व. २०७९/८० | आ.व. २०८०/८१ | | | | | | | | |
| प्रभाव | नगरपालिकाको समग्र विकासमा युवाहरुको योगदान वृद्धि भएको हुने । | नगरपालिकाको निर्वाचित जनप्रतिनिधिहरु मध्ये युवा | प्रतिशत | | ४० | ५० | ६० | ६० | नपावाप्र | नपा | | ७ | ८ | ५ | ८ |
| | | नगरपालिकमा दर्ता भएका संघसंस्था मध्ये युवाको नेतृत्वमा रहेका संघसंस्थाहरु | प्रतिशत | | ४० | ५० | ६० | ६० | | नपा | | | | | |
| असर १ | युवाको अर्थपूर्ण सहभागिता वृद्धि भएको हुने । | युवाहरुको नेतृत्वमा रहेको सामाजिक संघसंस्थाहरु | प्रतिशत | | ४० | ५० | ६० | ६० | नपावाप्र | नपा | | ७ | ८ | ५ | ८ |
| | | युवा व्यवसायीहरुबाट सञ्चालन भएका व्यवसायहरु | प्रतिशत | | ४० | ६० | ७० | ७० | नपावाप्र | नपा | | ७ | ८ | ५ | ८ |
| | | युवाहरुको नेतृत्व रहेका उपभोक्ता समितिहरु | प्रतिशत | | ५० | ६० | ७० | ७० | नपावाप्र | नपा | | ७ | ८ | ५ | ८ |
| प्रतिफल १.१ | नगरपालिकाको नीति निर्माण, योजना तर्जुमा, कार्यान्वयन र अनुगमन तथा मूल्याङ्कन प्रक्रियामा युवाको सहभागिता वृद्धि भएको हुने । | नीति निर्माण र योजना तर्जूमा प्रक्रियामा युवा सहभागिताको दर | प्रतिशत | | ५० | ६० | ८० | ८० | नपावाप्र | नपा | | ७ | ८ | ५ | ८ |
| | | नेतृत्व तहमा पुगेका युवाको दर | प्रतिशत | | ४० | ५० | ६० | ६० | नपावाप्र | नपा | | ७ | ८ | ५ | ८ |
| | | युवाले नेतृत्व गरेको सुमह वा संस्था | प्रतिशत | | ५० | ६० | ८० | ८० | नपावाप्र | नपा | | ७ | ८ | ५ | ८ |
| | | युवा सञ्जालमा सहभागी युवा | प्रतिशत | | ४० | ५० | ६० | ६० | नपावाप्र | नपा | | ७ | ८ | ५ | ८ |
| असर २ | युवाहरूलाई उद्यमशील र व्यवसायिक बनाउनु । | उद्योग तथा व्यवसायमा संलग्न युवाको दर | | | ४० | ५० | ६० | ६० | नपावाप्र | नपा | | ७ | ८ | ५ | ८ |

| नतिजाको स्तर | नतिजा | सूचक | ईकाइ | आधार बर्ष २०७६/७७ | उपलब्धी | | | योजना अवधिको कुल उपलब्धी | पुष्ट्याईको आधार | जिम्मेवार निकाय | जोखिम तथा अनुमान | स्थासं | प्रसं संकेत | दीराल संकेत | दीविल संकेत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | आ.व. २०७८/७९ | आ.व. २०७९/८० | आ.व. २०८०/८१ | | | | | | | | |
| प्रतिफल २.१ | युवाहरुको क्षमता विकास तथा वित्तीय पहुँचमा वृद्धि भएको हुने | पर्यटनसँग सम्बन्धी व्यवसाय तथा उद्योग संलग्न युवाहरु | संख्या | | ४० | ५० | ६० | ६० | नपावाप्र | नपा | | ७ | ८ | ५ | ८ |
| | | युवाको नेतृत्वमा संचालित व्यवसाय तथा उद्योगहरु | प्रतिशत | | ४० | ५० | ६० | ६० | नपावाप्र | नपा | | ७ | ८ | ५ | ८ |
| प्रतिफल २.२ | खेलकुद क्रियाकलापहरूमा युवाहरूको संलग्नतामा वृद्धि भएको हुने । | खेलकुदमा सहभागी युवाको | संख्या | | १० | १५ | २० | २० | नपावाप्र | नपा | | ७ | ८ | ५ | ८ |
| | | प्रदेश तथा राष्ट्रिय स्तरमा परिचित खेलाडीको दर | प्रतिशत | | ५ | ५ | ५ | ५ | नपावाप्र | नपा | | ७ | ८ | ५ | ८ |
| | | आयोजना भएको प्रतियोगिता र सहभागिता | प्रतिशत | | ५ | ५ | ५ | ५ | नपावाप्र | नपा | | ७ | ८ | ५ | ८ |

## ४.५ लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण

### ४.५.१ पृष्ठभुमि

नेपाली समाजको विकासक्रमलाई प्रत्यक्ष वा अप्रत्यक्षरुपमा प्रभाव पार्ने तत्वहरू मध्ये एक महत्वपूर्ण तत्वमा धर्म, संस्कार, परम्परा र सामाजिक मुल्य मान्यता आदि पर्दछन् ।

नगरपालिकामा रहेको उमेर तथा लिङ्गअनुसारको जनसंख्याको बनोटलाई विश्लेषण गर्दा समग्रमा पुरुषको तुलनामा महिला जनसंख्या बढी रहेको देखिएतापनि १४ वर्षभन्दा मुनिको जनसंख्यामा महिलाको तुलनामा पुरुषको संख्या २८१ जनाले बढी देखिन्छ । १५ देखि ५९ वर्षसम्मको जनसंख्या मध्ये पुरुषको तुलनामा महिलाको संख्या ३९८६ रहेको र ६० वर्ष भन्दा माथिको जनसंख्यामा महिलाहरू संख्या ४१७ ले बढी रहेको छ ।

सामाजिक तथा आर्थिक अवस्थाको विश्लेषण गर्दा पुरुषको तुलनामा महिलाको अवस्था कमजोर देखिन्छ । सम्पत्ति, रोजगारी तथा राजनीतिक अवसरमा महिलाको तुलनामा पुरुषको पहुँच बढीरहेको छ ।

यस नगरपालिकाको कुल जनसंख्याको ३३.१८ प्रतिशत जनसंख्या १५ वर्ष मुनिका बालबालिकाको रहेको देखिन्छ । यी मध्ये ५९३० बालबालिका सार्वजनिक विद्यालयमा अध्ययनरत देखिन्छन् । विद्यालयमा अध्ययनरत बाल बालिकाहरूको तथ्याङ्क तुलनात्मक रुपमा हेर्दा ५३.५ प्रतिशत बालिका रहेको देखिन्छ ।

आर्थिक वर्ष २०७४/७५ मा ७१ जना बालिका र २८ जना बालक गरी जम्मा ९९ जना बालबालिकाहरूको १८ वर्ष उमेर पुरा नभई विवाह भएको देखिन्छ ।

आर्थिक अवस्थाका कारण १८ वर्ष मुनिका बालबालिकाहरू आफ्ना आमाबुबाको काख छोड्न बाध्य छन् । अति गरीब घर परिवारमा बालक तथा बालिकाहरू रोजगारीका लागि शहरी क्षेत्रहरू जस्तो पोखरा, काठमाडौ हुँदै भारतसम्म पुगेको अवस्था छ । आफ्नो क्षमता अभिवृद्धि गरी योग्य नागरिक बन्ने तथा बनाउने यो महत्वपूर्ण उमेर समुहका लागि राज्यले अनिवार्य शिक्षाको व्यवस्था गरेको छ ।

नेपाल सरकारको उद्देश्य अनुरुप बालबालिकाहरूको संगठन बालक्लबहरूको संख्यामा विगतका वर्षहरूको तुलनामा वृद्धि भएको छ । बालमैत्री स्थानीय शासन अवलम्बन गर्ने सन्दर्भमा गठित यी क्लबहरूको संख्या विद्यालय हाताभित्र भन्दा समुदायमा बढी रहेको छ । लैङ्गिक दृष्टिले बालकको तुलनामा बालिकाको संख्या थोरै रहेको छ । विद्यालयमा गठित बालक्लबको संख्या १० मात्र रहेको छ भने समुदायमा गठित बालक्लबहरूको संख्या २६ रहेको छ । अपाङ्गताको अवस्थालाई विश्लेषण गर्दा नगरपालिकामा कुल जनसंख्याको २.२ प्रतिशत विभिन्न वर्गका अपाङ्गता भएका व्यक्तिहरू रहेका छन् ।

यस नगरपालिकाको कुल जनसंख्याको १०.७५ प्रतिशत जनसंख्या ६० वर्ष माथिका छन् जसमध्ये ४२ प्रतिशत ७० वर्ष भन्दा माथिका जेष्ठ नागरिक देखिन्छन् ।

### ४.५.२ प्रमुख समस्या

छोरा छोरी बीचको भेदभाव कम हुँदै गएतापनि छोरी र बुहारी बीचको विभेद कायमै रहेको, लैङ्गिक हिंसाका घटनामा कमी नआएको, श्रमिकहरूको ज्यालामा लैङ्गिक विभेद कायम रहेको, महिलामा मानसिक हिंसा अत्याधिक भएको, जेष्ठ नागरिकहरू मध्ये पनि आर्थिक अभावका कारण महिलाहरू समस्यामा पर्ने गरेको, प्रविधिको अधिक प्रयोगले बालबालिकाहरू एकोहरो पना देखिएको र सामाजिक कार्यमा कम सहभागिता हुने गरेको छ ।

त्यसैगरी बाल अधिकार र कर्तव्य बीच असन्तुलन देखिएको, शिशु स्याहार केन्द्र नभएको कारण कामकाजी अभिभावक भएका बालबालिहरूको उचित व्यवस्थापन नभएको, गठन भएका बाल क्लबहरू सक्रिय हुन

नसकेको, जेष्ठ नागरिकहरूका रहेको ज्ञान सिप नयाँ पुस्तामा हस्तान्तरण हुन नसकेको, समाजमा जेष्ठ नागरिकहरूलाई उचित सम्मान दिन नसकेको, सबै प्रकारका अपाङ्गता भएका व्यक्तिहरूले उचित सम्मान पाउन नसकेको, अपाङ्गता भएका व्यक्तिहरूको शिक्षा, स्वास्थ्य तथा रोजगारीका अवसरमा पहुँच नभएको, शिक्षा तथा स्वास्थ्यका संरचना अपाङ्गमैत्री नभएको, परम्परागत पेशामा दलित युवाको आकर्षण कम भएको, दलित बालबालिकाहरूमा बिचैमा विद्यालय छोड्ने र कुपोषणको संख्या अधिक रहेको जस्ता समस्याहरू रहेका छन् ।

### ४.५.३ चुनौती र अवसर

**(क) चुनौती**

महिला, बालबालिका, जेष्ठ नागरिक, अपाङ्गता भएका व्यक्तिहरु, दलित र सिमान्तकृतहरूको अधिकारहरुको सुनिश्चितता गर्नु, उनीहरुको मर्यादित जीवन बाच्ने अवसर प्रदान गर्नु जस्ता चुनौतीहरु रहेको छन् ।

**(ख) अवसर**

महिला, बालबालिका, जेष्ठ नागरिक, अपाङ्गता भएका व्यक्तिहरु, दलित र सिमान्तकृतहरूको पक्षमा कानून, नीति बन्दै जानु, महिलाहरूको क्षमता विकास हुँदै जानु, नीति निर्माण, योजना तर्जुमा, कार्यान्वयन तथा अनुगमनमा महिलाहरूको सहभागिता सुनिश्चित हुनु, नगरपालिकाको नीति तथा कार्यक्रमले समेत विशेष जोड दिनु, बालमैत्री स्थानीय शासन सम्बन्धी प्रक्रियामा पहल हुनु जस्ता अवसरहरू रहेका छन् ।

### ४.५.४ दीर्घकालिन सोच, लक्ष्य र उद्देश्य

**सोच** : महिला, बालबालिका, अपाङ्गता भएका, जेष्ठ नागरिक तथा सिमान्तकृतमैत्री समाजको निर्माण ।

**लक्ष्य** : महिला, बालबालिका, अपाङ्गता भएका व्यक्तिहरु, जेष्ठ नागरिक तथा सिमान्तकृत व्यक्तिहरू विरुद्ध हुने सबै प्रकारका विभेद, हिंसा र शोषण कम गर्ने ।

**उद्देश्य** :

१. महिला, बालबालिका, अपाङ्गता भएका व्यक्ति, जेष्ठ नागरिक तथा सिमान्तकृत व्यक्तिहरूको समग्र अधिकारको संरक्षण तथा प्रवर्द्धन गर्नु ।
२. महिला, बालबालिका, अपाङ्गता भएका व्यक्ति, जेष्ठ नागरिक तथा सिमान्तकृतमैत्री वातावरण सिर्जना गर्नु ।

### ४.५.५ रणनीति र कार्यनीति

**तालिका ४.१३ : रणनीति तथा कार्यनीति**

| रणनीति | कार्यनीति |
|---|---|
| **उद्देश्य १ : महिला, बालबालिका, अपाङ्गता भएका व्यक्ति, जेष्ठ नागरिक तथा सिमान्तकृतहरूको समग्र अधिकारको संरक्षण तथा प्रवर्द्धन गर्नु ।** | |
| १.१ लैङ्गिक उत्तरदायी बजेट र शासन व्यवस्थालाई संस्थागत गर्ने । | १.१.१ लैङ्गिक समानता सम्बन्धी नीति तर्जुमा, विद्यमान कानून तथा कार्यक्रममा पुनरावलोकन गरिनेछ ।<br>१.१.२ महिला विरुद्ध हुने सबै प्रकारका हिंसा, शोषण र विभेद नियन्त्रण सम्बन्धी कानूनी उपचार प्रणालीलाई सहज, छिटो र पहुँच योग्य बनाइनेछ<br>१.१.३ आर्थिक रूपले विपन्न र सामाजिक रूपले पछाडि परेका महिलाहरुको आर्थिक सशक्तीकरण र सामाजिक रूपान्तरणलाई प्राथमिकता दिइनेछ छ ।<br>१.१.४ नीति निर्माण, योजना तर्जुमा, कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कनमा महिलाको सहभागिता वृद्धि गरि नेतृत्व तहमा ल्याईनेछ । |

| रणनीति | कार्यनीति |
| --- | --- |
| १.२ विपन्न, अपाङ्गता भएका, असहाय, अनाथ, विशेष संरक्षणको आवश्यकता भएका बालबालिका तथा किशोरकिशोरीको उचित संरक्षणको वातावरण निर्माण गर्ने । | १.२.१ बालबालिका तथा किशोरकिशोरीहरू विरुद्ध हुने हिंसा, बाल यौनदुर्व्यवहार, बालश्रम, बालविवाह,बलात्कार, बेचविखन जस्ता अपराध विरुद्ध कानूनी सुधार गरी शून्य सहनशीलताको नीति अबलम्बन गरिनेछ ।<br>१.२.२ इन्टरनेटको दुरुपयोगबाट बालबालिका माथि पर्ने सबै प्रकारका नकारात्मक असरहरू न्यूनीकरण गर्ने उपायहरूको खोजी गरी कार्यान्वयनमा ल्याइनेछ । |
| १.३ ज्येष्ठ नागरिकको लागि हेरचाह, स्याहार सुसार र उपयुक्त वातावरण सिर्जना गर्ने । | १.३.१ ज्येष्ठ नागरिकको आर्थिक तथा सामाजिक हक अधिकार संरक्षणको लागि ज्येष्ठ नागरिक संरक्षण नीति तर्जुमा गरिनेछ ।<br>१.३.२ स्याहार सुसार गर्ने मानिस नभएका जेष्ठ नागरिकहरूको लागि स्याहार केन्द्र स्थापना गरिनेछ ।<br>१.३.३ जेष्ठ नागरिकहरुको घरदैलोमा उपचारको व्यवस्था मिलाइने छ । |
| १.४ सबै प्रकारका अपाङ्गता भएका व्यक्तिहरूको हक अधिकार संरक्षण गर्न आवश्यक नीति निर्माण गरी प्रभावकारी कार्यान्वयन गर्ने । | १.४.१ अपाङ्गता भएका व्यक्तिहरूप्रति गरिने विभिन्न प्रकारको अन्धविश्वास, विभेद र सबै प्रकारका हिंसा नियन्त्रण र निराकरण गर्ने कार्यक्रम सञ्चालन गरिनेछ ।<br>१.४.२ अपाङ्गता भएका व्यक्तिहरुको लागि स्याहार केन्द्र स्थापना गरिनेछ ।<br>१.४.३ अपाङ्गता भएका व्यक्तिहरूको लागि अध्ययनको व्यवस्था मिलाइने छ । |
| **उद्देश्य २ : महिला, बालबालिका, अपाङ्गता भएका व्यक्ति, जेष्ठ नागरिक तथा सिमान्तकृतमैत्री वातावरण सिर्जना गर्नु ।** | |
| २.१ लैगिक समानता र सामाजिक समावेशीकरण सम्बन्धी स्थानीय नीति, कानून तथा मापदण्डको निर्माण तथा कार्यान्वयन गर्ने । | २.१.१ लैङ्गिक समानता तथा सशक्तीकरण मापन सूचकहरू तयार गरी अनुगमन तथा मूल्याङ्कन प्रणालीलाई प्रभावकारी बनाईनेछ ।<br>२.१.२ महिलालाई व्यवसाय सञ्चालन तथा आयमूलक कार्य गरी स्वरोजगार तथा उद्यमशीलता विकास गर्न सहुलियतपूर्ण ऋण तथा वित्तीय पहुँचको व्यवस्था मिलाइनेछ । |
| २.२ बालमैत्री तथा किशोरकिशोरीमैत्री वातावरणको विकास गर्ने | २.२.१ बालमैत्री स्थानीय शासन लागु गरिने छ । |
| २.३ ज्येष्ठ नागरिकको सुरक्षा र सहजताको लागि सामाजिक सुरक्षा सेवा वृद्धि गर्ने । | २.३.१ ज्येष्ठ नागरिकलाई सम्मान, आदर र सहजताको लागि विभिन्न सेवा र सुविधामा विशेष छुट र सहुलियतको व्यवस्था गरिनेछ ।<br>२.३.२ ज्येष्ठ नागरिकको ज्ञान, सीप र अनुभवलाई उपयोग गर्ने अवसर प्रदान गर्नुका साथै अन्तरपुस्ता अनुभव हस्तान्तरण कार्यक्रम सञ्चालन गरिनेछ ।<br>२.३.३ सामाजिक सुरक्षा भत्ता घरदैलोमा पुऱ्याउने व्यवस्था मिलाइने छ । |
| २.४ लक्षित वर्गको पहुँच बढ्ने गरी सार्वजनिक निर्माण तथा सुधार गर्ने । | २.४.१ भौतिक संरचना, पूर्वाधार तथा यातायातका साधनहरू र सेवा सुविधा अपाङ्गमैत्री बनाइने छ ।<br>२.४.२ शिक्षण सिकाई पद्धति अपाङ्गमैत्री बनाई गुणस्तरीय शिक्षामा सबै अपाङ्गता भएका बालबालिकाहरूको पहुँच वृद्धि गरिनेछ । |

### ४.५.६ कार्यक्रमका प्राथमिकता

१. महिला सशक्तीकरणका कार्यक्रम,
२. बाल हेरचाह केन्द्र,
३. जेष्ठ नागरिक मिलन तथा सेवा केन्द्र,
४. अपाङ्गता भएका व्यक्तिहरूका लागि पुर्नस्थापना केन्द्र ।

### ४.५.७ विस्तृत कार्यक्रम तथा बजेट

**तालिका ४.१४ : कार्यक्रम तथा बजेट (लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण)**

*(रू. हजारमा)*

| क्र.सं. | उद्देश्य नं. | रणनीति नं. | कार्यनीति नं. | संकेत नं. | कार्यक्रम तथा क्रियाकलापहरू | ईकाई | आधार वर्ष (२०७६/७७) | पहिलो आ.व. २०७८/७९ | | दोश्रो आ.व. २०७९/८० | | तेस्रो आ.व. २०८०/८१ | | योजना अवधिको जम्मा | | जिम्मेवार निकाय |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | लक्ष्य | बजेट | लक्ष्य | बजेट | लक्ष्य | बजेट | लक्ष्य | बजेट | |
| १ | १ | १.१ | १.१.१ | क | लैङ्गिक उत्तरदायी बजेट सम्बन्धी तालिम तथा अभिमुखीकरण गरि लैङ्गिक उत्तरदायी बजेट परीक्षण | प्याकेज | | १ | ५०० | १ | ५०० | १ | ५०० | ३ | १५०० | कु.न.पा |
| २ | १ | १.१ | १.१.१ | क | नगरपालिकाको लैंगिक समानता तथा सामाजिक समाबेशीकरण परीक्षण सुधार कार्यक्रम | प्याकेज | | १ | ६०० | १ | ६०० | १ | ६०० | ३ | १८०० | कु.न.पा |
| ३ | १ | १.१ | १.१.१ | क | लैङ्गिक समानता सम्बन्धी नीति तर्जुमा र विद्यमान कानून तथा कार्यक्रममा पुनरावलोकन र कार्यान्वयन | प्याकेज | | १ | २०० | १ | २०० | १ | २०० | ३ | ६०० | कु.न.पा |
| ४ | १ | १.१ | १.१.१ | क | लैगिक हिँसा विरुद्ध महिला सचेतना तथा अभिमुखीकरण तालिम तथा अभियान सञ्चालन | प्याकेज | | १० | २००० | १० | २००० | १० | २००० | ३० | ६००० | कु.न.पा |
| ५ | १ | १.१ | १.१.१ | क | महिला विरुद्ध हुने सबै प्रकारका हिंसा, शोषण र विभेद नियन्त्रणका लागि कानूनी उपचार प्रणालीलाई सहज बनाउन प्रत्येक वडामा सहजीकरण टोली सहितको हेल्प डेक्स स्थापना | संख्या | | १४ | ४२०० | १४ | ४२०० | १४ | ४२०० | ४२ | १२६०० | कु.न.पा |
| ६ | १ | १.१ | १.१.१ | क | कानूनी उपचार तथा परामर्श सम्बन्धमा तालिम तथा अनुशिक्षण सञ्चालन | प्याकेज | | ५ | १००० | ५ | १००० | ५ | १००० | १५ | ३००० | कु.न.पा |
| ७ | १ | १.१ | १.१.१ | कख | हिंसा प्रभावित व्यक्तिहरूको लागि नं ५मा सेफ हाउस निर्माण | संख्या | | १ | ५०० | | | | | १ | ५०० | कु.न.पा |
| ८ | १ | १.१ | १.१.१ | क | नगरपालिकाको नीति निर्माण, योजना तर्जुमा, कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कन सम्बन्धमा | प्याकेज | | २ | २०० | २ | २०० | २ | २०० | ६ | ६०० | कु.न.पा |

| क्र.सं. | उद्देश्य नं. | रणनीति नं. | कार्यनीति नं. | संकेत नं. | कार्यक्रम तथा क्रियाकलापहरू | ईकाई | आधार वर्ष (२०७६/७७) | पहिलो आ.व. २०७८/७९ | | दोश्रो आ.व. २०७९/८० | | तेस्रो आ.व. २०८०/८१ | | योजना अवधिको जम्मा | | जिम्मेवार निकाय |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | लक्ष्य | बजेट | लक्ष्य | बजेट | लक्ष्य | बजेट | लक्ष्य | बजेट | |
| | | | | | महिलाहरुको लागि तालिम सञ्चालन | | | | | | | | | | | |
| ९ | १ | १.१ | १.१.१ | क | विपन्न र सामाजिक रूपले पछाडि परेका महिला लक्षित आर्थिक सशक्तीकरण र सामाजिक रूपान्तरण अभियान, तालिम तथा क्षमता विकास कार्यक्रम संचालन | प्याकेज | | २ | २०० | २ | २०० | २ | २०० | ६ | ६०० | कु.न.पा |
| १० | १ | १.१ | १.१.१ | क | विपद तथा महामारीका समयमा जोखिममा रहेका गर्भवती तथा सुत्केरी महिलाहरूका लागि विषेश कार्यक्रम | प्याकेज | | २ | २०० | २ | २०० | २ | २०० | ६ | ६०० | कु.न.पा |
| ११ | १ | १.२ | १.२.१ | क | बालबालिका तथा किशोरकिशोरीहरू विरुद्ध हुने हिंसा, बाल यौनदुर्व्यवहार, बालश्रम, बालविवाह, बलात्कार, बेचविखन जस्ता अपराध विरुद्ध कानूनी निर्माण तथा कार्यान्वयन | संख्या | | १ | १०० | | | | | १ | १०० | कु.न.पा |
| १२ | १ | १.२ | १.२.१ | क | निर्मित कानूनी प्रावधानका बारे स्थानीय संस्था, समुह, बालक्लब तथा विद्यालयको सकृयतामा अनुशिक्षण तथा अभिमुखीकरण | संख्या | | २० | २०० | २० | २०० | २० | २०० | ६० | ६०० | कु.न.पा |
| १३ | १ | १.२ | १.२.२ | क | इन्टरनेटको दुरुपयोगबाट बालबालिका माथि पर्ने सबै प्रकारका नकारात्मक असरहरू न्यूनीकरणका लागि गोष्ठी, तालिम तथा बालक्लव तथा विद्यालय स्तरमा मनोसामाजिक परामर्श सेवा कार्यक्रम | संख्या | | २० | २०० | २० | २०० | २० | २०० | ६० | ६०० | कु.न.पा |
| १४ | १ | १.२ | १.२.२ | क | प्रत्येक वडामा बाल उद्यान निर्माण | संख्या | | ५ | ५०० | ५ | ५०० | ४ | ४०० | १४ | १४०० | कु.न.पा |
| १५ | १ | १.२ | १.२.२ | क | अतिरिक्त कृयाकलाप, प्रतियोगिता तथा क्षमता विकासका कार्यक्रम | संख्या | | २ | ५०० | २ | ५०० | २ | ५०० | ६ | १५०० | कु.न.पा |
| १६ | १ | १.२ | १.२.२ | क | बालबालिकामा अन्तरनिहित विभिन्न प्रतिभा तथा क्षमता | संख्या | | २ | ५०० | २ | ५०० | २ | ५०० | ६ | १५०० | कु.न.पा |

| क्र.सं. | उद्देश्य नं. | रणनीति नं. | कार्यनीति नं. | संकेत नं. | कार्यक्रम तथा क्रियाकलापहरू | ईकाई | आधार वर्ष (२०७६/७७) | पहिलो आ.व. २०७८/७९ | | दोश्रो आ.व. २०७९/८० | | तेस्रो आ.व. २०८०/८१ | | योजना अवधिको जम्मा | | जिम्मेवार निकाय |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | लक्ष्य | बजेट | लक्ष्य | बजेट | लक्ष्य | बजेट | लक्ष्य | बजेट | |
| | | | | | प्रस्फुटित गर्नका लागि विद्यालय तथा स्थानीय तहमा कार्यक्रम तथा प्रतियोगिता सञ्चालन | | | | | | | | | | | |
| १७ | १ | १.२ | १.२.२ | क | योजना तर्जुमा तथा कार्यान्वयनमा प्रभावकारी सहभागिता तथा नेतृत्व विकासका लागि तालिम सञ्चालन | संख्या | | २ | ५०० | २ | ५०० | २ | ५०० | ६ | १५०० | कु.न.पा |
| १८ | १ | १.२ | १.२.२ | क | विपद तथा महामारीलाई केन्द्रित गरी बालबालिकाहरूलाई संक्रमण न्यूनीकरणका लागि कार्यक्रम | संख्या | | २ | ५०० | २ | ५०० | २ | ५०० | ६ | १५०० | कु.न.पा |
| १९ | १ | १.३ | १.३.१ | क | ज्येष्ठ नागरिक संरक्षण नीति तर्जुमा तथा कार्यान्वयन | संख्या | | १ | १०० | | | | | १ | १०० | कु.न.पा |
| २० | १ | १.३ | १.३.१ | क | ज्येष्ठ नागरिक सामाजिक सुरक्षा भत्ता सहज तथा सुलभ वितरण | संख्या | | | | | | | | ० | ० | कु.न.पा |
| २१ | १ | १.३ | १.३.१ | क | स्वास्थ्य विमा सबै जेष्ठ नागरिकहरूको पहुँचमा विस्तार कार्यक्रम | प्याकेज | | १ | ५०० | १ | ५०० | १ | ५०० | ३ | १५०० | कु.न.पा |
| २२ | १ | १.३ | १.३.१ | क | विपद तथा महामारीका समयमा जेष्ठ नागरिकहरू केन्द्रित राहत कार्यक्रम, संक्रमण नियन्त्रणका लागि सुरक्षाका उपाय अवलम्वनमा सहयोग तथा उपचारका लागि विशेष कार्यक्रम | प्याकेज | | १ | ५०० | १ | ५०० | १ | ५०० | ३ | १५०० | कु.न.पा |
| २३ | १ | १.४ | १.४.१ | क | सबै प्रकारका अपाङ्गता भएका व्यक्तिहरूको हक अधिकार संरक्षण गर्न आवश्यक नीति निर्माण | संख्या | | १ | १०० | | | | | १ | १०० | कु.न.पा |
| २४ | १ | १.४ | १.४.१ | क | अपाङ्गता परिचय पत्रको सहज वितरण कार्यक्रम | प्याकेज | | १ | ५०० | १ | ५०० | १ | ५०० | ३ | १५०० | कु.न.पा |
| २५ | १ | १.४ | १.४.१ | क | अपाङ्गता भएकोहरूको लागि शिक्षा, क्षमता विकास तथा रोजगारीका लागि कार्यक्रम | प्याकेज | | ५ | ५०० | ५ | ५०० | ५ | ५०० | १५ | १५०० | कु.न.पा |
| २६ | २ | २.१ | २.१.१ | क | लैगिक समानता र सामाजिक समावेशीकरण सम्बन्धी स्थानीय नीति, कानून तथा मापदण्डको | संख्या | | १ | २०० | | | | | १ | २०० | कु.न.पा |

| क्र.सं. | उद्देश्य नं. | रणनीति नं. | कार्यनीति नं. | संकेत नं. | कार्यक्रम तथा क्रियाकलापहरू | ईकाई | आधार वर्ष (२०७६/७७) | पहिलो आ.व. २०७८/७९ | | दोश्रो आ.व. २०७९/८० | | तेस्रो आ.व. २०८०/८१ | | योजना अवधिको जम्मा | | जिम्मेवार निकाय |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | लक्ष्य | बजेट | लक्ष्य | बजेट | लक्ष्य | बजेट | लक्ष्य | बजेट | |
| | | | | | निर्माण, सुचक निर्धारण तथा कार्यान्वयन | | | | | | | | | | | |
| २७ | २ | २.१ | २.१.२ | क | नगरपालिकामा संभावना रहेको पर्यटन तथा अन्य उद्योग व्यवसाय सञ्चालनका लागि उद्यमशीलता विकास तालिम कार्यक्रम | प्याकेज | | ५ | ५०० | ५ | ५०० | ५ | ५०० | १५ | १५०० | कु.न.पा |
| २८ | २ | २.१ | २.१.२ | क | महिलाहरुको लागि व्यवसाय संचालन गर्न सहुलियतपूर्ण ऋण व्यवस्था | प्याकेज | | ५ | ५० | ५ | ५० | ५ | ५० | १५ | १५० | कु.न.पा |
| २९ | २ | २.२ | २.२.१ | क | बाल मैत्री स्थानीय शासनका लागि अनुशिक्षण, तालिम तथा पूर्वाधार तयारी | प्याकेज | | १ | ५०० | | | | | १ | ५०० | कु.न.पा |
| ३० | २ | २.३ | २.३.१ | क | जेष्ठ नागरिक सम्मान कार्यक्रम | प्याकेज | | ५ | १० | ५ | १० | ५ | १० | १५ | ३० | कु.न.पा |
| ३१ | २ | २.३ | २.३.१ | क | जेष्ठ नागरिकहरूको सिप तथा अनुभव हस्तान्तरण कार्यक्रम | प्याकेज | | ५ | ५० | ५ | ५० | ५ | ५० | १५ | १५० | कु.न.पा |
| ३२ | २ | २.३ | २.३.१ | क | जेष्ठ नागरिकहरूका लागि दिवा भवन निर्माण | संख्या | | ५ | १००० | ५ | १००० | ४ | ८०० | १४ | २८०० | कु.न.पा |
| ३३ | २ | २.३ | २.३.१ | क | जेष्ठ नागरिकहरूका लागि धार्मिक भवन | प्याकेज | | ५ | १००० | ५ | १००० | ५ | १००० | १५ | ३००० | कु.न.पा |
| ३४ | २ | २.३ | २.३.१ | क | अस्पताल, यातायात आदिमा सहुलियत | प्याकेज | | १ | १०० | | | | | १ | १०० | कु.न.पा |
| ३५ | २ | २.४ | २.४.१ | क | अपाङ्गमैत्री पुर्वाधार निर्माणका लागि नीति निर्माण तथा कार्यान्वयन | प्याकेज | | १ | १०० | | | | | १ | १०० | कु.न.पा |
| ३६ | २ | २.४ | २.४.१ | क | अपाङ्गमैत्री शिक्षण पद्धति सम्बन्धी शिक्षकहरुको लागि तालिम कार्यक्रम संचालन | प्याकेज | | ५ | १००० | ५ | १००० | ५ | १००० | १५ | ३००० | कु.न.पा |
| | | | | | **जम्मा** | | | | **१९३१०** | | **१७६१०** | | **१७३१०** | | **५४२३०** | |

## ४.५.८ नतिजा खाका

### तालिका ४.१५ : नतिजा खाका (लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण)

| नतिजाको स्तर | नतिजा | सूचक | ईकाइ | आधार बर्ष २०७६/७७ | उपलब्धी | | | योजना अवधिको कुल उपलब्धी | पुष्ट्याईको आधार | जिम्मेवार निकाय | जोखिम तथा अनुमान | स्थाससं | प्रससं संकेत | दीराल संकेत | दीविल संकेत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | आ.व. २०७८/७९ | आ.व. २०७९/८० | आ.व. २०८०/८१ | | | | | | | | |
| प्रभाव | महिला, बालबालिका, अपाङ्गता भएका व्यक्तिहरु, जेष्ठ नागरिक तथा सिमान्तकृतहरू विरुद्ध हुने सबै प्रकारका विभेद, हिंसा र शोषण कमी भएको हुने | महिला, बालबालिका, अपाङ्गता भएका व्यक्तिहरु, जेष्ठ नागरिक तथा सिमान्तकृतहरू विरुद्धका विभेदका घटनाहरुमा आएको दर | दर | | ५० | ४० | ३० | ३० | नपावाप्र | नपा | | ७ | ८ | ५ | ५ |
| | | महिलाको कार्यवोझमा आएको कमी | | | ५० | ३० | १० | १० | नपावाप्र | | | | | | |
| असर १ | महिला, बालबालिका, अपाङ्गता भएका, जेष्ठ नागरिक तथा सिमान्तकृतहरूको समग्र अधिकारको संरक्षण तथा प्रवर्द्धन भएको हुने | निर्माण तथा कार्यान्वयन भएका नीति तथा कार्यविधि | संख्या | | आवश्यकता अनुसार | आवश्यकता अनुसार | आवश्यकता अनुसार | आवश्यकता अनुसार | नपावाप्र | नपा | | ७ | ८ | ५ | ५ |
| | | नगरपालिको लैङ्गिक उत्तरदायी बजेट | प्रतिशत | | ५ | १० | १५ | १५ | नपावाप्र | नपा | | ७ | ८ | ५ | ५ |
| | | उजुरी परेका घरेलु तथा लैगिक हिंसा, विवादहरु मध्ये फर्स्यौट भएकाहरु | प्रतिशत | | ५० | ६० | ९० | ९० | नपावाप्र | नपा | | ७ | ८ | ५ | ५ |
| प्रतिफल १.१ | नगरपालिकाको नीति निर्माण, योजना तर्जुमा, कार्यान्वयन र अनुगमन तथा मूल्याङ्कन प्रक्रियामा लक्षित | नीति निर्माण र योजना तर्जूमा प्रक्रियामा महिला, सहभागिताको दर | संख्या | | ३३ | ५० | ७५ | ७५ | नपावाप्र | नपा | | ७ | ८ | ५ | ५ |
| | | औपचारिक रोजगारीमा महिला सहभागिता दर | प्रतिशत | | १० | १५ | २० | २० | नपावाप्र | नपा | | ७ | ८ | ५ | ५ |

| नतिजाको स्तर | नतिजा | सूचक | ईकाइ | आधार बर्ष २०७६/७७ | उपलब्धी | | | योजना अवधिको कुल उपलब्धी | पुष्ट्याईको आधार | जिम्मेवार निकाय | जोखिम तथा अनुमान | स्थाससं | प्रससं संकेत | दीराल संकेत | दीविल संकेत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | आ.व. २०७८/७९ | आ.व. २०७९/८० | आ.व. २०८०/८१ | | | | | | | | |
| | समुदायको सहभागिता वृद्धि भएको हुने । | निर्णय प्रक्रियामा महिलाको सहभागिता | प्रतिशत | | ३३ | ३३ | ३३ | ३३ | नपावाप्र | नपा | | ७ | ८ | ५ | ५ |
| प्रतिफल १.२ | अपाङ्गता भएका व्यक्तिहरु, असहाय, अनाथ, विशेष संरक्षणको आवश्यकता भएका बालबालिकाहरुको जीवन मर्यादित भएको हुने । | संरक्षण भएको बालवलिकाको दर | प्रतिशत | | ५० | ७५ | १०० | १०० | नपावाप्र | नपा | | ७ | ८ | ५ | ५ |
| | | निर्माण भएका वाल उद्यान | संख्या | | ५ | ७ | ९ | ९ | नपावाप्र | नपा | | ७ | ८ | ५ | ५ |
| | | सम्मानित विभिन्न प्रतिभावान बालबालिका | संख्या | | १४ | १४ | १४ | ४२ | नपावाप्र | नपा | | ७ | ८ | ५ | ५ |
| प्रतिफल १.३ | ज्येष्ठ नागरिकको लागि हेरचाह, स्याहार सुसार र उपयुक्त वातावरण सिर्जना भएको | निर्माण भएको नीति तथा कार्यविधी | संख्या | | आवश्यकता अनुसार | आवश्यकता अनुसार | आवश्यकता अनुसार | आवश्यकता अनुसार | नपावाप्र | नपा | | ७ | ८ | ५ | ५ |
| | | सामाजिक सुरक्षा भत्ताको सहजतामा नागरिकाको सन्तुष्टी | तह | | ५० | ६० | ७० | ७० | नपावाप्र | नपा | | ७ | ८ | ५ | ५ |
| | | स्वास्थ्य विमामा पहुँच दर | प्रतिशत | | १०० | १०० | १०० | १०० | नपावाप्र | नपा | | ७ | ८ | ५ | ५ |
| प्रतिफल १.४ | सबै प्रकारका अपाङ्गता भएका व्यक्तिहरूको हक अधिकार संरक्षण भएको हुने | निर्माण भएको नीति | संख्या | | आवश्यकता अनुसार | आवश्यकता अनुसार | आवश्यकता अनुसार | आवश्यकता अनुसार | नपावाप्र | नपा | | ७ | ८ | ५ | ५ |
| | | अपाङ्ग परिचय पत्र पाएको संख्या | प्रतिशत | | १०० | १०० | १०० | १०० | नपावाप्र | नपा | | ७ | ८ | ५ | ५ |
| | | योजना तर्जुमामा सहभागिता दर | प्रतिशत | | ५ | ५ | १० | १० | नपावाप्र | नपा | | ७ | ८ | ५ | ५ |
| | | नेतृत्व तहमा पुगेकाको दर | प्रतिशत | | १० | १० | १० | १० | नपावाप्र | नपा | | ७ | ८ | ५ | ५ |
| | | अपाङ्गता लक्षित बजेट | प्रतिशत | | ५ | ५ | ५ | ५ | नपावाप्र | नपा | | ७ | ८ | ५ | ५ |
| असर २ | महिला, बालबालिका, अपाङ्गता भएका | जीवन थप सहज भएको महशुस गर्नेहरु | प्रतिशत | | ५० | ६० | ७५ | ७५ | नपावाप्र | नपा | | ७ | ८ | ५ | ५ |

| नतिजाको स्तर | नतिजा | सूचक | ईकाइ | आधार बर्ष २०७६/७७ | उपलब्धी | | | योजना अवधिको कुल उपलब्धी | पुष्ट्याईको आधार | जिम्मेवार निकाय | जोखिम तथा अनुमान | स्थासं | प्रसं संकेत | दीराल संकेत | दीविल संकेत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | आ.व. २०७८/७९ | आ.व. २०७९/८० | आ.व. २०८०/८१ | | | | | | | | |
| | व्यक्तिहरु, जेष्ठ नागरिक तथा सिमान्तकृतहरू मैत्री वातावरण सिर्जना भएको हुने । | | | | | | | | | | | | | | |
| प्रतिफल २.१ | महिलाहरु व्यवसाय सञ्चालन तथा आयमूलक कार्य गरी स्वरोजगार तथा उद्यमशीलता विकास भएको हुने । | महिलाको नेतृत्वमा संचालित पर्यटनसँग सम्बन्धी व्यवसाय तथा उद्योग | प्रतिशत | | १० | १५ | २० | २० | नपावाप्र | नपा | | ७ | ८ | ५ | ५ |
| | | व्यवसाय तथा उद्योगमा संलग्न महिलाको दर | प्रतिशत | | १० | १५ | २० | २० | नपावाप्र | नपा | | ७ | ८ | ५ | ५ |

## ४.६ भाषा तथा संस्कृति

### ४.६.१ पृष्ठभुमि

यस नगरपालिकामा विभिन्न जात जातिहरूको बसोबास रहेको छ । ब्राह्मण, क्षेत्री, मगर, दमाई, कामी, सार्की, ठकुरी, दशनामी, गुरुङ, नेवार, राई, लिम्बु, यादव, मुसलमान आदिजस्ता विभिन्न जातजातिका मानिसहरूको बसोबास रहेको यस नगरपालिकामा अधिकांश मानिसको मूख्य भाषा नेपाली रहेको छ । नगरपालिकाको समग्र जातिगत विवरणलाई अध्ययन गर्दा सबैभन्दा बढी ब्राम्हण जाती (४२.०४% ) रहेको देखिन्छ भने क्षेत्री, सार्की, कामी, दमाई क्रमशः दोस्रो, तेस्रो र चौंथो स्थानमा रहेको देखिन्छ। दलित वर्गको कुल जनसंख्या ९७६४ बराबर रहेको छ । सबैभन्दा कम हजाम/ठाकुर जातिको जनसंख्या जम्मा ११ रहेको देखिन्छ ।

यस नगरपालिकामा महत्वपूर्ण ऐतिहासिक, पौराणिक तथा धार्मिक सम्पदा स्थलहरू रहेका छन् । यो क्षेत्र पौराणिक महत्व बोकेको क्षेत्र पनि हो । माता पार्वतीको जन्म भएको विश्वास मानिएको पाङ, वैदिक साहित्यमा वर्णन गरिएको पञ्चासे, ऐतिहासिक कोटघरहरू तथा विभिन्न धर्मावलम्बी तथा सम्प्रदायका मानिसहरूले आस्थापूर्वक पूजाआजा गर्ने मठ, मन्दिर, गुम्बा, चर्च, मस्जिद तथा देवालयहरू यहाँ रहेका छन् । विभिन्न जात जातिका मानिसहरूले कुलपूजा गर्ने स्थानमा कुल मन्दिरहरू, भैरमथान, झाँक्रीथान, भूमेथान तथा मण्डली थानहरू रहेका छन् ।

यस नगर पालिकामा पर्यटनका अधिक सम्भावना भएको यो क्षेत्र धार्मिक तथा सांस्कृतिक रुपमा महत्वपुर्ण क्षेत्र हो । यो क्षेत्रको भेषभुषा, संस्कृति, रहनसहन तथा रीतिरिवाज आदिलाई आर्थिक तथा पर्यटन विकाससँग सम्बद्ध गराउन सकिने सम्भावना रहेको छ ।

सङ्ग्रहालय, संस्कृतिको जर्गेना, ऐतिहासिक वस्तुहरूको प्रचार प्रसार संरक्षण, प्रबर्द्धन, मेला पर्व महोत्सव सञ्चालन गरी आय आर्जनमा वृद्धि गर्न सकिने सम्भावना रहेको छ ।

नगर क्षेत्रमा निर्माण गरिएका पुराना सत्तल, पाटी, पौवा जीर्ण अवस्थामा रहेकोले यिनीहरू जिर्णोद्धार गर्नुपर्ने अवस्थामा पुगेका छन् ।

### ४.६.२ प्रमुख समस्या

ऐतिहासिक र साँस्कृतिक सम्पदाहरूको उचित संरक्षण र प्रबर्द्धन हुन नसक्नु, परपम्परागत रिती रिवाज लोप हुँदै जानु, मोबाइल जस्ता नयाँ प्रविधिहरूको विस्तारका कारण अघिल्ला पुस्तामा भएको ज्ञान र सिप पछिल्लो पुस्तामा हस्तान्तरण नहुनु आदिको कारण जात्रा पर्व कम हुँदै जानु जस्ता प्रमुख समस्याको रुपमा रहेका छन् ।

### ४.६.३ चुनौती र अवसर

**(क) चुनौती**

प्राचिन सम्पदाको संरक्षण र संवर्द्धन गर्नु, भाषा, संस्कृति र सम्पदा सम्बन्धी अध्ययन अनुसन्धान र प्रोफाइलहरूको निर्माण र अद्यावधिक गर्नु ।

**(ख) अवसर**

### ४.६.४ दीर्घकालिन सोच, लक्ष्य र उद्देश्य

**सोच** : स्थानीय भाषा र संस्कृति संरक्षणको आधार पर्यटन प्रवर्द्धनको पुर्वाधार

**लक्ष्य** : स्थानीय भाषा, ऐतिहासिक, पौराणिक तथा धार्मिक सम्पदाको पहिचान तथा संरक्षण गर्ने ।

**उद्देश्य**

१ ऐतिहासिक, पौराणिक तथा धार्मिक सम्पदाको संरक्षण, संवर्द्धन र प्रचार प्रसार गर्नु ।

## ४.६.५ रणनीति र कार्यनीति

**तालिका ४.१६ : रणनीति तथा कार्यनीति**

| रणनीति | कार्यनीति |
|---|---|
| **उद्देश्य १ : ऐतिहासिक, पौराणिक तथा धार्मिक सम्पदाको संरक्षण, संवर्द्धन र प्रचार प्रसार गर्नु ।** | |
| १.१ ऐतिहासिक, पौराणिक तथा धार्मिक सम्पदालाई प्राथमिकताका साथ विकासको मुल प्रवाहमा समेट्ने छ । | १.१.१ ऐतिहासिक र पुरातात्विक महत्वका स्थानहरूको संरक्षण तथा प्रबर्द्धनका लागि समावेशी समिति गठन गरिनेछ ।<br>१.१.२ विभिन्न सामाजिक सञ्जालहरूको माध्यमहरूवाट ऐतिहासिक र पुरातात्विक महत्वका स्थानहरूको प्रचारप्रसार र प्रबर्द्धन गरिनेछ । |

## ४.६.६ कार्यक्रमका प्राथमिकता

१. नगरपालिकाभित्र रहेका विभिन्न ऐतिहासिक सम्पदास्थल, मठ मन्दिर, देवालय तथा अन्य पर्यटकीय स्थलहरूको पहिचान खुल्ने गरी व्यापक प्रचार प्रसार गर्ने ।

### ४.६.७ विस्तृत कार्यक्रम र बजेट

**तालिका ४.१७ : कार्यक्रम तथा बजेट (भाषा तथा संस्कृति)**

*(रू. हजारमा)*

| क्र.सं. | उद्देश्य नं. | रणनीति नं. | कार्यनीति नं. | संकेत नं. | कार्यक्रम तथा क्रियाकलापहरू | ईकाई | आधार वर्ष (२०७६/७७) | पहिलो आ.व. २०७८/७९ | | दोश्रो आ.व. २०७९/८० | | तेस्रो आ.व. २०८०/८१ | | योजना अवधिको जम्मा | | जिम्मेवार निकाय |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | लक्ष्य | बजेट | लक्ष्य | बजेट | लक्ष्य | बजेट | लक्ष्य | बजेट | |
| १ | १ | १.१ | १.१.१ | क | ऐतिहासिक र पुरातात्विक महत्वका स्थानहरूको संरक्षण तथा प्रवर्द्धनका लागि समावेशी समिति गठन | संख्या | | १० | ५० | १० | ५० | १० | ५० | ३० | १५० | कु.न.पा |
| २ | १ | १.१ | १.१.१ | क | ऐतिहासिक र पुरातात्विक महत्वका स्थानहरूको विवरण तयारी | संख्या | | १ | ३०० | | | | | १ | ३०० | कु.न.पा |
| ३ | १ | १.१ | १.१.१ | क | ऐतिहासिक र पुरातात्विक महत्वका स्थानहरूको मर्मत तथा संरक्षण | संख्या | | ५ | ५००० | ५ | ५००० | ५ | ५००० | १५ | १५००० | कु.न.पा |
| ४ | १ | १.१ | १.१.२ | क | विभिन्न सामाजिक सञ्जालहरूको माध्यमहरूवाट ऐतिहासिक र पुरातात्विक महत्वका स्थानहरूको प्रचारप्रसार र प्रवर्द्धन | प्याकेज | | १० | १००० | १० | १००० | १० | १००० | ३० | ३००० | कु.न.पा |
| | | | | | **जम्मा** | | | | ६३५० | | ६०५० | | ६०५० | | १८४५० | |

## ४.६.८ नतिजा खाका

### तालिका ४.१८ : नतिजा खाका (भाषा तथा संस्कृति)

| नतिजाको स्तर | नतिजा | सूचक | ईकाइ | आधार बर्ष २०७६/७७ | उपलब्धी | | | योजना अवधिको कुल उपलब्धी | पुष्ट्याईको आधार | जिम्मेवार निकाय | जोखिम तथा अनुमान | स्थासं | प्रसं संकेत | दीराल संकेत | दीविल संकेत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | आ.व. २०७८/७९ | आ.व. २०७९/८० | आ.व. २०८०/८१ | | | | | | | | |
| प्रभाव | स्थानीय भाषा, ऐतिहासिक, पौराणिक तथा धार्मिक सम्पदाको पहिचान तथा संरक्षण भएको हुने । | संरक्षणको प्रयास गरिएको स्थानीय भाषाहरु | प्रतिशत | | १ | २ | ३ | ३ | नपावाप्र | नपा | | ७ | १ | १० | १६ |
| | | संरक्षण गरिएका थप ऐतिहासिक, धार्मिक तथा सास्कृतिक महत्वका स्थानहरु | संख्या | | २ | ३ | ३ | ८ | नपावाप्र | नपा | | ७ | १ | १० | १६ |
| असर १ | ऐतिहासिक, पौराणिक तथा धार्मिक सम्पदाको प्रचार प्रसार भएको हुने । | संरंक्षित र प्रचार प्रसार भएका संपदा | प्रतिशत | | २५ | ५० | ७५ | ७५ | नपावाप्र | नपा | | ७ | १ | १० | १६ |
| | | संरक्षित संपदाको भ्रमणमा आउने आन्तरिक पर्यटक | संख्या वार्षिक | | २०० | ३०० | ५०० | १००० | नपावाप्र | नपा | | ७ | १ | १० | १६ |
| प्रतिफल १.१ | ऐतिहासिक, पौराणिक तथा धार्मिक सम्पदा विकासको मुल प्रवाहमा समेटिएको हुने । | यातायात सेवा सहज भएको स्थलहरु | प्रतिशत | | २५ | ५० | ७५ | ७५ | नपावाप्र | नपा | | ७ | १ | १० | १६ |
| | | नपाको बजेटमा संरक्षणका लागि खर्च भएको बजेट | प्रतिशत | | ५ | १० | १५ | १५ | नपावाप्र | नपा | | ७ | १ | १० | १६ |

# परिच्छेद पाँच : भौतिक पूर्वाधार विकास

नगरपालिकाको सामाजिक, आर्थिक, वन तथा वातावरण लगायतका विविध क्षेत्रमा प्रभावकारी एवं द्रुत गतिमा सेवा प्रवाह गर्न भौतिक संरचना तथा पूर्वाधार विकास क्षेत्रले महत्वपूर्ण स्थान ओगटेको हुन्छ। नगरपालिकाको चौतर्फी विकासको लागि पूर्वाधार विकास अन्य विषयगत क्षेत्रसंग पनि अन्तर सम्बन्धित हुन्छ। पूर्वाधारको क्षेत्रहरूमा मूलतः सडक तथा यातायात, परम्परागत गोरेटो बाटो, पर्यटकीय पद मार्ग, पक्की तथा झोलुङ्गे पुल, आवास, भवन तथा वस्ती विकास, विद्युत तथा वैकल्पिक उर्जा र सूचना, सञ्चार र प्रविधि जस्ता विषयहरू समावेश गरिएका छन।

## ५.१ सडक

### ५.१.१ पृष्ठभूमि

यो नगरपालिका गण्डकी प्रदेशको राजधानी पोखराबाट ५७ कि.मी. र बाग्लुङ्गबाट १५ कि.मी.को दुरीमा अवस्थित छ। यस नगरपालिकालाई मध्य पहाडी राजमार्गले बाग्लुङ्ग, म्याग्दी र पोखरासम्मको आवागमनमा सहजता प्रदान गरेको छ। यसका अतिरिक्त काली गण्डकी लोकमार्ग र कालीगण्डकी कोरिडोरले पनि आवागमनमा सुविधा पुऱ्याउँछ। नगरको १४ वटै वडा सडक सञ्जालले जोडिएको छ। सडक सञ्जालको विस्तार गर्दा विभिन्न खोलानालाहरूमा पुल तथा कज्वे निर्माण तथा मर्मत गरी बाह्रै महिना आवतजावतको सुविधा उपलब्ध गराउने कार्य नगरपालिकाको प्राथमिकतामा परेको छ। हाल सम्म यस नगरपालिका भित्र २०.६८ किमी कालोपत्रे सडक, २२८.२४ किमी कच्ची सडक र २२.४३ किमी ग्राभेल सडक सहित जम्मा २७१.३५ किमी सडक रहेको छ।

ग्रामीण क्षेत्रमा उत्पादित कृषि उपजलाई बजारीकरणको व्यवस्था गर्न ग्रामीण कृषि सडकलाई स्तरोन्नती तथा नयाँ ट्रयाक खोल्ने नीतिका साथ नगरपालिका अघि बढी रहेको छ। वडा नं. १२, १३ र १४ लाई जोड्ने ठूली पोखरी, रोहटे, विरौटा, अधेरनेटा, आर्थर, पञ्चासे जस्ता ठूला लगानी लाग्ने सडकमा संघ तथा प्रदेश सरकारसँग समन्वय तथा सहकार्य गरी समपुरक अनुदानबाट काम गर्दै आएको छ। निर्माण गरिएका सडक सञ्जालमा सदावहार रुपमा यातायातका साधन सञ्चालन गर्नका लागि बाटो बनाउँदा नाली सहितको बनाउनु पर्ने भएको छ।

### ५.१.२ प्रमुख समस्या

कुश्मा नगरपालिका केन्द्र र पर्वत जिल्लाको सदरमुकाम रहेको भएतापनि यस नगरमा ग्रामीण क्षेत्रहरू पनि रहेका छन्। अधिकांश ग्रामीण क्षेत्रले ओगटेको यस नगरमा छरिएर रहेका वस्ती भएकाले सडक निर्माण कार्यमा अपेक्षित रुपमा उपलब्धी हासिल हुन सकेको छैन। जनस्तरबाट सडक निर्माणमा अत्याधिक माग आउने र सिमित स्रोत साधनका कारण प्राथमिकीकरण गर्न नसक्दा कनिका छरे जस्तै गरी बजेट विनियोजन गर्दा गुणस्तरको सडक निर्माण गर्न कठिनाई हुने गरेको छ। भिरालो भू–धरातल भएकाले सडक निर्माण गर्दा भूक्षय तथा पहिरोको समस्या सिर्जना हुने गरेको छ। आवधिक विकास योजना नभएकोले सानासाना योजनामा बजेट खर्च हुँदा सडक क्षेत्रमा अपेक्षित रुपमा उपलब्धी हासिल हुन नसक्नु पनि यस क्षेत्रको समस्याको रुपमा रहेको छ। सडकको अधिकार क्षेत्र किटान गरिएता पनि शाखा उपशाखा सडकसम्म लागु गर्न सकिएको छैन।

### ५.१.३ चुनौती र अवसर

**(क) चुनौती**

पहाडी तथा ग्रामीण क्षेत्रले ढाकिएको यस क्षेत्रमा कृषि तथा पर्यटनलाई टेवा पुग्ने खालका सडक निर्माण गरी सामाजिक तथा आर्थिक क्षेत्रलाई गतिशिल बनाउनु प्रमुख चुनौती रहेको छ । पहाडी तथा भिरालो जमिन भएकाले ढलान गरी पक्की सडकको निर्माण गर्नुपर्ने वाध्यता रहेको छ । पहाडी भुभाग भएकाले हिउँदमा बनाइएको बाटो वर्षामा बगाएर लैजाने कारणले वर्षेपिच्छे एउटै बाटोमा लाखौ बजेट खर्च गर्न पर्ने अवस्था छ । सडक निर्माण गर्दा वातावरणीय पक्षलाई ध्यानमा राखेर त्यसबाट उत्पन्न हुने पहिरो तथा भूक्षयले पार्ने नकारात्मक प्रभावलाई न्यूनीकरण गर्दै अगाडि बढ्नु पर्ने देखिन्छ । सिमित स्रोत साधनका बावजुत धार्मिक तथा पर्यटकीय क्षेत्रहरूलाई टेवा पुग्ने गरी आवश्यक स्थानहरूमा पदमार्ग तथा झोलुङ्गे पुल निर्माण गर्नु थप चुनौतिपूर्ण कार्य हो । सडक सञ्जाललाई बाग्लुङ्गको वलेवा एयरपोर्ट, काली गण्डकी लोकमार्ग, काली गण्डकी कोरिडोरसँग छोटो दुरीमा आबद्ध गरी यात्रा अवधिलाई घटाउनु यस क्षेत्रका थप चुनौतिहरू हुन । वडा नं. ३, ७, ८, १०, १२, १३ र १४ वडाहरु कालोपत्रे सडकले जोडनु एउटा प्रमुख चुनौतीको रुपमा रहेको छ ।

**(ख) अवसर**

मध्य पहाडी लोकमार्ग, काली गण्डकी लोकमार्ग, काली गण्डकी करिडोर, बलेवा एयरपोर्टले यस नगरपालिकाको लागि ठूला अवसरको रुपमा रहेका छन् । वाग्लुङ्गबाट १५ कि.मी. र गण्डकी प्रदेशको राजधानी पोखराबाट ५७ कि.मी को दुरीमा रहेको यस नगरपालिकाको वडा नं ५ मा अवस्थित २४७ मी.उचाई र १५६ मी. लामो वाग्लुङ्ग बलेवा कैया झोलुङ्गे पुल, विश्वको दोस्रो अग्लो वन्जी जम्म, कुश्मा र वाग्लुङ्ग वलेवा जोड्ने यान्त्रिक पुल, जिप लाइनलाई पनि यस क्षेत्रका अवसरका रुपमा लिन सकिन्छ । त्यसै गरी वडा नं १ अदुवाबारीबाट बाग्लुङ्ग कालिका मन्दिर जोड्ने ५६७ मिटर लामो झोलुङ्गे पुल यस क्षेत्रको आर्थिक सामाजिक विकासको लागि अर्को अवसरको रुपमा लिन सकिन्छ । प्रदेश राजधानीबाट नजिक हुनु, एकिकृत शहरी विकास आयोजना तर्जुमा कार्य सम्पन्न भई कार्यान्वयनको चरणमा रहनु, कालिगण्डकी करिडोरसँग सडक सञ्जाल जोडिनु पनि कुश्मा नगरपालिकाको लागि अवसरको रुपमा लिन सकिन्छ । पूर्वाधार विकासका लागि कालीगण्डकी नदीको बगर क्षेत्रमा ढुङ्गा गिट्टी, बालुवा उपलब्ध हुनु पूर्वाधार विकासको लागि एउटा ठूलो अवसर हो ।

### ५.१.४ दीर्घकालिन सोच, लक्ष्य र उद्देश्य

**सोच** : गुणस्तरीय एवं दिगो सडक सञ्जाल सहितको नगरपालिका

**लक्ष्य** : नगर भित्र उत्थानशिल सडक यातायातको सुविधा विस्तार गर्ने ।

**उद्देश्य** :

१. सडक सञ्जाल विस्तार, स्तरोन्नती, संरक्षण तथा नियमित मर्मत सम्भार गर्नु ।

२. सडक तथा पदमार्गको संरक्षण र नियमित मर्मत सम्भार गर्नु ।

### ५.१.५ रणनीति र कार्यनीति

**तालिका ५.१ : रणनीति तथा कार्यनीति**

| रणनीति | कार्यनीति |
|---|---|
| **उद्देश्य १ : सडक सञ्जाल विस्तार, स्तरोन्नती, संरक्षण तथा नियमित मर्मत सम्भार गर्नु ।** | |
| १.१ सबै वडाहरूमा सडकको मापदण्ड सहित दिगो तथा वातावरणमैत्री सडक सञ्जालको विस्तार गर्ने । | १.१.१ सडक सञ्जालसँग जोडिन बाँकी रहेको टोल वस्तीमा भरपर्दो सडक निर्माण गरिनेछ ।<br>१.१.२ कृषि तथा धार्मिक एवं पर्यटकीय महत्वका स्थानहरूमा सडक सञ्जालको विस्तार गरिनेछ ।<br>१.१.३ नगर केन्द्र तथा राष्ट्रिय गौरवका सडकमा जोड्ने सडक सञ्जाललाई क्रमागत रूपमा वर्षैभरि चल्न सक्ने गरी स्तरोन्नति गरिनेछ ।<br>१.१.४ सडक निर्माण गर्दा यातायात गुरुयोजना तयार पारी भौगोलिक अवस्था अनुसार मापदण्ड निर्धारण, वर्गीकरण तथा प्राथमिकता निर्धारण गरिनेछ ।<br>१.१.५ ग्रामीण सडकहरूले ओगटेको भागलाई सडकको मापदण्ड अनुसार लगत कट्टा गर्न पहल गरिनेछ । |
| **उद्देश्य २ : सडक तथा पदमार्गको संरक्षण र नियमित मर्मत सम्भार गर्नु ।** | |
| २.१ नियमित रुपमा सडक तथा पदमार्गको मर्मत सम्भार गर्ने । | २.१.१ भू–बनोट अनुसार आवश्यक स्थानमा ढलान गरी सडक निर्माण गरिनेछ ।<br>२.१.२ सबै सडकहरूमा अनिवार्य रुपमा नाली निर्माण गरी बाह्रै महिना नियमित रुपमा यातायात सञ्चालनको व्यवस्था मिलाइनेछ ।<br>२.१.३ सडकको दायाँ र बाँया पहिरो जाने सम्भावित स्थानमा बायोइन्जिनियरिङ्ग प्रविधिबाट रोकथाम गरिनेछ ।<br>२.१.४ हेलिप्याड र पदमार्गहरूको मर्मत संभार नियमित रुपमा गरिने छ । |

### ५.१.६ कार्यक्रमका प्राथमिकता

१. वडा केन्द्र जोडने सडकको गुणस्तर वृद्धि,
२. पर्यटन पदमार्गको गुणस्तर वृद्धि,
३. नगर यातायात गुरुयोजना तर्जुमा,
४. सडकहरूको नियमित मर्मत सम्भार गर्ने ।

## ५.१.७ विस्तृत कार्यक्रम र बजेट

### तालिका ५.२ : कार्यक्रम तथा बजेट (सडक)

*(रू. हजारमा)*

| क्र.सं. | उद्देश्य नं. | रणनीति नं. | कार्यनीति नं. | संकेत नं. | कार्यक्रम तथा क्रियाकलापहरू | इकाई | आधार वर्ष (२०७६/७७) | पहिलो आ.व. २०७८/७९ | | दोश्रो आ.व. २०७९/८० | | तेस्रो आ.व. २०८०/८१ | | योजना अवधिको जम्मा | | जिम्मेवार निकाय |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | लक्ष्य | बजेट | लक्ष्य | बजेट | लक्ष्य | बजेट | लक्ष्य | बजेट | |
| १ | १ | १.१ | १.१.१ | कख | सडक संजालसँग नजोडिएको वस्ती र टोल जोड्ने बाटो कच्चि बाटो निर्माण | किमी | | २० | १००००० | २० | ११०००० | २० | १२०००० | ६० | ३३०००० | नपाको भौतिक पूर्वाधार विकास शाखा |
| २ | | | १.१.२ | कख | कृषि तथा पर्यटकीय सडक स्तरोन्नती | किमी | | ५ | १०२५०० | ५ | १२५००० | ५ | १५७५०० | १५ | ३८५००० | नपाको भौतिक पूर्वाधार विकास शाखा |
| ३ | | | १,१,३ | कख | वडा केन्द्र जोडने सडक स्तरोन्नती | किमी | | ३ | ९००० | ३ | ९००० | ३ | ९००० | ९ | २७००० | नपाको भौतिक पूर्वाधार विकास शाखा |
| ४ | | | १.१..३ | क | सडकहरूको नियमित मर्मत संभार | किमी | | ३० | ३०००० | ३० | ३५००० | ३ | ४०००० | ६३ | १०५००० | नपाको भौतिक पूर्वाधार विकास शाखा र |
| ५ | | | १,१,४ | क | नगर यातायात गुरुयोजना निर्माण | संख्या | | १ | १००० | ० | ० | ० | ० | १ | १००० | नपाको भौतिक पूर्वाधार विकास शाखा |
| ६ | २ | २.१ | २.१.१ | कख | सडकहरूको दायाँ बायाँ बायोइन्जिनियरिङ कार्य | किमी | | १ | ३००० | १ | ३५०० | १ | ४००० | ३ | १०५०० | नपाको भौतिक पूर्वाधार विकास शाखा |
| ७ | | | २.१.२ | कख | कल्भर्टहरूका निर्माण | संख्या | | २ | ४००० | ३ | ६००० | १ | २५०० | ६ | १२५०० | नपाको भौतिक पूर्वाधार विकास शाखा |
| ८ | | | २.१.३ | क | पदमार्गहरूको निर्माण | किमी | | ५ | १५००० | ५ | १५००० | ५ | १५००० | १५ | ४५००० | नपाको भौतिक पूर्वाधार विकास शाखा |
| | | | | | **जम्मा** | | | | **२६४५००** | | **३०३५००** | | **३४८०००** | | **९१६०००** | |

## ५.१.८ नतिजा खाका

### तालिका ५.३ : नतिजा खाका (सडक)

| नतिजा स्तर | नतिजा | सूचक | एकाई | आधार वर्ष २०७६/७७ | उपलब्धी आ.व. २०७९/८० | आ.व. २०८०/८१ | आ.व. २०८१/८२ | योजना अवधिको कूल उपलब्धी | पुष्ट्याईका आधार | जिम्मेवार निकाय | जोखिम तथा अनुमान | स्थासंसं | प्रसं संकेत | दीराल संकेत | दिविल संकेत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| प्रभाव | नगर भित्र उत्थानशिल सडक यातायातको सुविधा विस्तार भएको हुने । | समग्र सडक घनत्व (प्रति वर्ग कि.मी. सडक लम्बाई) | कि.मी. /व.किमी | | ३ | ४ | ५ | ५ | कुनववि | नपा | संघ तथा प्रदेश सरकारसंग समन्वय हुने | ४ | ५ | ३ | ९ |
| | | पक्की/कालोपत्रे सडकको घनत्व | कि.मी /व.किमी | | १ | १.५ | २ | २ | कुनववि | नपा | " | ४ | ५ | ३ | ९ |
| | | हिँडेर पक्की सडकमा पुग्न लाग्ने औषत समय | घटा | | १ | .७५ | .५० | .५ | कुनववि | नपा | " | ४ | ५ | ३ | ९ |
| | | १२ है महिना यातायात सुचारु सडक घनत्व | कि.मि. | | २ | ३ | ४ | ४ | कुनववि | नपा | " | ४ | ५ | ३ | ९ |
| | | नियमित मर्मत संभार भएको सडकको लम्बाई | किमि | | ५० | ७५ | १०० | १०० | कुनववि | नपा | " | ४ | ५ | ३ | ९ |
| असर १ | सडक संजाल विस्तार, स्तरोन्नती, संरक्षण र नियमित मर्मत संभार भएको हुने । | कालोपत्रे सडक | थप कि.मी. | | ५ | १० | १५ | ३० | कुनववि | नपा | " | ४ | ५ | ३ | ९ |
| | | ग्राभेल सडक | थप कि.मी. | | १० | २० | ३० | ६० | कुनववि | नपा | " | ४ | ५ | ३ | ९ |
| | | ढलान गरिएको सडक | थप कि.मी. | | २ | २ | २ | ६ | कुनववि | नपा | " | ४ | ५ | ३ | ९ |
| | | झोलुङ्गे पुल | संख्या | २३ | १ | १ | १ | ३ | कुनववि | नपा | " | ४ | ५ | ३ | ९ |

| नतिजा स्तर | नतिजा | सूचक | एकाई | आधार वर्ष २०७६/७७ | उपलब्धी | | | योजना अवधिको कूल उपलब्धी | पुष्ट्याईका आधार | जिम्मेवार निकाय | जोखिम तथा अनुमान | स्थासंसं | प्रसंस संकेत | दीराल संकेत | दिविल संकेत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | आ.व. २०७९/८० | आ.व. २०८०/८१ | आ.व. २०८१/८२ | | | | | | | | |
| प्रतिफल १.१ | सडकको मापदण्ड किटान गरी सो बमोजिमको सडक सञ्जाल विस्तार भएको हुने । | EMP/IEE/EIA गरी निर्माण भएका सडक | (संख्या) | | ५ | १० | १५ | ३० | कुनववि | नपा | ” | ४ | ५ | ३ | ९ |
| | | नगर क्षेत्रभित्र पर्ने लोकमार्गको लम्बाई | कि.मी. | | १० | २० | ३० | ६० | कुनववि | नपा | ” | ४ | ५ | ३ | ९ |
| | | मापदण्ड अनुसार निर्माण भएका सडक | कि.मी | | ५ | १० | १५ | ३० | कुनववि | नपा | ” | ४ | ५ | ३ | ९ |
| | | डि.पी.आर. तयार गरि निर्माण भएका सडक | संख्या | | ५ | १० | १५ | ३० | कुनववि | नपा | ” | ४ | ५ | ३ | ९ |
| प्रतिफल १.२ | सडक तथा पदमार्गको नियमित रुपमा मर्मत सभार भएको हुने । | पदमार्गहरु | थप संख्या | | १ | १ | १ | ३ | कुनववि | नपा | ” | ४ | ५ | ३ | ९ |
| | | नियमित मर्मत भएका पदमार्गहरु | प्रतिशत | | ५० | ६० | ७५ | ७५ | कुनववि | नपा | ” | ४ | ५ | ३ | ९ |
| असर २ | सडक तथा पदमार्गको संरक्षण र नियमित मर्मत सम्भार भएको हुने | नियमित मर्मत सम्भार भएको सडकको लम्बाई | कि.मी | | १० | १५ | २० | ४५ | कुनववि | नपा | ” | ४ | ५ | ३ | ९ |
| | | नियमित मर्मत सम्भार भएको पदमार्गको लम्बाई | कि.मी. | | ५ | १० | १५ | ३० | कुनववि | नपा | ” | ४ | ५ | ३ | ९ |
| प्रतिफल २.१ | सडक मर्मत तथा सम्भारमा लगानी वृद्धि भएको हुने | सडक बजेटमध्ये मर्मत सम्भारको प्रतिशत | प्रतिशत | | २० | २५ | ३० | ३० | कुनववि | नपा | ” | ४ | ५ | ३ | ९ |

| नतिजा स्तर | नतिजा | सूचक | एकाई | आधार वर्ष २०७६/७७ | उपलब्धी | | | योजना अवधिको कूल उपलब्धी | पुष्ट्याईका आधार | जिम्मेवार निकाय | जोखिम तथा अनुमान | स्थासंसं | प्रसंस संकेत | दीराल संकेत | दिविल संकेत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | आ.व. २०७९/८० | आ.व. २०८०/८१ | आ.व. २०८१/८२ | | | | | | | | |
| | | पदमार्गको बजेटमध्ये पदमार्गको मर्मत प्रतिशत | प्रतिशत | | २० | २५ | ३० | ३० | कुनववि | नपा | ” | ४ | ५ | ३ | ९ |

## ५.२ यातायात

### ५.२.१ पृष्ठभूमि

यातायातको विकासले कृषि उत्पादकत्व वृद्धि गर्न, शिक्षा स्वास्थ्य जस्ता अत्यावश्यक सेवामा पहुँच उपलब्ध गराउदै रोजगारी सिर्जना गर्न, गरीबी न्यूनीकरण गर्दै समग्र सामाजिक र आर्थिक विकासमा टेवा पुर्‍याउन उल्लेखनीय योगदान गर्दछ । निकट भविष्यमा कालीगण्डकी लोकमार्ग तथा कालीगण्डकी कोरिडोरले यातायातको क्षेत्रमा पुर्‍याउने योगदानले दिगो विकास लक्ष्य ९ हासिलमा टेवा पुग्ने देखिन्छ। कुश्मा नगरलाई मध्यपहाडी लोकमार्गले बाग्लुङ्ग, बेनी, तथा पोखरासम्मको लागि बस सेवा सञ्चालनमा रहेका छन। १४ वटा वडाहरू मध्ये वडा नं. १३ र १४ मा सार्वजनिक यातायात नियमित रुपमा सञ्चालन भएका छैनन । अन्य वडाहरूमा पनि नगर बस सञ्चालनमा आएका छैनन । मध्यपहाडी लोकमार्गमा जोडिएका वडाहरूमा सार्वजनिक यातायातको सुविधा उपलब्ध छ। कुश्मा नगरबाट पोखरासम्मको लागि ट्याक्सीले आवागमनमा सुविधा प्रदान गरेको छ। धार्मिक तथा पर्यटकीय महत्वका स्थानहरू रहेका वडा नं. ४, ५, ६, ७ र ८ मा अटोरिक्साले आवागमनमा सुविधा प्रदान गर्दै आएको छ।

### ५.२.२ प्रमुख समस्या

अधिकांश ग्रामीण क्षेत्रले ओगटेको यस नगरमा छरिएर रहेका वस्ती भएकाले सडक निर्माण कार्यमा अपेक्षित रुपमा उपलब्धी हासिल हुन नसक्दा सबै वडाहरूमा यातायात पहुँच पुग्न सकेको छैन। विस्तृत परियोजना प्रतिवेदन नबनाई सडक निर्माण गरिएका कच्ची सडक भएकाले यातायात सेवा सञ्चालनमा कठिनाई भइरहेको छ । बजार क्षेत्रका वडाहरू र मध्यपहाडी लोकमार्गले छोएका सडकहरूमा मात्र यातायात सेवा सञ्चालनमा रहेको छ । ग्रामीण वडाका सबै वस्तीहरूमा भरपर्दो सडक सञ्जालको विस्तार नभइसक्दा यातायातका साधनहरू नियमित रुपमा सञ्चालन हुन सकेका छैन।

### ५.२.३ चुनौती र अवसर

**(क) चुनौती**

पहाडी तथा ग्रामीण क्षेत्रले ढाकिएको यस क्षेत्रमा कृषि तथा पर्यटनलाई टेवा पुग्ने खालका सडक निर्माण गरी सामाजिक तथा आर्थिक क्षेत्रलाई गतिशिल बनाउनु प्रमुख चुनौति रहेको छ। यस नगरपालिकाको १५ देखि ३० डिग्री झुकाव भएको जमिन ५०.५ प्रतिशत, ३० देखि ४५ डिग्री झुकाव भएको जमिन २४.१ प्रतिशत रहेको छ । ४५ देखि ५६ डिग्री झुकाव भएको जमिन ३.३ प्रतिशत रहेको छ । यस्ता धरातलमा निर्माण गरिएका सडकमा सवारी साधन चलाउन बढी जोखिम हुने गरेको छ। सडक सञ्जाललाई बाग्लुङ्गको वलेवा एयरपोर्ट, काली गण्डकी लोकमार्ग, काली गण्डकी करिडोरसँग छोटो दुरीमा आबद्ध गरी यात्रा अवधिलाई घटाउनु यस क्षेत्रका थप चुनौतिहरू हुन।

**(ख) अवसर**

कुश्मा नगरपालिकालाई चीनको सीमाना कोरला नाकाबाट सुरु भएर मुस्ताङ्ग जिल्लाको लोमन्थाङ्ग, जोमसोम हुँदै बेनी, कुश्मा, पोखरा, तनहुँको भिमाद हुँदै, नवलपुर जिल्लाको दुम्कीबास हुँदै दक्षिणमा मित्रराष्ट्र भारतसँग सीमाना जोडिएको ठाउँ त्रिवेणीसम्म जोड्ने सडकले आर्थिक तथा सामाजिक क्षेत्रमा टेवा पुर्‍याउने देखिन्छ। त्यसै गरी कालीगण्डकी करिडोरको समानान्तर रुपमा कुश्माको वडा नं. ५ अर्मादीबाट सुरु भई सेतीवेणी, मिर्मी हुँदै रुद्रवेणी, रानीघाट, गल्याङ्ग, चापाकोट, देवघाटबाट गैंडाकोट हुँदै कावासोतीसम्म जोड्ने सडकले

पनि कुश्माको आर्थिक सामाजिक विकासमा टेवा पुऱ्याउने छ । त्यसैगरी मध्यपहाडी राजमार्ग हुँदै गण्डकी प्रदेशको राजधानी पोखरा हुँदै नेपालका अन्य स्थानहरूमा जानका लागि यातायातको सुविधा प्राप्त गर्न सकिनेछ ।

### ५.२.४ दीर्घकालिन सोच, लक्ष्य र उद्देश्य

**सोच** : प्रतिस्पर्धी, सर्वसुलभ, वातावरणमैत्री यातायात प्रणालीको विकास गर्ने ।

**लक्ष्य** : नगरस्तरीय भरपर्दो वातावरणमैत्री यातायात सेवा सञ्चालन गर्ने ।

**उद्देश्य**

१. दिगो, भरपर्दो, सुरक्षित, वातावरणमैत्री यातायात सेवा सञ्चालन गर्नु ।
२. यातायात व्यवस्थापनमा निजी तथा सहकारी क्षेत्रलाई संलग्न गर्नु ।

### ५.२.५ रणनीति र कार्यनीति

**तालिका ५.४ : रणनीति तथा कार्यनीति**

| रणनीति | कार्यनीति |
|---|---|
| **उद्देश्य १ : दिगो, भरपर्दो, सुरक्षित, वातावरणमैत्री यातायात सेवा सञ्चालन गर्नु ।** | |
| १.१ भरपर्दो सडक सञ्जाल विस्तार गरी यातायात सेवा व्यवस्थित गर्ने । | १.१.१ पर्यटकीय क्षेत्रहरूमा सहज पहुँचको लागि वातावरणमैत्री साना सवारी साधनको सञ्चालनमा सहजीकरण गरिनेछ ।<br>१.१.२ यातायात सेवालाई भरपर्दो बनाउन स्थानीय यातायात व्यवसायी संघसँग समन्वय गरिनेछ ।<br>१.१.३ नियमित यातायात सेवाको लागि उपभोक्ता समिति, नगरपालिका र व्यवसायी संघसँग सहकार्य एवं समन्वय गरिनेछ ।<br>१.१.४ यातायात सेवालाई नियमित बनाउन सबै वडाका वस्तीस्तरसम्मका सडकहरूको स्तरोन्नति गरिनेछ । |
| **उद्देश्य २ : यातायात व्यवस्थापनमा निजी तथा सहकारी क्षेत्रलाई संलग्न गराउनु ।** | |
| २.१ निजी तथा सहकारी क्षेत्रको भुमिकालाई प्रभावकारी एवं व्यवस्थित गर्ने | २.१.१ यातायात व्यवस्थापनका लागि निजी क्षेत्रलाई प्रोत्साहन गरिनेछ ।<br>२.१.२ सहकारीलाई यातायात व्यवस्थापनका क्षेत्रमा संलग्न गराइने छ । |

### ५.२.६ कार्यक्रमका प्राथमिकता

१. यातायात सञ्जाल विस्तार,
२. निजी क्षेत्रसँगको सहकार्यमा यातायात सेवा विस्तार,
३. ग्रामीण स्थानहरूमा बाह्रै महिना यातायात सेवा ।

### ५.२.७ विस्तृत कार्यक्रम र बजेट

**तालिका ५.५ : कार्यक्रम तथा बजेट (यातायात)**

*(रू. हजारमा)*

| क्र.सं. | उद्देश्य नं. | रणनीति नं. | कार्यनीति नं. | संकेत नं. | कार्यक्रम तथा क्रियाकलापहरू | इकाई | आधार वर्ष २०७६/७७ | पहिलो आ.व. २०७८/७९ | | दोश्रो आ.व. २०७९/८० | | तेस्रो आ.व. २०८०/८१ | | योजना अवधिको जम्मा | | जिम्मेवार निकाय |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | लक्ष्य | बजेट | लक्ष्य | बजेट | लक्ष्य | बजेट | लक्ष्य | बजेट | |
| १ | १ | १.१ | १.१.१ | क | पर्यटनमैत्री साना सवारी चालकहरूको लागि यात्रुमैत्री तालिम सञ्चालन | संख्या | | १ | २०० | १ | २५० | १ | ३०० | ३ | ७५० | नपाको भौतिक पूर्वाधार विकास शाखा |
| २ | | | १.१.२ | क | यातायात व्यवसायी समितिहरूका लागि आचार संहिता निर्माण तथा अन्तरक्रिया कार्यक्रम सञ्चालन | संख्या | | १ | ३०० | १ | ३५० | १ | ४०० | ३ | १०५० | नपाको भौतिक पूर्वाधार विकास शाखा |
| ३ | | | १.१.२ | क | विद्यालय तथा समुदायतहमा यात्रुहरूको लागि सुरक्षित यात्रा सम्बन्धी सचेतना कार्यक्रम | वार्षिक पटक | | २ | ५०० | २ | ६०० | २ | ७०० | ६ | १८०० | नपाको भौतिक पूर्वाधार विकास शाखा |
| ४ | | | १.१.२ | क | पहिरोका कारणबाट अवरुद्ध हुने बाटो खुलाई यातायात सुचारु गराउन भैपरि खर्चको व्यवस्था | एकमुष्ठ | | ० | १००० | ० | १००० | ० | १००० | ० | ३००० | नपाको भौतिक पूर्वाधार विकास शाखा |
| ५ | २ | २.१ | २.१.१ | क | लक्षित वर्गको लागि प्राप्त यातायात सहुलियत कार्यान्वयनको लागि अन्तरक्रिया कार्यक्रम | पटक | | २ | १०० | २ | १०० | २ | १०० | ६ | ३०० | नपाको भौतिक पूर्वाधार विकास शाखा |
| ६ | | | २.१.२ | क | कुश्मा बजार क्षेत्रभित्र यातायात व्यवस्थापनको लागि चेतना मुलक कार्यक्रम सञ्चालन | पटक | | २ | २०० | २ | २०० | २ | २०० | ६ | ६०० | नपाको भौतिक पूर्वाधार विकास शाखा |
| | | | | | **जम्मा** | | | | २३०० | | २५०० | | २७०० | | ७५०० | |

### ५.२.८ नतिजा खाका

**तालिका ५.६ : नतिजा खाका (यातायात)**

| नतिजा स्तर | नतिजा | सुचक | इकाइ | आधार वर्ष २०७६/७७ | उपलब्धी आ.व. २०७९/८० | उपलब्धी आ.व. २०८०/८१ | उपलब्धी आ.व. २०८१/८२ | योजना अवधिको कूल उपलब्धी | पुष्ट्याईका आधार | जिम्मेवार निकाय | जोखिम तथा अनुमान | स्थासं | प्रसं संकेत | दीराल संकेत | दिविल संकेत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| प्रभाव | नगरस्तरीय भरपर्दो वातावरणमैत्री यातायात सेवा सञ्चालन गर्ने | दैनिक यातायातको सुविधा भएको वडा | संख्या | | १४ | १४ | १४ | १४ | नपावाप्र | नपा | नगरपालिकार निजी क्षेत्रसंग समन्वय हुने | ४ | ५ | ३ | ९ |
| | | मुख्य सेवा लिन जान लाग्ने औसत समय | घण्टा | | १ | १ | १ | १ | नपावाप्र | नपा | " | ४ | ५ | ३ | ९ |
| | | वडा तथा वस्तीबाट नगरपालिका आउन लाग्ने समय | मिनेट | | | | | | नपावाप्र | नपा | | ४ | | | |
| | | प्रमुख बजार तथा सेवा केन्द्रमा पुग्न लाग्ने समय | घण्टा | | १ | .७५ | .३० | .३० | नपावाप्र | नपा | " | ४ | ५ | ३ | ९ |
| असर १ | दिगो, भरपर्दो, सुरक्षित, वातावरणमैत्री यातायात सेवा सञ्चालन गर्ने | यातायात सुचारु सडक लम्बाई | थप किमि | | १० | १० | १० | ३० | नपावाप्र | नपा | " | ४ | ५ | ३ | ९ |
| | | नगरपालिकामा संचालित ४ पाँग्रे यातायातका साधन | थप प्रतिशत | | १० | १० | १० | | नपावाप्र | नपा | " | ४ | ५ | ३ | ९ |
| | | सार्वजनिक सवारी साधन सञ्चालन हुने रुट | थप संख्या | | २ | २ | २ | ६ | नपावाप्र | नपा | | ४ | | | |
| | | सार्वजनिक यातायातको स्टेशन | थप संख्या | | २ | २ | २ | ६ | नपावाप्र | नपा | | ४ | | | |
| | | सार्वजनिक यातायात सञ्चालन हुने सडक | थप संख्या | | २ | २ | २ | ६ | नपावाप्र | नपा | | ४ | | | |
| प्रतिफल १.१ | पर्यटकीय क्षेत्रको सहज पहुँचको लागि वातावरणमैत्री | विद्युतीय सवारी साधन | संख्या | | २ | २ | ३ | ७ | नपावाप्र | नपा | " | ४ | ५ | ३ | ९ |
| | | सार्वजनिक यातायातमा पहुँच | प्रतिशत | | ९० | ९५ | १०० | १०० | नपावाप्र | नपा | " | ४ | ५ | ३ | ९ |

| नतिजा स्तर | नतिजा | सुचक | इकाइ | आधार वर्ष २०७६/७७ | उपलब्धी | | | योजना अवधिको कुल उपलब्धी | पुष्ट्याईका आधार | जिम्मेवार निकाय | जोखिम तथा अनुमान | स्थासंसं | प्रसं संकेत | दीराल संकेत | द्विविल संकेत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | आ.व. २०७९/८० | आ.व. २०८०/८१ | आ.व. २०८१/८२ | | | | | | | | |
| | साना सवारी साधनको प्रयोग भएको हुनेछ। | भएका जनसंख्याको अनुपात | | | | | | | | | | | | | |
| असर २ | यातायात व्यवस्थापनमा निजी तथा सहकारी क्षेत्रलाई संलग्न गराउने | सार्वजनिक निजी साझेदारी क्षेत्रबाट सञ्चालित यातायात | प्रतिशत | | १० | १५ | २० | २० | नपावाप्र | नपा | ” | ४ | ५ | ३ | ९ |
| प्रतिफल २.१ | सार्वजनिक निजी साझेदारी नीति अनुसार संरचनाहरु निर्माण भएको हुने् | बस पार्क | संख्या | | १ | ० | १ | २ | नपावाप्र | नपा | ” | ४ | ५ | ३ | ९ |
| | | बस स्टेशन | संख्या | | २ | ० | २ | ४ | नपावाप्र | नपा | ” | ४ | ५ | ३ | ९ |
| प्रतिफल २.२ | यातायात गुरुयोजना तयार भएको हुनेछ। | गुरु योजना | वटा | | | १ | | १ | नपावाप्र | नपा | ” | ४ | ५ | ३ | ९ |

## ५.३ आवास, भवन तथा शहरी विकास

### ५.३.१ पृष्ठभूमि

कुश्मा नगरपालिका पर्वत जिल्लाको सदरमुकाममा पर्ने भएतापनि यहाँ गाउँमा बसोबास गर्ने जनसंख्या पनि प्रशस्त रहेको छ । अधिकांश बसोबास भौगोलिक हिसाबले विकट स्थानमा र छरिएर रहेका छन् । यस्ता वस्तीहरूलाई विपद् जोखिमको अवस्थामा उद्धार गर्न कठिन हुन्छ। वातावरणमैत्री ढंगले आवासको व्यवस्थापन गर्नु, विपन्न तथा शहरी क्षेत्रमा अनधिकृत तथा अव्यवस्थित रुपले बसोबास गरेका घर परिवारलाई उचित व्यवस्था गर्नु नगरपालिकाको प्राथमिकताको विषय हुन आउँछ। सङ्घीय तथा प्रदेश राजधानीको नजिकको शहरलाई स्याटलाईट शहरको रुपमा विकास गर्ने सङ्घीय सरकारको नीति बमोजिम कुश्मा नगरपालिका स्याटलाइट शहरको रुपमा विकास हुने सम्भावना रहेको छ। निजी, सार्वजनिक सबै प्रकारका भौतिक संरचना बालमैत्री, लैङ्गिक र अपाङ्गमैत्री निर्माण गर्न भवन निर्माण संहिता तथा निर्माण सम्बन्धी आधारभूत मापदण्ड, २०७२ बमोजिम कार्य गर्नुपर्ने अवस्था छ। पहाडी भूभागमा अवस्थित यस नगरपालिकामा सबै नागरिकको शिक्षा, स्वास्थ्य तथा रोजगारमा पहुँच अभिवृद्धि, सुरक्षित आवास, सुरक्षाको प्रत्याभूति दिलाउँदै, अन्य शहरी ब्यवस्थापनका आधारभूत सिद्धान्तहरूलाई ख्याल गर्दै दिगो विकास लक्ष्य ११ हासिल गर्न तथा गरीबी कम गर्दै नगरपालिकाको सामाजिक-आर्थिक विकासमा टेवा पुऱ्याउन शहरी विकास क्षेत्रलाई उच्च प्राथमिकतामा राखी काम गर्नुपर्ने आवश्यकता रहेको छ ।

### ५.३.२ प्रमुख समस्या

यस नगरपालिकामा बसोबास गर्ने जनसंख्याको दैनिकी ग्रामीण परिवेश कै छ । छरिएर रहेका वस्तीहरूमा बाटो, पानी, बत्ती, ढल निकास जस्ता शहरी विकासका पूर्वाधार प्रर्याप्त मात्रामा पुऱ्याउन कठिनाई छ । एकिकृत शहरी विकास योजनाको प्रतिवेदन प्राप्त नहुँदा सो अनुसार अघि बढ्न सकिएको छैन। भवन निर्माण आचारसंहिता लागु गरिएतापनि कडाईका साथ लागु गर्न नसक्दा मापदण्ड विपरित आवास निर्माण हुने क्रम रोकिएको छैन। पहिरो तथा बाढी प्रभावित क्षेत्रमा मानिसहरूको बसोवास रहेको छ। एकिकृत वस्ती विकासको अवधारणा अनुसार कार्य हुनसकेको छैन ।

### ५.३.३ चुनौती र अवसर

**(क) चुनौती**

यस नगरपालिकाको गठन सङ्घीय संरचना भन्दा अगाडि नै भइसकेको र २०७३ सालमा अन्य गाविसहरू गाभेर भएकाले शहरी विकासका सिद्धान्त अनुसार वस्ती बसाउनु निकै चुनौतिपूर्ण कार्य भएको छ । कुश्मा बजार पर्वत जिल्लाको सदरमुकाम भएकाले यहाँका वस्तीहरू भवन निर्माण मापदण्ड लागु हुनुभन्दा पहिले नै बसीसकेको वस्ती भएकाले शहरी पूर्वाधार अनुरुप बनाउने कार्य चूनौतिपूर्ण रहेको छ। १५ देखि ३० डिग्री भिरालो जमिन ५०.५ प्रतिशत रहेको यस नगरपालिकामा सडक सुविधा पुऱ्याउन ढलान गर्नुपर्ने क्षेत्र बढी हुने भएकाले खर्चिलो हुने गरेको छ। सबै नागरिक समक्ष शहरी विकासको पूर्वाधार बमोजिम सडक, भरपर्दो यातायात, शुद्ध खानेपानी, भरपर्दो विद्युत सेवा तथा सूचना प्रविधि सेवा उपलब्ध गराउन थप चूनौतिपूर्ण कार्य छ । ग्रामीण क्षेत्रबाट बसाई सरेर बजार क्षेत्रमा आउने प्रवृत्तिले गर्दा बजार क्षेत्र जनसंख्याको चाप बढ्दै गएको छ भने ग्रामीण क्षेत्रमा बस्ने जनसंख्यालाई खानेपानी, शिक्षा तथा स्वास्थ्य सडक पानी विजुली उपलब्ध गराउन र स्याटलाइट सिटीको रुपमा विकास गर्ने कार्य थप चूनौतिपूर्ण रहेको छ ।

(ख) **अवसर**

प्रदेश सरकारको नजिकको शहरलाई स्याटलाइट शहरको रुपमा विकास गर्ने नीति भित्र कुश्मा नगरपालिका गण्डकी प्रदेशको राजधानी पोखराबाट नजिकमा रहेको छ । राष्ट्रिय गौरवका मध्य पहाडी लोकमार्ग, काली गण्डकी लोकमार्ग तथा कालीगण्डकी कोरिडोरले यस नगरपालिकालाई सुविधा प्रदान गरेको छ । कुश्मा नगरपालिका सडक सञ्जालको विस्तार द्रुत गतिमा भएको छ । विजुली बत्तीको सुविधा सबै वडामा पुगेको छ । वडा नं. ४, ५, ६ का सडकहरूमा सी.सी. कयामेरा जडान गरिएका छन । बजार क्षेत्रका सडकहरूमा सेन्सर जडान गरिएका सडक बत्तीहरू जडान गरिएका छन । ती बत्तीहरू रातको समयमा आफै बल्ने र दिनमा आफैं निभ्ने गर्दछन । ग्रामीण क्षेत्रमा फलफूल खेती, तरकारी खेती, सिंचाई सुविधा सम्पन्न समथर जमिनमा अन्नबाली लगाई वस्तीयोग्य जमिनमा एकिकृत वस्ती विकासको अवधारणा अनुसार योजनाबद्ध तरिकाले भू-उपयोग योजना तर्जुमा गरी कार्यान्वयन गर्ने सम्भावना रहेको छ ।

## ५.३.४ दीर्घकालीन सोच, लक्ष्य र उद्देश्य

**सोच** : सुन्दर, सुरक्षित, विपद् उत्थानशील र एकिकृत आवास तथा वस्ती

**लक्ष्य** : नागरिकको लागि दिगो, विपद् उत्थानशील, वातावरणमैत्री आवास तथा वस्ती विकास गर्ने ।

**उद्देश्य**

१. सबैको लागि उपयुक्त, सुरक्षित तथा एकीकृत वस्ती तथा आवासको विकास गर्नु,
२. ग्रामीण क्षेत्रका बजार उन्मुख क्षेत्रमा शहरी पूर्वाधारको विकास गर्नु ।

## ५.३.५ रणनीति र कार्यनीति

**तालिका ५.७ : रणनीति तथा कार्यनीति**

| रणनीति | कार्यनीति |
|---|---|
| **उद्देश्य १ : सबैको लागि उपयुक्त सुरक्षित तथा एकीकृत वस्ती तथा आवासको विकास गर्नु ।** | |
| १.१ ग्रामीण क्षेत्रका बिकट तथा छरिएर रहेका वस्तीमा आधारभूत सुविधा सहितको एकीकृत बस्ती निर्माण गरी स्थानान्तरण गर्ने | १.१.१ ग्रामीण क्षेत्रका विकट तथा विपदको उच्च जोखिममा रहेका स्थानहरूमा हुँने वस्ती विकासलाई निरुत्साहित गरिनेछ ।<br>१.१.२ बस्ती विकास बढ्दै जाने सम्भावना भएका राष्ट्रिय गौरवका लोकमार्ग वरपर हुनसक्ने वस्तीलाई योजनाबद्ध रुपमा व्यवस्थित गरिनेछ ।<br>१.१.३ प्रदेश तथा सङ्घीय सरकारसँग समन्वय गरी नगरपालिकाको भू-उपयोग योजना तर्जुमा गर्ने र वस्ती योग्य जग्गामा भौतिक पूर्वाधार विकास गरी एकीकृत बस्ती विकास कार्यलाई अभियानको रुपमा अगाडि बढाइनेछ । |
| १.२ अनधिकृत एवं विपद जोखिम क्षेत्रमा बसोबास गर्ने विपन्न तथा अति सिमान्तकृत घर परिवारलाई आवासको व्यवस्था गर्ने । | १.२.१ अति विपन्न तथा सीमान्तकृत दलित, लोपोन्मुख, घरपरिवारका लागि जनता आवास कार्यक्रम सञ्चालन गरिनेछ ।<br>१.२.२ अनधिकृत रुपले शहरी क्षेत्रमा बसोबास गर्ने घरपरिवार पहिचान गरी त्यस्ता स्थानबाट हटाइ व्यवस्थित एवं सुरक्षित स्थानमा स्थानान्तरण गरिनेछ ।<br>१.२.३ शारीरिक रुपले अपाङ्गता भएका व्यक्ति, सहारा नभएका ज्येष्ठ नागरिकहरूलाई विशेष सामाजिक आवासको विकास गरिनेछ । |

| रणनीति | कार्यनीति |
| --- | --- |
| **उद्देश्य २ : ग्रामीण क्षेत्रका बजार उन्मुख क्षेत्रमा शहरी पूर्वाधारको विकास गर्नु** | |
| २.१ ग्रामीण क्षेत्रका बजारोन्मुख क्षेत्रमा शहरी विकासका पूर्वाधारको विकास गर्ने | २.१.१ बजार उन्मुख क्षेत्रमा खानेपानी, बाटो, बसपार्क, बस स्टेशन तथा पार्किङ्ग सुविधा जस्ता पूर्वाधारहरूको निर्माण गरिनेछ।<br>२.१.२ ग्रामीण क्षेत्रमा रहेका विपद् जोखिमबाट सुरक्षित जग्गामा एकीकृत बस्ती विकास गर्नका लागि जग्गा प्राप्ति व्यवस्थालाई सरल बनाइनेछ।<br>२.१.३ कृषियोग्य जमिनमा हुन सक्ने जग्गा प्लटिङ्गलाई कार्यलाई नियन्त्रण गरी भुउपयोग नीति अवलम्बन गरिनेछ।<br>२.१.४ आवश्यकताको पहिचान गरी सामुदायिक भवनहरूको निर्माण गरिनेछ। |

### ५.३.६ कार्यक्रमका प्राथमिकता

१. अति विपन्न, सीमान्तकृत, दलित, लोपोन्मुखहरूका लागि जनता आवास कार्यक्रम,
२. सामुदायिक भवनहरूको निर्माण,
३. एकीकृत बस्ती विकास योजना,
४. बजार क्षेत्रमा ढल तथा नाली निर्माण।

## ५.३.७ विस्तृत कार्यक्रम र बजेट

### तालिका ५.८ : कार्यक्रम तथा बजेट (आवास, भवन तथा शहरी विकास)

*(रू. हजारमा)*

| क्र.सं. | उद्देश्य नं. | रणनीति नं. | कार्यनीति नं. | संकेत नं. | कार्यक्रम तथा क्रियाकलापहरू | इकाई | आधार वर्ष २०७६/७७ | पहिलो आ.व. २०७८/७९ | | दोश्रो आ.व. २०७९/८० | | तेस्रो आ.व. २०८०/८१ | | योजना अवधिको जम्मा | | जिम्मेवार निकाय |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | लक्ष्य | बजेट | लक्ष्य | बजेट | लक्ष्य | बजेट | लक्ष्य | बजेट | |
| १ | १ | १.१ | १.१.१ | क | जोखिममा रहेका वस्तिहरू पहिचान | संख्या | | ० | ० | १ | २००० | ० | ० | १ | २००० | नगर पालिका |
| २ | | | १.१.२ | क | लोकमार्गको आसपासको वस्तिलाई व्यवस्थित बनाउने योजना निर्माण | संख्या | | १ | १००० | ० | ० | ० | ० | १ | १००० | नगर पालिका |
| ३ | | | १.१.३ | क | भूउपयोग योजना अनुसारको वस्ति विकास योजना निर्माण | संख्या | | ० | ० | १ | २००० | ० | ० | १ | २००० | नगर पालिका |
| ४ | २ | २.१ | २.१.१ | क | बजार क्षेत्रमा खानेपानी, बस स्टेसन, पार्क जस्ता भौतिक पूर्वाधार विकास | एकमुष्ठ | | १ | ३००० | १ | ४००० | १ | ५००० | ३ | १२००० | नगर पालिका |
| ५ | | | २.१.४ | क | सामुदायिक भवनहरूको निर्माण | संख्या | | ३ | १०००० | ३ | १०००० | ३ | १०००० | ९ | ३०००० | नगर पालिका |
| ६ | | | २.१.३ | कख | बजार क्षेत्रमा ढल निर्माण तथा नाली निर्माण | एकमुष्ठ | | १ | ५००० | १ | ५००० | १ | ५००० | ३ | १५००० | नगर पालिका |
| ७ | ३ | ३.१ | ३.१.१ | कखग | अति विपन्न तथा सीमान्तकृत, दलित, लोपोन्मुख, घरपरिवारका लागि सुरक्षित आवास निर्माण | संख्या | | १०० | ३०००० | १०० | ३००० | १०० | ३०००० | ३०० | ६३००० | नगर पालिका |
| ८ | | | ३.१.२ | क | अनधिकृत वस्तीलाई व्यवस्थित गर्न अध्ययन | संख्या | | १ | १००० | ० | ० | ० | ० | १ | १००० | नगर पालिका |

| क्र.सं. | उद्देश्य नं. | रणनीति नं. | कार्यनीति नं. | संकेत नं. | कार्यक्रम तथा क्रियाकलापहरू | इकाई | आधार वर्ष २०७६/७७ | पहिलो आ.व. २०७८/७९ | | दोश्रो आ.व. २०७९/८० | | तेस्रो आ.व. २०८०/८१ | | योजना अवधिको जम्मा | | जिम्मेवार निकाय |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | लक्ष्य | बजेट | लक्ष्य | बजेट | लक्ष्य | बजेट | लक्ष्य | बजेट | |
| ९ | | | ३.१.२ | क | अनधिकृत वस्तीलाई व्यवस्थित गर्न कार्यक्रम सञ्चालन | एकमुष्ठ | | १ | ५००० | १ | ५००० | १ | ५००० | ३ | १५००० | नगर पालिका |
| १० | | | ३.१.३ | क | अपाङ्गता भएका व्यक्तिहरूको लागि सामुहिक आवास कार्यक्रम | एकमुष्ठ | | १ | ५००० | १ | ५००० | १ | ५००० | ३ | १५००० | नगर पालिका |
| | | | | | **जम्मा** | | | | ६०००० | | ३६००० | | ६०००० | | १५६००० | |

## ५.३.८ नतिजा खाका

**तालिका ५.९ : नतिजा खाका (आवास, भवन तथा शहरी विकास)**

| नतिजा स्तर | नतिजा | सुचक | एकाई | आधार वर्ष (२०७६/७७) | उपलब्धी | | | योजना अवधिको कुल उपलब्धी | पुष्ट्याईका आधार | जिम्मेवार निकाय | जोखिम तथा अनुमान | स्थासं | प्रसं संकेत | दीराल संकेत | दिविल संकेत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | आ.व. २०७९/८० | आ.व. २०८०/८१ | आ.व. २०८१/८२ | | | | | | | | |
| प्रभाव | नागरिकको लागि दिगो, विपद उत्थानशील, वातावरणमैत्री आवास तथा बस्ती विकास भएको हुने । | भवन आचार संहिता अनुसार सुरक्षित आवासमा वस्नेहरु | प्रतिशत | | ४० | ५० | ६० | ६० | नपावाप्र | पूर्वाधार शाखा | | ४ | ५ | ६ | ११ |
| | | निर्माणको प्रयोजन अनुसार प्रयोग भएका सार्वजनिक भवनहरु | प्रतिशत | | ३० | ४० | ५० | ५० | नपावाप्र | पूर्वाधार शाखा | | ४ | ५ | ६ | ११ |
| असर १ | सबैको लागि उपयुक्त सुरक्षित तथा एकिकृत वस्ती तथा आवासको विकास भएको हुने । | सुरक्षित एकीकृति वस्ती | संख्या | | १ | २ | ३ | ६ | नपावाप्र | पूर्वाधार शाखा | | ४ | ५ | ६ | ११ |
| | | तोकिएको मापदण्ड अनुसार निर्माण भएका आवास | संख्या | | ४० | ५० | ६० | ६० | नपावाप्र | पूर्वाधार शाखा | | ४ | ५ | ६ | ११ |

| नतिजा स्तर | नतिजा | सुचक | एकाई | आधार वर्ष (२०७६/७७) | उपलब्धी आ.व. २०७९/८० | आ.व. २०८०/८१ | आ.व. २०८१/८२ | योजना अवधिको कूल उपलब्धी | पुष्ट्याइका आधार | जिम्मेवार निकाय | जोखिम तथा अनुमान | स्थासंसं | प्रसं संकेत | दीराल संकेत | दिविल संकेत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | भूकम्प प्रतिरोधी प्रविधि र मापदण्ड अनुसार निर्माण भएका सार्वजनिक भवन तथा संरचना | संख्या | | ४० | ५० | ६० | ६० | नपावाप्र | पूर्वाधार शाखा | | ४ | ५ | ६ | ११ |
| प्रतिफल १.१ | विकट तथा विपदको उच्च जोखिममा रहेका वस्तीहरू स्थानान्तरण भएको हुने । | आधारभूत पूर्वाधारसहित व्यवस्थित बजार | संख्या | | १ | २ | ३ | ६ | नपावाप्र | पूर्वाधार शाखा | | ४ | ५ | ६ | ११ |
| | | योजनाबद्ध वस्ति तथा वसोवास क्षेत्रको निर्माण | वस्ति संख्या | | १ | २ | ३ | ६ | नपावाप्र | पूर्वाधार शाखा | | ४ | ५ | ६ | ११ |
| | | एकीकृत वस्ती विकासको अवधारणा अनुसार भौतिक योजना तर्जुमा भई लागू भएका आवास क्षेत्र | हे. | | १ | २ | ३ | ६ | नपावाप्र | पूर्वाधार शाखा | | ४ | ५ | ६ | ११ |
| | | स्पष्ट मापदण्ड अनुरुप व्यापारिक तथा औद्योगिक क्षेत्रहरूको स्थापना | संख्या | | १ | १ | १ | ३ | नपावाप्र | पूर्वाधार शाखा | | ४ | ५ | ६ | ११ |
| | | भूकम्प प्रतिरोधी भवन निर्माण सम्बन्धी दक्ष व्यक्ति | थप संख्या | | २०० | २०० | २०० | ६०० | नपावाप्र | पूर्वाधार शाखा | | ४ | ५ | ६ | ११ |
| असर २ | ग्रामीण क्षेत्रका बजार उन्मुख क्षेत्रमा शहरी पूर्वाधारको विकास भएको हुने | स्पष्ट मापदण्ड अनुरुप सवारी पार्किङ्ग, सार्वजनिक यातायातको पार्किङ्ग क्षेत्र वा वस विसौनीहरू निर्माण | संख्या | | १० | १२ | १४ | १४ | नपावाप्र | पूर्वाधार शाखा | | ४ | ५ | ६ | ११ |
| | | प्रवर्द्धित तथा व्यवस्थित बजार | संख्या | | २ | २ | २ | ६ | नपावाप्र | पूर्वाधार शाखा | | ४ | ५ | ६ | ११ |

| नतिजा स्तर | नतिजा | सुचक | एकाई | आधार वर्ष (२०७६/७७) | उपलब्धी | | | योजना अवधिको कूल उपलब्धी | पुष्ट्याईका आधार | जिम्मेवार निकाय | जोखिम तथा अनुमान | स्थासंस | प्रसस संकेत | दीराल संकेत | दिविल संकेत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | आ.व. २०७९/८० | आ.व. २०८०/८१ | आ.व. २०८१/८२ | | | | | | | | |
| प्रतिफल २.१ | बजारोन्मुख वस्तीहरूमा शहरी पूर्वाधार निर्माण भएको हुनेछ । | सामुदायिक भवन | संख्या | ४० | ५ | ५ | ५ | १५ | नपावाप्र | पूर्वाधार शाखा | | ४ | ५ | ६ | ११ |
| | | हेलिप्याड | संख्या | २ | १ | १ | १ | ३ | नपावाप्र | पूर्वाधार शाखा | | ४ | ५ | ६ | ११ |
| | | खेल मैदान | संख्या | १४ | २ | २ | २ | ६ | नपावाप्र | पूर्वाधार शाखा | | ४ | | | |
| | | पार्क | संख्या | १ | १ | १ | १ | ३ | नपावाप्र | पूर्वाधार शाखा | | ४ | ५ | ६ | ११ |
| प्रतिफल २.२ | विपन्न, सीमान्तकृत दलित, लोपोन्मुख, घरपरिवारका सुरक्षित आवासको व्यवस्था भएको हुनेछ । | लक्षित वर्गको लागि विकास भएका एकिकृत वस्ती | संख्या | | १ | १ | १ | ३ | नपावाप्र | पूर्वाधार शाखा | | ४ | ५ | ६ | ११ |
| | | लक्षित वर्ग मध्ये लाभान्वित हुनेहरु | प्रतिशत | | २५ | ५० | ७५ | ७५ | नपावाप्र | पूर्वाधार शाखा | | ४ | ५ | ६ | ११ |
| प्रतिफल २.३ | अनधिकृत वस्ती स्थानान्तरण गरिएको हुनेछ । | स्थानान्तरण गरिएका अनधिकृत वस्ती | संख्या | | १ | २ | ३ | ६ | नपावाप्र | पूर्वाधार शाखा | | ४ | ५ | ६ | ११ |
| प्रतिफल २.४ | अपाङ्गता भएका व्यक्ति, सहारा नभएका ज्येष्ठ नागरिकहरूलाई विशेष सामाजिक आवासको व्यवस्था भएको हुनेछ । | विशेष सामाजिक आवासमा बसोबास गर्ने अपाङ्गता भएका व्यक्ति | प्रतिशत | | २५ | ५० | १०० | १०० | नपावाप्र | पूर्वाधार शाखा | | ४ | ५ | ६ | ११ |
| | | विशेष सामाजिक आवासमा बसोबास गर्ने जेष्ठ नागरिक | संख्या | | २५ | ५० | १०० | १०० | नपावाप्र | पूर्वाधार शाखा | | ४ | ५ | ६ | ११ |

## ५.४ विद्युत तथा उर्जा

### ५.४.१ पृष्ठभूमि

जल विद्युत उत्पादनका लागि यस नगरपालिकामा मुख्यतः कालिगण्डकी, मोदी खोला, जहरे खोला, रतिखोला, अम्बोट खोला, फाप्रे खोला, दमुवा खोला, सुन्दरे खोला, र केवादी खोलाहरू रहेका छन । नवीकरणीय उर्जा (सौर्य, वायु र जैविक) र जलविद्युतको उच्च उत्पादनको सम्भावना बोकेको छ । बजार क्षेत्रका ४, ५, ६, ७ नं. वडामा सौर्य बत्तीको प्रयोग गरिएको थियो । हाल ती बत्तीहरू बिग्रिएको अवस्थामा रहेका र मर्मत गर्ने जनशक्ति नहुँदा सौर्य बत्तीहरूले काम गरेको अवस्था छैन । नगरका सबै वडाका सबै वस्तीमा विद्युतीकरण भइसकेको छ । वडा नं. ९, १२, १३, १४ मा विद्युत महशुल असुली लगायत मर्मत सम्भारको जिम्मा समुदायलाई दिएको छ । लघु जलविद्युतको सम्भावना भएतापनि केन्द्रीय प्रशारणबाट उपलब्ध बिजुली नै पर्याप्त भएकोले साना खोलाबाट उत्पादन हुने नगरको क्षेत्राधिकार भित्र रहेका १ मेघावाट सम्मको विजुली उत्पादन गर्ने कार्य नगरपालिकाको प्राथमिकतामा परेको छैन ।

### ५.४.२ प्रमुख समस्या

नगरपालिकाका सबै घरपरिवारमा विद्युतीकरण भई सकेतापनि ट्रान्सफर्मर कमजोर हुनाले बेला बेलामा विद्युत आपूर्ति बन्द हुने गरेको छ। ट्रान्सफर्मरमा फ्यूज झरेको अवस्थामा पनि विद्युत प्राधिकरणका कर्मचारी बोलाउन पर्ने र कर्मचारी समयमै नआउँदा अध्यारोमा बस्न पर्ने वाध्यता छ । वडा नं. १३ र १४ मा काठको पोलहरू कुहिएर जीर्ण अवस्थामा रहेका छन । वडा नं. ९, १२, १३ र १४ मा विद्युत व्यवस्थापनको जिम्मा विद्युत प्राधिकरणले समुदायलाई हस्तान्तरण गरेको हुनाले मर्मत सम्भार कार्यमा केही कठिनाई हुने गरेको छ । समुदायको व्यवस्थापनमा विद्युत प्राधिकरणले गर्ने जस्तो सेवा प्राप्त गर्न नसकिएको गुनासो आउने गरेको छ । सबै वस्तीहरूमा ३ फेजको लाइन नपुग्दा साना तिना उद्योग सञ्चालन गर्न कठिनाई रहेको छ । छरिएर रहेका वस्तीमा विद्युत सेवा उपलब्ध गराउन निकै खर्चिलो हुने गरेको छ । वैकल्पिक उर्जाका प्रबल सम्भावना रहेतापनि यसको प्रयोग अपेक्षित रुपमा गर्न सकिएको छैन । ग्रामीण वस्तीहरूमा बायो ग्याँसको प्रयोग गर्न सकिने भएतापनि यसको प्रयोग न्यून रहेको छ । सङ्घीय सरकारको पन्ध्रौं आवधिक विकास योजनाको लक्ष्य नवीकरणीय उर्जाको अनुपात ७ प्रतिशतबाट बढाएर १२ प्रतिशत बनाउने रहेकोमा यस नगरपालिकामा वैकल्पिक उर्जाको प्रयोग ७ भन्दा पनि कम रहेको छ ।

### ५.४.३ चुनौती र अवसर

**(क) चुनौती**

नगरका सबै वडाहरूमा विद्युतीकरण भइसकेको भएतापनि विद्युत आपूर्ति भरपर्दो बनाउनु भने चुनौतीपूर्ण रहेको छ । कम क्षमताको ट्रान्सफर्मर फेरेर विद्युत सेवा भरपर्दो बनाउन सकिएको छैन । समुदायलाई हस्तान्तरण गरिएका वडाहरूमा विद्युत प्राधिकरणले जस्तै भरपर्दो तथा छिटो छरिदो सेवा दिन चुनौति रहेको छ । विजुलीका तारले हावाहुरीको समयमा रुखहरूलाई छुने गर्नाले विद्युत आपूर्ति बन्द हुने गर्दछ । बत्तीको लागि मात्र प्रयोग गरिएका कम एम्पिएरका मिटर बक्सलाई खाना पकाउने, रेफ्रिजिरेटर जस्ता बढी विद्युत खपत गर्ने उपकरण चलाउने बनाउन चुनौतिपूर्ण रहेको छ ।

(ख) **अवसर**

नेपाल सरकारको प्रति व्यक्ति विद्युत खपत ७०० कि.वा प्रति वर्ष बनाउने लक्ष्य लिएको र गण्डकी प्रदेश सरकारले पनि उर्जा क्षेत्रलाई आर्थिक समृद्धिको मुख्य सम्बाहक मानेको छ। पर्वत जिल्ला विद्युत उत्पादनको प्रबल सम्भावना रहेको जिल्ला भएकाले यो नगरपालिका विद्युत परियोजनाको प्रभाव क्षेत्रमा पर्दछ। यसबाट नगरपालिकाले उल्लेख्य रोयल्टी प्राप्त गर्न सक्दछ। विद्युतबाट चल्ने सवारी साधनको संख्या बढ्दै जाँदा यस क्षेत्रमा पनि चार्जिङ्ग सेन्टर बनाई विद्युतीय सवारी साधनको संख्यामा वृद्धि गर्न सकिने सम्भावना रहेको छ। वैकल्पिक उर्जाको लागि पनि यो क्षेत्र उपयुक्त क्षेत्रको रुपमा मानिएको छ। सङ्घीय सरकारले निर्धारण गरेको १०० वटा पर्यटकीय गन्तव्यको सूचीमा परेको पञ्चासे यही नगरपालिकामा पर्दछ। यस बाहेक अन्य पर्यटकीय क्षेत्रमा सौर्य उर्जाको प्रयोग गरी पर्यटकीय क्षेत्रलाई थप प्रबर्द्धन गर्न सकिन्छ।

### ५.४.४ दीर्घकालिन सोच, लक्ष्य र उद्देश्य

**सोच** : उज्यालो कुश्मा नगर

**लक्ष्य** : नगरका वस्ती तथा घरपरिवारमा जलविद्युत तथा वैकल्पिक उर्जाको सेवा उपलब्ध गराउने।

**उद्देश्य**

१. विद्युत आपूर्तिलाई दिगो र भरपर्दो बनाउनु,
२. ग्रामीण विद्युतीकरणमा वैकल्पिक उर्जाको प्रयोग गर्नु,
३. खाना पकाउने कार्यमा नवीकरणीय उर्जाको उपलब्ध गराउनु।

### ५.४.५ रणनीति र कार्यनीति

**तालिका ५.१० : रणनीति तथा कार्यनीति**

| रणनीति | कार्यनीति |
|---|---|
| **उद्देश्य १. विद्युत आपूर्तिलाई दिगो र भरपर्दो बनाउनु।** | |
| १.१ ग्रामीण क्षेत्रका सबै वस्तीहरूमा माग बमोजिमको विद्युत आपूर्ति गर्ने | १.१.१ सबै वस्तीहरूमा ३ फेजको विद्युत आपूर्ति गरिनेछ।<br>१.१.२ काठका पोलहरूलाई धातुका पोलहरूले विस्थापित गरिनेछ।<br>१.१.३ विजुलीको तारलाई रुखले छुने स्थानमा इन्सुलेटरले ढाकिएको कालो तार प्रयोग गरिने छ।<br>१.१.४ बढी क्षमताका ट्रान्सफर्मर प्रयोग गरी माग बमोजिम विद्युत आपूर्ति गरिनेछ। |
| **उद्देश्य २ . ग्रामीण विद्युतीकरणमा वैकल्पिक उर्जाको प्रयोग गर्नु** | |
| २.१ नवीकरणीय उर्जाको प्रयोगमा वृद्धि गर्ने | २.१.१ ग्रामीण वस्तीहरूमा सौर्य उर्जाको माध्यमबाट विद्युत आपूर्ति गरिनेछ।<br>२.१.२ सार्वजानिक चोक तथा धार्मिक स्थलहरूमा सौर्य बत्ती जडान गरी उज्यालो कुश्मा अभियान सञ्चालन गरिनेछ। |
| **उद्देश्य ३ : खाना पकाउने कार्यको लागि नवीकरणीय उर्जाको उपलब्ध गराउनु।** | |
| ३.१ बायो ग्यासको प्रयोगमा अभिवृद्धि गर्ने | ३.१.१ बायो ग्याँस सञ्चालन गर्न सकिने वस्तीका घरपरिवारमा बायो ग्याँस प्लान्ट स्थापना गर्न अनुदानको व्यवस्था गरिनेछ।<br>३.१.२ दाउराको प्रयोगलाई घटाउन बिजुलीको प्रयोगमा प्रोत्साहन गरिनेछ। |

### ५.४.६ कार्यक्रमका प्राथमिकता

१. काठका पोलहरूलाई धातुका पोलहरूद्वारा विस्थापित,
२. बायो ग्याँसको प्रयोगमा अभिवृद्धि,
३. संस्थागत सौर्य उर्जा जडान,
४. सडक सोलार जडान ।

## ५.४.७ विस्तृत कार्यक्रम र बजेट

### तालिका ५.११ : कार्यक्रम तथा बजेट (विद्युत तथा उर्जा)

*(रू. हजारमा)*

| क्र.सं. | उद्देश्य नं. | रणनीति नं. | कार्यनीति नं. | संकेत नं. | कार्यक्रम तथा क्रियाकलापहरू | इकाई | आधार वर्ष | पहिलो आ.व. २०७८/७९ | | दोश्रो आ.व. २०७९/८० | | तेस्रो आ.व. २०८०/८१ | | योजना अवधिको जम्मा | | जिम्मेवार निकाय |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | २०७६/७७ | लक्ष्य | रकम | लक्ष्य | रकम | लक्ष्य | रकम | लक्ष्य | रकम | |
| १ | १ | १.१ | १.१.१ | क | विद्युतीय प्रसारण लाइनको फेज स्तरोन्नती | किमी | | १० | ६०० | २० | १२०० | ३० | २००० | ६० | ३८०० | नपा |
| २ | | | १.१.२ | कग | काठको पोललाई फलामको पोल राख्ने | संख्या | | २५० | ४००० | २५० | ४००० | २५० | ४००० | ७५० | १२००० | नपा |
| ३ | | | १.१.३ | कग | इन्सुलेटर तार राख्ने | किमी | | १० | ३००० | २० | ६००० | ३० | ९००० | ६० | १८००० | नपा |
| ४ | | | १.१.४ | कग | ट्रान्सफर्मर थप | सख्या | | १० | ५००० | १० | ५००० | १० | ५००० | ३० | १५००० | नपा |
| ५ | | | १.१.५ | क | विद्युत सरक्षा सचेतना कार्यक्रम | पटक | | १ | १०० | १ | १०० | १ | १०० | ३ | ३०० | नपा |
| ६ | २ | २.१ | २.१.१ | कख | संस्थागत सौर्य उर्जा जडान | एकमुष्ठ | | १ | १००० | १ | १००० | १ | १००० | ३ | ३००० | नपा |
| ७ | | | २.१.२ | कखग | सडक सोलार जडान | एकमुष्ठ | | १ | १५०० | १ | १५०० | १ | १५०० | ३ | ४५०० | नपा |
| ८ | ३ | ३.१ | ३.१.१ | क | बायोग्याँसका लागि अनुदान | एकमुष्ठ | | १ | १००० | १ | १००० | १ | १००० | ३ | ३००० | नपा |
| ९ | | | ३.१.२ | क | गरिब परिवारका लागि इन्डक्सन चुल्हो वितरण | संख्या | | ५०० | १५०० | ५०० | १५०० | ५०० | १५०० | १५०० | ४५०० | नपा |
| | | | | | **जम्मा** | | | | १६२०० | | २१३०० | | २५१०० | | ६४१०० | |

## ५.४.८ नतिजा खाका

### तालिका ५.१२ : नतिजा खाका (विद्युत तथा उर्जा)

| नतिजा स्तर | नतिजा | सुचक | एकाई | आधार वर्ष २०७६/७७ | उपलब्धी आ.व. २०७९/८० | आ.व. २०८०/८१ | आ.व. २०८१/८२ | योजना अवधिको कुल उपलब्धी | पुष्ट्याईका आधार | जिम्मेवार निकाय | जोखिम तथा अनुमान | स्थासं | प्रसस संकेत | दीराल संकेत | दिविल संकेत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| प्रभाव | नगरका वस्ती तथा घरपरिवारमा जलविद्युत तथा वैकल्पिक उर्जाको सेवा उपलब्ध हुने । | स्थानीय विद्युत उत्पादन | कि.वा | | | | | | नपावाप्र | नपा | | ४ | २ | ३ | ७ |
| | | कुल जनसंख्यामध्ये केन्द्रीय विद्युत सेवा उपभोग गर्ने जनसंख्या | प्रतिशत | | ९० | ९५ | ९७ | ९७ | नपावाप्र | नपा | | ४ | २ | ३ | ७ |
| असर १ | विद्युत आपूर्तिलाई दिगो र भरपर्दो हुने । | केन्द्रीय विद्युत् सेवा विस्तार भएका वडाहरू | संख्या | | १४ | १४ | १४ | १४ | नपावाप्र | नपा | | ४ | २ | ३ | ७ |
| | | एलपि ग्यास प्रयोग गर्ने घरधुरी | प्रतिशत | | ४० | ५० | ६० | ६० | नपावाप्र | नपा | | ४ | २ | ३ | ७ |
| | | इन्धनको रुपमा दाउराको वार्षिक खपत | भारी | | ६० | ५० | ३० | ३० | नपावाप्र | नपा | | ४ | २ | ३ | ७ |
| प्रतिफल १.१ | सफा उर्जाको पहुँचमा वृद्धि भएको हुनेछ । | विद्युत् सेवा उपलब्ध घरधुरी | प्रतिशत | | ९० | ९५ | ९८ | ९८ | नपावाप्र | नपा | | ४ | २ | ३ | ७ |
| | | सफा ऊर्जा प्रयोग गर्ने परिवार | प्रतिशत | | ४० | ५० | ७० | ७० | नपावाप्र | नपा | | ४ | २ | ३ | ७ |
| | | घरायसी बायोग्याँस प्लान्ट | संख्या | | १ | २ | ३ | ३ | नपावाप्र | नपा | | ४ | २ | ३ | ७ |
| प्रतिफल १.२ | काठका पोलहरू विस्थापित भई बढी क्षमताका ट्रान्सफर्मर प्रयोग गरिएको हुनेछ । | काठको पोल विस्थापित (अनुपात) | प्रतिशत | | १० | १५ | २० | २० | नपावाप्र | नपा | | ४ | २ | ३ | ७ |
| | | आवश्यक क्षमताको ट्रान्सफर्मर भएका स्थानहरु | प्रतिशत | | ५० | ७५ | १०० | १०० | नपावाप्र | नपा | | | | | |
| असर २ | ग्रामीण विद्युतीकरणमा वैकल्पिक उर्जाको प्रयोग गर्ने | सोलार प्रयोग गर्ने संस्थाहरु | प्रतिशत | | २५ | ५० | ७५ | ७५ | नपावाप्र | नपा | | ४ | २ | ३ | ७ |
| | | गोबर ग्याँस प्रयोग गर्ने घरधुरी | प्रतिशत | | | | | | नपावाप्र | नपा | | ४ | | | |
| प्रतिफल २.१ | सडक तथा ग्रामीण वस्तीहरूमा सौर्य | सडक सौर्य उर्जाबाट लाभान्वित घरधुरी | | | २० | ३० | ५० | ५० | नपावाप्र | नपा | | ४ | २ | ३ | ७ |

| नतिजा स्तर | नतिजा | सुचक | एकाई | आधार वर्ष २०७६/७७ | उपलब्धी | | | योजना अवधिको कुल उपलब्धी | पुष्ट्याईका आधार | जिम्मेवार निकाय | जोखिम तथा अनुमान | स्थासं | प्रसं संकेत | दीराल संकेत | दिविल संकेत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | आ.व. २०७९/८० | आ.व. २०८०/८१ | आ.व. २०८१/८२ | | | | | | | | |
| | उर्जाको प्रयोग भएको हुनेछ । | सौर्य उर्जा प्रयोग गर्ने घरधुरी अनुपात | प्रतिशत | | | | | | नपावाप्र | नपा | | ४ | २ | ३ | ७ |
| प्रतिफल २.२ | सौर्य उर्जाको प्रयोगबाट कुश्मा उज्यालो भएको हुनेछ । | सौर्य प्रणाली जडान भएका संस्थागतहरु | प्रतिशत | | २५ | ५० | ७५ | ७५ | नपावाप्र | नपा | | ४ | २ | ३ | ७ |
| असर ३ | खाना पकाउने कार्यको लागि नवीकरणीय उर्जा उपलब्ध हुने । | खाना पकाउने कार्यमा नवीकरणीय उर्जा प्रयोग गर्ने घर परिवार | थप प्रतिशत | | १० | १० | १० | ३० | नपावाप्र | नपा | | ४ | २ | ३ | ७ |
| प्रतिफल ३.१ | गोवर ग्यासको प्रवर्द्धन भएको हुने । | गोवर ग्यास प्रयोग गर्ने घरपरिवार | संख्या | | २५ | २५ | २५ | ७५ | नपावाप्र | नपा | | ४ | २ | ३ | ७ |
| प्रतिफल ३.२ | खाना पकाउन विजुलीको प्रयोग वृद्धि भएको हुने । | खाना पकाउन विजुलीको प्रयोग गर्ने घरधुरी | प्रतिशत | | २० | ३० | ४० | ४० | नपावाप्र | नपा | | ४ | २ | ३ | ७ |
| | | विजुलीबाट चल्ने चुल्हो प्रयोग गर्ने घरधरी | प्रतिशत | | २० | ३० | ४० | ४० | नपावाप्र | नपा | | ४ | २ | ३ | ७ |

## ५.५ सूचना तथा सञ्चार

### ५.५.१ पृष्ठभूमि

संघीय तथा प्रदेश कानूनको अधिनमा रही स्थानीय क्षेत्रभित्र इन्टरनेट सेवा, टेलिसेन्टर, केबुल तथा तारविहिन टेलिभिजन प्रशारणको अनुमति, नवीकरण र नियमन सम्बन्धी व्यवस्था स्थानीय सरकार सञ्चालन ऐनमा गरिएको छ। यस नगरपालिकाको सबै वडाहरूमा इन्टरनेट सेवा पुगेको छ। नगरका सबै स्थानहरूमा नेपाल टेलिकमको जिएसएम, स्काइ फोन र एन सेलबाट मोबाइल सेवा पुगेको छ। शहरी वडाहरूमा ल्याण्डलाइन टेलिफोन सेवा समेत सञ्चालनमा रहेको छ। नगर वस्तुस्थिति विवरण २०७५ अनुसार टेलिभिजन भएका घरपरिवार ३१.४५ प्रतिशत, रेडियो भएका घरपरिवार ५६.०५ प्रतिशत, केबललाइन भएका घरपरिवार ४१.७८ प्रतिशत, कम्प्युटर भएका घरपरिवार ६.७१ प्रतिशत र मोबाइल प्रयोगकर्ता ८०.३६ प्रतिशत रहेको छ।

### ५.५.२ प्रमुख समस्या

इन्टरनेटको सेवाको लागि ३ जी सेवा सञ्चालनमा रहेको छ। अप्टिकल फाइबरबाट सञ्चालनमा नहुँदा टावर बेसमा उपलब्ध गराइएको सेवाबाट थ्री जी सेवा मात्र सञ्चालनमा आएको छ। सरकारी भवन, सडक, तथा सार्वजनिक स्थलहरू तथा वडा नं. ४, ५, ६ का सडकहरूमा मात्र सी.सी. क्यामरा जडान गरिएका छन। स्याटलाइट सिटीको रुपमा विकास गर्नका लागि आवश्यक पूर्वाधार तयार भईनसकेको अवस्था छ।

### ५.५.३ चुनौती र अवसर

**(क) चुनौती**

सूचना तथा सञ्चारका सन्दर्भमा कुरा गर्दा सञ्चार माध्यमहरूलाई ग्रामीण वस्तीहरूसम्म विस्तार गर्नु प्रमुख चुनौति रहेको छ। नेपाल टेलिकमले 5G इन्टरनेट प्रविधि आइसकेको अवस्थामा कुश्मामा 4G मात्र रहेकोले मुख्य शहरमा पाइरहेको सुविधा प्राप्त गर्न चुनौति रहेको छ। नगर भित्रका पर्यटकीय क्षेत्रहरूमा अप्टिकल फाइबर मार्फत इन्टरनेट सुविधा पुऱ्याउनु चुनौति रहेको छ।

**(ख) अवसर**

सूचना तथा सञ्चार सम्बन्धी अधिकार संविधानमा नै मौलिक हकका रुपमा लिपिबद्ध भइसकेको छ। सङ्घीय सरकारको प्रत्येक स्थानीय तहसम्म अप्टिकल फाइबरबाट इन्टरनेट सुविधा प्रदान गर्ने नीति कार्यान्वयनको चरणमा रहेको छ। स्थानीय रुपमा सञ्चालित एफ.एम.रेडियोहरूको पहुँच नगर क्षेत्रभरि नै रहेको छ। रेडियो दिदीबहिनी, रेडियो शालीग्राम, रेडियो कुसुम, रेडियो पञ्चासेले सञ्चार सेवा उपलब्ध गराइरहेका छन। टेलिभिजनतर्फ कालीगण्डकी टेलिभिजन प्रा.लि., कालीगण्डकी केबल नेटवर्क प्रा. लि., पर्वत केबल नेटवर्क, प्रा. लि. सञ्चालनमा रहेका छन। नगरक्षेत्रमा जिल्लाको सदरमुकाम कुश्मामा भएका एफ.एम. स्टेशनहरूको अतिरिक्त बागलुङ जिल्लाबाट प्रसारण हुने एफ.एम./रेडियोको पनि सेवा पुगेको छ। पत्रपत्रिकाहरूमा दैनिक, साप्ताहिक, मासिक, त्रैमासिक, अर्धवार्षिक तथा वार्षिक रुपमा विभिन्न पत्रपत्रिकाहरू प्रकाशित हुने गर्दछन्। ती मध्ये मोदीकाली साप्ताहिक, शुभसन्देस साप्ताहिक, अभिमत साप्ताहिक, पर्वत खबर साप्ताहिक, धौलागिरि सञ्चार साप्ताहिक, अर्थवीट साप्ताहिक, अक्षर खवर साप्ताहिक, बुलेटन्युज साप्ताहिक, खबर डबली साप्ताहिक, न्यु कालीगण्डकी दैनिक, सहारान्युज दैनिक, धौलागिरि पोष्ट दैनिक, कुसुमपुर टुडे, समुदाय र श्रृजना त्रैमासिक, सगुन त्रैमासिक, नव माधुरी त्रैमासिक, कालीको सुसेली त्रैमासिक, शालीग्राम साप्ताहिक प्रमुख रुपमा रहेका छन।

### ५.५.४ दीर्घकालीन सोच, लक्ष्य र उद्देश्य

**सोच** : सूचना तथा सञ्चारको विस्तार, समृद्ध कुश्माको बलियो आधार

**लक्ष्य** : सूचना तथा संचार प्रविधिमा नगरवासीको पहुँच वृद्धि गर्ने ।

**उद्देश्य**

१. सूचना तथा सञ्चार प्रविधिलाई सर्वसुलभ, भरपर्दो र गुणस्तरीय बनाउनु,
२. सूचना तथा सञ्चार प्रविधिको सहज पहुँच वृद्धि गर्नु ।

### ५.५.५ रणनीति र कार्यनीति

**तालिका ५.१३ : रणनीति तथा कार्यनीति**

| रणनीति | कार्यनीति |
|---|---|
| **उद्देश्य १ : सूचना तथा सञ्चार प्रविधिलाई सर्वसुलभ, भरपर्दो र गुणस्तरीय बनाउनु ।** | |
| १.१ टेलिफोन तथा इन्टरनेट सेवाको पहुँच अभिवृद्धि गर्ने | १.१.१ धार्मिक तथा पर्यटकीय क्षेत्रहरूमा निशुल्क वाइफाईको व्यवस्था गरिनेछ ।<br>१.१.२ वडा कार्यालय, विद्यालय र स्वास्थ्य संस्था मुख्य बजारमा सिसिटिभी क्यामेरा जडान गरिनेछ । |
| **उद्देश्य २ : सूचना तथा सञ्चार प्रविधिको सहज पहुँच वृद्धि गर्नु ।** | |
| २.१ सूचना तथा सञ्चारमा नागरिकको पहुँच एवं उपयोग सुनिश्चित गर्ने | २.१.१ नेपाल टेलिकम तथा अन्य सेवा प्रदायक संस्थाहरूसँग समन्वय तथा सहकार्य गरी गुणस्तरीय भरपर्दो मोबाइल तथा इन्टरनेट सेवाको सुनश्चितता गरिनेछ ।<br>२.१.२ विद्यालय लगायत सरकारी कार्यालयहरूमा ल्याण्डलाइन टेलिफोन जडानका लागि सेवा प्रदायक संस्थासँग पहल गरिने छ ।<br>२.१.३ एफ. एम रेडियो स्थापना गरी सञ्चारको पहुँच बढाइनेछ ।<br>२.१.४ अप्टिकल फाइबरको विस्तार गर्न नेपाल दुरसञ्चार प्राधिकरणसँग समन्वय गरिनेछ । |

### ५.५.६ कार्यक्रमका प्राथमिकता

१. सार्वजनिक संस्थाहरूमा निशुल्क वाइफाई व्यवस्था,
२. अप्टीकल फाईबर विस्तार,
३. इन्टरनेट सुविधा विस्तार ।

## ५.५.७ विस्तृत कार्यक्रम र बजेट

### तालिका ५.१४ : कार्यक्रम तथा बजेट (सूचना तथा सञ्चार)

*(रू. हजारमा)*

| क्र.सं. | उद्देश्य नं. | रणनीति नं. | कार्यनीति नं. | संकेत नं. | कार्यक्रम तथा क्रियाकलापहरू | इकाई | आधार वर्ष (२०७६/७७) | पहिलो आ.व. २०७८/७९ |  | दोश्रो आ.व. २०७९/८० |  | तेस्रो आ.व. २०८०/८१ |  | योजना अवधिको जम्मा |  | जिम्मेवार निकाय |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
|  |  |  |  |  |  |  |  | लक्ष्य | बजेट | लक्ष्य | बजेट | लक्ष्य | बजेट | लक्ष्य | बजेट |  |
| १ | १ | १.१ | १.१.१ | क | धार्मिक तथा पर्यटकीय स्थलहरूमा निशुल्क वाइफाई जडान र सञ्चालन | संख्या |  | १० | १५० | १० | २०० | १० | ३०० | ३० | ६५० | नगर पालिका |
| २ |  |  | १.१.२ | क | सूचना प्रवाह गर्न एफ एम स्टेशन स्थापना | एकमुष्ठ |  | १ | २०० | १ | २०० | १ | २०० | ३ | ६०० | नगर पालिका |
| ३ | २ | २.१ | २.१.१ | क | इन्टरनेट सुविधा विस्तार | एकमुष्ठ |  | १ | २००० | १ | २००० | १ | २००० | ३ | ६००० | नगर पालिका |
| ४ |  |  | २.१.२ | कग | सार्वजनिक संस्थाहरूमा निशुल्क वाइफाइ व्यवस्था | संख्या |  | १० | १५० | १० | २०० | १० | २०० | ३० | ५५० | नगर पालिका |
| ५ |  |  | २.१.३ | कग | अप्टीकल फाइवर विस्तार | एकमुष्ठ |  | १ | ५००० | १ | ५००० | १ | ५००० | ३ | १५००० | नगर पालिका |
|  |  |  |  |  | **जम्मा** |  |  |  | **७५००** |  | **७६००** |  | **७७००** |  | **२२८००** |  |

### ५.५.८ नतिजा खाका

**तालिका ५.१५ : नतिजा खाका (सूचना तथा सञ्चार)**

| नतिजा स्तर | नतिजा | सुचक | एकाई | आधार वर्ष २०७६/७७ | उपलब्धी | | | योजना अवधिको कुल उपलब्धी | पुष्ट्याईका आधार | जिम्मेवार निकाय | जोखिम तथा अनुमान | स्थासं | प्रसं संकेत | दीराल संकेत | दिविल संकेत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | आ.व. २०७९/८० | आ.व. २०८०/८१ | आ.व. २०८१/८२ | | | | | | | | |
| प्रभाव | सूचनामा नागरिक पहुँच वृद्धि भएको हुने । | संचार माध्यमको किसिम | संख्या | | ५ | ६ | ७ | ७ | नपावाप्र | नपा | | ४ | ५ | ३ | ९ |
| | | उद्यम व्यवसायमा सूचना प्रविधि प्रयोग गर्ने व्यक्ति | प्रतिशत | | २० | ३० | ५० | ५० | नपावाप्र | नपा | | ४ | ५ | ३ | ९ |
| असर १ | सञ्चार प्रविधिको प्रयोगको उपयोगमा विस्तार गर्नु । | संचारका कुनै एक साधन उपलब्ध परिवार | प्रतिशत | | ५० | ७५ | ९० | ९० | नपावाप्र | नपा | | ४ | ५ | ३ | ९ |
| | | फ्रि वाइफाइ जोन | संख्या | | २० | ३० | ४० | ९० | नपावाप्र | नपा | | ४ | ५ | ३ | ९ |
| प्रतिफल १.१ | टेलिफोन तथा इन्टरनेट सुविधा सुलभ भएको हुनेछ । | टेलिभिजन उपलब्ध परिवार | प्रतिशत | | ४० | ५० | ७५ | ७५ | नपावाप्र | नपा | | ४ | ५ | ३ | ९ |
| | | इन्टरनेट सेवा प्रयोग गर्ने जनसंख्या | प्रतिशत | | २० | ३० | ५० | ५० | नपावाप्र | नपा | | ४ | ५ | ३ | ९ |
| | | टेलिफोन/मोबाइल प्रयोगकर्ता | प्रतिशत | | ८५ | ९० | ९५ | ९५ | नपावाप्र | नपा | | ४ | ५ | ३ | ९ |
| असर २ | सूचना तथा सञ्चार प्रविधिलाई सर्वसुलभ, भरपर्दो र गुणस्तरीय बनाउनु | एफएम रेडियो स्टेशन | थप संख्या | | १ | ० | १ | २ | नपावाप्र | नपा | | ४ | ५ | ३ | ९ |
| | | टेलिभिजन सेवा प्रदायकहरु | थप संख्या | | १ | ० | १ | २ | नपावाप्र | नपा | | ४ | ५ | ३ | ९ |
| | | क्रियाशील पत्रकार | थप संख्या | | ५ | ५ | ५ | १५ | नपावाप्र | नपा | | ४ | ५ | ३ | ९ |
| प्रतिफल २.१ | मोबाइल तथा इन्टरनेट सुविधाको स्रोन्नति गरिनेछ । | अप्टिकल फाइबरको विच्छाक्ष्एको परिमाण | किमी | | ५ | ७ | ८ | २० | नपावाप्र | नपा | | ४ | ५ | ३ | ९ |
| | | ५ जी इन्टरनेट सुविधा | संख्या | | | | | | नपावाप्र | नपा | | ४ | ५ | ३ | ९ |

# परिच्छेद छ : वन, वातावरण तथा विपद् व्यवस्थापन

## ६.१ वन तथा भूसंरक्षण

### ६.१.१ पृष्ठभूमि

नगरपालिकाको पार्श्वचित्र २०७५ अनुसार यस नगरपालिकामा कूल ९६ वटा सामुदायिक वनहरू रहेका छन् । जसमध्ये ९२ वटा सामुदायिक वनहरू नियमित रुपमा नवीकरण गरिएका छन् भने बाँकी नवीकरण गरिएका छैनन् । यी सामुदायिक वनहरूमा ८८४५ घरधुरी आबद्ध रहेका छन् । समुदायले नै वनको उचित संरक्षण तथा उपयोग गर्ने गरी नेपाल सरकारको राष्ट्रिय नीति अनुरुप यस्ता वनहरू समुदायलाई हस्तान्तरण गरिएको देखिन्छ ।

समुदायमा हस्तान्तरण भएपछि वन संरक्षणमा राम्रो प्रगति भएको तर त्यसबाट लिन सकिने प्रत्यक्ष लाभ लिन नसकिएको नागरिकहरूको अनुभव रहेको छ । कतिपय अवस्थामा संरक्षण गर्ने समुदायले आफूलाई चाहिने वन पैदावर प्राप्त गर्न पनि वनको स्विकृति लिनुपर्ने अवस्थाले मानिसहरूको गुनासो रहेको छ । ति सामुदायिक वनबाट सामुदायिक वन उपभोक्ता समितिहरूले पनि खासै ठूलो आम्दानी गर्न नसकेको हुनाले सामुदायिक वनको आयबाट नगरपालिकाले प्राप्त गर्ने वन रोयल्टी वापतको रकम पनि हालसम्म प्राप्त हुन नसकेको अवस्था छ । तर उपभोक्ता समितिका सदस्यहरू त्यसबाट प्राप्त गर्न सकिने घाँस दाउराबाट लाभान्वित हुन सकेका छन् । प्राकृतिक रुपमा रहेका जडीबुटी तथा गैरकाष्ठ वन पैदावारको संकलनबाट गरीब, महिला तथा पिछडिएका वर्गहरू लाभान्वित हुनसक्ने वातावरण निर्माण गरी गरीबी न्यूनीकरण गर्नका लागि यस क्षेत्रको प्राथमिकताका साथ व्यवस्थापन गर्नुपर्ने आवश्यकता रहेको छ । यस नगरपालिका पहाडी भागमा रहेको नगरपालिका भएकोले भूक्षयको समस्या यहाँ व्यापक रुपमा रहेको छ ।

कुश्मा नगरपालिकाको धेरैजसो भाग पहाडी भिरालो भू-बनोट भएको र अव्यवस्थित तथा अवैज्ञानिक तरिकाले निर्माण गरिएका ग्रामीण सडकहरूको कारण केही क्षेत्रहरू भू-क्षयको उच्च जोखिममा रहेका छन् । प्राकृतिक रुपमा पनि वर्षायाममा खोलाहरूमा आउने बाढीका कारण पनि भू-क्षयको जोखिम बढाएका छन् । नगरपालिका क्षेत्रभित्र भू-क्षयको उच्च जोखिम भएका स्थानहरूको विवरणलाई यसप्रकार प्रस्तुत गरिएको छः।

**तालिका ६.१ : भू–क्षयबाट प्रभावित क्षेत्र**

| क्र.सं. | उप जलाधार क्षेत्र | मोहडा | प्रभावित क्षेत्र |
|---|---|---|---|
| १ | मल्याङ्दीखोला | उत्तर दक्षिण | खौला, ठूलीपोखरी, पिपलटारी |
| २ | कुश्मा दुर्लुङ सडक २१० कि.मि | दक्षिण पश्चिम | शिवालय, दुर्लुङ |
| ३ | दोविल्ला फलेवास सडक क्षेत्र १५ कि.मि | .उत्तर पश्चिम | कटुवाचौपारी, पिपलटारी |
| ४ | दोविल्ला सिल्मी आर्थर सडक क्षेत्रको जहरेखोलाको भाग | उत्तर दक्षिण | पकुवा, खौला |
| ५ | डिमुवा राम्जा सडक क्षेत्र ९ कि. मि. | पूर्व पश्चिम | पकुवा |

*स्रोत : नगर पार्श्वचित्र, २०७५*

### ६.१.२ प्रमुख समस्या

उत्पादनशील वनलाई पूर्ण क्षमतामा व्यवस्थापन गर्न नसकिएको, वनको व्यवस्थापन तथा विकासमा राज्यको लगानीको अभाव रहेको, अव्यवस्थित भौतिक संरचनाका कारण वन क्षेत्रको विनास, क्षयीकरण, खण्डीकरण, वन तथा जलाधार क्षेत्रका स्रोतहरूको क्षयीकरण भएको, बढ्दो वातावरणीय प्रदूषण तथा जलवायु परिवर्तनका

असरहरूको यथोचित समाधान हुन नसक्नु तथा बढ्दो मानव वन्यजन्तु द्वन्द्व र यसको व्यवस्थापनमा रहेको कठिनाई प्रमुख समस्याका रुपमा रहेका छन् । जडीबुटी खेतीका विषयमा पर्याप्त अनुसन्धान तथा व्यवस्थापन कार्यलाई प्राथमिकता नदिनु, जडीबुटीको संकलनमा वैज्ञानिक तरिका उपयोग नहुनु, दुर्लभ र आर्थिक महत्वका जडीबुटीको निजी क्षेत्रमा खेती गर्ने अभ्यास नहुनु आदि यस क्षेत्रका समस्याहरू हुन् ।

### ६.१.३ चुनौती र अवसर

**(क) चुनौती**

नीति, कानून र कार्यक्रमहरू स्पष्ट पारी कार्यान्वयनमा ल्याउनु, भूकम्प, बाढी, भूस्खलनबाट परिस्थितिकीय सेवामा भएको विनाश, वनक्षेत्रबाट टाढा रहेका घरधुरीहरूको वनबाट प्राप्त हुने वस्तु तथा सेवाहरूमा पहुँच पुऱ्याउनु, वन अतिक्रमण नियन्त्रण तथा वन डढेलो नियन्त्रण गर्नु र यसका लागि स्थानीय क्षमता र जिम्मेवारी वृद्धि गर्नु तथा नगरपालिकाको भौतिक एवम् आर्थिक- सामाजिक विकास र वन संरक्षण कार्यका बीच उत्पन्न हुने द्वन्द्व व्यवस्थापन गर्नु यस क्षेत्रका चुनौतीहरू हुन ।  जलाधारक्षेत्रका स्रोतहरूको क्षयीकरण भएको, माटो र पानीको दिगो तथा एकीकृत् संरक्षणबाट मात्र कृषि क्षेत्रको उत्पादकत्वमा वृद्धि गर्न सकिने तर भूसंरक्षणको सेवा प्रवाह गर्ने नीतिगत व्यवस्थाको कमी तथा संरचनागत रुपमा कार्यालयको संख्यामा संकुचन हुँदा सेवा प्रवाहमा चुनौती रहेको छ । आवादी जग्गाबाट उत्पादित जडीबुटी तथा गैरकाष्ठ वनपैदावारको व्यावसायीकरण, जडीबुटी प्रशोधन तथा भण्डारणका लागि पूर्वाधार तथा उपयुक्त प्रविधिको प्रयोग गर्नु जडिबुटी विकासका चुनौतीहरू हुन । पूर्वाधार विकास र पर्यावरणीय प्रणाली बिच सन्तुलन कायम गर्नु पनि वन क्षेत्रको एउटा चुनौतीको रुपमा रहेको छ ।

**ख) अवसर**

समुदायमा आधारित वन व्यवस्थापन मार्फत संरक्षित भएका वन र सक्षम समूहहरूको बलियो उपस्थिति रहेको छ । गैरकाष्ठ वन पैदावार तथा जडीबुटीको महत्व मानव स्वास्थ्यका साथै स्थानीय जनताको जीविकोपार्जनमा सुधार ल्याउन सकिने अवस्था रहेको, जडीबुटी खेतीप्रति निजी तथा अन्तर्राष्ट्रिय क्षेत्रको लगानी आकर्षण गर्न सक्ने सम्भावना रहनु, अन्तर्राष्ट्रिय बजारमा बढी माग भएका जडीबुटीहरूको खेती विस्तार प्रविधिलाई सर्वसाधारण किसानको पहुँचसम्म सहज ढंगले प्रशोधन जस्ता कायहरू मार्फत मूल्य अभिवृद्धि गरी अधिकांश फाईदा प्रदेशभित्रै रहन सक्ने वातावरण तयार गर्ने सम्भावनाहरू रहनु आदि यस क्षेत्रका अवसरहरू हुन्

नेपाल सरकारले जडिबुटीका ३० वटा प्रजातिलाई आर्थिक विकासमा योगदान पुऱ्याउन सक्ने भनी प्राथमिकतामा सूचीकृत गरेको छ ।

### ६.१.४ दीर्घकालीन सोच, लक्ष्य र उद्देश्य

**सोच** : वन र जैविक विविधताको दिगो व्यवस्थापन: नगरको समृद्धिमा योगदान ।

**लक्ष्य** : वनको उत्पादन तथा उत्पादकत्व वृद्धि गर्ने ।

**उद्देश्य** :

१. वन तथा जैविक विविधताको संरक्षण र वैज्ञानिक व्यवस्थापन गर्नु ।
२. वनलाई आय आर्जनको आधारको रुपमा विकास गर्नु ।
३. भूक्षयबाट हुने क्षतिमा कमी ल्याउनु ।

### ६.१.५ रणनीति र कार्यनीति

**तालिका ६.२ : रणनीति तथा कार्यनीति**

| रणनीति | कार्यनीति |
|---|---|
| **उद्देश्य १ : वन तथा जैविक विविधताको संरक्षण र वैज्ञानिक व्यवस्थापन गर्नु ।** | |
| १.१ वन लगायत प्राकृतिक स्रोतको वैज्ञानिक व्यवस्थापन र उपयोग गर्ने । | १.१.१ भएको वन क्षेत्र कायमै राखी खाली जमिनमा वृक्षारोपण गरिनेछ ।<br>१.१.२ शहरी क्षेत्रमा हरियाली अभियान कार्यक्रम सञ्चालन गरिनेछ ।<br>१.१.३ वन फडानी तथा डढेलो नियन्त्रणको लागि वडास्तरीय सयन्त्र निर्माण र परिचालन गरिने छ ।<br>१.१.४. वन र वातावरण सम्बन्धमा काम गर्ने संघ संस्थाबीच प्रभावकारी समन्वय र सहकार्य गरिनेछ । |
| १.२ प्राकृतिक स्रोतको उपयोगलाई आय र रोजगारीसँग आबद्ध गर्ने । | १.२.१. सामुदायिक तथा कबुलियत वनमा जडिबुटी कुरिलो, टुसा, निउरो, बेसार, कागती जस्ता उच्चआय दिने खेती प्रवर्द्धन गरिनेछ ।<br>१.२.२. निजी जग्गामा फलफूल, गैर काष्ठजन्य आयमूलक रुख विरुवाहरू लगाउन वन नर्सरीको व्यवस्था गरिनेछ ।<br>१.२.३. वन, वातावरण र जैविक विविधतालाई पर्यटन विकाससँग आबद्ध गरिनेछ । |
| **उद्देश्य २ : वनलाई आय आर्जनको आधारको रुपमा विकास गर्नु ।** | |
| २.१ वन व्यवस्थापनलाई जीविकोपार्जन स्थानीयहरूको जीविकोपार्जनसँग आबद्ध गरिनेछ । | २.१.१ वन क्षेत्रमा जडिवुटी खेतीलाई प्रोत्साहन गरिनेछ ।<br>२.१.२ वन समूह र महिला समूहहरूको वन व्यवस्थापन सम्बन्धी क्षमता अभिवृद्धि गरिनेछ ।<br>२.१.३ समुदायका वन समूह र महिला समूहहरू तथा युवाहरूलाई वनको उपयोगबाट आय आर्जन गर्न सहयोग गरिनेछ ।<br>२.१.४ सफल समूहहरूलाई पुरस्कृत गरिनेछ ।<br>२.१.५ समुदायमा आधारित दीगो वन व्यवस्थापन योजना निर्माण गरिने छ । |
| २.२ वन क्षेत्रमा पर्यटकीय गतिविधिको विकास गर्ने । | २.२.१ पर्यटनको सम्भावना बोकेका स्थलहरूको पहिचान र विस्तृत योजना तयार गरिनेछ ।<br>२.२.२ कुश्मा बजारको आसपासमा रहेका वन क्षेत्रलाई पर्यटकीय क्षेत्रको रुपमा विकास गरिनेछ । |
| **उद्देश्य ३ : भूक्षयबाट हुने क्षतिमा कमी ल्याउनु ।** | |
| ३.१ वन संरक्षणको लागि समुदायस्तरमा रहेका वन समूह र महिला समूहहरूको पहुँच अभिवृद्धि गर्ने । | ३.१.१ पहिचान भएका पहिरो जोखिम क्षेत्रमा पहिरो रोकथामका उपायहरू अवलम्वन गरिनेछ ।<br>३.१.२ नदीको मुहानलाई संरक्षण गरी वहावबाट हुने क्षतिलाई न्यूनीकरण गरिनेछ ।<br>३.१.३ पहिरो रोकथाम र नियन्त्रणका लागि समुदाय र बन उपभोक्ता समितिहरूलाई क्षमता विकास सम्बन्धी तालिम सञ्चालन गर्ने ।<br>३.१.४ वातावरणीय परीक्षण मूल्याङ्कन र त्यसका सिफारिशलाई अनिवार्य कार्यान्वयन गर्ने व्यवस्था गरिनेछ । |

### ६.१.६ कार्यक्रमका प्राथमिकता

१. खालीस्थानमा वृक्षारोपण,
२. शहरी क्षेत्रमा हरियाली प्रवर्द्धन,
३. वन क्षेत्रमा जडिबुटी खेती प्रवर्द्धन,
४. पहिरो नियन्त्रण,
५. वनमा आधारित आयमुलक कार्यक्रम सञ्चालन,

### ६.१.७ विस्तृत कार्यक्रम र बजेट

**तालिका ६.३ : कार्यक्रम तथा बजेट (वन तथा भूसंरक्षण)**

*(रू. हजारमा)*

| क्र.सं. | उद्देश्य नं. | रणनीति नं. | कार्यनीति नं. | संकेत नं. | कार्यक्रम तथा क्रियाकलापहरू | इकाई | आधार बर्ष (२०७६/७७) | पहिलो आ.व. २०७८/७९ | | दोश्रो आ.व. २०७९/८० | | तेस्रो आ.व. २०८०/८१ | | योजना अवधिको जम्मा | | जिम्मेवार निकाय |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | लक्ष्य | बजेट | लक्ष्य | बजेट | लक्ष्य | बजेट | लक्ष्य | बजेट | |
| १ | १ | १.१ | १.१.१ | कखग | खाली सार्वजनिक स्थानहरूमा वृक्षारोपण | एकमुष्ठ | | | ५०० | | ५०० | | ५०० | | १५०० | सामुदायिक वन, डिभिजन वन कार्यालय |
| २ | | | १.१.२ | कखग | सहरी क्षेत्रमाा हरियाली प्रवर्द्धन कार्यक्रम | संख्या | | | १००० | | १००० | | १००० | | ३००० | न.पा.र संघ |
| ३ | | | १.१.३ | क | वन फडानी तथा डढेलो नियन्त्रणको लागि वडास्तरीय सयन्त्र निर्माण | संख्या | | १४ | १०० | १४ | १०० | १४ | १०० | १४ | ३०० | न.पा.र संघ |
| ४ | | १.२ | १.२.१ | क | जडिबुटि खेती कार्य योजना निर्माण | संख्या | | १ | ३०० | १ | ३०० | १ | ३०० | ३ | ९०० | न.पा.र संघ |
| ५ | | | १.२.२ | क | जडिबुटी खेती सम्बन्धी तालिम | पटक | | १ | ५०० | १ | ५०० | १ | ५०० | ३ | १५०० | न.पा.र संघ |
| ६ | | | १.२.३ | कख | अल्लो, लप्सी, अम्रिसो आदि खेती सम्बन्धी तालिम | संख्या | | १ | ५०० | १ | ५०० | १ | ५०० | ३ | १५०० | कृ.शा |
| ७ | | | १.२.४ | कग | अल्लो लप्सी आदिको विउ विरुवा वितरण | एकमुष्ठ | | १ | ५०० | १ | ५०० | १ | ५०० | ३ | १५०० | न.पा.र संघ |
| ८ | २ | २.१ | २.१.१ | क | वन उपभोक्ता समितिहरू, महिला र युवा समूहको लागि वन व्यवस्थापन सम्बन्धी तालिम | पटक | | १ | २०० | १ | २०० | १ | २०० | ३ | ६०० | न.पा.र संघ |
| ९ | | | २.१.२ | क | वन व्यवस्थापन पुरस्कार | जना | | ३ | ३०० | ३ | ३०० | ३ | ३०० | ९ | ९०० | न.पा.र संघ |
| १० | | | २.१.२ | क | दीगो वन व्यवस्थापन योजना निर्माण | संख्या | | ० | ० | १ | ५०० | ० | ० | १ | ५०० | न.पा.र संघ |

| क्र.सं. | उद्देश्य नं. | रणनीति नं. | कार्यनीति नं. | संकेत नं. | कार्यक्रम तथा क्रियाकलापहरू | इकाई | आधार बर्ष (२०७६/७७) | पहिलो आ.व. २०७८/७९ | | दोश्रो आ.व. २०७९/८० | | तेस्रो आ.व. २०८०/८१ | | योजना अवधिको जम्मा | | जिम्मेवार निकाय |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | लक्ष्य | बजेट | लक्ष्य | बजेट | लक्ष्य | बजेट | लक्ष्य | बजेट | |
| ११ | | २.२ | २.२.१ | क | पर्यटकीय क्षेत्र विकास योजना निर्माण | संख्या | | १ | ५०० | ० | ० | ० | ० | १ | ५०० | न.पा. |
| १२ | | | २.२.२ | क | वन क्षेत्रमा पर्यटकीय पूर्वाधार निर्माण | एकमुष्ठ | | | १००० | | १००० | | १००० | | ३००० | न.पा. |
| १३ | ३ | ३.१ | ३.१.१ | क | पहिरो रोकथाम कार्यक्रम | एकमुष्ठ | | | १००० | | १००० | | १००० | | ३००० | न.पा. |
| १४ | | | ३.१.२ | क | वन उपभोक्ता समिति तथा अन्य सामुदायिक समूहहरूको लागि तालिम सञ्चालन | पटक | | १ | २०० | १ | २०० | १ | २०० | ३ | ६०० | न.पा. |
| | | | | | **जम्मा** | | | | **६६००** | | **६६००** | | **६१००** | | **१९३००** | |

## ६.१.८ नतिजा खाका

### तालिका ६.४ : नतिजा खाका (वन तथा भूसंरक्षण)

| नतिजाको स्तर | नतिजा | सूचक | ईकाइ | आधार बर्ष २०७६/७७ | उपलब्धी | | | योजना अवधिको कुल उपलब्धी | पुष्ट्याईको आधार | जिम्मेवार निकाय | जोखिम तथा अनुमान | स्थासंसं | प्रसं संकेत | दिगल संकेत | दीविल संकेत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | आ.व. २०७८/७९ | आ.व. २०७९/८० | आ.व. २०८०/८१ | | | | | | | | |
| प्रभाव | वनको उत्पादन र उत्पादकत्व वृद्धि गर्ने । | वन क्षेत्रबाट प्राप्त आय | रु लाखमा | | ५० | ६० | ७० | १८० | कुनववि | नपा | | ७ | ८ | ७ | १५ |
| | | वनबाट प्राप्त काठको मूल्य | रु लाखमा | | ५० | ६० | ७० | १८० | कुनववि | नपा | | ७ | ८ | ७ | १५ |
| असर १ | वन तथा जैविक विविधताको संरक्षण र वैज्ञानिक व्यवस्थापन भएको हुने । | संरक्षित वनको क्षेत्रफल | प्रतिशत | | १० | १५ | २० | २० | कुनववि | नपा | | ७ | ८ | ७ | १५ |
| | | संरक्षण गरिएका लोपोन्मुख वनस्पतिहरु | वटा | | २ | ३ | ५ | १० | कुनववि | नपा | | ७ | ८ | ७ | १५ |

| नतिजाको स्तर | नतिजा | सूचक | ईकाइ | आधार बर्ष २०७६/७७ | उपलब्धी | | | योजना अवधिको कुल उपलब्धी | पृष्ठ्याईको आधार | जिम्मेवार निकाय | जोखिम तथा अनुमान | स्थासं | प्रसं संकेत | दिराल संकेत | दीविल संकेत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | आ.व. २०७८/७९ | आ.व. २०७९/८० | आ.व. २०८०/८१ | | | | | | | | |
| असर २ | वन आय आर्जजनको क्षेत्रको रुपमा विकास भएको हुने | वनमा आधारित व्यवशायहरू | संख्या | | १० | १५ | २० | ४५ | कुनववि | नपा | | ७ | ८ | ७ | १५ |
| | | वन क्षेत्रमा गरिएको खेती | संख्या | | ५ | १० | १५ | ३० | कुनववि | नपा | | ७ | ८ | ७ | १५ |
| | | वन पैदावारमा आधारित उद्योगहरू | संख्या | | ५ | ८ | १० | २३ | कुनववि | नपा | | ७ | ८ | ७ | १५ |
| प्रतिफल २.१ | वन क्षेत्रमा आयमुलक गतिविधिहरूको वृद्धि भएको हुने । | वनमा आधारित खेतीमा संलग्न हुनेहरू | जना | | ५० | ७५ | १०० | १७५ | कुनववि | नपा | | ७ | ८ | ७ | १५ |
| | | वनमा आधारित पर्यटन व्यवशायमा संलग्न हुनेहरू | जना | | ५० | ७५ | १०० | १७५ | कुनववि | नपा | | ७ | ८ | ७ | १५ |
| असर ३ | भूक्षयबाट हुने क्षतिमा कमी आएको हुने । | भूक्षयका घटनाहरु | संख्या | | | | | | कुनववि | नपा | | ७ | ८ | ७ | १५ |
| | | पहिरो नियन्त्रण गरिएको लम्बाई | थप किमी | | १ | २ | २ | ५ | कुनववि | नपा | | ७ | ८ | ७ | १५ |
| प्रतिफल ३.१ | खेती गर्ने प्रणालीमा सुधार आएको हुने । | भूक्षय नियन्त्रण विधि अपनाई गरिएको खेति गरिएको स्थानहरु | संख्या | | १० | २० | ३० | ६० | कुनववि | नपा | | ७ | ८ | ७ | १५ |
| प्रतिफल ३.२ | माटो र पानीको संरक्षण भएको हुने | भूक्षयबाट संरक्षण गरिएका पानी मुहानहरु | संख्या | | ५ | ७ | १० | २२ | कुनववि | नपा | | ७ | ८ | ७ | १५ |

## ६.२ जलाधार व्यवस्थापन

### ६.२.१ पृष्ठभूमि

कुश्मा नगरपालिकाभित्र जलस्रोत पर्याप्त मात्रामा रहेको देखिन्छ । यहाँ उत्पादनमूलक जमिन, सामुदायिक वन, ढुङ्गाका खानीहरू, पानीका साना साना तालहरू तथा प्राकृतिक पोखरीहरू रहेका छन् । यहाँ रहेका प्राकृतिक पोखरी तथा तालहरूको उपयोगबाट सिंचाई सुविधामा विस्तार गर्न सकिने बलियो सम्भावना रहेको छ ।

कुश्मा नगरपालिकाभित्र जम्मा ६९ वटा प्राकृतिक ताल तथा पोखरीहरू रहेका छन् । सबैभन्दा बढी पोखरीहरू वडा नं. ३ दुर्लुङ्गमा १४ वटा रहेका छन् । बडा नं. १४ आर्थरमा १३ वटा पोखरीहरू रहेका छन् भने वडा नं १, १०, ११ र १३ मा क्रमशः ५, ७, ५ र वडा नं १३ मा ११ वटा पोखरीहरू रहेका छन् । वडा नं. १२ ठूलीपोखरीमा १ वटा पोखरी मात्र रहेको छ । यही पोखरीको नामबाट ठूलीपोखरीको नाम रहेकाले यसको महङ्खव बढी रहेको छ । पोखरी मध्येको कुश्मा नगरपालिकाको सबैभन्दा ठूलो पोखरी पनि यही हो । वडा नं ४, ५ र ६ मा एउटा पनि पोखरी रहेको छैन । यी पोखरीहरूमा प्राकृतिक मात्र नभई पलाष्टिकका सिंचाई पोखरीहरू समेत रहेका छन् ।

### ६.२.२ प्रमुख समस्या

जलाधार संरक्षणका क्षेत्रमा देखिएका समस्याको विश्लेषण गर्दा यस नगरपालिकामा परम्परागत रुपमा रहेका पानीको मुहान सुक्दै जानु, सडक र पहिरोका कारण पानीका स्रोतहरूमा क्षति पुग्नु, पहिरो वाढी आदिको कारण पोखरीहरू लोप हुँदै जानु, विकास निर्माणका कायहरू गर्दा प्रारम्भिक वातावरणीय परीक्षण (IEE) र वातवरणीय प्रभाव मूल्याङ्कन (EIA) प्रभावकारी कार्यान्वयन नहुनु र जलाधार संरक्षणका विषयलाई उचित ध्यान नदिनु, योजना तर्जुमा प्रक्रियामा जलाधार संरक्षण गर्ने कार्यमा कम ध्यान पुग्नु र जलाधार संरक्षण सम्बन्धी क्षमता विकास कार्यक्रमहरू कम हुनु जस्ता समस्याहरू विद्यमान रहेका छन ।

### ६.२.३ चुनौती र अवसर

**क) चुनौती**

गल्छी तथा पहिरोको उपचार, संवेदनशील जलाधार क्षेत्रहरूको व्यवस्थापन, पानी मुहान तथा पोखरी संरक्षण, जलवायु परिवर्तनका असरको न्यूनीकरणमा टेवा पुऱ्याउनु, यसको लागि जनचेतना विस्तार र सीप विकास गर्नु यस क्षेत्रका चुनौतीहरूको रुपमा देखापरेका छन् ।

**ख) अवसर**

प्रशस्त जलाधार क्षेत्रहरू हुनु, दुई वटा ठूला नदीहरू यसै नगरपालिका भएर बग्नु, जलाधारसँग धार्मिक महत्व हुनु यस क्षेत्रको लागि अवसर हुन् ।

### ६.२.४ दीर्घकालीन सोच, लक्ष्य र उद्देश्य

**सोच** : समृद्ध जलाधारः समृद्धिको आधार

**लक्ष्य** : जलाधार क्षेत्रको गुणस्तर सुधार गर्ने ।

**उद्देश्य**

१. पानीको गुणस्तर सुधार गर्नु र पोखरी, नदि तथा रिजरभ्वायरहरू पुरिनबाट बचाउनु ।

२. जमिनको उत्पादकत्व वृद्धि गर्नु ।

### ६.२.५ रणनीति र कार्यनीति

**तालिका ६.५ : रणनीति तथा कार्यनीति**

| रणनीति | कार्यनीति |
|---|---|
| **उदेश्य १ : पानीको गुणस्तर सुधार गर्नु र पोखरी, नदि तथा रिजरभ्वायरहरू पुरिनबाट बचाउनु ।** | |
| १.१ खोलानाला तथा पोखरी संरक्षणलाई अभियानको रुपमा सञ्चालन गर्ने । | १.१.१ खोला नदि तथा पोखरी ताल तलाउ आदिको संरक्षण सम्बन्धी योजना निर्माण गरिनेछ ।<br>१.१.२ खोला नदिको संरक्षण तथा व्यवस्थापनको लागि समुदायको परिचालन गरिनेछ ।<br>१.१.३ नदि तथा खोलाको संरक्षण तथा व्यवस्थापनलागि आवश्ययक कानूनी व्यवस्था गरिनेछ ।<br>१.१.४ पोखरीको संरक्षणको लागि पहिरो नियन्त्रण तथा वृक्षारोपण कार्यक्रम सञ्चालन गरिनेछ ।<br>१.१.५ खोला तथा नदिमा फालिने फोहोरलाई नियन्त्रण गर्ने कार्यक्रम सञ्चालन गरिनेछ । |
| १.२ नदि तथा खोलाको स्रोतलाई वैज्ञानिक तवरले प्रयोग गर्ने । | १.२.१. नदि तथा खोलाहरूबाट प्राप्त हुने प्राकृतिको स्रोतको उपयोग गर्न आवश्यक अध्ययन गरिनेछ ।<br>१.२.२. नदि तथा खोलाबाट प्राप्त हुन सक्ने स्रोतको उपयोगलाई व्यवस्थित गरिनेछ । |
| **उद्देश्य २ : जमिनको उत्पादकत्व वृद्धि गर्नु ।** | |
| २.१ वैज्ञानिक भूउपयोग नीतिको कार्यान्वयन गर्ने । | २.१.१ भूउपयोग योजना निर्माण गरिनेछ ।<br>२.१.२ जमिनको प्रकृति अनुसार खेती गर्ने प्रणालीको विकास गरिनेछ ।<br>२.१.३ संरक्षणमूलक खेती प्रणालीबारे किसानहरूमा सचेतना अभिवृद्धि गरिनेछ । |
| २.२ जलाधार संरक्षणलाई प्रभावकारी ढंगले व्यवस्थापन गर्ने । | २.२.१ हैसियत विग्रेका वन तथा चरन क्षेत्रको संरक्षण गरिनेछ ।<br>२.२.२ किसानहरूको जलाधार संरक्षण समूह निर्माण गरिनेछ । |

### ६.२.६ कार्यक्रमका प्राथमिकता

१. नदि पोखरी ताल तलाउ संरक्षण,

२. नदि पोखरी संरक्षणको लागि वृक्षारोपण,

३. भूउपयोग योजना निर्माण र कार्यान्वयन ।

## ६.२.७ विस्तृत कार्यक्रम र बजेट

### तालिका ६.६ : कार्यक्रम तथा बजेट (जलाधार व्यवस्थापन)

*(रू. हजारमा)*

| क्र.सं. | उद्देश्य नं. | रणनीति नं. | कार्यनीति नं. | संकेत नं. | कार्यक्रम तथा क्रियाकलापहरू | इकाई | आधार बर्ष (२०७६/७७) | पहिलो आ.व. २०७८/७९ | | दोश्रो आ.व. २०७९/८० | | तेस्रो आ.व. २०८०/८१ | | योजना अवधिको जम्मा | | जिम्मेवार निकाय |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | लक्ष्य | बजेट | लक्ष्य | बजेट | लक्ष्य | बजेट | लक्ष्य | बजेट | |
| १ | १ | १.१ | १.१.१ | क | नदि, खोला पोखरी आदि संरक्षण योजना निर्माण | संख्या | ० | १ | ३०० | ० | ० | ० | ० | १ | ३०० | नपा |
| २ | | | १.१.२ | क | समुदायस्तरमा संरक्षण समूहहरूको गठन | संख्या | ० | २८ | ५० | २८ | ५० | २८ | ५० | ८४ | १५० | नपा |
| ३ | | | १.१.३ | क | जलाधार व्यवस्थापन सम्बन्धी कानून निर्माण | संख्या | ० | १ | ५० | १ | ५० | १ | ५० | ३ | १५० | नपा |
| ४ | | | १.१.४ | क | वृक्षारोपण | एकमुष्ठ | – | | १००० | | १००० | | १००० | | ३००० | न.पा.र संघ |
| ५ | | | १.१.५ | क | खोला नाला तथा तलाउ सफाइ कार्यक्रम सञ्चालन | संख्या | | १ | ५०० | १ | ५०० | १ | ५०० | ३ | १५०० | न. पा.र संघ |
| ६ | १ | १.२ | १.२.१ | क | नदि जन्य स्रोतको उपयोग सम्बन्धी अध्ययन | संख्या | | ० | ० | १ | ५०० | ० | ० | १ | ५०० | नपा |
| ७ | | | १.२.२ | क | नदि तथा ताल तलाउबाट प्राप्त हुने स्रोतको उपयोग सम्बन्धी योजना निर्माण | संख्या | | ० | ० | १ | ५०० | ० | ० | १ | ५०० | नपा |
| ८ | २ | २.१ | २.१.१ | क | भूउपयोग योजना निर्माण | संख्या | | १ | ५०० | ० | ० | ० | ० | १ | ५०० | नपा |
| ९ | | | २.१.२ | क | जमिनको प्रकृति अनुसारको खेती सम्बन्धी अध्ययन | संख्या | | ० | ० | १ | ५०० | ० | ० | १ | ५०० | नपा |
| १० | | | २.१.३ | क | संरक्षण मुखी खेती सम्बन्धी किसानहरूको लागि तालिम सञ्चालन | पटक | | १ | २०० | १ | २०० | १ | २०० | ३ | ६०० | नपा |

| क्र.सं. | उद्देश्य नं. | रणनीति नं. | कार्यनीति नं. | संकेत नं. | कार्यक्रम तथा क्रियाकलापहरू | इकाई | आधार बर्ष (२०७६/७७) | पहिलो आ.व. २०७८/७९ | | दोश्रो आ.व. २०७९/८० | | तेस्रो आ.व. २०८०/८१ | | योजना अवधिको जम्मा | | जिम्मेवार निकाय |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | लक्ष्य | बजेट | लक्ष्य | बजेट | लक्ष्य | बजेट | लक्ष्य | बजेट | |
| ११ | २ | २.२ | २.२.१ | क | हैसियत विग्रेको वन तथा चरन क्षेत्र संरक्षण योजना निर्माण | संख्या | | ० | ० | १ | ५०० | ० | ० | १ | ५०० | नपा |
| १२ | | | २.२.१ | क | किसानहरूको लागि सचेतनामूलक कार्यक्रम सञ्चालन | संख्या | | १ | २०० | १ | २०० | १ | २०० | ३ | ६०० | नपा |
| | | | | | **जम्मा** | | | | २८०० | | ४००० | | २००० | | ८८०० | |

## ६.२.८ नतिजा खाका

### तालिका ६.७ : नतिजा खाका (जलाधार व्यवस्थापन)

| नतिजाको स्तर | नतिजा | सूचक | ईकाइ | आधार बर्ष २०७६/७७ | उपलब्धी | | | योजना अवधिको कुल उपलब्धी | पुष्ट्याईको आधार | जिम्मेवार निकाय | जोखिम तथा अनुमान | स्थासंस | प्रसंस | दीराल संकेत | दीविल सं |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | आ.व. २०७८/७९ | आ.व. २०७९/८० | आ.व. २०८०/८१ | | | | | | | | |
| प्रभाव | जलाधार क्षेत्रको गुणस्तर सुधार भएको हुने । | थप भएको संरक्षित क्षेत्र | हे. | | ५० | १०० | २०० | ३५० | कुनववि | नपा | | ७ | ८ | ७ | १५ |
| | | भूउपयोग योजना अनुसार उपयोग भएको थप क्षेत्रफल | हे. | | १० | २० | ३० | ६० | कुनववि | नपा | | ७ | ८ | ७ | १५ |
| असर १ | पानीको गुणस्तर सुधार र पोखरी, नदि तथा रिजरभ्वायरहरू पुरिनबाट जोगिने । | प्रदुषण मुक्त पोखरीहरू | प्रतिशत | | ५० | २५ | ० | ० | कुनववि | नपा | | ७ | ८ | ७ | १५ |
| | | प्रदुषण मुक्त नदिहरू | प्रतिशत | | ५० | २५ | ० | ० | कुनववि | नपा | | ७ | ८ | ७ | १५ |
| प्रतिफल १.१ | नदि तथा पोखरी अतिक्रमण हुनबाट बचेको हुने । | अतिक्रमण हुनबाट जोगिएका पोखरी | प्रतिशत | | ५० | २५ | ० | ० | कुनववि | नपा | | ७ | ८ | ७ | १५ |
| | | अतिक्रमण हुनबाट जोगिएको नदिहरू | प्रतिशत | | ५० | २५ | ० | ० | कुनववि | नपा | | ७ | ८ | ७ | १५ |
| प्रतिफल १.२ | | पहिरोबाट सुरक्षित पोखरी | प्रतिशत | | ५० | २५ | ० | ० | कुनववि | नपा | | ७ | ८ | ७ | १५ |

| नतिजाको स्तर | नतिजा | सूचक | ईकाइ | आधार बर्ष २०७६/७७ | उपलब्धी | | | योजना अवधिको कुल उपलब्धी | पुष्ट्याईको आधार | जिम्मेवार निकाय | जोखिम तथा अनुमान | स्थासं | प्रसं | दीराल संकेत | दीविल सं |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | आ.व. २०७८/७९ | आ.व. २०७९/८० | आ.व. २०८०/८१ | | | | | | | | |
| | पोखरी तथा तालहरू वाढि पहिरोबाट सुरक्षित भएको हुने । | पहिरोबाट सुरक्षित नदि | प्रतिशत | | ५० | २५ | ० | ० | कुनवबि | नपा | | ७ | ८ | ७ | १५ |
| असर २ | जमिनको उत्पादकत्व वृद्धि गर्नु । | उत्पादकत्व सुधार भएको क्षेत्रफल | हे. | | ५० | १०० | २०० | ३५० | कुनवबि | नपा | | ७ | ८ | ७ | १५ |
| | | संरक्षणको कार्यक्रम सञ्चालन भएको क्षेत्रफल | हे. | | ५० | १०० | २०४० | ३५० | कुनवबि | नपा | | ७ | ८ | ७ | १५ |
| प्रतिफल १ | संरक्षणमुखी कृषि अभ्यासको विकास भएको हुने । | संरक्षण पद्धति अनुसार खेती भएको क्षेत्रफल | प्रतिशत | | १० | १५ | २५ | ५० | कुनवबि | नपा | | ७ | ८ | ७ | १५ |
| | | संरक्षण पद्धति अवलम्बन गर्ने किसान समूह | संख्या | | १४ | १४ | १४ | ४२ | कुनवबि | नपा | | ७ | ८ | ७ | १५ |
| प्रतिफल १ | संरक्षणको लागि समुदाय परिचालित भएको हुने । | संरक्षणमा संलग्न सामुदायिक वन समूहहरू | प्रतिशत | | ५० | ७५ | १०० | १०० | कुनवबि | नपा | | ७ | ८ | ७ | १५ |
| | | संरक्षण सम्बन्धी क्षमता विकास भएका सामुदायिक समूहहरू | संख्या | | १४ | १४ | १४ | ४२ | कुनवबि | नपा | | ७ | ८ | ७ | १५ |

## ६.३ वातावरण संरक्षण तथा फोहोरमैला व्यवस्थापन

### ६.३.१ पृष्ठभूमि

पार्क उद्यान लगायतका क्षेत्रहरूमा अहिले राज्य तथा समुदाय दुवैको चासो बढ्दै गएको छ । स्थानीय सरकार सञ्चालन ऐनमा प्रत्येक स्थानीय तहले कार्यक्रम तथा बजेटको व्यवस्था गरी सबै वडाहरूमा बालउद्यान, पार्क तथा वनस्पतिजन्य मनोरञ्जन आरामदायी स्थानहरूको विकासमा विशेष जोड दिनुपर्ने व्यवस्था गरेको छ । सार्वजनिक स्थानको लोप हुँदै गइरहेको वर्तमान अवस्थामा यी संरचनाहरूको महत्व समुदायस्तरमा बढ्दै गएको हो । नगरपालिकाको १४ वटै वडामा उल्लेखित स्थानहरूको संख्या शुन्य रहेको छ । नगरपालिकाले बालउद्यानको लागि जग्गाको खोजी गरिरहेको र हालसम्म निर्णय नभएको जनाएको छ । वडा नं. ४ माझमेलामा अमृत जोशी स्मृति पार्कको निर्माण केही वर्ष अघि भएको भएतापनि यसलाई अहिलेसम्म व्यवस्थित बनाउन सकिएको छैन । पोखरा बागलुङ राजमार्गसँग जोडिएको स्थान माझमेलामा गुप्तेश्वर सामुदायिक वन उपभोक्ता समितिले नयाँ पार्कको निर्माण कार्य अन्तिम चरणमा पुऱ्याएको छ ।

नगरपालिकाभित्र फोहोर व्यवस्थापनका लागि व्यवस्थित किसिमको डम्पीङसाइट रहेको छैन । नगरपालिकाका ग्रामीण भेगमा मलखाद तथा खोलाखाल्सीमा फोहोर फाल्ने गरेको पाइन्छ । कुश्मा बजार क्षेत्रको फोहोर व्यवस्थापनका लागि वडा नं. ४ माझमेला र ५ को वडागाउँमा अस्थायी रुपमा फोहोर फाल्ने गरिएको छ ।

फोहोरमैला व्यवस्थापनलाई एक्काइसौं शताब्दीमा मानव सभ्यातको पहिचानसँग जोडेर लिने गरिन्छ । समाज तथा समुदाय सफा राख्ने प्रयासस्वरुप प्रत्येक घरमा शौचालय निर्माण भई अनिवार्य शौचालयमा दिसा पिसाब गर्ने व्यवस्था गरिएको छ । ओ.डि.एफ. घोषणा गर्ने सन्दर्भमा पर्वत जिल्ला नेपालको छैटौं स्थानमा आएको थियो । नगरपालिकाले फोहोर ब्यववस्थापनको लागि साधनहरू लगायत जनशक्तिको उचित ब्यवस्था गरेको छ । तर ग्रामीण क्षेत्रका ओगटेका सबै स्थानहरूमा फोहोर व्यवस्थापनको लागि डम्पीङसाईटको ब्यवस्था हुन सकेको छैन । खुला दिसा पिसाब गर्ने पुरानो चलनमा भने व्यापक सुधार  आएको छ ।

कुश्मा नगरपालिका भित्र रहेका जम्मा १०३११ घरधुरी मध्ये सबैभन्दा बढी अर्थात ४३३४ घरधुरीहरूले कम्पोष्ट मल बनाउने वा मलखादमा कुवाउने गरेको देखिन्छ । ३३७८ घरधुरीहरूले कन्टेनरमार्फत फोहोर र ब्यववस्थापन गर्ने र यसका लागि घरमा लिन आउन गरेको पाइयो । नदी तथा खोला खाल्सामा फोहोर फाल्ने घरधुरीहरूका संख्या ८५५ रहेको छ भने सडकमा फोहोर फाल्ने घरधुरीहरूका संख्या ४११ मात्र रहेको छ । आफ्नो घरकम्पाउण्डमा फोहोर व्यवस्थापन गर्नेहरूको संख्या १२०९ रहेको छ । ( नगरपालिकाको पार्श्वचित्र २०७५)


नवनिर्मित फोहोरमैला वर्गिकरण स्थल

नगरपालिकाको वडा नं १, २, ४, ५, ६, ७, ८ र ९ नगरपालिकासँग मिलेर फोहोर व्यवस्थापन गर्ने गरेको छ ।

नगरपालिकामा वातावरण तथा सरसफाईको भौतिक पूर्वाधारको अवस्था विश्लेष्ण गर्दा सार्वजनिक सौचालय ५ वटा, फोहोरपानी प्रशोधनशाला सून्य वटा पिउनेपानी प्रशोधनशाला १ वटा, ल्याण्डफिल्ड साइडः सून्य

वटा, सरसफाई व्यवस्थापनको सवारी साधन चालु अवस्थामा रहेको, स्यानिटरी ल्याण्डफिल्ड  र फोहोर रिसाइकल केन्द्र हाल सम्म कुनै पनि नरहेको अवस्था छ ।

### ६.३.२ प्रमुख समस्या

वातावरणमैत्री विकास संस्थागत हुन नसक्नु, अव्यवस्थित शहरीकरण, भू-उपयोगमा आएको परिवर्तन, बढ्दो सवारी यातायात र डिजेल पेट्रोलको खपत, अवैज्ञानिक ढंगबाट भएको फोहोरमैला उत्सर्जन, प्लाष्टिकजन्य फोहोरको उत्पादन, माटो लगायत प्राकृतिक स्रोतको अधिक दोहन, वायु र पानीजन्य प्रदूषण, वनमासा, निलोगन्धे जस्ता बाह्य मिचाहा झारको प्रकोप लगायत मुख्य वातावरणीय समस्या रहेका छन् । नगरपालिकाबाट प्रदूषण नियमन सम्बन्धी मापदण्डको कार्यान्वयन हुन नसकेको, विभिन्न सरोकारवाला तथा नियमनकारी निकायसँग समन्वय हुन नसक्नु, वातावरण सम्बन्धी नागरिक सचेतना कम हुनु, जथाभावी विषादिको प्रयोग, वातावरण संरक्षण र पूर्वाधार निर्माणको बीच सामन्जस्यता स्थापित हुन नसक्नु वातावरण क्षेत्रका प्रमुख समस्याका रुपमा रहेका छन् ।

भएका दुईवटा गाडीहरूले राम्रोसँग सेवा दिन नसक्नु, जनशक्तिको कमी हुनु, फोहोरमैला व्यवस्थापन कार्य खर्चिलो हुनु, नागरिकहरूबाट पर्याप्त सहयोग प्राप्त नहुनु, मरेका पशुहरूको व्यवस्थापन, मिति गुज्रेको सामानहरूको व्यवस्थापन आदि फोहोर मैला व्यवस्थापनका क्षेत्रमा रहेका समस्या हुन् ।

### ६.३.३ चुनौती र अवसर

**(क) चुनौती**

व्यवस्थित ढल निकास तथा फोहरमैला व्यवस्थापन, शहरी क्षेत्रमा धुलो तथा धुँवाले वायु प्रदूषण नियन्त्रण गर्नु, प्रविधि विकास सँगै उत्पन्न रेडियोधर्मी वस्तुको व्यवस्थापन, वातावरण संरक्षण सम्बन्धी सुपरीवेक्षण गर्ने निकायको व्यवस्था र प्रभावकारिता, नागरिक स्तरमा वातावरण सम्बन्धी दायित्वबोध गराउनु वातावरण संरक्षणको क्षेत्रमा देखिएका चुनौतीहरू हुन् । कुहिने र नकुहिने गरी फाहोरलाई स्रोतमा व्यवस्थापन गर्नु,

पुन प्रयोगमा आउन नसक्ने फोहोरको व्यवस्थापन, विद्युतीय सामानको व्यवस्थापन, स्वास्थ्य संस्थाबाट निस्कने फोहोरको व्यवस्थापन, हानीकारक तथा विशाक्त फोहोरको व्यवस्थापन, घर निर्माण पछिको फोहोर (Construction waste), ग्रामीण फोहोर (काँच तथा प्लाष्टिक)को व्यवस्थापन फोहोर मैला व्यवस्थापनका क्षेत्रमा रहेका प्रमुख चुनौती हुन् ।

**(ख) अवसर**

नगरपालिका भित्र पर्याप्त राष्ट्रिय वन तथा जलस्रोत हुनु, वातावरण संरक्षण राष्ट्रिय महत्वको विषय हुनु, वातावरणीय प्रभाव मूल्याङ्कन तथा प्रारम्भिक वातावरणीय परीक्षण आदिको कानूनी व्यवस्था हुनु, वातावरण संरक्षण सम्बन्धी अध्ययन हुनु यस क्षेत्रका अवसरका रुपमा रहेका छन् । त्यसै गरी कुश्मा बजार बाहेक अन्य क्षेत्रमा जनसंख्याको चाप कम हुनु, मानिसहरूमा वातावरणको महत्वको बारेमा जानकारी हुनु पनि यस क्षेत्रका लागि अवसरको रुपमा लिन सकिन्छ ।

नगरपलिकाले फोहोरमैला व्यवस्थापन लागि नीजि क्षेत्रलाई पनि परिचालित हुनु, नागरिकहरूबाट पर्याप्त मात्रमा सहयोग प्राप्त हुनु, फोहोर मैला व्यवस्थापनको लागि आवश्यक सामग्रीहरू जस्तै दुईवटा गाडीहरूको व्यवस्था हुनु र फोहोर मैला व्यवस्थापनको लागि आवश्यक सार्वजनिक जमिनहरू उपलब्ध हुनु आदि यहाँको लागि अवसरको रुपमा लिन सकिन्छ ।

### ६.३.४ दीर्घकालीन सोच, लक्ष्य र उद्देश्य

**सोच** : स्वच्छ, स्वस्थ र हरियाली नगर : स्वस्थ नगरवासी

**लक्ष्य** : नगरपालिका क्षेत्रमा सफा, स्वच्छ र हरियाली वातावरण प्रवर्द्धन गर्ने ।

**उद्देश्य** :

१. जैविक विविधताको संरक्षण र पर्यावरणीय सन्तुलन कायम गर्नु ।

२. जल, वायु, माटो, ध्वनि लगायत सबै प्रकारका प्रदूषणको रोकथाम, नियन्त्रण तथा व्यवस्थापन गर्नु ।

३. घरधुरी, उद्योग, अस्पताल आदिबाट निस्कने फोहोरको व्यवस्थापन र हरियाली वृद्धि गर्नु ।

## ६.३.५ रणनीति र कार्यनीति

**तालिका ६.८ : रणनीति तथा कार्यनीति**

| रणनीति | कार्यनीति |
|---|---|
| **उद्देश्य १ : जैविक विविधताको संरक्षण र पर्यावरणीय सन्तुलन कायम गर्नु ।** | |
| १.१ नगरपालिकामा भएको पारिस्थीतिकीय प्रणालीको संरक्षण गर्ने | १.१.१ वन, जैविक विविधता तथा जलाधारको सहभागितामूलक ढंगले व्यवस्थापन गरिनेछ ।<br>१.१.२ पर्वतीय पर्यावरणको एकीकृत संरक्षण गरिनेछ । |
| १.२ नगरभित्र रहेको जैविक विविधिताको संरक्षण गर्ने । | १.२.१ वातावरण सहयोगी जंगली जनावर, पशुपंक्षी, किरा, पुतली तथा जलचर आदिको पहिचान र संरक्षण गरिनेछ ।<br>१.२.२ नगरभित्र रहेका विभिन्न वनस्पतिहरूको अध्ययन गरिनेछ ।<br>१.२.३ जैविक विविधतालाई पर्यटन विकाससँग आबद्ध गरिनेछ ।<br>१.२.४ जैविक विविधताको संरक्षणमा समुदायको परिचालन गरिनेछ । |
| **उद्देश्य २ : जल, वायु, माटो ध्वनि लगायत सबै प्रकारका प्रदूषणको रोकथाम, नियन्त्रण तथा व्यवस्थापन गर्नु ।** | |
| २.१ प्रदुषण नियन्त्रणको लागि आवश्यक कानूनी आधार तयार गर्ने । | २.१.१ जल, वायु, माटो तथा ध्वनी प्रदुषण नियन्त्रणको लागि आवश्यक योजना तर्जुमा गरिनेछ ।<br>२.१.२ जल, वायु, माटो तथा ध्वनी प्रदुषण नियन्त्रण ऐन, नियम तथा कार्यविधि तयार गरिनेछ ।<br>२.१.३ प्रदुषण नियन्त्रणको लागि प्रदेश तथा संघीय सरकारसँग आवश्यक समन्वय गरिनेछ ।<br>२.१.४ प्रदुषण सम्बन्धी जनचेतनामूलक अभियान सञ्चालन गरिने छ । |
| २.२ प्रदुषण नियन्त्रणको लागि आवश्यक पूर्वाधारहरूको विकास गर्ने । | २.२.१ फोहोर पानीको उपचारको लागि आवश्यक संरचनाको निर्माण गरिनेछ ।<br>२.२.२ प्रदषण मापन उपकरणहरूको व्यवस्था मिलाइने छ । |
| **उद्देश्य ३ : घरधुरी, उद्योग, अस्पताल आदिबाट निस्कने फोहोरको व्यवस्थापन र हरियाली वृद्धि गर्नु ।** | |
| ३.१ फोहोरमैला व्यवस्थापनको लागि निजी क्षेत्रको परिचालन गर्ने । | ३.१.१ फोहोरमैला व्यवस्थापनलाई आधुनिक प्रविधिको प्रयोग गरिनेछ ।<br>३.१.२ निर्माण कार्यबाट निस्कने फोहोरको लागि सार्वजनिक स्थानको खोजी गरी व्यवस्थापन गरिनेछ ।<br>३.१.३ सहरी क्षेत्रमा ढलको व्यवस्थापन गरिनेछ ।<br>३.१.४ ग्रामीण फोहोर जस्तै प्लाष्टिक र काँचको बोतलहरूको व्यवस्थापन पनि व्यवस्थापन गरिनेछ । |

## ६.३.६ कार्यक्रमका प्राथमिकता

१. जैविक विविधता सम्बन्धी अध्ययन अनुसन्धान

२. प्रदुषण नियन्त्रणका लागि आवश्यक पूर्वाधार निर्माण

३. फोहोरमैला व्यवस्थापन

## ६.३.७ विस्तृत कार्यक्रम र बजेट

### तालिका ६.९ : कार्यक्रम तथा बजेट (वातावरण संरक्षण तथा फोहोरमैला व्यवस्थापन)

*(रू. हजारमा)*

| क्र.सं. | उद्देश्य नं. | रणनीति नं. | कार्यनीति नं. | संकेत नं. | कार्यक्रम तथा क्रियाकलापहरू | इकाई | आधार बर्ष २०७६/७७ | पहिलो आ.व. २०७८/७९ | | दोश्रो आ.व. २०७९/८० | | तेस्रो आ.व.. २०८०/८१ | | योजना अवधिको जम्मा | | जिम्मेवार निकाय |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | लक्ष्य | रकम | लक्ष्य | रकम | लक्ष्य | रकम | लक्ष्य | रकम | |
| १ | १ | १.१ | १.१.१ | क | जलाधारको महत्व र यसको संरक्षण सम्बन्धी चेतनामुलक कार्यक्रम सञ्चालन | संख्या | | १ | ५०० | १ | ५०० | १ | ५०० | ३ | १५०० | नपा |
| २ | | | १.१.२ | क | पर्यावरण संरक्षण योजना निर्माण | संख्या | | ० | ० | १ | ५०० | ० | ० | १ | ५०० | नपा |
| ३ | १ | १.२ | १.२.१ | कग | वातावरण सहयोगी जीवजन्तुको अध्ययन र विवरण तयारी | संख्या | | ० | ० | १ | ५०० | ० | ० | १ | ५०० | |
| ४ | १ | १.२ | १.२.२ | क | नगर क्षेत्रभित्र रहेका वनस्पतिहरूको अध्ययन | संख्या | | ० | ० | १ | ५०० | ० | ० | १ | ५०० | नपा |
| ५ | १ | १.२ | १.२.३ | ग | जैविक विविधतालाई पर्यटनसँग जोडन सकिने सम्भाव्यता सम्बन्धी अध्ययन | संख्या | | ० | ० | १ | ५०० | ० | ० | १ | ५०० | |
| ६ | १ | १.२ | १.२.४ | क | जैविक विविधता संरक्षणको लागि समूहहरूको गठन | संख्या | | १४ | २०० | १४ | २०० | १४ | २०० | ४२ | ६०० | |
| ७ | २ | २.१ | २.१.१ | क | प्रदुषण नियन्त्रण सम्बन्धी कार्य योजना निर्माण | संख्या | | १ | २०० | १ | २०० | १ | २०० | ३ | ६०० | |
| ८ | | | २.१.२ | क | ऐन नियम तथा कार्यविधि निर्माण | संख्या | | १ | ० | ० | ० | ० | ० | १ | ० | |

| क्र.सं. | उद्देश्य नं. | रणनीति नं. | कार्यनीति नं. | संकेत नं. | कार्यक्रम तथा क्रियाकलापहरू | इकाई | आधार बर्ष २०७६/७७ | पहिलो आ.व. २०७८/७९ | | दोश्रो आ.व. २०७९/८० | | तेस्रो आ.व.. २०८०/८१ | | योजना अवधिको जम्मा | | जिम्मेवार निकाय |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | लक्ष्य | रकम | लक्ष्य | रकम | लक्ष्य | रकम | लक्ष्य | रकम | |
| ९ | | | २.१.३ | क | प्रदुषण विरुद्ध चेतनामुलक कार्यक्रम सञ्चालन | संख्या | | १ | १०० | १ | १०० | १ | १०० | ३ | ३०० | |
| १० | २ | २.२ | २.२.१ | कखग | फोहोर पानी प्रशोधन प्रणालीको स्थापना | एकमुष्ठ | ० | १ | १००० | १ | १२०० | १ | १४०० | | ३६०० | |
| ११ | | | २.२.२ | कख | प्रदुषण मापन उपकरण | एकमुष्ठ | | १ | ५०० | १ | ५०० | १ | ५०० | | १५०० | |
| १२ | ३ | ३.१ | ३.१.१ | कखग | इन्सिनरेटरको व्यवस्था | एकमुष्ठ | | १ | २०० | १ | ४०० | १ | ६०० | | १२०० | |
| १३ | | | ३.१.१ | कखग | स्यानिटरी ल्याण्डफिल्डको व्यवस्था | एकमुष्ठ | | १ | २००० | १ | २५०० | १ | ४००० | | ८५०० | |
| १४ | | | ३.१.१ | कखग | फोहोर रिसाइकल केन्द्रको स्थापना | एकमुष्ठ | | १ | ५०० | १ | ५०० | १ | ५०० | | १५०० | |
| १५ | | | ३.१.१ | क | मरेका जीवजन्तुबाट कुखुराको आहारा बनाउन चाहिने घरको निर्माण | एकमुष्ठ | | १ | ५०० | १ | ५०० | १ | ५०० | | १५०० | |
| १६ | | | ३.१.१ | क | प्रवेशमार्गको स्तरोन्नती | एकमुष्ठ | | १ | २००० | १ | १००० | १ | १००० | | ४००० | |
| १७ | | | ३.१.२ | क | निर्माण कार्यबाट निस्कने फोहोर व्यवस्थापनाको मोदीखोलाको किनारमा स्थानको व्यवस्थापन | | | १ | १००० | १ | १००० | १ | १००० | ३ | ३००० | |
| १८ | | | ३.१.३ | कखग | सहरी क्षेत्रमा ढल निर्माण | एकमुष्ठ | | | ५००० | | ५००० | | ५००० | | १५००० | |
| १९ | | | ३.१.४ | कख | ग्रामिण क्षेत्रको फोहोरको व्यवस्थापन कार्यक्रम | | | १ | १०० | १ | १०० | १ | १०० | ३ | ३०० | |

| क्र.सं. | उद्देश्य नं. | रणनीति नं. | कार्यनीति नं. | संकेत नं. | कार्यक्रम तथा क्रियाकलापहरू | इकाई | आधार बर्ष २०७६/७७ | पहिलो आ.व. २०७८/७९ | | दोश्रो आ.व. २०७९/८० | | तेस्रो आ.व.. २०८०/८१ | | योजना अवधिको जम्मा | | जिम्मेवार निकाय |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | लक्ष्य | रकम | लक्ष्य | रकम | लक्ष्य | रकम | लक्ष्य | रकम | |
| २० | | | ३.१.४ | क | टोलस्तरीय अनुशिक्षण कार्यक्रम | संख्या | | ९० | १०० | ९० | १०० | ९० | १०० | २७० | ३०० | |
| २१ | | | ३.१.४ | क | फोहोर मैला व्यवस्थापनको अनुगमन | संख्या | | १२ | ५० | १२ | ५० | १२ | ५० | ४८ | १५० | |
| | | | | | **जम्मा** | | | | **१३९५०** | | **१५८५०** | | **१५७५०** | | **४५५५०** | |

## ६.३.८ नतिजा खाका

**तालिका ६.१० : नतिजा खाका (वातारवरण संरक्षण तथा फोहोरमैला व्यवस्थापन)**

| नतिजाको स्तर | नतिजा | सूचक | ईकाइ | आधार बर्ष २०७६/७७ | उपलब्धी | | | योजना अवधिको कुल उपलब्धी | पुष्ट्याईको आधार | जिम्मेवार निकाय | जोखिम तथा अनुमान | स्थासंसं | प्रसंसं संकेत | दीराल संकेत | दीविल सं |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | आ.व. २०७८/७९ | आ.व. २०७९/८० | आ.व. २०८०/८१ | | | | | | | | |
| प्रभाव | नगर क्षेत्र भित्रको वातावरण स्वच्छ सफा र हरियालीपूर्ण भएको हुने । | बजार क्षेत्र भित्र हरियाली क्षेत्रको अनुपात | प्रतिशत | | १० | १२ | १५ | १५ | कुनववि | नपा | | ७ | ८ | ७ | १५ |
| | | वायु प्रदुषणको मात्रा | सख्या | | | | | | कुनववि | नपा | | ७ | ८ | ७ | १५ |
| असर १ | जैविक विविधताको संरक्षण र पर्यावरणीय सन्तुलन कायम भएको हुने । | वृक्षारोपण भएको थप क्षेत्रफल | हे. | | १० | २० | ३० | ६० | कुनववि | नपा | | ७ | ८ | ७ | १५ |
| | | बजार क्षेत्रमा ढल निकास सेवाले समेटिएको थप जनसंख्या | प्रतिशत | | २५ | ५० | ७५ | ७५ | कुनववि | नपा | | ७ | ८ | ७ | १५ |
| प्रतिफल १.१ | वातावरणमैत्री उत्पादनहरूलाई विशेष | वातावरण प्रबर्द्धन गर्ने उद्योगहरू | प्रतिशत | | १० | २० | ३० | ६० | कुनववि | नपा | | ७ | ८ | ७ | १५ |
| | | वातावरण प्रबर्द्धन कार्यक्रमहरू | थप संख्या | | १ | १ | १ | १ | कुनववि | नपा | | ७ | ८ | ७ | १५ |

| नतिजाको स्तर | नतिजा | सूचक | ईकाइ | आधार बर्ष २०७६/७७ | उपलब्धी | | | योजना अवधिको कुल उपलब्धी | पुष्ट्याइको आधार | जिम्मेवार निकाय | जोखिम तथा अनुमान | स्थासं | प्रसं संकेत | दीराल संकेत | दीविल सं |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | आ.व. २०७८/७९ | आ.व. २०७९/८० | आ.व. २०८०/८१ | | | | | | | | |
| | अनुदान तथा प्रोत्साहन उपलब्ध भएको हुने | प्लाष्टिक प्रतिस्थापन गर्ने वातावरण मैत्री वस्तुहरूको प्रयोग गर्ने व्यवशायहरू | प्रतिशत | | १० | २० | ५० | ५० | कुनवबि | नपा | | ७ | ८ | ७ | १५ |
| प्रतिफल १.२ | वातावरण सम्बन्धी सचेतना वृद्धि भएको हुने । | वातावरण सचेतना अभिवृद्धि सम्बन्धी कार्यक्रम | संख्या | | १ | १ | १ | १ | कुनवबि | नपा | | ७ | ८ | ७ | १५ |
| | | वातावरण सम्बन्धी अध्ययन हुने कक्षा | संख्या | | ४ | ४ | ४ | ४ | कुनवबि | नपा | | ७ | ८ | ७ | १५ |
| असर २ | जल, वायु, माटो ध्वनि लगायत सबै प्रकारका प्रदूषणको रोकथाम, नियन्त्रण तथा व्यवस्थापन गर्नु । | प्रशोधन विना नदिमा ढल मिसाउने घर परिवार | प्रतिशत | | ७५ | ५० | २५ | २५ | कुनवबि | नपा | | ७ | ८ | ७ | १५ |
| | | प्रतिव्यक्ति प्रतिवर्ष प्लाष्टिकको प्रयोग | केजी | | | | | | नपावाप्र | नपा | | ७ | ८ | ७ | १५ |
| | | सहि तरिकाले प्लाष्टिको व्यवस्थापन गर्ने घरपरिवार | प्रतिशत | | २० | ४० | ६० | ६० | नपावाप्र | नपा | | ७ | ८ | ७ | १५ |
| प्रतिफल २.१ | प्रदुषण सम्बन्धी चेतनाको तह वृद्धि भएको हुने । | प्रदुषण सम्बन्धी सचेतना वृद्धि तालिमहरू | संख्या | | १ | १ | १ | ३ | नपावाप्र | नपा | | ७ | ८ | ७ | १५ |
| | | प्रदुषण सम्बन्धी सचेतना वृद्धिको भएका नमूना अभ्यासहरू | पटक | | १ | १ | १ | ३ | नपावाप्र | नपा | | ७ | ८ | ७ | १५ |
| प्रतिफल २.२ | प्रदुष्ण नियन्त्रण सम्बन्धी आवश्यक पूर्वाधारको व्यवस्था भएको हुने । | मरेका जीवजन्तुबाट पशु आहार बनाउन चाहिने भवन | संख्या | | १ | १ | ० | १ | नपावाप्र | नपा | | ७ | ८ | ७ | १५ |

| नतिजाको स्तर | नतिजा | सूचक | ईकाइ | आधार बर्ष २०७६/७७ | उपलब्धी | | | योजना अवधिको कूल उपलब्धी | पुष्ट्याईको आधार | जिम्मेवार निकाय | जोखिम तथा अनुमान | स्थासं | प्रसं संकेत | दीराल संकेत | दीविल सं |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | आ.व. २०७८/७९ | आ.व. २०७९/८० | आ.व. २०८०/८१ | | | | | | | | |
| | | स्यानिटरी ल्याण्डफिल्डा साइड | संख्या | | ० | १ | १ | १ | नपावाप्र | नपा | | ७ | ८ | ७ | १५ |
| | | फोहोर रिसाइकल केन्द्र | संख्या | | १ | १ | १ | १ | नपावाप्र | नपा | | ७ | ८ | ७ | १५ |
| प्रतिफल २.३ | प्रदुषण नियन्त्रण सम्बन्धी ऐन कानूनको व्यवस्था भएको हुने । | प्रदुषण सम्बन्धी ऐन | संख्या | | १ | ० | ० | १ | नपावाप्र | नपा | | ७ | ८ | ७ | १५ |
| | | प्रदुषण नियन्त्रण सम्बन्धी कार्यविधि | संख्या | | १ | ० | ० | १ | नपावाप्र | नपा | | ७ | ८ | ७ | १५ |
| असर ३ | घरधुरी, उद्योग, अस्पतालआदि बाट निस्कने फोहोरको उचित व्यवस्थापन हुने र हरियाली वृद्धि हुने । | फोहोर मैला व्यवस्थापनमा आबद्ध घरधुरी | प्रतिशत | | २५ | ४० | ६० | ६० | नपावाप्र | नपा | | ७ | ८ | ७ | १५ |
| | | फोहोर मैला व्यवस्थापनमा आबद्ध औद्योगिक प्रतिष्ठान | प्रतिशत | | १० | २० | ४० | ४० | नपावाप्र | नपा | | ७ | ८ | ७ | १५ |
| | | फोहोर मैला व्यवस्थापनमा आबद्ध स्वास्थ्य संस्था | प्रतिशत | | २५ | ५० | १०० | १०० | नपावाप्र | नपा | | ७ | ८ | ७ | १५ |
| प्रतिफल ३.१ | फोहोर व्यवस्थापनको लागि आवश्यक भौतिक पूर्वाधार तयार भएको हुने । | कम्पाउण्ड वाल सहितको व्यवस्थित फोहोर व्यवस्थापन केन्द्र | संख्या | | १ | १ | १ | १ | नपावाप्र | नपा | | ७ | ८ | ७ | १५ |
| | | इन्सिनरेटरको व्यवस्था | संख्या | | ० | १ | ० | १ | नपावाप्र | नपा | | ७ | ८ | ७ | १५ |
| | | भरपर्दो सेवा दिन सक्ने गाडीको व्यवस्था | संख्या | | आवश्यकता अनुसार | आवश्यकता अनुसार | आवश्यकता अनुसार | आवश्यकता अनुसार | नपावाप्र | नपा | | ७ | ८ | ७ | १५ |
| | | प्रवेश मार्गको स्तरोन्नती | | | १ | १ | १ | १ | नपावाप्र | नपा | | ७ | ८ | ७ | १५ |

| नतिजाको स्तर | नतिजा | सूचक | ईकाइ | आधार बर्ष २०७६/७७ | उपलब्धी | | | योजना अवधिको कूल उपलब्धी | पुष्ट्याइको आधार | जिम्मेवार निकाय | जोखिम तथा अनुमान | स्थासंसं | प्रसंसं संकेत | दीराल संकेत | दीविल सं |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | आ.व. २०७८/७९ | आ.व. २०७९/८० | आ.व. २०८०/८१ | | | | | | | | |
| प्रतिफल ३.२ | फोहोर व्यवस्थापनको लागि आवश्यक कानूनी आधार तयार भएको हुने । | फोहोर मैला व्यवस्थापन सम्बन्धी कानून निर्माण | संख्या | | १ | ० | ० | १ | नपावाप्र | नपा | | ७ | ८ | ७ | १५ |
| | | फोहोर मैला व्यवस्थापन सम्बन्धी कार्यविधि निर्माण | संख्या | | १ | ० | ० | १ | नपावाप्र | नपा | | ७ | ८ | ७ | १५ |
| प्रतिफल ३.३ | फोहोर मैला व्यवस्थापन सम्बन्धी चेतनाको तह वृद्धि भएको हुने । | फोहोरलाई कुहिने र नकुहिनेमा वर्गीकरण गरी व्यवस्थापन घर परिवार | प्रतिशत | | २० | ४० | ६० | ६० | नपावाप्र | नपा | | ७ | ८ | ७ | १५ |
| | | नगरपालिकाले व्यवस्था गरेको फोहोर मैला व्यवस्थापन कार्यक्रममा संलग्न घरपरिवार | प्रतिशत | | २५ | ५० | १०० | १०० | नपावाप्र | नपा | | ७ | ८ | ७ | १५ |
| | | फोहोर मैला व्यवस्थापन कार्यक्रमले समेटेको वडा | प्रतिशत | ५ | १४ | १४ | १४ | १४ | नपावाप्र | नपा | | ७ | ८ | ७ | १५ |
| | | फोहोर मैला व्यवस्थापन सम्बन्धी संचालान गरिको चेतना अभिवृद्धि कार्यक्रम | पटक | | १ | १ | १ | १ | नपावाप्र | नपा | | ७ | ८ | ७ | १५ |

## ६.४ विपद् व्यवस्थापन

### ६.४.१ पृष्ठभूमि

विपद् भन्नाले चट्याङ्ग, असिना, भूकम्प, आगलागि, बाढी पहिरो, अनावृष्टि, अतिवृष्टि, अनिकाल, महामारी, युद्ध, भोकमरी, आदिबाट सिर्जित समाजको अस्तव्यस्त अवस्थालाई बुझिन्छ । कुश्मा नगरपालिका भौगोलिक विविधता भएको नगरपालिका हो र यहाँ विभिन्न प्रकृति तथा मानव सिर्जित प्रकोपको जोखिममा रहेको छ । यी अप्रत्यासित विपत्तिहरूको व्यवस्थापनको लागि पूर्वतयारी गर्नुपर्ने आवश्यकता रहन्छ । प्राकृतिक प्रकोपबाट हुने जोखिम न्यूनीकरण गर्न पूर्व सूचना, तयारी, उद्धार, राहत एवम् पुनर्स्थापना गर्ने तथा जलउत्पन्न प्रकोप नियन्त्रण र नदीको व्यवस्थापन गर्ने जस्ता कायहरू गर्न आवश्यक हुन्छन् । विपद् व्यवस्थापन र जोखिम न्यूनीकरणका लागि नीतिगत, संरचनागत र संस्थागत विकास गरी प्रकोप प्रतिरोध तथा उत्थानशील क्षमताका माध्यमबाट प्रकोपको सामना गर्न र त्यसको असरबाट पुरानै अवस्थामा पुनर्स्थापित हुन सक्ने समाज र अर्थतन्त्र निर्माण गर्न आवश्यक रहेको छ ।

### ६.४.२ प्रमुख समस्या



चट्याङ्ग तथा अतिवृष्टिबाट सिर्जना हुने बाढी, पहिरो, डुवान यहाँका पकृति प्रदत्त समस्याहरू हुन् । यसको अवैज्ञानिक र असावधानी पूर्ण सडक निर्माण कार्यबाट उत्पन्न भूक्षय पहिरोबाट ताल तलैया, खेतीवारी, सिंचाई तथा जलविद्युत्का बाँध पुरिने तथा भौतिक पुर्वाधारमा समेतक्षति पुग्ने समस्या रहेका छन् । विपद पूर्वको तयारी तथा सतर्कता सम्बन्धी चेतनाको कमी, शहरी क्षेत्रमा खुला स्थलको कमी, विपद जोखिम न्यूनीकरण सम्बन्धी अध्ययनले कम महत्व पाउनु यस क्षेत्रका प्रमुख समस्या हुन् ।

### ६.४.३ चुनौती र अवसर

**(क) चुनौती**

भिरालो र खोला नाला धेरै भएको ठाउँमा पहिरो तथा बाढीबाट हुने क्षतिको न्यूनीकरण, विपदको बेलामा आवश्यक जनशक्ति र स्रोत सामाग्रीको व्यवस्थापन, राहत उद्धारको लागि आवश्यक सीपयुक्त जनशक्ति तथा स्रोतहरूको व्यवस्थापन, जलवायु परिवर्तनको असरको व्यवस्थापन, बढ्दो जनसंख्या, वनजंगल जस्ता प्राकृतिक स्रोतको अत्याधिक दोहन नियन्त्रण, खोला नदिहरूबाट ढुंगा, गिट्टी, वालुवाको अत्यधिक र अनियन्त्रित दोहन नियन्त्रण आदि यस क्षेत्रका चुनौतीहरू रहेको छन् ।

**(ख) अवसर**

विपद व्यवस्थापन सम्बन्धी ऐन तथा कानूनको व्यवस्था, केन्द्रमा राष्ट्रिय विपद जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणको स्थापना, विपद जोखिम न्यूनीकरण तथा व्यवस्थापनले अन्तराष्ट्रिय रुपमा महत्व पाउनु, नयाँ बन्ने संरचना तथा पूर्वाधारहरू निर्माण गर्दा विपद् व्यवस्थापनलाई ध्यान दिएर निर्माण गर्ने परिपाटीको विकास हुँदै जानु, खुला क्षेत्र संरक्षणको कार्य हुँदै जानु, विपद् उत्थानशील शहर तथा एकीकृत् बस्ती विकास गर्ने सोचको विकास हुनु यस क्षेत्रका अवसरको रुपमा लिन सकिन्छ ।

### ६.४.४ दीर्घकालिन सोच, लक्ष्य र उद्देश्य

**सोच** : विपद उत्थानशिल नगरपालिका

**लक्ष्य** : विपदका घटनाबाट हुन सक्ने क्षतिमा कमी ल्याउने ।

**उद्देश्य** :

१. विपदका घटनामा कमी ल्याउनु ।
२. विपद् पश्चात्को पुनर्लाभ, पुनर्स्थापना, पुनर्निर्माण र नवनिर्माणलाई उत्थानशील बनाउनु ।

### ६.४.५ रणनीति र कार्यनीति

**तालिका ६.११ : रणनीति तथा कार्यनीति**

| रणनीति | कार्यनीति |
|---|---|
| **उद्देश्य १ : विपदका घटनामा कमी ल्याउनु ।** | |
| नतिजाको स्तर | नतिजा | सूचक | ईकाइ | आधार बर्ष २०७६/७७ | उपलब्धी | | | योजना अवधिको कुल उपलब्धी | पुष्ट्याइँको आधार | जिम्मेवार निकाय | जोखिम तथा अनुमान | स्थासंसं | प्रसंसं संकेत | दीराल संकेत | दीविल संकेत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | आ.व. २०७८/७९ | आ.व. २०७९/८० | आ.व. २०८०/८१ | | | | | | | | |
| प्रतिफल १.३ | सार्वजनिक निकायहरूको काम कार्वाहीहरू सार्वजनिक भएको हुने । | समयमै आफ्ना काम कार्वाहीहरू सार्वजनिक गर्ने सार्वजनिक निकायहरू | प्रतिशत | | ७५ | ८० | १०० | १०० | नपावाप्र | नपा | | ६ | ७ | ८ | १६ |
| | | समयमै वित्तीय विवरण पेश गर्ने, सार्वजनिक गर्ने सार्वजनिक निकायहरू | प्रतिशत | | ७५ | ८० | १०० | १०० | नपावाप्र | नपा | | ६ | ७ | ८ | १६ |
| प्रतिफल १.४ | प्रविधिहरूको प्रयोगमा वृद्धि भएको हुने । | कम्तीमा एउटा कम्प्युटर सफ्टवेर प्रयोग भएका सार्वजनिक निकायहरू | प्रतिशत | | ७५ | ८० | १०० | १०० | नपावाप्र | नपा | | ६ | ७ | ८ | १६ |

# परिच्छेद आठ : अनुगमन तथा मूल्याङ्कन योजना

## ८.१ पृष्ठभूमि

कुनै पनि योजना अपेक्षित गति, गुणस्तर र दिशामा अग्रसर भइरहेको छ भन्ने कुरा योजना कार्यान्वयनकै अवधिमा थाहा पाउन सके सम्बन्धित योजना तथा कार्यक्रमहरूलाई आवश्यकता अनुसार परिमार्जन गरी सही दिशा दिन सकिन्छ । यहि भूमिकाका कारण योजना चक्रमा अनुगमनको भूमिका महत्वपूर्ण रहेको छ ।[४] नगरपालिकाले आगामी वर्षदेखि कार्यान्वयनमा ल्याउने यस आवधिक विकास योजना तथा कार्यक्रमहरू सही दिशा, गुणस्तर र गतिमा सञ्चालन भइरहेको छ छैन भनी नियमित अन्तरालमा जानकारी दिई निर्दिष्ट लक्ष्य, उद्देश्य तथा अपेक्षित प्रतिफल हासिल गर्न सघाउ पुऱ्याउन यो अनुगमन ढाँचा तयार गरिएको छ ।

मूल्याङ्कन कुनैपनि योजनाको चक्रको अन्तिम क्रियाकलाप हो । यो योजना सम्पन्न भएको सामान्यतया दुई वर्षपछि गरिन्छ र योजनाको मध्य अवधिमा पनि गर्ने चलन छ । मूल्याङ्कनले सञ्चालित योजना तथा कार्यक्रमहरू समय सान्दर्भिक/औचित्यपूर्ण थिए वा थिएनन्, समयानुकूल थिए वा थिएनन्, ती योजना कार्यक्रम आफैमा आवश्यक थिए वा थिएनन् भन्ने विषयमा तथ्यमा आधारित रही जानकारी गराउँदछ । यस अनुगमन मूल्याङ्कन ढाँचाले यस आवधिक विकास योजनाको मूल्याङ्कनका लागि विधि तथा पद्धति स्थापित गर्दछ ।

अनुगमन, मूल्याङ्कनको उपरोक्त सैद्धान्तिक पृष्ठभूमिमा यस अनुगमन, मूल्याङ्कन पद्धतिले नगरपालिकाको आवधिक विकास योजनाको प्रभाव, असर मूल्याङ्कन तथा अपेक्षित प्रतिफलको नतिजा मापन तथा सञ्चालित कार्यक्रमको प्रक्रिया अनुगमन गरिनेछ । नगरपालिकाले सुपरीवेक्षण तथा अनुगमन समितिलाई परिचालन गरी यस योजनाको कार्यान्वयन प्रक्रिया अनुगमन तथा प्राप्त नतिजाको मापन गर्नेछ । आवधिक विकास योजनाको अनुगमन तथा मूल्याङ्कनको जिम्मेवारी तथा विधि तपशील बमोजिम प्रस्ताव गरिएको छ :

## ८.२ अनुगमन संयन्त्र

आवधिक विकास योजनाको अनुगमन प्रक्रियाको सम्पूर्ण सहजीकरणको जिम्मेवारी नगरकार्यपालिका कार्यालयको हुनेछ । नगरकार्यपालिकाको कार्यालयले यस आवधिक विकास योजनाको सोच तालिका तथा कार्यान्वयन योजनामा आधारित भई वार्षिक अनुगमन कार्यान्वयन योजना तर्जुमा गरी सोको कार्यान्वयनका लागि आवश्यक सहजीकरण गर्नेछ । योजना अनुगमनमा संलग्न हुने संयन्त्रहरू देहाय बमोजिम हुनेछन् ।

- जिल्ला समन्वय समिति
- नगरकार्यपालिका तथा विषयगत समिति
- वडास्तरीय अनुगमन समिति
- सुपरीवेक्षण तथा अनुगमन समिति

[४] योजना, नीति, कार्यक्रम तथा आयोजनाहरूमा लगानी तथा साधनको प्रवाह समुचित ढंगले भएको छ/छैन र कार्यतालिकाअनुसार क्रियाकलापहरूको कार्यान्वयन भई लक्षित प्रतिफल प्राप्त भएको छ/छैन भनी विभिन्न तहका व्यवस्थापन वा व्यवस्थापनले तोकेको व्यक्ति तथा निकायबाट निरन्तर र आवधिक रूपमा निगरानी राख्ने कार्यलाई अनुगमन भनिन्छ । (राष्ट्रिय अनुगमन तथा मूल्याङ्कन दिग्दर्शन, राष्ट्रिय योजना आयोग, २०७० असार)

- विषयगत शाखा उपशाखा, परियोजना, संघ, संस्था
- नागरिक समाज संस्था तथा तेश्रो पक्ष

## ८.३ अनुगमन विधि

अनुगमनका विभिन्न विधि तथा प्रक्रियाहरू प्रचलनमा रहेका छन् । यस आवधिक विकास योजनाको अनुगमनका साधन तथा विधि देहायअनुसार हुनेछ ।

- स्थलगत अनुगमन
- वार्षिक कार्ययोजना (लक्ष्य) र प्रगति बीच तुलना
- आवधिक विकास योजनाको लक्ष्य र प्रगति बीच तुलना
- नागरिक अनुगमन
- कार्यान्वयन योजनामा आधारित क्रियाकलाप अनुगमन र सोच तालिकामा आधारित प्रतिफल अनुगमन
- कार्यान्वयन योजना र सोच तालिकामा आधारित मध्यावधी समिक्षा
- सहभागितामूलक अन्तिम समीक्षा (तेस्रो पक्षबाट मूल्याङ्कन)

आवधिक तथा वार्षिक विकास योजनाको अनुगमन तथा मूल्याङ्कनको प्रक्रिया देहायअनुसार हुनेछ :

**तालिका ८.१ : अनुगमन खाका**

<table>
<tr><th>के गर्ने</th><th>कसले गर्ने</th><th>कहिले गर्ने</th><th>कसरी गर्ने</th><th>फलोअप</th></tr>
<tr><td colspan="4">अनुगमन प्रक्रिया</td><td rowspan="4">• अनुगमन टोलीले अनुगमन प्रतिवेदन तयार गरी नगरपालिका कार्यालयमा पेश गर्ने<br>• नगरपालिका कार्यालयले प्रतिवेदनका सिफारिश कार्यान्वयनका लागि नपासमक्ष कार्ययोजना पेश गर्ने</td></tr>
<tr><td>कार्यक्रम वा प्रक्रिया अनुगमन</td><td>सुपरिवेक्षण तथा अनुगमन समिति, वडा समिति, सरकारी कार्यालय र गैसस</td><td>आवश्यकता अनुसार, मासिक, चौमासिक र वार्षिक</td><td>• स्थलगत अनुगमन<br>• वार्षिक योजनाको चौमासिक कार्ययोजनामा उल्लिखित लक्ष्य र प्रगति विवरणको तुलना<br>• बृहत् योजनाको कार्यान्वयन योजनाको वार्षिक लक्ष्य र प्रगतिको तुलनात्मक अध्ययन</td></tr>
<tr><td>प्रतिफल अनुगमन</td><td>नगर कार्यपालिका, सुपरिवेक्षण तथा अनुगमन समिति</td><td>चौमासिक, अर्ध वार्षिक, वार्षिक र मध्यावधि</td><td>• स्थलगत अनुगमन<br>• वार्षिक कार्ययोजनाको लक्ष्य र प्रगति विवरणको तुलना<br>• सञ्चालित योजनाहरूको कार्यान्वयनबाट सोच तालिकामा उल्लिखित अपेक्षित प्रतिफल के कति कारणले हासिल हुने देखिन्छ वा देखिँदैन भन्ने सम्बन्धी अध्ययन गरी प्रतिवेदन पेश गर्ने</td></tr>
<tr><td>असर तह अनुगमन</td><td>नगर कार्यपालिका सुपरिवेक्षण तथा अनुगमन समिति र तेस्रो पक्ष</td><td>वार्षिक, मध्यावधि र अन्तिम वर्ष</td><td>• लक्षित समूह तथा सहभागितामूलक छलफल<br>• नमूना सर्वेक्षणमार्फत् सोच तालिकाको लक्ष्य अनुरुप प्रगति मापन<br>• योजनाबाट विषयगत उद्देश्य, अपेक्षित प्रतिफल के कति कारणले प्राप्त हुने वा नहुने विषयमा अध्ययन<br>• प्रतिवेदन तयारी र नगरपालिकामा छलफल</td></tr>
</table>

| के गर्ने | कसले गर्ने | कहिले गर्ने | कसरी गर्ने | फलोअप |
|---|---|---|---|---|
| **मूल्याङ्कन प्रक्रिया** | | | | |
| असर तह मूल्याङ्कन | स्वतन्त्र तेस्रो पक्ष | योजनाको मध्य अवधि | • लक्षित समूह तथा सहभागितामूलक छलफल<br>• नमूना सर्वेक्षण मार्फत् सोच तालिकाको लक्ष्य अनुरुप प्रगति मापन<br>• असर तहका सूचना संकलन गर्दा प्रारम्भिक तहका असरमा ध्यान दिने<br>• प्रतिवेदन तयारी र नगरपालिकामा छलफल | |
| प्रभाव तह मूल्याङ्कन | नगर कार्यपालिका सुपरिवेक्षण तथा अनुगमन समिति र तेस्रो पक्ष | योजना सम्पन्न भएको दुई वर्षपछि | • लक्षित समूह तथा सहभागितामूलक छलफल<br>• नमूना सर्वेक्षण मार्फत् योजनाको दीर्घकालीन सोच तथा विषयगत उद्देश्यहरू हासिल गर्ने दिशामा योजना के कति हदमा सफल भयो र योजना आफैंमा के कति सान्दर्भिक, प्रभावकारी रह्यो र समग्र विकासको दीगो व्यवस्थापनमा योजनाले के कति योगदान गर्न सक्यो भनी अध्ययन<br>• प्रतिवेदन तयारी र नगरपालिकामा छलफल | |

# सन्दर्भ सामग्रीहरु


१ नेपाल सरकार, राष्ट्रिय योजना आयोग, स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन, २०७५

२ नेपाल सरकार, राष्ट्रिय योजना आयोग (२०७६), पन्धौं योजना (आर्थिक वर्ष २०७६/७७ - २०८०/८१), काठमाण्डौं, नेपाल

३ नेपाल सरकार, राष्ट्रिय योजना आयोग, पन्धौँ योजनाको आधारपत्र, (आर्थिक वर्ष २०७६/७७-२०८०/८१)

४ नेपाल सरकार, राष्ट्रिय योजना आयोग, नेपाल दिगो विकास लक्ष्यहरू, वर्तमान अवस्था र भावी मार्गचित्रः (सन् २०१६-२०३०)

५ नेपाल सरकार, राष्ट्रिय योजना आयोग (२०७७), नेपाल दीगो विकास लक्ष्य स्थानीयकरण स्रोत पुस्तिका, काठमाण्डौं, नेपाल

६ नेपाल सरकार, नेपालको संविधान, २०७२

७ नेपाल सरकार, स्थानीय सरकार सञ्चालन ऐन, २०७४

८ प्रदेश सरकार, प्रदेश नीति तथा योजना आयोग (२०७७), प्रथम पञ्चवर्षीय योजना (आर्थिक वर्ष २०७६/७७ - २०८०/८१), गण्डकी प्रदेश, पोखरा, नेपाल

९ प्रदेश सरकार, प्रदेश नीति तथा योजना आयोग (२०७७), स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन, २०७७, गण्डकी प्रदेश, पोखरा, नेपाल

१० नेपाल सरकार, राष्ट्रिय योजना आयोग (२०७७), नेपाल दीगो विकास लक्ष्य स्थानीयकरण स्रोत पुस्तिका, काठमाण्डौं, नेपाल ।

११ कुश्मा नगरपालिका (२०७५), कुश्मा नगरपालिकाको वस्तुगत विवरण, २०७५

१२ कुश्मा नगरपालिका (२०७६), कुश्मा नगरपालिकाको बार्षिक बजेट तथा कार्यक्रम पुस्तिका, कुश्मा, पर्वत

१३ कुश्मा नगरपालिका (२०७७), कुश्मा नगरपालिकाको बार्षिक बजेट तथा कार्यक्रम पुस्तिका, कुश्मा, पर्वत

१४ कुश्मा नगरपालिका (२०७८), कुश्मा नगरपालिकाको बार्षिक प्रगति प्रतिवेदन, कुश्मा, पर्वत

१५ कुश्मा नगरकार्यपालिकाको कार्यालय, कुश्मा नगरपालिका, बार्षिक नीति तथा कार्यक्रमहरू (आर्थिक वर्ष २०७४/०७५, २०७५/०७६, २०७६/०७७)

१६ GOVERNMENT OF NEPAL, MINISTRY OF HEALTH AND POPULATION NEPAL HEALTH SECTOR STRATEGY (2015-2020)

१७ Government of Nepal, Ministry of Urban Development Plan and Physical Planning Development, National Urban Development Strategy (NUDS), 2017

१८ शब्दार्थ नेपाली शब्दसागर, शब्दार्थ प्रकाशन, काठमाडौं, २०६८

# अनुसूचीहरु

# अनुसूची १ : दीर्घकालीन सोच, लक्ष्य र उद्देश्य निर्धारण कार्यशालाको संक्षिप्त प्रतिवेदन

**दीर्घकालीन सोच, लक्ष्य र उद्देश्य निर्धारण कार्यशाला**

२०७८ साल बैशाख ७ गते कुश्मा नगरपालिकाको त्रिवर्षीय (आर्थिक वर्ष २०७८/७९ देखि २०८०/८१ सम्म) को अवधिका लागि आवधिक विकास योजना तर्जुमाका सिलसिलामा दीर्घकालीन सोच, लक्ष्य, उद्देश्य निर्धारण कार्यशाला आयोजना गरिएको थियो । कुश्मा नगरपालिकाको आवधिक विकास योजना तर्जुमा प्रक्रियाको क्रममा कुश्मा नगरपालिका कार्यालयको आयोजना र सुशासन तथा विकास अनुसन्धान केन्द्रको सहजीकरणमा आयोजित एकदिने दीर्घकालीन सोच, लक्ष्य र उद्देश्य निर्धारण कार्यशाला गोष्ठी सम्पन्न गरियो । यस गोष्ठीको मुख्य उद्देश्य सहभागितात्मक आवधिक विकास योजना तर्जुमा प्रक्रियाको अवधारणा, महत्व र चरणहरूबारे सबै सरोकारवाला पक्षहरूलाई जानकारी गराउनुका साथै कुश्मा नगरपालिकाको दीर्घकालीन सोच, लक्ष्य तथा उद्देश्य निर्धारण गर्नु थियो ।



नगरप्रमुख श्री रामचन्द्र जोशीले अध्यक्षता गर्नु भएको यस कार्यशाला गोष्ठीमा प्रमुख, उपप्रमुख लगायत अन्य जनप्रतिनिधि, विभिन्न राजनैतिक दलका प्रतिनिधि, नगरकार्यपालिका सदस्यहरू, नगरपालिकाका कर्मचारी तथा अन्य सरोकारवालाहरू सहित जम्मा ६० जनाको सहभागिता रहेको थियो ।

यस गोष्ठीको सम्पुर्ण कार्यक्रमलाई उद्घाटन र प्राविधिक सत्रमा विभाजित गरिएको थियो । उद्घाटन सत्रको कार्यक्रम सञ्चालन कुश्मा नगरपालिका सूचना अधिकृत श्री धुर्वराज पौडेलले गर्नु भएको थियो । उक्त कार्यक्रममा नगरपालिका उपप्रमुख श्री सीताकुमारी काफ्ले लामिछानेले कार्यक्रमको उद्देश्यमाथि प्रकाश पार्दै सहभागीहरूलाई स्वागत गर्नु भएको थियो ।

**शुभकामना मन्तव्य**

कुश्मा नगरपालिकाको तीनबर्षे (२०७८/७९ देखि २०८०/८१) आवधिक विकास योजना तर्जुमाको सिलसिलामा २०७८ साल बैशाख ७ गते आयोजना गरिएको दीर्घकालीन सोच, लक्ष्य र उद्देश्य निर्धारण कार्याशालाको सुभारम्भ सत्रमा निम्नानुसारका प्रतिनिधिहरूले आफ्नो विचार सहित कार्यक्रमको सफलताको लागि शुभकामना व्यक्त गर्नु भएको थियो ।

कार्यक्रमको शुभारम्भमा उपप्रमुखज्यूले कार्यक्रमका सहभागीहरूलाई स्वागत गर्दै सहभागितामूलक पद्धति अवलम्बन गर्दै आवधिक विकास योजना तर्जुमा गर्न लागिएकोले सबै सरोकारवालहरूले सक्रिय भएर कार्यक्रममा भाग लिन र आफ्नो अनुभव, विचार र अपेक्षाहरू राखिदिनु हुन अनुरोध गर्नु भएको थियो । आवधिक विकास योजना तर्जुमाले नगरपालिकाको दीर्घकालीन सोच, लक्ष्य, उद्देश्य, अवसर, सम्भावनाहरू तथा समस्याहरूको समेत पहिचान हुनेहुँदा यसले आगामी दिनमा नगरपालिकालाई मार्गदर्शन गर्ने विश्वास व्यक्त गर्नु भयो । ढिलै भए पनि नगरपालिकाले आवधिक विकास योजना तर्जुमा गर्न लागेकोले यसमा सबै पक्षको सहयोग र सद्भाव आवश्यक हुने हुँदा राजनीतिक दलहरू, नागरिक समाज, गैरसरकारी संघ संस्था, वित्तीय क्षेत्र लगायतका सबै सरोकारवालाहरूको सहयोग, सहकार्य र समन्वयले मात्रै कुश्मा नगरपालिकाको समृद्धि हासिल हुने कुरामा उहाँले जोड दिनु भयो ।



उद्घाटन सत्रमा शुभकामना मन्तव्य राख्नुहुने विभिन्न राजनीतिक दलका प्रतिनिधिहरू तथा सरोकारवाला पक्षका प्रतिनिधिहरूले नगरपालिकाले आवधिक विकास योजना तर्जुमाको लागि लिएको पहल कदमको प्रशंसा गर्दै आफ्नो महत्वपुर्ण भनाइहरू प्रस्तुत गर्नु भएको थियो । सो कार्यक्रममा राख्नु भएको शुभकामना मन्तव्यको विवरण यसप्रकार रहेको छ ।

### १. श्री रुद्र बहादुर रिमाल, जिल्ला अध्यक्ष, रेडक्रस, सोसाईटी

नगरपालिकाले निर्माण गर्न लागेको तीनवर्षे आवधिक विकास योजना तर्जुमा कार्यशालामा आमन्त्रण गरी बोल्ने अवसर प्रदान गरेकोमा उहाँले नगरपालिकालाई धन्यवाद दिनु भयो । साथै उहाँले कार्यक्रमको सफलताको लागि शुभकामना समेत व्यक्त गर्नु भयो । सबै क्षेत्रको सहभागितामा बन्ने आवधिक विकास योजनाले सबै पक्षको भावना समेटने र यसलाई सबै पक्षबाट अपनत्व ग्रहण गर्नु कुरा पनि उहाँले बताउनु भयो । आफुनो क्षेत्रबाट नगरपालिकालाई हरेक कुरामा सहयोग गर्ने प्रतिबद्धता समेत उहाँले ब्यक्त गर्नु भयो । कार्यक्रममा विज्ञका रुपमा आउनु भएका राष्ट्रिय योजना आयोगका पूर्व उपाध्यक्ष डा. जगदिशचन्द्र पोखरेलज्यू (अर्थविद) बाट धेरै कुरा सिक्नुपर्ने भएकोले आफुले बोलेर धेरै समय बर्बाद नगर्ने समेत बताउनु भयो । अन्त्यमा नगरपालिकाकको पहल कदमी राम्रो भएको भन्दै सफलताको कामना गर्नु भयो । योजनाको महत्वपूर्ण स्थान रहेको बताउँदै योजनाको पूर्ण पालना होस् भन्ने शुभकामना समेत व्यक्त गर्नुभयो ।



## २. श्री शंकर गिरी, नगर कमिटी अध्यक्ष, माओवादी केन्द्र

नगरपालिकाले बनाउन लागेको आवधिक विकास योजना बनाउँदा कुश्मा नगरपालिकाको भूगोल, यहाँका मानिसहरूको मनोविज्ञान, र यहाँको वर्तमान अवस्थालाई विश्लेषण गर्नुपर्दछ । यस पालिकाको विगतको



अनुभवले के देखाउँछ भने पालिकाले साना तिना टुक्रे योजनालाई प्राथमिकता दिनुपर्छ । साना तिना योजनाहरूले कुश्मावासीहरूको अपेक्षा पुरा गर्न नसक्ने कुरा उहाँले बनाउनु भयो । पर्यटन, स्वास्थ्य, शिक्षा, क्षेत्रमा के-के गर्ने, स्नातकोत्तर शिक्षामा कस्तो-कस्तो विषय समावेश गर्ने र कसरी कार्यान्वयनमा ल्याउने, पर्यटन क्षेत्रको विकासलाई केन्द्रविन्दु बनाउन के-के गर्न सकिन्छ र समाजलाई सकारात्मक सोंचतर्फ लैजान कसरी सबैले भूमि खेल्न सकिन्छ भन्ने कुरा योजना तर्जुमा गर्दा ध्यान दिनुपर्ने कुरामा उहाँले जोड दिनु भयो । नेतृत्व पंक्तिले दूरदर्शी भएर निर्णय गर्नुपर्छ र समाजलाई राम्रो राम्रो प्रभाव पार्ने Mega Projects बनाएर अगाडि बढ्नु पर्छ भन्नुभयो । नगरपालिकाले पहिलो पटक यस किसिमको कार्यक्रम आयोजना गरेको अनुभव उहाँले सुनाउनु भयो । यस कार्यक्रमले नगरपालिकालाई अगाडि बढ्न दिशानिर्देश गरोस् भन्नु हुदै नगरपालिकालाई माओवादी पार्टीको सधै सहयोग रहने प्रतिवद्धता व्यक्त गर्दै कार्यक्रमको पूर्ण सफलता कामना गर्नुभयो ।

## ३. श्री सुरेन्द्र के.सी., नगर कमिटी सचिव, नेपाली कांग्रेस

कुश्मा नेपाली कांग्रेसका नगर कमिटी सचिव श्री सुरेन्द्र के.सी.ले शुभकामना मन्तव्यका क्रममा नगरपालिकालाई सबैले साथ दिनुपर्ने र विकास भनेको सबैको साझा विषय हो भन्ने कुरामा जोड दिनुभयो । नगरवासीहरूको आवश्यकता पुरा गर्न र कुश्मावासीको समृद्धि र खुशीका लागि नगरपालिकाले ठूला ठूला कार्यक्रमहरू कार्यान्वयन गर्नुपर्ने कुरामा जोड दिनु भयो । योजनावद्ध विकासको लागि निर्वाचित पदाधिकारीहरू र कर्मचारीहरूको इमान्दारिता, कर्तव्यनिष्ठता र निरन्तर जिम्मेवारीबोधको आवश्यकता पर्दछ । विगतको अनुभवमा यस पालिकाले साना तिना योजना कार्यान्वयन गर्दै आएको छ । यस्ता टुक्रे योजनाहरूको कार्यान्वयनले कुश्मालाई सम्पन्न बनाउँन सकिँदैन भन्ने उहाँले आगामी दिनमा नगरपालिकाले रणनीति परिवर्तन गर्नुपर्ने कुरा बताउनु भयो । विगत देखि नगरपालिकाले सञ्चालन गरेका टुक्रे योजनाहरूले कार्यकर्ता पाल्ने मात्रै काम गरेको हुँदा आवधिक विकास योजनाले वृहत् योजनाहरूलाई प्राथमिकता राख्न सुझाव दिनु भयो । नगरपालिकाको साथमा सधै नेपाली कांग्रेस रहेका कुरा बताउँदै कार्यक्रमको पूर्ण सफलताको कामना समेत उहाँले गर्नुभयो ।



### ४. श्री मिनप्रसाद श्रेष्ठ, नगर कमिटी अध्यक्ष, नेकपा एमाले, कुश्मा

नेकपा एमाले, कुश्मा नगर कमिटीका अध्यक्ष श्री मिनप्रसाद श्रेष्ठले कुश्मा नगरपालिकाले ढिलै भएपनि राम्रो कामको सुरुवात गरेको कुरा बताउँदै कार्यक्रमको सफलताको लागि शुभकामना दिनु भयो । कुनै



पनि संस्था उसको लक्ष्य, उद्देश्य, र प्राथमिकता बिना राम्ररी अगाडी बढ्न सक्दैन । तसर्थ आवधिक विकास योजनाले कुश्मा नगरपालिकाको दीर्घकालीन सोच, लक्ष्य, उद्देश्य र प्राथमिकताहरू पहिचान गरी नगरपालिकालाई सही दिशावोध गराउन सफल हुने कुरामा विश्वास व्यक्त गर्नु भयो । कुश्मा नगरको विकासको मुहार फेर्न उद्योग क्षेत्रको विकासमा जोड दिनुपर्ने र यसका लागि सही स्थानमा उद्योगग्राम बनाउने काममा पालिकाले पहल गर्नुपर्ने कुरा बताउनु भयो । पालिका भित्र सम्भावना बोकेका क्षेत्रमा कलकारखानाहरूको स्थापना गर्न सकियो भने यसले रोजगार सिर्जना गर्ने र आर्थिक क्षेत्रको विकासमा ठूलो सहयोग पुग्ने कुरा बताउँनु भयो । नीजि क्षेत्रसँगको सहकार्यमा कुश्मा नगरपालिकाका उद्योग क्षेत्रमा विकास गर्न सकिने प्रवल सम्भावना रहेको कुरा पनि उहाँले बताउनु भयो ।

### ५. श्री सुवासचन्द्र पौडेल, वडा अध्यक्ष, वडा नं. ७

सबै वडा अध्यक्षहरूका तर्फबाट कुश्मा नगरपालिका वडा नं. ७ का वडा अध्यक्ष श्री सुवासचन्द्र पौडेलले मन्तव्य दिने क्रममा बोल्दै पोखरा-बाग्लुङ्ग राजमार्ग नाला निर्माण, पानीको पाइप जस्ता विषय मापदण्ड अनुसार गर्न सकेमा समस्या नआउने तर उक्त कार्य गर्न नसकेको कुरा बताउँन भयो । तसर्थ नगरपलिकाले निर्दिष्ट उद्देश्य, र लक्ष्य सहित विकास अगाडि बढाउन सके मात्रै दिगो विकास हुने कुरामा जोड दिनुभयो । नगरपालिकाले सामुदायिक भवन निर्माण, सार्वजनिक जग्गाको संरक्षण, विपद्को बेलामा बस्ने स्थानको निर्माण र संरक्षण, बसपार्कको व्यवस्थापन, वडास्तरमा सुन्दर पार्कहरूको निर्माण, खुल्ला क्षेत्रको पहिचान र संरक्षण, साथै बलियो र उत्थानशिल भौतिक पूर्वाधार



विकासमा नगरपालिकाले जोड दिनुपर्ने कुरामा उहाँले जोड दिनु भयो । यसैगरी समाजमा रहेको विभिन्न वर्गहरू बालबालिका, महिला, युवा, ज्येष्ठ नागरिक दलित, आदिवासी, अपाङ्गता भएका व्यक्तिहरू लगायतको क्षमता विकासका क्षेत्रमा नगरपालिकाले प्राथमिकताका साथ योजना तर्जुमा र कार्यान्वयनमा जोड दिन सुझाव दिनु भयो ।

### ६. श्री रामचन्द्र जोशी, नगरप्रमुख, कुश्मा नगरपालिका

उद्घाटन सत्रको समापन कुश्मा नगरपालिकाका प्रमुख श्री रामचन्द्र जोशीज्यूले गर्नु भएको थियो । समापन मन्तव्यको क्रममा नगरप्रमुखज्यूले राजनैतिक दलका प्रतिनिधि, विभिन्न संघ संस्थाका प्रतिनिधि लगायत सबै सहभागीहरूको उपस्थितिलाई सकारात्मक रुपमा लिंदै कुश्मा नगरपालिकाको आवधिक विकास योजना तर्जुमा प्रक्रियामा राष्ट्रिय योजना आयोगमा पुर्व उपाध्यक्षको योगदानलाई सह्राना गर्नु भयो । ढिलै भएपनि नगरपालिकाले आवधिक विकास योजना बनाउन लागेको र यस योजना नगरपालिकालाई व्यवस्थित तरिकाले एक निश्चित गन्तव्यमा पुग्न सहयोग पुऱ्याउने कुरामा जोड दिंदै यसको निर्माण र कार्यान्वयनमा सबै पक्षको सहयोग आवश्यकता हुने हुँदा सबैलाई सहयोग गर्न नगरप्रमुखले अनुरोध समेत गर्नु भयो ।



### प्राविधिक सत्र

### १. डा. जगदिशचन्द्र पोखरेल, पूर्व उपाध्यक्ष, राष्ट्रिय योजना आयोग

सुभारम्भ सत्रको समापन सँगसँगै प्राविधिक सत्र आरम्भ भएको थियो । प्राविधिक सत्रको सुरुमा योजना आयोगका पूर्व उपाध्यक्ष डा. जगदिशचन्द्र पोखरेलले आवधिक विकास योजनाको अवधारणा, यसको महत्व र आवश्यकताका बारेमा कार्यपत्र प्रस्तुत गर्नु भएको थियो । योजना तर्जुमा गर्नु भनेको आफ्नो कामको



मूल्याङ्कन हो । योजना कसको लागि भन्दा पनि सबैको लागि भन्ने सुनिश्चित गर्नुपर्छ । संस्था भनेको निरन्तरता हो । तसर्थ नगरपालिकलाको योजना शाखा बलियो बनाउनु पर्छ र आगामी नेतृत्वले यस आवधिक विकास योजनामा आवश्यकता अनुसार संशोधन गरी निरन्तरता दिनुपर्छ । योजनाले अहिले हामी कहाँ छौँ र भविष्यमा कहाँसम्म पुग्ने, हाम्रो सम्पदाहरू के के छन् र यसको सदुपयोगबाट कहाँसम्म पुग्ने, हामीसँग के छ भनि यसको विश्लेषण गरी यसको सदुपयोगबाट गन्तव्य तय गर्ने हो । भौतिक निर्माणहरू बलियो सँगसँगै सुन्दर पनि हुनुपर्छ । योजनाले विकास निर्माण गर्दा वातावरण कसरी सुरक्षित राख्ने भन्ने विषयलाई ध्यान दिनुपर्छ । पालिका भित्र राम्रा र क्षमतावान नागरिकलाई कसरी टिकाउने भन्ने विषय पनि योजनाले समेट्नु पर्दछ । खोलाको शहर कुश्मालाई पर्यटनको विकासमा जोड दिनुपर्छ । औसतले धेरै कुरा लुकाउँन सक्ने हुँदा वडास्तरीय तथ्याङ्कको आधारमा योजना बनाउन सके व्यवहारिक हुन्छ । पालिका भित्र बसाईसराईको अवस्था कस्तो छ यसको आँकलन गरी योजना बनाउनु पर्दछ ।

### २. आवधिक विकास योजनाका आधार, प्रक्रिया तथा ढाँचा

प्राविधिक सत्रको दोस्रो सत्रमा आवधिक विकास योजना तर्जुमा प्रक्रिया तथा यसका विभिन्न चरणहरू बारे विज्ञ टोलीका टोली नेता डा. हेमराज लामिछानेले सत्रको प्रस्तुतीकरण गर्नु भएको थियो । यस चरणमा विशेष गरी गण्डकी प्रदेशले प्रकाशित गरेको आवधिक विकास योजना तर्जुमा प्रक्रिया दिग्दर्शनमा

प्रावधान भएअनुसारका आवधिक विकास योजना तुर्जमा प्रक्रिया र आवधिक विकास योजना तर्जुमा गर्दा अवलम्बन गरिने विभिन्न आठ चरणहरूका बारेमा स्पष्ट गराईएको थियो । साथै यस सुशासन तथा विकास अनुसन्धान केन्द्रले कुश्मा नगरपालिकाको आवधिक विकास योजना बनाउने जिम्मेवारी पाए पश्चात गरिएका क्रियाकलापहरूबारे जानकारी गराईएको थियो ।

## ३. नगरपालिकाको अवस्था विष्लेषण (अवसर, सम्भावना, समस्या र चुनौतीहरू सम्बन्धी अवधारणा र आवश्यकता)

तेस्रो सत्रमा आवधिक विकास योजना तयार गर्दा नगरपालिकाका अवसर, सम्भावना, समस्या र चुनौतीहरूका बारेमा विज्ञ टोलीका टोली सदस्य श्री सुरेन्द्र वाग्लेले प्रस्तुती गर्नु भएको थियो । यस प्रस्तुतीमा आवधिक विकास योजनामा विशेष ध्यान पु¥याउनु पर्ने अवसर, सम्भावना, समस्या तथा चुनौतीहरूका उदाहरण सहित प्रष्ट पारिएको थियो । सत्रको अन्तमा सम्पुर्ण सहभागीहरूबाट कुश्मा नगरपालिकाको सन्दर्भमा लागेका अवसर, सम्भावना, समस्या र चुनौतीहरू संकलन गरियो ।

## ४. दीर्घकालीन सोच सम्बन्धी अवधारणा र उदाहरण

चौथो सत्रमा आवधिक विकास योजनाका दीर्घकालीन सोच सम्बन्धी अवधारणा, निर्माण गर्ने प्रक्रिया तथा संघ, प्रदेश र अन्य नगरपालिका तथा गाउँपालिकाका केहि दीर्घकालीन सोंचहरू उदाहरणका रुपमा विज्ञ टोलीका टोली सदस्य श्री विष्णुप्रसाद नेपालले प्रस्तुत गरिएको थियो । सत्रको उत्तरार्धमा कुश्मा नगरपालिकाको सम्भावित दीर्घकालीन सोच निर्माणका सम्बन्धमा केहिबेर छलफल गरियो । यस क्रममा नगरपालिकाले विगतमा गहन छलफलको माध्यमबाट दीर्घकालीन सोचको रुपमा ***"सुन्दर समृद्ध कुश्मा नगर"*** भनी तय गरिसकेको कारण सोहि कायम गर्ने र समान बुझाई तथा स्पष्टताका लागि यसमा रहेका शब्दाम्शको व्याख्या गर्ने निर्णय गरियो ।

## ५. आवधिक विकास योजना सम्बन्धी संस्थागत संरचना

प्राविधिक सत्रको अन्तिम प्रस्तुतीका रुपमा विज्ञ टोलीका टोली सदस्य श्री विजया राजवैद्यले आवधिक विकास योजना सम्बन्धी संस्थागत संरचना सम्बन्धी प्रस्तुत गरिएको थियो । यस सत्रमा आवधिक विकास योजना निर्माण गर्दा निर्देशक समितिको भुमिका तथा पाँच विषयगत समिति र यसले दीर्घकालीन विकास लक्ष्यमा पार्ने योगदानहरूका बारेका प्रस्तुत गरिएको थियो । गोष्ठीको अन्तमा समुह कार्यमार्फत विषयगत अवसर, सम्भावना, चुनौती र समस्याहरूका बारेमा छलफल गर्ने पुर्व तालिका तय गरिएको थियो तर कोभिड १९ को मापदण्ड तथा चैत्र दशैं चाडका कारण गोष्ठी निर्धारित समय भन्दा केहि अगावै अन्त गर्नुपर्ने कारण एक हप्ता भित्र विषयगत समितिका सदस्य तथा अन्य सरोकार पक्षको भिन्न भिन्नै छलफल गरि प्रस्तावित खाकामा अवसर, सम्भावना, चुनौती र समस्याहरू संस्थालाई पठाउने तय गरियो । नगरपालिकाका उपप्रमुखज्यूले सम्पूर्ण सहभागीहरूलाई धन्यवाद दिँदै कार्यशाला गोष्ठीको औपचारिक रुपमा समापन गर्नुभयो ।

## अनुसूची २ : दीर्घकालिन सोच, लक्ष्य र उद्देश्य निर्धारण कार्यशालाको कार्यक्रम तालिका

### कुश्मा नगरपालिका
### आवधिक विकास योजना तर्जुमा
### दीर्घकालीन सोच, लक्ष्य र उद्देश्य निर्धारण कार्यशाला

२०७८ बैशाख ७ गते

### कार्यक्रम तालिका

| समय | क्रियाकलाप | जिम्मेवारी |
|---|---|---|
| विहान ८ बजे देखि ८.३० बजे सम्म | सहभागीहरूको नाम दर्ता र चिया नास्ता | नगरपालिका |
| | **शुभारम्भ सत्र** | |
| विहान ८.३० बजे देखि ९:३० बजे सम्म | १. आसन ग्रहण | नगरपालिका |
| | २. स्वागत मन्तव्य | नगरपालिका |
| | ३. कार्यक्रमको उद्देश्य माथि प्रकाश | नगरपालिका |
| | ४. मन्तव्य | नगरपालिका |
| | **प्राविधिक सत्र** | नगरपालिका |
| विहान ९:३० बजे देखि १०:१५ बजे सम्म | १) आवधिक विकास योजना तर्जुमाको अवधारणा, आवश्यकता, महत्व र नगरपालिकाको समग्र विकासका अवसर र सम्भावनाहरू | डा. जगदिशचन्द्र पोखरेल, पूर्व उपाध्यक्ष, रायोआ |
| विहान १०:१५ बजे देखि ११:४५ बजे सम्म | २) आवधिक विकास योजना तर्जुमाको आधार, प्रक्रिया र ढाँचा | श्री हेमराज लामिछाने |
| विहान ११:४५ बजे देखि १२:४५ बजे सम्म | नगरपालिकाको अवस्था विश्लेषण (अवसर, सम्भावना, समस्या र चुनौतीहरू सम्बन्धी अवधारणा र आवश्यकता) | श्री सुरेन्द्र वाग्ले |
| दिउसो १२:४५ बजे देखि १:४५ बजे सम्म | खाना समय | नगरपालिका |
| दिउसो १:४५ बजे देखि ३:१५ बजे सम्म | दीर्घकालीन सोच सम्बन्धी अवधारणा र उदाहारणहरू | श्री बिष्णुप्रसाद नेपाल |
| दिउसो ३:१५ बजे देखि ३:४५ बजे सम्म | आवधिक विकास योजना सम्बन्धी संस्थागत संरचना सम्बन्धी प्रस्तुती | श्री विजया राजवैद्य |
| दिउसो ३:४५ बजे देखि ५:१५ बजे सम्म | विषय क्षेत्रगत छलफल (५ समुहमा समुह छलफल) आर्थिक विकास समिति, सामाजिक विकास समिति, भौतिक पूर्वाधार समिति, वन, वातावरण तथा विपद् व्यवस्थापन समिति र संस्थागत विकास तथा सुशासन विकास समिति | विज्ञहरू |
| विहान ५:१५ बजे देखि ५:३० बजे सम्म | समापन | नगरपालिका |

# अनुसूची ३ : दीर्घकालिन सोच, लक्ष्य र उद्देश्य निर्धारण कार्याशालाका सहभागीहरु



आज मिति २०७८ साल वैशाख ०३ गतेका दिन कुश्मा नगरपालिकाको आयोजनामा आवधिक नगर विकास योजना तर्जुमा निर्माणको सोच लक्ष्य र उद्देश्य निर्धारण कार्यशाला गोष्ठीको उद्घाटन समारोह नगर प्रमुख श्री रामचन्द्र जोशी ज्यू को अध्यक्षतामा तपसिलको उपस्थितिमा कार्यक्रम गरियो जसको उपस्थिति तपसिल छ

उपस्थिति

| सि.नं. | नामथर | पद | कार्यालय/संस्था | मो. नम्बर | हस्ताक्षर |
| --- | --- | --- | --- | --- | --- |
| १ | रामचन्द्र जोशी | नगर प्रमुख | कु.न.पा. | [illegible] | |
| २ | डा. [illegible] पौडेल | [illegible] | [illegible] | 9856036088 | |
| ३ | [illegible] | नगर उपप्रमुख | कु.न.पा. | 9857630257 | |
| ४ | [illegible] प्र. तिवारी | [illegible] | कु.न.पा. | 9857620824 | |
| ५ | यदुनाथ शर्मा | वडा अध्यक्ष | कु.न.पा. २ | [illegible] | |
| ६ | [illegible] | 〃 | 〃 ३ | [illegible] | |
| ७ | [illegible] | 〃 | 〃 ४ | [illegible] | |
| ८ | [illegible] | 〃 | 〃 ५ | | |
| ९ | [illegible] | 〃 | 〃 ६ | [illegible] | |
| १० | [illegible] पौडेल | 〃 | 〃 ७ | | |
| ११ | राम कुमार [illegible] | 〃 | 〃 ८ | [illegible] | |
| १२ | [illegible] प्र. [illegible] | 〃 | 〃 ९ | [illegible] | |
| १३ | [illegible] वि.क. | 〃 | 〃 १० | | |
| १४ | राजेन्द्र प्र. पौडेल | 〃 | 〃 १२ | [illegible] | |
| [illegible] | भिम प्र. गुरुङ | | 〃 १४ | [illegible] | |
| १५ | देवेन्द्र [illegible] | कार्यपालिका सदस्य | कु.न.पा. | 9847643214 | |
| १६ | [illegible] | 〃 | 〃 | | |
| १७ | तारादेवी [illegible] | 〃 | 〃 | | |
| १८ | देवी [illegible] | 〃 | 〃 | | |
| १९ | [illegible] | [illegible] | [illegible] | | |
| २० | सोमनाथ [illegible] | [illegible] | [illegible] | | |
| २१ | [illegible] | [illegible] | [illegible] | | |
| २२ | [illegible] | [illegible] | [illegible] | [illegible] | |
| २३ | रुद्र बहादुर [illegible] | [illegible] | [illegible] | [illegible] | |
| २४ | [illegible] शर्मा | लेखा समिति सदस्य | कु.न.पा. | [illegible] | |



| | | | |
|---|---|---|---|
| २५ | रवि कुमार [illegible] | आदर्श विद्यालय स्रोतपुर को उपभोक्ता तथा प्रशिक्षक संस्था | ९८४६६४८६६६ |
| २६ | [illegible] नारायण पौडेल | अध्यक्ष जिल्ला उद्योग समिति पर्वत | ९८४६६२०४६२ |
| २७ | विपिन शुक्ल | [illegible] | ९८४६८४८०२ |
| २८ | [illegible]राज [illegible] | [illegible] | ९८४६६२८६३४ |
| २९ | जगन्नाथ शर्मा | अध्यक्ष नेपाल अपाङ्ग [illegible] पर्वत | ९८४६६१४४९० |
| ३० | राजेन्द्र प्रसाद | शिक्षाका लागि राष्ट्रिय अभियान | ९८४६६२०६८९ |
| ३१ | पुष्प भुसाल | [illegible] नेपाल, [illegible] | ९८४६६३०४३८ |
| ३२ | [illegible] | [illegible], कुश्मा न.पा. | ९८४[illegible]२८६९० |
| ३३ | पृथ्वी [illegible] शर्मा | [illegible] धार्मिक पर्यटन प्रवर्द्धन [illegible] | 9857623750 |
| ३४ | [illegible] | [illegible] (ने.5 [illegible] नेपाल ने. २५ [illegible]) | ९८४११८३०८९ |
| ३५ | [illegible] प्रसाद शर्मा | कु. न. पा. | ९८४[illegible] |
| ३६ | कमल [illegible] पौडेल | कुश्मा प्र. [illegible] | |
| ३७ | देवी [illegible] पौडेल | [illegible] (कु.न.पा.) | ९८४६६२३५८५ |
| ३८ | [illegible] प्रसाद [illegible] | [illegible] कु. न. [illegible] | ९८४६६३४२२८ |
| ३९ | दीपक [illegible] | GIS expert | ९८४१२२६३०३ |
| ४० | [illegible]प्रसाद[illegible] | परामर्शदाता SBAK | ९८४१३८०३८४ |
| ४१ | [illegible] | कुश्मा न. पा. [illegible] | ९८४६६२३०७० |
| ४२ | गोविन्द प्रसाद पौडेल | [illegible] | ९८४३१८१६९८ |
| ४३ | कुमार [illegible] | [illegible] | ९८४६६४४[illegible] |
| ४४ | [illegible] शर्मा | एम. आई. एस अपरेटर | ९८६६८६६१९ |
| ४५ | [illegible] पौडेल | [illegible] | ९८४६६३४४४२ |
| ४६ | [illegible] कुमार शर्मा | " " " | ९८४६६४६९६२ |
| ४७ | [illegible] | सहायकस्तर [illegible] कु. न. पा. | ९८४६६४४६९६ |
| ४८ | [illegible] शर्मा | [illegible] कु. न. पा. | ९८४६६२०४४८४ |
| ४९ | [illegible] | [illegible] प्रा. कु. न. पा. | ९८४६६२२२३६ |
| ५० | आशीष [illegible] | [illegible] | ९८४७०६८०७०० |
| ५१ | [illegible] बहादुर जि. सी. | कु. न. पा. [illegible] शाखा | ९८४६६२३०९३ |
| ५२ | [illegible] | [illegible] कु. न. पा. | ९८४६६२०७९० |
| ५३ | [illegible] | पत्रकार | ९८४६६४२०४० |
| ५४ | रोशन प्र. तिवारी | " | ९८४६६४४५६२ |
| ५५ | [illegible] बहादुर [illegible] | [illegible] | ९८४६६८४६४०० |

## अनुसूची ४ : विषय क्षेत्रगत छलफल सम्बन्धी विवरण

सम्बन्धित विषयगत समितिका संयोजक र सदस्यहरूसँग सम्बन्धित विषयगत क्षेत्रका वर्तमान समस्याहरू, सम्भावनाहरू मुख्य मुख्य क्रियाकलापहरूका बारेमा निम्नानुसारको ढाँचामा प्रश्नावली तयार गरी टेलिफोन अन्तरवार्तामार्फत सुझाव संकलन गरिएको थियो । नमुनाको रुपमा आर्थिक विकास क्षेत्रको प्रश्नावली ढाँचा तलको तालिकामा दिइएको छ ।

**(१) आर्थिक विकास क्षेत्र**

| प्रश्नावली | प्राप्त सुझाव |
|---|---|
| **(क) कृषि, पशुपंक्षी तथा मत्स्य विकास** | |
| १. कृषि विकासको क्षेत्रका समस्याहरू के के छन् ? | |
| २. कृषि क्षेत्रको विकासका सम्भावनाहरू के के होलान् ? | |
| ३. कृषि क्षेत्रको विकासका लागि कार्यान्वयन गर्नु पर्ने मुख्य मुख्य क्रियाकलापहरू के के होलान् ? | |
| ४. पशुपंक्षी विकासका क्षेत्रका समस्याहरू के के छन् ? | |
| ५. पशुपंक्षी क्षेत्रको विकासका सम्भावनाहरू के के होलान् ? | |
| ६. पशुपंक्षी क्षेत्रको विकासका लागि कार्यान्वयन गर्नुपर्ने मुख्य मुख्य क्रियाकलापहरू के के होलान् ? | |
| **(ख) पर्यटन विकास** | |
| १. पर्यटन क्षेत्रका समस्याहरू के के छन् ? | |
| २. पर्यटन क्षेत्रको विकासका सम्भावनाहरू के के होलान् ? | |
| ३. कार्यान्वयन गर्नु पर्ने मुख्य मुख्य क्रियाकलापहरू के के होलान् ? | |
| **(ग) घरेलु तथा साना उद्योग** | |
| १. घरेलु तथा साना उद्योग क्षेत्रका समस्याहरू के के छन् ? | |
| २. घरेलु तथा साना उद्योग क्षेत्रको विकासका सम्भावनाहरू के के होलान् ? | |
| ३. घरेलु तथा साना उद्योग क्षेत्रको विकासका लागि कार्यान्वयन गर्नु पर्ने मुख्य मुख्य क्रियाकलापहरू के के होलान् ? | |
| **(घ) वित्तीय संस्थाहरू सहकारी लगायत** | |
| १. यस क्षेत्रका क्षेत्रका समस्याहरू के के छन् ? | |
| २. यस क्षेत्रको विकासका सम्भावनाहरू के के होलान् ? | |

| प्रश्नावली | प्राप्त सुझाव |
|---|---|
| ३. यस क्षेत्रको विकासका लागि कार्यान्वयन गर्नु पर्ने मुख्य मुख्य क्रियाकलापहरू के के होलान् ? | |
| **(ङ) श्रम तथा रोजगारी** | |
| १. यस क्षेत्रका क्षेत्रका समस्याहरू के के छन् ? | |
| २. यस क्षेत्रको विकासका सम्भावनाहरू के के होलान् ? | |
| ३. यस क्षेत्रको विकासका लागि कार्यान्वयन गर्नु पर्ने मुख्य मुख्य क्रियाकलापहरू के के होलान् ? | |
| **(च) श्रम तथा रोजगार** | |
| १. यस क्षेत्रका क्षेत्रका समस्याहरू के के छन् ? | |
| २. यस क्षेत्रको विकासका सम्भावनाहरू के के होलान् ? | |
| ३. यस क्षेत्रको विकासका लागि कार्यान्वयन गर्नु पर्ने मुख्य मुख्य क्रियाकलापहरू के के होलान् ? | |

***नोट :*** *कोभिड १९ का कारण भौतिक रुपमा उपस्थित भई कार्यक्रम गर्न नसकिएकोले टेलिफोन अन्तरवार्ताको माध्यमबाट सूचना संकलन गरिएको थियो । माथि उल्लेखि ढाँचा अनुसारनै अन्य सबै विषयगत समितिहरू (सामाजिक विकास, पूर्वाधार विकास, वन, वातावरण तथा विपद् व्यवस्थापन र संस्थागत विकास, सेवा प्रवाह र सुशासन समिति) का पदाधिकारीसँग टेलिफोन अन्तरवार्ता गरी आवश्यक सूचनाहरू संकलन गरिएको थियो) ।*

### टेलिफोन सम्पर्क/प्रत्यक्ष भेट गरी सुझाव संकलन गरिएका व्यक्तिहरू

| समितिहरू | क्र.सं. | नाम थर | सम्पर्क फोन | कार्यालय/कैफियत |
|---|---|---|---|---|
| आर्थिक विकास | १ | राजेन्द्र पौडेल | ९८५७६४७८५२ | संयोजक, आर्थिक समिति |
| | २ | केदारनाथ शर्मा | ९८५७६३०६३० | निवर्तमान अध्यक्ष, कुश्मा उद्योग बाणिज्य संघ |
| | ३ | ऋषिराम पौडेल | ९८४७६२३००० | सहकारी शाखा कुश्मा नपा |
| | ४ | गोविन्द प्रसाद पौडेल | ९८४९१८१७६८ | घरेलु तथा साना उद्योग कार्यालय, कुश्मा |
| | ५ | सुभासचन्द्र पौडेल | ९८५७६३०६१२ | वडा अध्यक्ष, वडा नं. ७ |
| | ६ | मित्रलाल सापकोटा | ९८५७६२२२३६ | पशु शाखा, कुश्मा नपा |
| | ७ | बलबहादुर जिटि | ९८५७६२६०१९ | कृषि शाखा, कुश्मा नपा |
| | ८ | अर्जुन शर्मा | ९८५७६४६९२९ | कृषि शाखा, कुश्मा नपा |
| सामाजिक विकास | ७ | शिव प्रसाद पौडेल | ९८५७६३०६८० | संयोजक – सामाजिक विकास समिति |
| | ८ | चित्रकला भारती | ९८५७६३१०४५ | सदस्य – सामाजिक विकास समिति |
| | ९ | विष्णु प्रसाद तिवारी | ९८५७६२०८२४ | शिक्षा शाखा प्रमुख – कुश्मा न.पा |
| | १० | जङ्ग बहादुर के.सी. | ९८५७६४९६६९ | सदस्य – सामाजिक विकास समिति |
| | ११ | सुजन विक | ९८५७६३५११७ | सदस्य – सामाजिक विकास समिति |
| | १२ | शोभा कान्त पौडेल | ९८४७६२५७२५ | खानेपानी शाखा – कुश्मा न.पा |
| | १३ | उमा कान्त सापकोटा | ९८४७६२०६९० | स्वास्थ्य शाखा – कुश्मा न.पा |

| समितिहरू | क.सं. | नाम थर | सम्पर्क फोन | कार्यालय/कैफियत |
|---|---|---|---|---|
| | १४ | डिल कुमारी शर्मा | ९८४७६२६१६५ | सामाजिक विकास शाखा – कुश्मा न.पा (सदस्य सचिव –सामाजिक विकास समिति |
| भौतिक पूर्वाधार विकास | १५ | आशिष शाक्य | ९८५७६६८७७७ | इन्जिनियर, कुश्मा नपा |
| वन, वातावरण तथा विपद् व्यवस्थापन | १६ | भीमप्रसाद गुरुङ | ९८४७७१४६२५ | संयोजक |
| | १७ | रुद्रप्रसाद गिरी | ९८५७६३०१३० | सदस्य |
| | १८ | पुष्प भुषाल | ९८५४७६३०५३ | CeCRED |
| | १९ | टीकाराम भुषाल | ९८५७६३००८० | CeCRED |
| | २० | मेखराज | ९८४६०३५३१४ | जिल्ला वन अधिकृत, पर्वत |
| संस्थागत विकास तथा सुशासन | २१ | धुर्वराज पौडेल | ९८४७६३४५४२ | सूचना अधिकृत |

# अनुसूची ५ : भर्चुअल अन्तरक्रिया कार्यक्रम

नगरपालिका कर्मचारी श्री धुर्वराज पौडेल र ई. आशिष शाक्य तथा आवधिक विकास योजना तर्जुमा कार्यमा सम्लग्न विज्ञहरूबीच भौगोलिक सूचना प्रणाली नक्सा सम्बन्धी प्रस्तुतीकरण र छलफल कार्यक्रम मिति २०७७।०२।२३ गते आईतबार दिन भर्चुअल माध्यमद्वारा गरिएको थियो । यसका साथै सो वैठकमा योजना तर्जुमाको हालसम्मको प्रगति, आगामी कार्ययोजनाका साथै विषयगत क्षेत्रका लागि नगरपालिकाले उपलब्ध गराउने आवश्यक सूचनाका बारेमा समेत छलफल भयो ।







Re: Invitation: Meeting on PDP K
Meet - Meeting on PDP Ku
Google Calendar - Week of June
https://meet.google.com/ojw-stkf-trg?pli=1&authuser=0
Computer & share info
Bishnu Nepal
hemraj lamichhane
Bijaya Rajbaidya
Deepak Neupane
DhurbaRaj Poudel
Aacs Shakya
Meeting on PDP Kushma
(8)
IN CALL
Sushasan tatha Bi... (You)
Aacs Shakya
Bijaya Rajbaidya
Bishnu Nepal
Computer & share info
Deepak Neupane
DhurbaRaj Poudel
Meeting on PDP Kushma
Turn on captions
Present now
Type here to search
2:12 PM
6/6/2021


Re: Invitation: Meeting on PDP K
Meet - Meeting on PDP Ku
Google Calendar - Week of June
https://meet.google.com/ojw-stkf-trg?pli=1&authuser=0
Deepak Neupane is presenting
कुश्मा नगरपालिका
Deepak Neupane
Aacs Shakya
Computer & share info
DhurbaRaj Poudel
Meeting on PDP Kushma
(9)
Sushasan tatha Bi... (You)
Aacs Shakya
Bijaya Rajbaidya
Bishnu Nepal
Computer & share info
Deepak Neupane
Deepak Neupane
Presentation
DhurbaRaj Poudel
Meeting on PDP Kushma
Turn on captions
Deepak Neupane
is presenting
Type here to search
2:31 PM
6/6/2021

## अनुसूची ६ : आवधिक विकास योजना तर्जुमाका लागि गठन भएका समितिहरुको विवरण

### (क) आवधिक विकास योजनाको निर्देशक समिति

| | |
|---|---|
| (१) नगरप्रमुख | संयोजक |
| (२) उपप्रमुख | सदस्य |
| (३) कार्यपालिकाका सबै सदस्यहरू | सदस्य |
| (४) पालिकाका विषयगत शाखा प्रमुखहरू | सदस्य |
| (५) प्रमुख प्रशासकीय अधिकृत | सदस्य सचिव |

### (ख) आवधिक विकास योजनाको विषय क्षेत्रगत समिति

| क्र.स. | विषय क्षेत्रगत समिति | समिति सम्बन्धित उपक्षेत्र | दिगो विकास लक्ष्य नं |
|---|---|---|---|
| १ | आर्थिक विकास समिति | कृषि, पशुसेवा, उद्योग तथा बाणिज्य, पर्यटन, सहकारी, वित्तीय क्षेत्र | लक्ष्य १: गरीबी हटाउनु<br>लक्ष्य २: भोकमरी शून्य हुनु<br>लक्ष्य ८: मर्यादित काम तथा आर्थिक विकास<br>लक्ष्य १०: असमानतामा कमी |
| २ | सामाजिक विकास समिति | शिक्षा, स्वास्थ्य, खानेपानी तथा सरसफाई, संस्कृति, लैगिंक समानता तथा सामाजिक समावेशीकरण, युवा तथा खेलकुद | लक्ष्य ३: असल स्वास्थ्य तथा स्वास्थ जीवन<br>लक्ष्य ४: गुणस्तरीय शिक्षा<br>लक्ष्य ५: लैगिंक समानता<br>लक्ष्य ६: स्वाच्छ पानी तथा सरसफाई |
| ३ | पूर्वाधार विकास समिति | सडक तथा पुल, झोलुगें पुल, सिचाई, भवन तथा सहरी विकास, उर्जा, लघु तथा साना जलविद्युत, बैकल्पिक उर्जा, सञ्चार | लक्ष्य ७: सबैले धान्न सक्ने सफा उर्जा<br>लक्ष्य ९: उद्योग, नवीन खोज तथा पूर्वाधार<br>लक्ष्य ११: दिगो सहर तथा समुदाय |
| ४ | वन, बातावरण तथा विपद् व्यवस्थापन समिति | बन तथा भूसंरक्षण, जलाधार संरक्षण, वातावरण संरक्षण, जलवायु परिवर्तन, फोहरमैला व्यवस्थापन, जल उत्पन्न प्रकोप नियन्त्रण, विपद् व्यवस्थापन | लक्ष्य १२: उत्तरदायी उपभोग तथा उत्पादन<br>लक्ष्य १३: जलवायु परिवर्तन कार्य<br>लक्ष्य १५: जलमाथिको जीवन |
| ५ | संस्थागत विकास, सेवा प्रवाह तथा सुशासन समिति | मानव संसाधन विकास, संस्थागत क्षमता विकास, सेवा प्रवाहमा विद्युतीय सूचना प्रविधिको प्रयोग, लेखांकन, राजस्व परिचालन, वित्तीय अनुशासन, आन्तरिक लेखापरिक्षण प्रणाली, अन्तिम लेखापरीक्षण तथा बेरुजु फछ्र्यौट | लक्ष्य १६: शान्ति तथा न्यायपूर्ण समाज र वलिया संस्था<br>लक्ष्य १७: बहुसरोकार र विश्व साँझेदारी |

### (ग) विषयगत क्षेत्रगत समितिको संरचना

(१) संयोजक : कार्यपालिकाले तोकेको कार्यपालिका सदस्य
(२) सदस्य : नगरसभाका कम्तीमा १/१ जना महिला तथा दलित सदस्य सहित ३ जना
(३) सदस्य सचिव : बजेट तथा कार्यक्रम समितिले तोकेको सम्बन्धित विषय हेर्ने शाखा प्रमुख
(४) सम्बन्धित विषयगत क्षेत्रअन्तर्गतका अन्य शाखा प्रमुख समेत आमन्त्रण गर्न सकिनेछ ।

### (घ) संयोजन तथा सहजीकरण उपसमिति

निर्देशक समितिले आवश्यकता अनुसार आवधिक विकास योजना तर्जुमा प्रक्रियालाई अगाडी बढाउने कार्यका लागि संयोजन तथा सहजीकरण गकर्न एक संयोजन तथा सहजीकरण उपसमिति गठन गर्न सक्ने छ ।

### (ङ) विषयगत समितिहरूका पदाधिकारीहरू

| | |
|---|---|
| **१. <u>आर्थिक विकास समिति</u>**<br>१. राजेन्द्र पौडेल – संयोजक<br>२. मिना कर्माचार्य – सदस्य<br>३. तारादेवी सार्की – सदस्य<br>४. रामजी प्रसाद पौडेल – सचिव<br>५. मित्रलाल सापकोटा | **२. <u>सामाजिक विकास समिति</u>**<br>१. शिवप्रसाद पौडेल – संयोजक<br>२. चित्रकला भारती – सदस्य<br>३. जंगबहादुर के.सी – सदस्य<br>४. देवी नेपाली – सदस्य<br>५. मिनाकुमारी कर्माचार्य – सदस्य<br>६. देवेन्द्रप्रसाद सुवेदी – सदस्य<br>७. जगप्रसाद लामिछाने – सदस्य<br>८. सुजन विक – सदस्य<br>९. डिलकुमारी शर्मा – सचिव |
| **३. <u>पूर्वाधार विकास समिति</u>**<br>१. राजकुमार क्षेत्री – संयोजक<br>२. तेजप्रसाद पाध्या – सदस्य<br>३. यदुनाथ शर्मा – सदस्य<br>४. आशिस नेपाली – सदस्य<br>५. हिना परियार– सदस्य<br>६. आशिस शाक्य – सचिव | **४. <u>वन वातावरण तथा विपद व्यवस्थापन समिति</u>**<br>१. भिमप्रसाद गुरुङ्ग –संयोजक<br>२. डम्बर नेपाली – सदस्य<br>३. यदुनाथ शर्मा – सदस्य<br>४. रुद्र गिरी – सदस्य<br>५. सुमित्रा पौडेल – सदस्य<br>६. ध्रुर्वराज पौडेल – सचिव |
| **५. <u>सुशासन तथा संस्थागत विकास समिति</u>**<br>१. चित्रकला शर्मा भारती –संयोजक<br>२. यदुनाथ शर्मा – सदस्य<br>३. देवेन्द्रबहादुर नेपाली – सदस्य<br>४. शान्ति शर्मा कुमाल – सदस्य<br>५. होमनाथ रिमाल – सदस्य<br>६. विष्णु शर्मा – सदस्य<br>७. धनपति पौडेल – सचिव | |

# अनुसूची ७ : विभिन्न तहका समृद्धिका संकेतहरु

## (१) नतिजा खण्डमा गण्डकी प्रदेश समृद्धिका संवाहक संकेत (प्रससंसं)

| क्र.सं. | समृद्धिका संकेत (प्रससंसं) नं. | समृद्धिका संवाहक |
|---|---|---|
| १. | १ | पर्यटन |
| २. | २ | कृषि |
| ३. | ३ | उर्जा |
| ४. | ४ | उद्योग |
| ५. | ५ | पूर्वाधार (सडक, सिंचाई, खानेपानी, आवास, सञ्चार, आदि) |
| ६. | ६ | मानव संशाधन विकास (शिक्षा, स्वास्थ्य) |
| ७. | ७ | सुशासन |
| ८. | ८ | अन्य (अन्तर सम्बन्धित विषय) |

*स्रोत : प्रदेश सरकार, प्रदेश नीति तथा योजना आयोग, गण्डकी प्रदेश, पोखरा, नेपाल, वैशाख, २०७७, स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन, २०७७*

## (२) नतिजा खण्डमा समृद्धि र सुखका दीर्घकालीन राष्ट्रिय लक्ष्यका संकेत (दीरालसं)

| क्र.सं. | दीर्घकालीन राष्ट्रिय लक्ष्यका संकेत दीरालसं | लक्ष्य |
|---|---|---|
| समृद्धिका दीर्घकालीन राष्ट्रिय लक्ष्य | | |
| १. | संकेत नं १ | उच्च र समतामूलक राष्ट्रिय आय |
| २. | संकेत नं २ | मानव पूँजी निर्माण तथा सम्भावनाको पूर्ण उपयोग |
| ३. | संकेत नं ३ | सर्वसुलभ आधुनिक पूर्वाधार एवम् सघन अन्तर आबद्धता |
| ४. | संकेत नं ४ | उच्च र दिगो उत्पादन तथा उत्पादकत्व |
| सुखका दीर्घकालीन राष्ट्रिय लक्ष्य | | |
| ५. | संकेत नं ५ | परिष्कृत तथा मर्यादित जीवन |
| ६. | संकेत नं ६ | सुरक्षित, सभ्य र न्यायपूर्ण समाज |
| ७. | संकेत नं ७ | स्वास्थ्य र सन्तुलित पर्यावरण |
| ८. | संकेत नं ८ | सुशासन |
| ९. | संकेत नं ९ | सवल अर्थतन्त्र |
| १०. | संकेत नं १० | राष्ट्रिय एकता, सुरक्षा र सम्मान |

*स्रोत: प्रदेश सरकार, प्रदेश नीति तथा योजना आयोग, गण्डकी प्रदेश, पोखरा, नेपाल, वैशाख, २०७७, स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन, २०७७*

## (३) दिगो विकास लक्ष्यका संकेत (दिविलसं)

| लक्ष्य नं. | संकेत नं. | लक्ष्य |
|---|---|---|
| १ | १ | हरेक क्षेत्रमा रहेको सबै स्वरुपका विषम गरिबीको अन्त्य गर्ने । |
| २ | २ | भोकमरीको अन्त्य गर्ने, खाद्य सुरक्षा तथा उन्नत पोषण प्राप्ति र दिगो कृषिको प्रवर्द्धन गर्ने । |
| ३ | ३ | सबै उमेर समूहका व्यक्तिका लागि स्वस्थ जीवनको सुनिश्चितता गर्दै समृद्ध जीवन स्तर प्रवर्द्धन गर्ने । |
| ४ | ४ | सबैका लागि समावेशी तथा समतामूलक गुणस्तरीय शिक्षा सुनिश्चित गर्दै जीवनपर्यन्त सिकाइका अवसरहरू प्रवर्द्धन गर्ने । |
| ५ | ५ | लैङ्गिक समानता हासिल गर्ने सबै महिला, किशोरी र बालबालिकाहरूको सशक्तीकरण गर्ने । |

| लक्ष्य नं. | संकेत नं. | लक्ष्य |
|---|---|---|
| ६ | ६ | सबैका लागि खानेपानी र सरसफाईको उपलब्धता तथा यसको दिगो व्यवस्थापन सुनिश्चित गर्ने । |
| ७ | ७ | खर्चले धान्न सकिने, भरपर्दो, दिगो र आधुनिक उर्जामा सबैको पहुँच सुनिश्चित गर्ने । |
| ८ | ८ | स्थिर, समावेशी र दिगो आर्थिक वृद्धि र सबैका लागि पूर्ण तथा उत्पादनशील रोजगारी र मर्यादित श्रम प्रवर्द्धन गर्ने । |
| ९ | ९ | उत्थानशील पूर्वाधारको निर्माण, समावेशी र दिगो औद्योगीकरणको प्रवर्द्धन र नव प्रवर्तनलाई प्रोत्साहन गर्ने । |
| १० | १० | मुलुकभित्र र अन्य मुलुकहरूबीचको असमानता न्यून गर्ने । |
| ११ | ११ | शहर तथा मानव वस्तीहरूलाई समावेशी, सुरक्षित, उत्थानशील र दिगो बनाउने । |
| १२ | १२ | दिगो उपभोग र उत्पादनका ढाँचा सुनिश्चित गर्ने । |
| १३ | १३ | जलवायु परिवर्तन र त्यसका प्रभावहरूसँग जुध्न तत्काल कार्य अगाडि बढाउने । |
| १४ | १४ | गण्डकी प्रदेशको लागि सान्दर्भिक नभएको । |
| १५ | १५ | पृथ्वीको भूपरिधिस्तरीय पारिस्थितिकीय प्रणालीहरूको दिगो उपयोग, रक्षा र पुनर्स्थापन गर्न, वनको दिगो रुपमा व्यवस्थापन गर्ने, मरुभूमीकरण विरुद्ध लड्न र भूक्षय रोक्नुका साथै यसलाई उल्टाउने र जैविक विविधताको ह्रासलाई रोक्ने । |
| १६ | १६ | दिगो विकासका लागि शान्तिपूर्ण र समावेशी समाजहरूको प्रवर्द्धन गर्ने, सबैका लागि न्यायमा पहुँच सुनिश्चित गर्ने र प्रभावकारी, जवाफदेही तथा समावेशी संस्थाहरूको निर्माण गर्ने । |
| १७ | १७ | दिगो विकासका लागि कार्यान्वयनको माध्यम सुदृढ गर्ने र विश्वव्यापी साझेदारीलाई पुनःजीवन्त तुल्याउने । |

*स्रोतः प्रदेश सरकार, प्रदेश नीति तथा योजना आयोग, गण्डकी प्रदेश, पोखरा, नेपाल, वैशाख, २०७७, प्रथम पञ्चवर्षीय योजना (आर्थिक वर्ष २०७६/७७-२०८०/८१)*

**(४) नतिजा खण्डमा कृषि, पशुपंक्षी तथा मत्स्य विकास, खाद्य सुरक्षा र भूमि व्यवस्था क्षेत्रमा कृषि विकास रणनीतिका संकेतहरू (कृविरसं)**

| संकेत | रणनीति |
|---|---|
| संकेत नं. १ | सुधारिएको शासन |
| संकेत नं. २ | उच्च उत्पादकत्व |
| संकेत नं. ३ | मुनाफाजन्य व्यावसाय |
| संकेत नं. ४ | प्रतिस्पर्धात्मकतामा वृद्धि |

*स्रोत : प्रदेश सरकार, प्रदेश नीति तथा योजना आयोग, गण्डकी प्रदेश, पोखरा, नेपाल, वैशाख, २०७७, प्रथम पञ्चवर्षीय योजना (आर्थिक वर्ष २०७६/७७-२०८०/८१)*

**(५) स्थानीय समृद्धिका संवाहक संकेत (स्थासंसं)**

| क्र.सं. | समृद्धिका संकेत नं. | समृद्धिका संवाहक |
|---|---|---|
| १ | संकेत नं. १ | पर्यटन |
| २ | संकेत नं. २ | कृषि तथा पशुपंक्षी |
| ३ | संकेत नं. ३ | घरेलु तथा साना उद्योग |
| ४ | संकेत नं. ४ | पूर्वाधार (सडक, सिंचाई, खानेपानी, आवास, सञ्चार) |
| ५ | संकेत नं. ५ | मानव संसाधन विकास (शिक्षा/स्वास्थ्य) |
| ६ | संकेत नं. ६ | सुशासन |
| ७ | संकेत नं. ७ | अन्य (अन्तर सम्बन्धित) |

*स्रोत : प्रदेश सरकार, प्रदेश नीति तथा योजना आयोग, गण्डकी प्रदेश, पोखरा, नेपाल, वैशाख, २०७७, प्रथम पञ्चवर्षीय योजना (आर्थिक वर्ष २०७६/७७-२०८०/८१)*

## अनुसूची ८ : नगरस्तरीय गौरवका तथा रूपान्तरणकारी आयोजनाहरू

कुश्मा नगरपालिकाले निम्नानुसार २३ वटा नगरस्तरीय गौरवका तथा रुपान्तरणकारी आयोजनाहरू छनौट गरी स्रोत व्यवस्थापनका लागि प्रदेश सरकार, संघीय सरकार र राष्ट्रिय योजना आयोगमा पेश गर्नेछ । यी आयोजनाहरूको संक्षिप्त विवरण तल उल्लेख गरिएको छ ।

| क्र.सं | आयोजनाको नाम | आयोजना स्थल | अनुमानित लागत (रु.) | कार्यान्वयन गर्ने निकाय | कार्यान्वयनको अवस्था |
|---|---|---|---|---|---|
| १ | क्रिकेट रंगशाला | वडा नं १ पाङ | ८,४८,५२,००० | संघीय सरकार | कार्यारम्भ भएको |
| २ | पार्वती गुफा संरक्षण तथा विकास | वडा नं १ पाङ | ५,००,००,००० | प्रदेश, नपा र जनसहभागिता | कार्यारम्भ भएको |
| ३ | औद्योगिक ग्राम निर्माण | वडा नं १ पाङ | ३२,६३,६२,७२६ | संघ तथा प्रदेश सरकार | कार्यारम्भ भएको |
| ४ | खुर्कोट कोट कालिका मन्दिर | वडा नं. २, खुर्कोट | ५,००,००,००० | प्रदेश, नपा र जनसहभागिता | कार्यारम्भ नभएको |
| ५ | क्यानोनिङ विकास | वडा नं ३, दुर्लुङ | ८,००,००,००० | प्रदेश, नपा र जनसहभागिता | कार्यारम्भ भएको |
| ६ | दुर्लुङकोट मन्दिर संरक्षण तथा प्रवर्द्धन | वडा नं ३, दुर्लुङ | २,००,००,००० | प्रदेश र स्थानीय | कार्यारम्भ भएको |
| ७ | गुप्तेश्वर धार्मिक पर्यटन आयोजना (शिव पार्वती मूर्ति स्थापना) | वडा नं ४, कुश्मा | ११,४३,००,००० | संघ, प्रदेश र स्थानीय | कार्यारम्भ भएको |
| ८ | घण्टाघर निर्माण | वडा नं ५, कुश्मा | १,५०,००,००० | कुश्मा नपा | कार्यारम्भ नभएको |
| ९ | मोदीबेणीधाम | वडा नं ५, कुश्मा | | प्रदेश र स्थानीय | कार्यारम्भ भएको |
| १० | सिटी हल सहितको वसपार्क निर्माण | वडा नं ६, कुश्मा | ८३,००,००,००० | सहरी विकास विभाग | कार्यारम्भ भएको |
| ११ | भ्यूटावर निर्माण | वडा नं. ७, खरेहा | १३,००,००,००० | नपा | कार्यारम्भ नभएको |
| १२ | जेष्ठ नागरिक सामुदायिक भवन | वडा नं. ७ खरेहा | ४,३५,००,००० | संघीय सरकार | कार्यारम्भ भएको |
| १३ | विष्णु बाटिका | वडा नं ८, चुवा | ६,८७,००,००० | नपा, प्रेदश र जनसहभागिता | कार्यारम्भ भएको |
| १४ | हटिया पार्क | वडा नं ९, कटुवा चौपारी | ११,००,००,००० | संघीय र प्रदेश | कार्यारम्भ नभएको |
| १५ | अल्पेश्वर गुफा प्रवर्द्धन | वडा नं ९, कटुवा चौपारी | ४,००,००,००० | प्रदेश र नगरपालिका | कार्यारम्भ भएको |
| १६ | थाउसेखोला, वितलव, वडा कार्यालय, गहते सालघारी फेदी कार्कीनेटा सडक | वडा नं १० र १२ | ३०,००,००,००० | संघीय, प्रदेश र नगरपालिका | कार्यारम्भ भएको |

| क्र.सं | आयोजनाको नाम | आयोजना स्थल | अनुमानित लागत (रु.) | कार्यान्वयन गर्ने निकाय | कार्यान्वयनको अवस्था |
|---|---|---|---|---|---|
| १७ | दोविल्ला, पकुवा, गंगटे, आर्थर सडक निर्माण | वडा नं ११ र १४ | ३५,००,००,००० | संघीय, प्रदेश र नगरपालिका | कार्यारम्भ भएको |
| १८ | १५ शैयाको नगर अस्पताल निर्माण | वडा नं १२ ठूलीपोखरीमा | १५,००,००,००० | संघीय | कार्यारम्भ भएको |
| १९ | बाटुले चौर मन्दिर संरक्षण | वडा नं १२ ठूलीपोखरीमा | ४,००,००,००० | प्रदेश र नगरपालिका | कार्यारम्भ भएको |
| २० | जुम्ली थाना भुरे राजा दरबार संरक्षण प्रवर्द्धन | वडा नं १३ | ३,००,००,००० | प्रदेश र नगरपालिका | कार्यारम्भ नभएको |
| २१ | सुधामा मन्दिर निर्माण | वडा नं १४ | ५,००,००,००० | कुश्मा नगरपालिका | कार्यारम्भ भएको |
| २२ | ठूली पोखरी, रोहोटे, विरौटा, अधेरीनेटा आर्थर पञ्चासे सडक | वडा नं. १२, १३, १४ | ५०,००,००,००० | संघीय, प्रदेश र नगरपालिका | कार्यारम्भ भएको |
| २३ | नगरपालिकाको प्रशासकीय भवन निर्माण | वडा नं. ५ कुश्मा | ८,००,००,००० | संघीय र नगरपालिका | कार्यारम्भ नभएको |

*नोट : माथि तालिकामा उल्लेखित आयोजनाहरुको लागत आवधिक योजनामा समावेश गरिएको छैन । यसका लागि नगरपालिकाले संघ र प्रदेश सरकारसँग आवश्यक पहल गरिरहेको छ ।*

# अनुसूची ९ : नगरपालिका क्षेत्रभित्र रहेका प्रमुख धार्मिक तथा पर्यटकीय सम्पदा स्थलहरुको परिचय

पर्वत जिल्लाको मध्य क्षेत्रमा अवस्थित यस कुश्मा नगरपालिका विविध प्राकृतिक, धार्मिक, ऐतिहासिक, पौराणिक तथा पर्यटकीय स्थलहरूले धनी रहेको छ । भूरे टाकुरे राजाको शासनकाल र बाइसे चौबीसे राज्यको शासनकालमा स्थापना गरिएका कोट, मन्दिर तथा किल्ला, प्राकृतिक स्थल, विभिन्न धार्मिक स्थल तथा मठमन्दिरहरू एवम् अग्ला र लामा मानिएका झोलुङ्गे पुलहरू, बन्जीपुल आदि नगरपालिकाका पर्यटकीय विकासका आधारहरूका रुपमा देखिएका छन् । यी धार्मिक, प्राकृतिक तथा पर्यटकीय सम्पदास्थलहरू रहेका क्षेत्रमा सञ्चार, सडक, विद्युतीकरण तथा अन्य भौतिक पूर्वाधारहरूको यथोचित रुपमा विकास गर्न सकेमा यस कुश्मा नगरपालिकाको आर्थिक, सामाजिक तथा पर्यटन विकासमा ठूलो टेवा पुग्ने देखिन्छ । यहाँ नगरपालिकाभित्र रहेका केही प्रमुख ऐतिहासिक, धार्मिक तथा संभावित पर्यटकीय स्थलका रुपमा विकास गर्न सकिने स्थलहरूका बारेमा उल्लेख गरिएको छ ।

### १. दुर्लुङ कोट

वर्तमान पर्वत जिल्ला र मध्यकालीन समयमा तत्कालीन पर्वत राज्यअन्तर्गत रहेका विभिन्न कोटहरूमध्ये दुर्लुङकोट पनि एक हो । साविकको दुर्लुङ गा.वि.स. वडा नं. १ र हाल कुश्मा नगरपालिका वडा नं. ३ को कोटथर भन्ने स्थानमा दुर्लुङकोट अवस्थित छ । दुरको अर्थ टाढा र लुङको अर्थ डाँडा, पहाड र टाकुराले घेरिएको जमिन भन्ने हुन्छ । टाढा टाढासम्म लस्करै डाँडा रहेको भूभाग भएकोले यसको नाम दुरलुङ (दुर्लुङ) राखिएको हुनुपर्दछ । वर्तमान लमजुङको दुराडाँडाबाट गुरुङहरूको समूह यहाँ आई बसोबास गरेकोले यस ठाउँको नाम दुर्लुङ रहन गएको हो भन्ने जनश्रुति यहाँ रहेको छ । । दुर्लुङकोट पनि सामरिक दृष्टिले अत्यन्तै महत्वपूर्ण स्थानमा रहेको देखिन्छ । दुर्लुङकोट स्थापनाको समय सम्बन्धमा ठोस तथ्य फेला पार्न नसकिए तापनि यो मध्यकालमा नै स्थापना भएको हुनुपर्दछ । पर्वतका राजाले आफ्ना भाइ छोराहरूलाई विभिन्न ठाउँको सुरक्षा गर्ने जिम्मेवारी दिने क्रममा दुर्लुङकोटको जिम्मा पनि कुनै एक भाइखलकलाई दिएको हुनुपर्दछ । राणाशासन कालमा दुर्लुङकोटलाई यस क्षेत्रको राजस्व संकलनको प्रमुख केन्द्र बनाइएको थियो । दुर्लुङकोटमा जलसिम्भु नामका भूमेथान र चण्डी भगवतीको मन्दिर रहेको छ । दुर्लुङकोटको पूजाआजामा हुने खर्च व्यवस्थापनका लागि आर्थिक कठिनाइ भएकोले तत्कालीन समयमा भ्यूटावरबाट यस क्षेत्रवरिपरिका अनेकौं दृश्यहरू अवलोकन गर्न सकिन्छ । व्यापक प्रचार प्रसार गरी यस क्षेत्रको ऐतिहासिक र धार्मिक महत्वलाई आम मानिसहरूका बीचमा लैजान सके पर्यटन विकासका लागि ठूलो योगदान पुऱ्याउन सक्ने देखिन्छ ।

कुश्मा नगरपालिका क्षेत्रभित्र पर्ने यो कोटको पर्यटकीय विकासका लागि नगरपालिका र कुश्माको आसपासमा रहेका गुप्तेश्वर गुफा, अल्पेश्वर गुफा, यान्त्रिक पुल, अग्लो स्थानमा रहेका लामा लामा झोलुङ्गे पुल, कालीगण्डकीमा हुने र्‍याफ्टिङ र बन्जीजम्पिङ स्थललाई समेत एकीकृत पर्यटकीय प्याकेजका रुपमा विकास गरेर लैजान सकियो भने दुर्लुङकोटको सामाजिक, सांस्कृतिक, आर्थिक तथा जनजीवनमा यथोचित विकास गर्न सकिने उच्च सम्भावना रहेको देखिन्छ । पर्यटकीय क्षेत्रका रुपमा दुर्लुङकोटको विकासका लागि सबै क्षेत्रका मानिसहरू लागेको खण्डमा यस क्षेत्रमा व्यापार, व्यवसाय र रोजगारी समेतमा वृद्धि भई आर्थिक उन्नतिका लागि टेवा पुग्न जाने देखिन्छ ।

### २. खुर्कोट

पर्वत जिल्लामा रहेका विभिन्न कोटहरूमध्ये साविक खुर्कोट गा.वि.स. वडा नं. ९ र हाल कुश्मा नगरपालिका वडा नं. २ कोटगाउँमा स्थित कोट खुर्कोट हो । यस कोट कहिले स्थापना भएको हो भन्ने बारेमा ऐतिहासिक तथ्य भेटिँदैन । यस क्षेत्रमा शासन गर्ने भुरेटाकुरे राजाका पालामा यस कोटको स्थापना भएको हुनसक्ने अनुमान लगाउन सकिन्छ किनकि यस जिल्लाका धेरैजसो कोटहरू त्यही समयमा स्थापना भएको देखिन आउँछ । खास गरेर मल्ल राजाको शासनकालमा देउपुर, दुर्लुङ, बाजुङ आदि यस क्षेत्रका भेगहरूमा राजपरिवारका सदस्यहरू आई बसोबास गर्ने क्रममा दरबारहरूको निर्माण गर्दा कोटघरको पनि निर्माण गरिएको हुनसक्ने अनुमान गर्न सकिन्छ । माथि डाँडामा कोटघर र त्यसको सीधा तल रहेको लक्ष्मीनारायणको मन्दिर आडको चाक्लो ढुङ्गामा मानिसको पैताला,

गाईको खुर र लौरोको आकृतिको पदचिन्ह रहेको हुँदा यस ठाउँको नाम 'खुर कोट' हुँदै खुर्कोट रहन गएको हो भनिन्छ । यस कोट मन्दिर परिसरमा एउटा देवी भगवतीको मन्दिर र त्यसभन्दा अलिकति माथि सिंभुनाथ भूमेको थान रहेको छ । दुर्लुङका भूमेलाई जलसिंभु भूमे भनिन्छ भने यहाँका भूमेलाई सिंभुनाथ भूमे भनिन्छ । यस कोटको नाममा विगतमा विभिन्न ठाउँहरूमा मामुलित गुठी जग्गा रहेकोमा गुठी उपभोग गर्ने व्यक्तिहरूले नै आ-आफ्नो नाममा दर्ता गरेकोले हाल यस कोटको नाममा गुठी जग्गा रहेको छैन । यस कोट परिसरमा एउटा सत्तल रहेको छ भने आवश्यक रेखदेख र संरक्षणको अभावमा मन्दिर जीर्ण अवस्थामा पुगेको छ ।

यस कोटमा अन्य कोटहरूमा जस्तै बडादशैंको नवरात्रभर र चैतेदशैंको अष्टमीका दिन तथा भूमेथानमा उँधौली र उँभौलीको पूजा गरिन्छ । कोटका पूजारीमा उपाध्याय ब्राह्मण रहने, उपासुमा यहींका क्षेत्रीहरू रहने परम्परा रहेको छ । बडादशैंको समयममा घटस्थापनाका दिनदेखि दशमीको दिनसम्म पूजाआजा चल्दछ । द्वितीयाका दिन मन्दिरभित्र जमरा राखिन्छ । भूमेको पुजा गर्दा बोका र पाठाको मात्र बलि दिने गरिन्छ । खिर, रोटी, लावा तथा गाईको दूध आदिले पनि भूमेको पूजा गर्ने गरिन्छ । पर्वत जिल्लाको सदरमुकाम नजिकै भएर पनि यो कोट त्यति चर्चामा आएको पाइँदैन । दुर्लुङ, पाङ, खुर्कोट र कुश्मातिरका मानिसहरू यो कोटमा पूजाआजा गर्न आउने गर्दछन् । यो कोट ऐतिहासिक महत्वका दृष्टिले पनि त्यति चर्चामा आउन सकेको छैन । कुश्मा सदरमुकामबाट पैदल दुई घण्टा जतिमा र जीपमा एक घण्टाको यात्रामा यस कोटमा पुग्न सकिन्छ । खुर्कोटमा रहेको लक्ष्मीनारायण मन्दिर र कोटगाउँमा रहेको कोटघर तथा भूमेथानको व्यापक प्रचार प्रसार गर्न सक्ने हो भने नगरपालिकाको पर्यटन विकासमा ठूलो सहयोग पुग्न सक्ने देखिन्छ ।

### ३. खौला भूमेकोट

कुश्मा नगरपालिकाभित्र रहेका विभिन्न ऐतिहासिक कोटघरहरू मध्ये तत्कालीन बाइसे चौबीसे राज्यको समयमा सतहुँ राज्य अन्तर्गतको एउटा प्रसिद्ध कोटका रुपमा साविक खौलालाँकुरी र ठूलीपोखरी गा.वि.स.को सीमाना खौला-८ र हाल कुश्मा नगरपालिका-१३ खौलामा रहेको खौला भूमेकोटलाई मानिन्छ । चौबीसे राज्यका पालामा सतहुँ राज्यअन्तर्गत यस खौला क्षेत्र पर्ने भएकोले यस कोटको स्थापना पनि मध्यकालमा नै भएको हुनसक्ने अनुमान गर्न सकिन्छ । ज्ञादीफाँटको सिरानमा रहेको अग्लो टाकुरामा यो कोट रहेको छ । सतहुँ राज्यको राजधानी सतहुँकोटमा रहेको थियो । खौलाकोटमा तत्कालीन सतहुँ राज्यका राजा यो भेगमा आउँदा बसोबास गर्ने दरबार रहेको हुनसक्ने देखिन्छ । नेपालमा स्थापित मध्यकालीन कोटघरहरू भएका स्थानमा कित तत्कालीन राज्यको राजधानी रहेको देखिन्छ कित सैन्य पोष्ट वा अड्डा रहेको देखिन्छ । खौलाकोटमा पनि संभवतः सतहुँ राज्यको सैन्य किल्ला रहेको हुनुपर्दछ । खौला भूमेकोट सरकारी कोटमा दर्ता भएको कोट हो ।

यस कोटमा स्थानीय पौडेल, सुवेदी र तिमिल्सिना थर भएका ब्राह्मणहरू पूजारी रहने र उपासु अर्थात् कर्तामा के.सी. र कार्की थरका क्षेत्रीहरू रहने व्यवस्था छ । खौला, ठूलीपोखरी, कार्कीनेटा, वचारीचौतारा, रानीस्वाँरा, पीपलटारी, आर्थर आदि विभिन्न ठाउँहरूबाट यहाँ मानिसहरू पूजाआजा गर्न आउने गर्दछन् । यस कोटका नाममा विगतमा विभिन्न ठाउँमा गुठी जग्गाको व्यवस्था गरिएकोमा भूमिसुधार कार्यक्रम लागु भएपछि जग्गा नापी हुने क्रममा गुठी जग्गाको भोगचलन गर्दै आएका व्यक्तिहरूले नै आ-आफ्नो नाममा गुठीको जग्गा दर्ता गराएकाले हाल यस कोटको नाममा गुठी जग्गा रहेको छैन । यस खौला भूमेकोटमा भूमेथान र देवी भगवतीको मन्दिर समेत रहेको छ । बडादशैंको नवरात्र, चैत्राष्टमी र ज्येष्ठी पूर्णिमाका दिन यहाँ विशेष पूजाआजा हुने गर्दछ । बडादशैंका बेला घटस्थापनाको दिनदेखि नै पूजा शुरु गरिन्छ । द्वितीयाका दिन कोटमा जमरा राखिन्छ । सप्तमीका दिन फूलपाती बढाँई धुमधामका साथ  गरिन्छ । फूलपाती लिन कालीगण्डकीमा जाने क्रममा वितलव क्षेत्रमा आँगनमा सुकाइएका विस्कुन उठाएर ल्याए पनि कसैले उजुरवाजुर नगर्ने चलन यहाँ विगतमा रहेको थियो भन्ने जनश्रुति रहेको छ । यस कोटमा कालरात्रीभन्दा अघिल्लो दिनसम्म बलि चढाइँदैन । यस कोटको प्रचारप्रसार गर्न सके पर्यटन विकासमा सहयोग पुग्ने देखिन्छ ।

## ४. पाङ तत्तरकोट कालिका

पर्वत जिल्लामा रहेका विभिन्न ऐतिहासिक कोटहरू मध्येमा कुश्मा नगरपालिका वडा नं. १ पाङ (साविक पाङ गा. वि.स.वडा नं. ६) मा रहेको तत्तरकोट कालिका पनि एक हो । यो कोटको स्थापना कहिले गरिएको थियो भन्ने सम्बन्धमा आधिकारिक प्रमाण भेटिदैंन । तर पनि मल्लकालीन समयमा बाइसी चौबीसे राज्यको शासनकालमा पर्वत राज्यको स्थापना हुनुभन्दा पूर्व यस भेगमा भूरे टाकुरे राजाहरूको अस्तित्व रहेको वखत यो कोट स्थापना गरिएको हुनसक्ने कुरा स्थानीयबासी बुढापाकाहरू बताउँछन् । पाङ, नागलीवाङ र बनौं क्षेत्रका मानिसहरूले विशेष रुपमा यस कोटलाई मान्दै आएको पाइन्छ । प्रचार प्रसारको कमीको कारण कम चर्चामा रहेको कोट भएतापनि यस भेगमा प्रमुख शक्तिपीठका रुपमा यो कोटलाई मानिन्छ। तत्तरकोट कालिका रहेको स्थानलाई गाँव भनिन्छ। ज्योतिष विद्याका लागि नेपालमा कहलिएको पाङ गाउँको हालको बस्ती विस्तार हुनुभन्दा पहिलेको बस्ती यही गाँवमा रहेको थियो । अहिलेपनि धेरै पंगालीहरूको जग्गा जमिन यस गाँवमा रहेको छ । यस कोटको वरिपरी रहेको जग्गामा खन्दा पुराना भाँडाकुँडा, खरानी तथा अन्य सामानहरू भेटिन्छन् । कास्की, पर्वत, बागलुङ, म्याग्दी र गुल्मी जिल्लाका स्थानहरू अवलोकन गर्न सकिने अत्यन्तै सुन्दर र रमणीय स्थानमा यस कोट रहेको छ ।

मन्दिरदेखि उत्तरपट्टि रहेको ठूलो ढुङ्गाको छपनिमुनि रहेको ओढारमा तत्कालीन समयमा खरखजाना तथा हात हतियार राख्ने गरिन्थ्यो । यस ओढारमा १५-२० जनासम्म मानिसहरू बस्न सकिन्छ । यस कोटमा तरवार, खुँडा, ढाल जस्ता केही पुराना हात हतियारहरू रहेको भए तापनि सुरक्षाको कारण मन्दिरमा विशेष पूजा हुने नवदुर्गाको समयमा बाहेक अन्य समयमा यहाँका उपासु अर्थात कताहरूले आफ्नो घरमा लगेर राख्ने गर्दछन् । यस कोटमा हुने पूजाआजाका समयमा बली दिनका लागि कर्णाली क्षेत्रको सिंजा भन्ने ठाउँबाट घर्ती क्षेत्रीहरू ल्याई बसालिएको स्थानलाई अहिले सिंधाली (सिञ्जालीबाट सिंधाली भएको) भनिन्छ । यस कोटका पूजारीमा पौडेल र सुबेदी थरका उपाध्याय ब्राम्हण रहने र उपासु अर्थात कर्तामा सिंधालीमा बसोबास गर्ने क्षेत्रीहरू रहने व्यवस्था छ । यस कोटमा विशेष गरेर नवदुर्गाको समयमा पूजाआजा हुने गर्दछ । यहाँ दैनिक र नियमित पूजाआजा हुँदैन । कोटमा हुने पूजाआजामा आवश्यक पर्ने सामग्रीहरूको व्यवस्थापन गर्न र कोटमन्दिर सञ्चालनका लागि पाङ र नागलीवाङका विभिन्न स्थानमा करिब ४३ मुरी धान फल्ने खेत गुठीका रुपमा राखिएको छ। यही गुठीको जग्गा कमाउने व्यक्तिहरूले नै पूजाआजाका सामग्री, फूलपाती र कालरात्रीका दिन चढाइने बलीका लागि बोका पाठा, राँगा, मेडोका सामग्री तथा पूजारीलाई दिने दक्षिणा आदिको व्यवस्था गर्ने गर्दछन् । कोट मन्दिरमा पूजाआजा गर्दा केही त्रुटी भयो भने गाउँमा अनिष्ट हुन्छ भन्ने विश्वास यस क्षेत्रका मानिसहरूमा रहेको छ। कोटमन्दिरमा कुमार केटोले पूजा गर्नुपर्ने चलन रहेको भएतापनि वर्तमानमा कुमार पूजारीको व्यवस्था गर्न कठिनाई हुँदै गएको कुरा स्थानीयबासीले बताउँछन् ।

## ५. कुश्मा बलेवा यान्त्रिक पुल

कुश्मा नगरपालिकाभित्र रहेका विभिन्न पर्यटकीय स्थलहरू मध्ये केबलकार शैलीमा नेपालका प्राविधिकहरूद्वारा कालीगण्डकीमाथि निर्माण गरिएको कुश्मा बलेवा जोड्ने यान्त्रिक पुल पनि पर्दछ । पर्वत उद्योग वाणिज्य संघको पहलमा स्थानीय व्यवसायी तथा बासिन्दाहरूको रु. ४ करोडको लगानीमा यस पुल निर्माण गरिएको हो । यस पुलको लम्बाई ५५८ मिटर रहेको छ भने कालीगण्डकीको करिब २६२ मिटर अग्लो गल्छीमा यसको निर्माण भएको छ । पर्यटन र अन्य व्यवसाय प्रबर्द्धन गर्ने साथै सामाजिक सेवा विस्तार गर्ने उद्देश्यले वि.सं. २०६९ साल फाल्गुण २१ गतेका दिनदेखि यो पुल सञ्चालनमा ल्याईएको हो । यस पुलले कुश्मालाई बलेवा विमानस्थलसँग पनि जोड्छ । विगत लामो समयदेखि सञ्चालनमा नरहेको बलेवा विमानस्थल बागलुङ नगरपालिकाको विशेष पहलमा वि.सं. २०७४ चैत्र ९ गतेदेखि पून: सञ्चालनमा आएकोले कुश्मा र बलेवालाई जोड्ने एक महत्वपूर्ण माध्यमका रुपमा यो पुल रहेको देखिन्छ । यस यान्त्रिक पुलले बलेवा र कुश्मालाई जोडेर डेढ घण्टाको यात्रालाई दश मिनेटमा सिमित गरेको छ । दैनिक सयौं मानिसहरूले यस पुलको प्रयोग गर्ने गरेका छन् भने आन्तरिक पर्यटकलाई समेत यसले आकर्षित गरेको छ । बलेवा विमानस्थल नजिकैबाट कालीगण्डकी करिडोर निर्माण भैसकेको र विमानस्थल पनि सञ्चालनमा आएकोले यी पूर्वाधारको भरपुर उपयोग कुश्मा नगरपालिकाले गर्न सक्ने देखिन्छ। बाग्लुङ नगरपालिका, बलेवाबासी स्थानीय र केवलकारका सञ्चालकहरूसँग सहकार्य गरी यसको बढीभन्दा बढी उपयोग गर्दै आन्तरिक र

बाह्य पर्यटकहरूलाई समेत यहाँ भित्र्याउन सकिने देखिन्छ । यस पुलको मुख्य बिन्दु कुश्मा नगरपालिकामा पर्ने भएकोले पनि नगरपालिकाको एउटा प्रमुख पर्यटकीय गन्तव्यको रुपमा यो पुल रहन सक्ने देखिन्छ ।

## ६. नेपालकै लामा तथा अग्ला मानिएका कालीगण्डकी र मोदीखोलामा निर्मित झोलुङ्गे पुलहरू

### (क) कुश्मा ज्ञादी झोलुङ्गे पुल

पर्वत जिल्लालाई अहिले लामा तथा अग्ला झोलुङ्गे पुलहरूको जिल्लाका रुपमा पनि चिनिदैँ आएको छ । कुश्मा बजारका विभिन्न स्थानबाट बागलुङको बलेवा क्षेत्र तथा पर्वत जिल्लाका कटुवाचौपारी र मुडिकुवालाई जोड्ने गरी निर्माण गरिएका यी पुलहरूको अवलोकनका लागि दैनिक सयौं पर्यटकहरू आउने गर्दछन । यसबाट यहाँको व्यापार व्यवसायको विस्तारमा प्रत्यक्षतः ठूलो सहयोग पुगेको छ । यी पुलहरूको व्यापक प्रचारप्रसार गरी पुलका आसपासका क्षेत्रमा नगरपालिकाले पार्क तथा बगैँचाहरूको निर्माण गर्नसक्ने हो भने पर्यटन व्यवसायलाई थप टेवा पुग्न सक्ने देखिन्छ । सुन्दर खालका पार्कहरूको निर्माण गर्ने र यिनको अवलोकन गर्न आउने पर्यटकहरूबाट थोरै भएपनि शुल्क लिने व्यवस्था मिलाउन सक्ने हो भने नगरपालिकाको आन्तरिक आयमा समेत वृद्धि हुन जान्छ । प्रसिद्ध तीर्थस्थल मुक्तिनाथ, दामोदरकुण्ड, गलेश्वर, महारानीथान, पञ्चकोट, कालिका भगवती मन्दिर, मोदीवेणीधाम गुप्तेश्वर गुफा आदिको दर्शन गर्न आउने तीर्थयात्रीहरू कुश्मा बजारमा झरेर यी पुलहरूको अवलोकन गर्नसक्ने भएकोले पनि यी पुलहरूको महत्व व्यापक रुपमा बढ्दै गईरहेको छ । डिभिजन कार्यालय र स्थानीय उपभोक्ता समितिको सहयोगमा निर्माण गरिएको पर्वत जिल्ला तथा कुश्मा नगरपालिका क्षेत्रमा कुश्मा र ज्ञादी जोड्ने नेपालकै पहिलो लामो र अग्लो पुल कुश्मा ज्ञादी झोलुङ्गे पुल हो ।। कुल लम्बाई ३४४ मिटर र मोदीखोलाको सतहभन्दा १३५ मिटरमाथि रहेको यस पुलले एक घण्टाको दुरीलाई १५ मिनेटमा छोटाएको छ । अहिले दैनिक हजार जनाभन्दा बढी मानिसहरू यस पुलबाट आवत जावत गर्ने गर्दछन् । कटुवाचौपारी, पिपलटारी, मुडिकुवा, शंकरपोखरी, कार्कीनेटा, ठूलीपोखरी, खौला थापाठाना आदि गाउँका मानिसहरूलाई कुश्मा सदरमुकाम आउन जान यसले धेरै सुविधा पुऱ्याएको छ भने कुश्माको व्यापार व्यवसायमा पनि वृद्धि गराएको छ । यसको अवलोकन गर्नको लागि छिमेकी जिल्लाहरू देशका विभिन्न भागहरूबाट आन्तरिक पर्यटकहरू समेत आउने गर्दछन् । पुलको वारी तथा पारी दुवैतर्फ होटेल तथा रेष्टुँराको सञ्चालन गरिएकोले यस पुलको अवलोकन गर्न आउने मानिसहरूलाई खाजा नास्ता तथा खानेपानीका लागि सुविधा पुगेको छ ।

### (ख) कुश्माको बलेवा कैया जोड्ने झोलुङ्गे पुल

पर्वत जिल्लामा रहेको नेपालकै अग्लो र लामो पुलका रुपमा रहेको कुश्मा ज्ञादी जोड्ने झोलुङ्गे पुललाई पछि पार्दै दोस्रो पुलका रुपमा कुश्मादेखि बलेवाको कैया जोड्ने झोलुङ्गे पुलको निर्माण भएको हो । कुश्मा ज्ञादी जोड्ने अग्लो तथा लामो पुल निर्माणको सपना साकार भएपछि कालीगण्डकीमाथि निर्माण भएको यस झोलुङ्गे पुलको सञ्चालन वि. सं. २०७१ भाद्र महिनादेखि भएको हो । यस पुलको लम्बाई ३४७ मिटर र उचाई १५६ मिटर रहेको छ । यस पुलले पनि कुश्मा र बलेवा बीचको करिब एक घण्टाको पैदल दुरीलाई १५ मिनेटमा छोटो पारिदिएको छ । पुलबाट प्रसिद्ध मोदीवेणी धाम तथा कालीगण्डकी र मोदीखोलाको सुन्दर संगमस्थलको दृश्यावलोकन गर्न सकिन्छ । पुलको पारीपट्टि बलेवा क्षेत्रमा स्तरीय र सुन्दर पार्क सहितको रिसोर्ट तथा रेष्टुँराको सञ्चालन गरिएको छ । यसबाट पुलको अवलोकन गर्न आउने पर्यटकलाई खान बस्नमा सुविधा पुगेको छ । यस पुलको निर्माण भएपछि बागलुङ जिल्लाका बलेवा लगायत दक्षिणी क्षेत्रका मानिसहरूलाई पोखरा, वुटवल, काठमाडौं तथा देशका विभिन्न भागमा जान आउनका लागि सजिलो भएको छ । यस पुलको निर्माणले कुश्मा नगरलाई कालीगण्डकी करिडोरसँग जोडिनका लागि पैदलमार्गको पहुँचलाई सहज बनाई दिएको छ ।

### (ग) कुश्मा मुडिकुवा जोड्ने झोलुङ्गे पुल

पर्वत जिल्लामा तेस्रो अग्लो र लामो पुलका रुपमा वि. सं. २०७३ पौष महिनादेखि सञ्चालनमा आएको एक अर्को पुल कुश्मा मुडिकुवा जोड्ने झोलुङ्गे पुल हो । यस पुलको लम्बाई ३५९ मिटर र उचाई १५५.७० मिटर रहेको छ । मुक्तिनाथ एण्ड ओम गीता जेभीले करिब एक करोड छयत्तर लाख उनान्सय हजारको लागतमा यस पुलको निर्माण

कार्य सम्पन्न गरेको हो । यस पुलले पर्वत जिल्लाका दक्षिण क्षेत्रका धेरै गाउँहरूलाई कुश्मा सदरमुकामसम्मको पहुँच सहज तुल्याईदिएको छ ।

### (घ) कुश्मा खरेहादेखि कटुवाचौपारीको अधिकारीफाँट जोड्ने पुल

कुश्मा नगर क्षेत्रमा निर्माण भएको अग्लो तथा लामो एक अर्को पुल कुश्मा खरेहादेखि कटुवाचौपारीको अधिकारीफाँट जोड्ने पुल हो । मोदीखोलाको गल्छीनामा निर्माण कार्य अघि बढाईएको यो पुलको लम्बाई ३५९ मिटर लामो हुनेछ । यो पुलको अनुमानित लागत दुई करोड बीसलाख रुपैयाँ बराबर रहेको छ ।

### ७. कुश्मा नेपाने जोड्ने बञ्जी पुल

कुश्मा नगर क्षेत्रमा पर्यटन व्यवसाय विस्तारका लागि ठूलो योगदान पुऱ्याउन सक्ने विश्वास तथा अपेक्षा गरिएको अर्को एक महत्वपूर्ण स्थल कुश्मा र बागलुङ नगरपालिकाको बलेवा जोड्ने गरी निर्माण कार्य अघि बढाईएको बञ्जी पुल हो । कालीगण्डकीको विशाल खोचमाथि निर्माण हुँदै गरेको यस बञ्जी पुलको लम्वाई ५२५ मिटर र उचाई करिब २२८ मि. बराबर रहेको छ । पर्यटन क्षेत्रमा साहसिक पर्यटन खेलका रुपमा मानिने बञ्जीजम्पिङ स्वदेशी तथा विदेशी पर्यटकहरू दुबैका लागि प्रमुख आकर्षक स्थलका रुपमा स्थापित हुँदै गईरहेको छ । कुश्मा नगर क्षेत्रका स्थानीय व्यवसायी तथा पर्यटन व्यवसायीहरूको नीजि लगानीमा यस बञ्जी पुलको निर्माण कार्य भईरहेको छ । यति अग्लो उचाईमा निर्माणाधीन यस बञ्जी पुल विश्वमै पहिलो भएको मानिएको छ । पुल, बञ्जी, स्वीङ, रिसोर्ट, पार्क तथा अन्य आवश्यक पूर्वाधारहरू निर्माणका लागि करिब १३ करोड बराबर लागत लाग्ने निर्माण व्यवसायीहरूले बताउँछन् ।

### ८. मोदीबेनी

कुश्मा नगरक्षेत्र रहेको एक प्रसिद्ध धार्मिक सम्पदास्थल मोदीवेणी/मोदीबेनी धाम हो । माधवी गंगा (मोदीखोला) र विश्वमै शालिग्राम पाईने एकमात्र नदी कृष्णगण्डकी (कालीगंगा) को संगम स्थलमा अवस्थित मोदीबेनी पावन क्षेत्रका रुपमा परिचित रहेको छ । विभिन्न पुराणहरूमा यसको महिमा बारेमा वर्णन गरिएको पाइन्छ । पर्वत जिल्लाको सदरमुकाम कुश्मा बजारबाट ४ किलोमिटरको दूरीमा रहेको छ । कुश्मा बजारबाट २.८ किलोमिटरको पैदलयात्रा गरेपछि करिब २०० मिटरको ढलान गरिएको सिंढी ओर्लदासाथ मोदीबेनी आइपुग्छ । मोदीबेनीमा भगवान विष्णुले नरसिंह अवतार (आधा मानिस र आधा सिंहको शरीर) लिएर हिरण्यकश्यपु नाम गरेको असुरलाई बध गर्नुभएको कुरा स्कन्दपुराणमा उल्लेख गरिएको छ । वि.सं १८९० मा श्री जयराम दासले नरसिंहा शालिग्राम भगवानको स्थापना गर्नु भएपछि हालसम्म उहाँका अनुयायीहरूले शालिग्रामको पूजा गर्दै आएका छन् । दास बैरागीको नाममा सम्बोधन गरिने निम्मार्ग समुदायका पूजारीहरूले शालिग्रामको पूजा गर्ने गर्दछन् । पूजारीको स्थान भने स्वतः पूजारीका सन्तानहरूमा जाने गर्दछ । शालिग्रामको पूजा दैनिक तीन पटक गरिन्छ । बिहान गाइको दूधले शालिग्रामको स्नान गराइसकेपछि श्रीखण्ड चढाइन्छ । दिनको समयमा जल अर्पण गरिन्छ भने रातीको समयमा दुध, फलफूल चढाउनुका साथै आरती पनि गर्ने गरिन्छ ।

कालीगण्डकी किनारका अन्य धार्मिकस्थलहरू जस्तै रिडी, सेतीबेनी, देवघाट, त्रिवेणी, जैमुनीघाट, सहस्रधारा दिव्यधाम, गलेश्वर र मुक्तिनाथ आदि स्थलहरूसँग मोदीवेनीको सम्बन्ध स्थापित गरी धार्मिक करिडोरको अवधारणासहित योजना निर्माण गरी आवश्यक कार्य प्रक्रिया अघि बढाउन सक्ने हो भने यस क्षेत्रको धार्मिक पर्यटनमा ठूलो योगदान पुग्नसक्ने देखिन्छ ।

### ९. गुप्तेश्वर गुफा

कुश्मा नगर क्षेत्रमा रहेका पर्यटकीय स्थलहरूमध्ये प्रख्याति कमाएको प्रसिद्ध गुप्तेश्वर गुफा पनि हो । प्राचीन, धार्मिक, ऐतिहासिक एवं पर्यटकीय दृष्टिले महत्वपूर्ण, प्राकृतिक देवी देवताहरूको सुन्दर आकृतिहरूले भरिपूर्ण, भक्तहरूको मनोकांक्षा पुरा हुने नेपालकै ठूलो लामो एवं अलौकिक गुफा, गुप्तेश्वर गुफा हो । पौराणिक मान्यताअनुसार महादेवले पार्वतीलाई छल गरी गायब भएपछि उनको खोजिमा भौंतारी रहेकी पार्वतीले यस गुफामा बसेर गुप्त रुपमा महादेवको

आराधना गरेपछि महादेव प्रसन्न भई पार्वतीका सामु प्रकट भएका थिए भन्ने जनविश्वास रहेको छ । यसकारण यस गुफाको नाम गुप्तेश्वर रहन गएको हो भन्ने भनाई छ । लिच्छवी शासनकालमा कश्मिरका राजा जयापिडले नेपालमाथि आक्रमण गर्दा अरमुड्डी भन्ने शासकले जयापिडका सेनालाई खत पारी जयापिडलाई पक्रेर लामो समयसम्म यही गिरीदुर्ग नामबाट परिचित गुप्तेश्वर गुफामा बन्दी बनाई राखेका थिए भन्ने कुराको अनुमान इतिहासकारहरूले गरेका छन् । अरमुड्डीले जयापिडलाई पक्रेको स्थान कुश्मा बजारको पश्चिमपट्टि रहेको अरमाडी/अर्मादी थियो जुन शब्द अरमुड्डीबाट अपभ्रंश भई बनेको हो भनिन्छ । वि.सं. २०१६ सालमा तत्कालीन राजा महेन्द्र र प्रधानमन्त्री विश्वेश्वरप्रसाद कोईराला यस क्षेत्रको भ्रमणमा आउँदा दुवैजनाले यस गुफाको अवलोकन गरेका थिए । भ्रमण टोलीमा रहेका इतिहासकार तथा संस्कृति विद् सत्यमोहन जोशीले गुप्तेश्वर गुफाको बारेमा लेख लेखी प्रचारप्रसार गरेपछि तत्कालीन सरकारले कक्षा सातको पाठ्यक्रममा यस गुफाको परिचयलाई समावेश गरेको थियो । यसपछि यो गुफाको महिमा झनै बढेर गएको थियो ।

गुप्तेश्वर गुफाको वरिपरि कुस लगाएमा कुश्मा बजारको बास्तविक पहिचान पनि झल्काउन सकिने देखिन्छ । आन्तरिक पर्यटकलाई आकर्षित गरिरहेको यस गुफाले बाह्य पर्यटकलाई पनि आकर्षित गर्न सक्ने बलियो सम्भावना रहेको छ । यसका लागि कुश्मा नगरपालिकाले वृहत्तर पर्यटन गुरुयोजना निर्माण गरी यहाँका पर्यटकीय क्षेत्रहरूको विकास र विस्तारमा विशेष पहल गर्नुपर्ने देखिन्छ ।

### १०. सहश्रधारा दिव्यधाम

कुश्मा नगरपालिका वडा नं. १ पाङस्थित सहस्रधारामा सहस्रधारा दिव्यधाम रहेको छ । पानीको श्रोतको रुपमा र धार्मिक दृष्टिले ज्यादै महत्वपूर्ण यस सहश्रधारामा ठाडो ढुङ्गाको भिरालो स्थानबाट सहस्र झरना झरीरहेको देख्न सकिन्छ । कृष्णगण्डकीको उत्तरी किनारपट्टि रहेको ठाडो ढुङ्गे पहराको फेदबाट अनवरत रुपमा बगीआउने सहस्र फोहोरालाई नै सहस्रधारा भनिन्छ । पौराणिक महत्व बोकेको स्थान भएकोले यसलाई सहस्रधारा दिव्यधाम भनिएको हो । सहस्रधाराको मुख्य विशेषता भनेको नै यहाँको पानी कहिल्यैपनि धमिलो हुँदैन । संधै सफा र कञ्चन जल प्रवाहित भईरहेको देखिन्छ । ऋषितर्पणीका दिनदेखि यहाँ रहेका पानीका फोहोरा बढ्ने गर्दछन् । पहिला पहिला दामोदरकुण्ड तथा मुक्तिनाथ जाने तीर्थयात्रीहरूले यहाँ स्नान गरेर त्यसतर्फ जाने गर्दथे । पौराणिक कथनअनुसार माता पार्वतीले गंगा स्नान गरेर फर्कने क्रममा प्यास लागि मुख खोल्दा माथिबाट पवित्र जलधारा प्रवाहित भई माता पार्वतीको प्यास मेटिएको र सोही बखत सहस्रधारा उत्पत्ती भएको हो भन्ने किंबदन्ती रहेको छ । पौराणिक महत्व बोकेको पर्वत जिल्लाको उत्तरी भागमा रहेको कालञ्जर हम्पाल पर्वतबाट उत्पत्ती भई यस ठाउँमा सहस्रधारा प्रवाहित भएको जनविश्वास रहेको छ । दामोदरकुण्ड तथा मुक्तिनाथबाट उत्पत्ती भई बगेकी प्रसिद्ध शालीग्रामयुक्त कृष्णगण्डकीको समिपमा सहस्रधारा दिव्यधाम रहेको छ । देवी पार्वतीको जन्म यही सहस्रधाराभन्दा ३ किलोमिटर माथि रहेको पाङमा भएको भन्ने जनविश्वास रहेको छ भने भगवान शिव र देवी पार्वती यसै ठाउँमा भेटने गरेको किंबदन्ती रहेको पाइन्छ । अहिलेपनि मुक्तिनाथ र दामोदरकुण्ड जाने भक्तजनहरू यस सहश्रधारामा स्नान गरेर मात्र त्यहाँ जाने गर्दछन् ।

सहश्रधारासम्म पुग्ने पक्की बाटोको निर्माण कार्य सम्पन्न भइसकेको छ । १०८ वटा गौमुखी धाराहरू, भगवान शिवको ढुङ्गामा कुँदिएको विशाल मुर्ति, मन्दिर, पूजारीका लागि विश्रामस्थल, दुईवटा प्रवेशद्वार, पोखरीजस्ता संरचनाहरू निर्माण भईसकेका छन् । यस क्षेत्रका केही संरचनाको विकासको लागि बाँसघारीको फँडानी गरिएकोले यहाँ भू-क्षय हुने सम्भावना बढेको छ । यस धामका नाममा करिब डेढ रोपनी जति जग्गा रहेको छ । यस जग्गामा आर्थिक स्रोतको व्यवस्थापन गरी धर्मशाला, पार्क तथा अन्य आवश्यक संरचना निर्माण गर्ने योजना सहस्रधारा दिव्यधाम समितिको रहेको छ । यस क्षेत्रको बृहत्तर विकासका लागि वि.सं. २०७१ मंसिर २२ देखि २९ गतेसम्म आयोजना गरिएको महायज्ञबाट संस्थापक सदस्यता शुल्क सहित एक करोड दुई लाख बराबर रकम संकलन भएको थियो । यसै रकमबाट यहाँ विभिन्न किसिमका संरचनाहरूको निर्माण गरिएको हो । सहश्रधारामा रहेको भिरालो जग्गा/जमिन कमजोर प्रकृतिको रहेको छ । कुश्मा नगरपालिकाको सन्दर्भमा यो धाम पर्यटकको निम्ति अर्को एक महत्वपूर्ण क्षेत्र हुनसक्ने देखिन्छ । कृष्णगण्डकीको किनारमा रहेका मोदीबेनीधाम, सहस्रधारा, गलेश्वर, मुक्तिनाथ तथा

दामोदरकुण्डसम्म पुग्ने धार्मिक पर्यटकीय सर्किटको निर्माण गर्न सक्ने हो भने धार्मिक पर्यटकको बलियो सम्भावना यहाँ रहेको छ ।

## ११. पार्वती गुफा

कुश्मा नगरपालिका वडा नं. १ पाङ गाउँमा अवस्थित ४० मिटर चौडाइ र १०० मिटर लम्बाई भएको गुफा पार्वती गुफाको नामले चिनिन्छ । यहाँका स्थानीयबासी छविलाल पौडेलले यस गुफाभित्र शिवलिङ्ग र पार्वती रहेको पत्ता लगाउनु भएको थियो । हालसम्म यस गुफाको लागि कुनै विशेष कार्यक्रमहरू गरिएको छैन । तथापि स्थानीयबासीले यस गुफामा देवी पार्वतीलाई कुल देवता मानेर पूजा अर्चना गर्ने गरेका छन् भने भगवान शिवको लिङ्ग पनि स्थापना गरिएको छ । पार्वती गुफाको संरक्षणका लागि पार्वती गुफा संरक्षण तथा पर्यटन क्षेत्र विकास समिति स्थापना गरिएको छ । यो गुफामा अन्य गुफामा जस्तो आकर्षण नभएतापनि यहाँ एक शिवमन्दिर स्थापना गरे आन्तरिक पर्यटकलाई आकर्षित गर्न सकिन्छ ।

## १२. साङ्गडाङ दोर्जे छोलिङ गम्बा, आर्थरडाडाँ खर्क

कुश्मा नगरपालिकाको वडा नं. १४ आर्थरडाँडा खर्कमा रहेको साङडाङ दोर्जे छोलिङ गुम्बा वि.सं. १८३६ मा स्थापना गरिएको थियो । विसं. २०१८ मा यस गुम्बाको जिर्णोद्धार गरिएको थियो । शुरुमा यस गुम्बा अन्तरगत रहेको गुठीको अधिनमा ३० मुरी धान फल्ने जमिन रहेपनि पहिरोको कारणले केही जग्गा विनास भएपछि हाल केवल १२ मुरी धान फल्ने जमिन मात्र बाँकी रहेको छ । बाह्य पर्यटकको आकर्षणको केन्द्र हुनसक्ने मौलिक वास्तुकला भएको यस गुम्बामा भिक्षुहरूलाई ३ महिनादेखि एक वर्षसम्म पढाउनका लागि दुइवटा कोठाहरू रहेका छन् । पर्यटकको खासै चहलपहल नहुने यस गुम्बामा पर्यटकहरू बाटो पर्दा भने छिर्ने गर्छन् । गुरुङ समुदायको बाहुल्यता रहेको यस गाउँमा साँस्कृतिक पर्यटनको सम्भावना धेरै रहेको छ । आफ्नो कला, धर्म संस्कृति, रितिरिवाज अनि डोङको संरक्षण गरिरहेका गुरुङ्ग संस्कृति बाहेक यहाँ रहेको बौद्ध ध्यान केन्द्र पनि बाह्य पर्यटकको लागि राम्रो आकर्षणका विषयहरू हुन सक्छन् ।

## १३. बाटुलेचौर

कुश्मा नगरपालिकाभित्र रहेका विभिन्न पर्यटकीय स्थलहरू मध्ये पौराणिक महत्वको स्थल बाटुलेचौर हो । हिन्दू धार्मिक ग्रन्थ रामायणका पात्र दशरथसँग सम्बन्धित यस बाटुलेचौर कुश्मा नगरपालिका वडा नं. १२ ठुलीपोखरीमा रहेको छ । हाल स्याङजा जिल्लामा पर्ने बाङसिङ गाउँमा राजा दशरथद्वारा भुलवश चलाएको धनुषवाण लागेर श्रवणकुमारका बाबुआमा (दशरथका दिदी भिनाजु को मृत्यु भएको भन्ने किंवदन्ती रहेको छ । राजा दशरथले सो आफ्नो पापबाट मुक्ति पाउन यसै बाटुलेचौरमा ठुलो यज्ञ गरेको र देवीले उनलाई दर्शन दिएको भन्ने जनविश्वास रहेको छ । उक्त स्थानमा हाल पनि यज्ञ कुण्डस्थलहरू देख्न पाइन्छ । यद्यपि यहाँ रहेको कुवा तथा धाराको पानी कार्किनेटा तर्फकाले खानु हुँदैन भन्ने विश्वास रहेकोले अहिलेपनि कसै कसैले पानी खाने गर्दैनन् । बाटुलेचौरबाट हिमश्रृङ्खला र कालीगण्डकी उपत्यकाको मनोरम दृश्य देख्न सकिन्छ । त्यसका अलावा यहाँ कृतिनाथ उपाध्यायले निर्माण गर्नुभएको भगवान शिव र देवी कालिकाको मन्दिर रहेको छ । तथापी यो क्षेत्र पनि संरक्षणकै पर्खाइमा छ । यहाँ तारवार गरिए पनि त्यो भत्केको छ भने केही अनाधिकृत झुपडीहरू पनि बनाइएका छन् । यस बाटुलेचौरको पौराणिक कथनको महिमालाई प्रचार प्रसार गरी यस क्षेत्रमा रहेका अन्य पर्यटकीय स्थलहरूसँग यसलाई जोड्न सकियो भने पर्यटकीय स्थलको रुपमा विकसित हुनसक्ने सम्भावना यस स्थानको रहेको छ ।

## १४. ठूलीपोखरी

कुश्मा नगरपालिका वडा नं. १२ मा रहेको मानवनिर्मित पोखरी "ठूलीपोखरी" पनि यहाँको एक ऐतिहासिक र चर्चित स्थान हो । यही पोखरीको नामबाट यस ठाउँको नाम ठूलीपोखरी गाउँ रहन गएको हो । करिब ५ रोपनी बराबर क्षेत्रफलमा फैलिएको यस पोखरीमा वर्षायाममा दुई महिना जति पानी जम्मा हुने भएतापनि अन्य समय भने सुख्खा रहने गर्दछ । जनता सुदर्शन मा.वि.को प्राङ्गण छेउमा रहेको यो पोखरी मानवनिर्मित पोखरीहरू मध्ये यस क्षेत्रमा सबैभन्दा ठूलो भएकोले यसको नाम ठूलीपोखरी रहन गएको हो भन्ने भनाई रहेको छ । ज्ञादी वितलव निवासी

नेपालका भुतपूर्व प्रधानमन्त्री एवम् मुख्तियार महामहोपाध्याय रंगनाथ पौडेलका सहोदर भाइकी छोरी चन्द्रवदनाले वि. सं. १९०७ मा यस पोखरीको निर्माण गर्न लगाएकी थिईन् भन्ने कुरा जनता सुदर्शन मा.वि.को स्वर्ण स्मारिकामा यमबहादुर क्षेत्रीले उल्लेख गरेका छन् (क्षेत्री, २०७३) । यही स्मारिकामा पिताम्बर शर्मा नेपालीले यो पोखरी रंगनाथ पौडेलका वंशज पण्डित राम शर्माले वि.सं. १९०७ को आसपासमा निर्माण गर्न लगाई उनकी धर्मपत्नी चन्द्रवदनाले प्रतिष्ठा गरेको कुरा उल्लेख गरेका छन् भने महेश्वर शर्माले रंगनाथ पौडेलकी छोरीकी छोरी चन्द्रवदनाले यो पोखरी बनाउन लगाएकी थिइन भनी भनेको सुनेको कुरा वताएका छन् । वर्षाको समयमा लगातार पानी परेर पोखरी आसपासका क्षेत्रमा मूल फुट्ने र देवीथानदेखिको भेलपानी बगेर पोखरीमा जम्मा हुन आएमा पानी भरिन्छ । अन्य कुनैपनि स्थानबाट स्थायी रुपमा पोखरीमा पानी आउने स्रोतहरू रहेका छैनन् । ठूलीपोखरी, बाटुलेचौर, खौलाकोट र जुम्लीठानालाई एकिकृत पर्यटकीय विकासको प्याकेजमा समाहित गर्न सकेको खण्डमा कुश्मा नगरपालिकाको महत्वपूर्ण पर्यटकीय गन्तब्यस्थलका रुपमा यसलाई स्थापित गर्न सकिन्छ ।

### १५. भग्नावशेष पाङ दरबार

बाइसी चौबीसी राज्यको शासनकालमा पर्वत राज्य आर्थिक र सामरिक दृष्टिले बलियो राज्यका रुपमा मानिन्थ्यो । पर्वत जिल्लाको मोदीखोला भन्दा पश्चिमका क्षेत्रहरू पर्वत राज्यमा समाहित थिए । पर्वत राज्यको राजधानी म्याग्दीको बेनी र ढोरठानामा/ढोलठानामा रहेको थियो । पर्वत राज्यका प्रथम राजा आनम्म (आनन्दवम) थिए भने अन्तिम राजा कीर्तिवम मल्ल थिए । वि.सं. १८४३ आश्विन १४ गतेका दिन गोरखाली सेनाले राजधानी बेनीलाई कब्जा गरी पर्वत राज्यमाथि विजयको ध्वजा फहराएपछि कीर्तिवम मल्ल आफ्नो राज्य छोडी ढोरको बाटो हुँदै नवाव बजीजको राज्य वलिरामपुरमा शरण लिन पुगे । यिनको मृत्यु त्यहि भयो । पछि भिमसेन थापाले कीर्तिवम मल्लका जेठा छोरा राजविक्रम र माहिला विक्रमार्कलाई बनारसको मदानीपुरबाट झिकाई भिरकोटको सखाममा माना चामलको व्यवस्था गरी राखेका थिए । वि.सं. १८९४ मा राजविक्रमका छोरा विजयवमलाई पर्वत जिल्लाको पाङमा बसोबास गर्ने व्यवस्था मिलाइएको थियो । यसरी कीर्तिवम मल्लका नाति पाङमा बसोबास गर्न थालेपछि यस दरबारको निर्माण गराएका थिए । करिब १६० वर्ष पहिले निर्मित पाङ दरबार अहिले भग्नावशेष अवस्थामा रहेको छ । दरबारको कुनै नाम निशाना रहेको देखिदैंन । विजयवमका सन्तानहरू अहिले पाङ लगायत विभिन्न स्थानमा बसोबास गर्न थालेका छन् । दरबारको भौतिक स्वरुप वर्तमानमा नरहेको भए तापनि दरबार परिसरमा बगैचा र नृसिंह भगवानको मन्दिर भने हालसम्म पनि रहेका छन् । पाङ दरबार रहेको जमिन बिक्री भइसकेको छ । दरबार रहेको स्थानको सम्बन्धित जग्गादातासँग नगरपालिकाले सहकार्य तथा समन्वय गरेर दरबारको जग्गा अधिग्रहण गरी ऐतिहासिक महत्वको यस भग्नावशेष पाङ दरबारलाई मल्लकालीन शैलीमा पुनर्निमाण गर्ने र आवश्यक भौतिक संरचनाहरू निर्माण गरी सो ठाँउलाई अतिथि गृहको रुपमा स्थापना गर्न सकिन्छ । साथै पौराणिक महत्व बोकेको र ज्योतिष विद्याको केन्द्रको रुपमा विगतमा चर्चित पाङ क्षेत्रलाई एक प्रमुख पर्यटकीय गन्तब्य स्थलका रुपमा विकास गर्न सकिने बलियो सम्भावना रहेको छ ।

### १६. जुम्लीथान/जुम्लीठाना

कुश्मा नगरपालिका भित्रका विभिन्न ऐतिहासिक तथा धार्मिक सम्पदास्थलहरू मध्ये साविक खौलालाँकुरी गा.वि.स. वडा नं. ४ र हाल कुश्मा नगरपालिका वडा नं. १३ मा पर्ने जुम्लीथान पनि एक हो । जुम्लीथान क्षेत्रको केही भाग फलेवास नगरपालिकामा पनि पर्दछ । समुद्री सतहबाट करिब १७०० मिटर उचाईमा अवस्थित जुम्लीथान ऐतिहासिक, धार्मिक, सांस्कृतिक तथा पर्यटकीय स्थलका दृष्टिले महत्वपूर्ण क्षेत्र मानिन्छ । नगरपालिकाको केन्द्र कुश्मा बजारबाट करिब १४ कि.मि. कच्ची मोटरबाटोबाट पुग्न सकिने यो स्थान भूरे टाकुरे राजाहरूका पालामा प्रमुख केन्द्र र सैन्य किल्ला रहेको थियो । भूरे टाकुरे राजाका पालामा किल्ला बनाई बसेको छेउठान र माझठान भनेर चिनिने स्थानमा तत्कालीन किल्लाका अवशेषहरू रहेको देख्न सकिन्छ । जुम्लाबाट यस क्षेत्रमा राज्य गर्न आएका जुम्लीहरूले निर्माण गरेको देवीको थान र मठहरूको थापना गरी पूजा गर्ने गरेकोले यस ठाउँको नाम जुम्लीथान वा जुम्ली ठाना रहन गएको हो भन्ने कुरा स्थानीय बुढापाकाहरू बताउँछन् । करिब ६०० वर्ष पूर्व भूरे टाकुरे राजाहरूको दरबार रहेको यस जुम्ली ठानामा हाल उक्त दरबारका तीन विभिन्न आकर्षक भग्नावशेष देख्न पाइन्छ । कुश्मा नगरपालिकले यस

प्रकारको ऐतिहासिक तथा धार्मिक महत्व बोकेको सुन्दर र रमणीय प्राकृतिक स्थलको विकास र विस्तारमा विशेष ध्यान दिन सके धार्मिक पयटन आकर्षण गर्न सकिने बलियो सम्भावना रहेको छ ।

### १७. धनेश्वर महादेव शिवालय मन्दिर

कुश्मा नगरपालिकामा रहेका विभिन्न मठमन्दिर तथा देवालयहरूमध्ये जिल्लाको सदरमुकाम कुश्माको शिवालयचोकदेखि करिब १०० मिटर उत्तर पूर्वमा रहेको शिवालय मन्दिर पनि एक हो । यो मन्दिर वि.सं. १९१७ मा मासको पिठो र ढुङ्गाबाट निर्माण गरिएको हो भन्ने भनाई रहेको छ । कुश्माबजार निवासी स्वर्गीय राधा गिरि/राधिका गिरिले आफ्ना ससुरा धनराज गिरिको पूण्य बढोस् भनेर उनको नाममा शिवलिङ्गको स्थापना गरी "धनेश्वर महादेव शिवालय मन्दिर" को निर्माण गरेकी थिईन् । यस मन्दिर निर्माणमा माटो, काठ, सिमेन्ट आदिको प्रयोग भएको छैन । यसमा रहेको चौकोश समेत ढुङ्गाबाट बनाईएको छ । यस मन्दिरमा शिवरात्री, बालाचतुर्दशी तथा जनै पूर्णिमाका अवसरमा बिशेष पूजाआजा हुने गर्दछ । बालाचतुर्दशीमा शत्‌बीज समेत छर्ने गरिन्छ । हाल यस मन्दिरमा नित्य पूजाआजा हुने गर्दछ । यस शिवालय मन्दिरको व्यापक प्रचार-प्रसार र व्यवस्थापनमा जोड दिई धार्मिक पर्यटकहरूको आकर्षण बढाउन सकिने सम्भावना रहेको छ ।

### १८. अल्पेश्वर गुफा र ज्ञादीचौर

अल्पेश्वर गुफा पर्यटकीय दृष्टिले कुश्मा नगरपालिका क्षेत्रको अर्को एक महत्वपूर्ण स्थल हो । कुश्मा नगरपालिका वडा नं. ९ कटुवाचौपारीमा रहेको ज्ञादीचौर र उत्तर पूर्वी स्थानमा रहेको अलपेश्वर गुफालाई पर्यटन प्रवर्द्धनको दृष्टिले एकै स्थलको रुपमा हेर्न सकिन्छ । ज्ञादीचौर १.५ किलोमिटर लामो र ३०० मिटर चौडा छ । हजारौं चमेराको बासस्थान अल्पेश्वर गुफामा रहेको छ । यो गुफा १ किलोमिटर लामो रहेको छ । गुप्तेश्वर गुफा जस्तै यो गुफामा पनि भूमिगत पानीको वहावका कारण चुनढुङ्गाको क्षयीकरणले गर्दा विभिन्न आकृति बनेका छन् । यस गुफाको संरक्षण र प्रवर्द्धनमा लागेको अलपेश्वर गुफा संरक्षण तथा पर्यटन केन्द्रले गुफाभित्र थुप्रै सिढीं बनाएता पनि गुफाको केही भागमा अझै पनि हिड्न कठिनाई हुन्छ । यसको अतिरिक्त समितिले प्रवेशद्वारमा शिव मन्दिर र भजनगृह पनि स्थापना गरेको छ । धार्मिक हिसाबले यस गुफाको प्रवर्द्धन गर्नु एउटा अवधारणा भएतापनि यो गुफालाई वैज्ञानिक अध्ययनको लागि खुला गर्नु उपयुक्त देखिन्छ । अल्पेश्वर गुफाले विद्यालयका बालबालिकालाई भौगोलिक अध्ययन, चुनढुङ्गा र पानी बीचमा हुने रासायनिक प्रक्रिया तथा चमेराहरूको बासस्थानको बारेमा अध्ययन गर्न मद्दत पुऱ्याउन सक्छ । यो बाहेक विभिन्न गुफाहरूको पारिस्थितिकीय प्रणालीको अध्ययन अलपेश्वर गुफाले सिर्जना गरेको अर्को पक्ष रहेको छ । अल्पेश्वर गुफालाई थप पर्यटकीय स्थलका रुपमा विकास गर्नका लागि नगरपालिका तथा सम्बन्धित वडाले विभिन्न कार्यहरू गर्नुपर्ने देखिन्छ । ज्ञादीचौरमा वनस्पति बगैंचा बनाइ पर्यटकहरूलाई आकर्षित गर्न सकिन्छ । यसको दिगोपनको लागि प्रवेश शुल्क र बोटविरुवाको बेचबिखनबाट आर्यआर्जन गर्न सकिन्छ । अल्पेश्वर गुफामा धार्मिक पर्यटकका अतिरिक्त वैज्ञानिक अध्ययनमा पर्यटकहरू बढी आकर्षित हुनसक्ने देखिन्छ ।

### १९. जलयात्रा आधारस्थल

नेपालका अधिकांश हिमनदीहरूमा जलयात्राको बलियो सम्भावना रहेको छ । साहसिक पर्यटनका लागि जलयात्रा विश्वमै प्रसिद्ध खेलका रुपमा मानिन्छ । कुश्मा नगरपालिका वडा नं. २ नयाँपुलबाट शुरु भई कालीगण्डकी जलविद्युत आयोजनाको ड्यामसाइडसम्म करिब ६० कि.मि. लामो कालीगण्डकी नदीको जलयात्रा विश्वमै प्रसिद्ध छ । तीन दिनको यो जलयात्राको पहिलो दिन मोदीबेनीसम्म पुग्दछ भने दोस्रो र तेस्रो दिन क्रमशः रानीपानी र मिर्मिबाट यात्रा अगाडि बढाउन सकिने अवस्था रहेको छ । साहसिक पर्यटन प्रबर्द्धनको लागि कालीगण्डकीमा गरिने जलयात्रा एउटा राम्रो आकर्षण हुन सक्दछ भने यसको पर्याप्त प्रचारप्रसार गरेर दैनिकरुपमा पर्यटक भित्र्याउन सके यसबाट राम्रो आयआर्जन गर्न सकिने सम्भावना रहेको छ । यस जलयात्राको आधारस्थल नयाँपुलमा स्थानीय पर्यटन व्यवसायीले व्यवस्थित किसिमको रिसोर्ट र पूर्वाधारहरूको निर्माण गरेका छन् । यसले जलयात्रामा आउने पर्यटकहरूलाई सुविधा पुग्ने देखिन्छ ।

## २०. पञ्चासे

पर्वत जिल्लाकै महत्वपूर्ण धार्मिक, ऐतिहासिक र मनोरम प्राकृतिक स्थलका रुपमा मानिएको पञ्चासे क्षेत्रको केही भाग कुश्मा नगरपालिका वडा नं. १४ आर्थर डाँडाखर्कमा पर्दछ । सुन्दर हिमालहरू तथा मनोरम प्राकृतिक सौन्दर्यताको दृश्यावलोकन गर्न पाइने यो क्षेत्र जैविक विविधताले भरिपूर्ण क्षेत्र मानिन्छ । कास्की, स्याङजा र पर्वत जिल्लाको संगमस्थलमा रहेको यो क्षेत्रमा पर्यटन विकासको उच्च सम्भावना रहेको छ । कुश्मा नगरपालिकाको मात्र नभएर गण्डकी प्रदेशकै प्रमुख पर्यटकीय स्थलका रुपमा यो क्षेत्र स्थापित भएको छ । सुन्दर, शान्त प्राकृतिक वातावरणभित्र रमाउन चाहने मानिसहरूका लागि ध्यानका लागि यो क्षेत्र प्रख्यात मानिन्छ । स्वदेशी तथा विदेशी धेरै व्यक्तिहरूले यसको धार्मिक महत्वका बारेमा व्यापक अध्ययन अनुसन्धान गरेका छन् । पञ्चासेको ४ वटा मुख्य विशेषताहरू रहेका छन् । ती हुन् :- दृश्यावलोकन स्थल, पाँच नदीको उद्‌गम, दुलर्भ जडिबुटी तथा धार्मिक स्थल । समुन्द्र सतहबाट २५१७ मिटरको उचाइमा रहेको पञ्चासेबाट अन्नपूर्ण हिमश्रृङ्खलाको मनमोहक दृश्यावलोकन गर्न सकिन्छ । यसका अलावा पानीको मुलको श्रोत थाहा नभएको पोखरी देखेर जो कोहीपनि अचम्भित हुनु स्वभाविकै मानिन्छ । जङ्गलको बीचमा रहेको ११० मिटर लम्बाई, २५ मिटर चौडाई र १० मिटर गहिराई भएको यो पोखरी अत्यन्त कञ्चन रहेको छ ।

प्राकृतिक सुन्दरताले भरिपूर्ण पञ्चासे धार्मिक दृष्टिले पनि ज्यादै सम्पन्न रहको छ । पञ्चासे क्षेत्रमा महान योगीहरू आर्य हिमाद्री मातारुपी परम्परामा योगाभ्यास गरेका किम्बदन्तीहरू रहेका छन् । आफ्नो वनबासको समयमा पञ्चपाण्डवहरू आई पञ्चासेको दर्शन गरेका कहानीहरू यहाँ रहेका छन् । पञ्चासेको पर्यटन विकाससँगसँगै पूर्वाधार विकासको लागी चौतर्फि सहयोग आइरहेको छ । नेपाल सरकार सँगसँगै विश्व वन्यजन्तु कोष, अमेरिकी सहयोग नियोग, संयुक्त राष्ट्र संघीय विकास कार्यक्रम, आइयुसिएन, जर्मन सरकार, युएससी क्यानडा जस्ता दातृ निकाय र नेपाल पर्यटन बोर्डले पनि पञ्चासेको विकासको लागि सहयोग पुऱ्याएका छन् । सुन्दर र जैविक विविधताले भरिपूर्ण यस पञ्चासे क्षेत्रको व्यापक प्रचारप्रसार गरी विकास र विस्तार गर्न सकेमा कुश्मा नगरपालिकाको आर्थिक तथा पर्यटकीय विकासमा ठूलो योगदान पुग्न सक्ने बलियो सम्भावना रहेको छ ।

## २१. पाङ गाउँ

कुश्मा नगरपालिका वडा नं. १ मा रहेको पाङ गाउँ सयौं वर्ष अगाडिदेखि नै ज्योतिष विद्याका लागि प्रख्यात थियो । पर्वत पाङका पण्डितहरू ज्योतिष विद्यामा निकै अगाडि थिए । ज्योतिष विद्यामा पनि फलित ज्योतिष विषयमा पर्वतको पाङले तत्कालीन गण्डक प्रसवण क्षेत्रमा निकै प्रसिद्धि पाएको देखिन्छ । बाइसी चौबीसी राज्यको शासनकालमा पर्वत राज्य अन्तर्गत पर्ने पाङलाई पर्वत राज्यका राजाहरूले विद्या आर्जन गर्ने प्रमुख केन्द्रका रुपमा स्थापित गरेका थिए । पुरातात्विक सामग्रीका आधारमा पाङमा करिब ३५०० देखि ४००० वर्ष पुराना सामग्री र ५- ७ हजार वर्ष पुरानो मानव सभ्यताको प्रमाण मिलिसकेको तथ्य पुरातात्विक विभागको खोज अनुसन्धानबाट पुष्टि भईसकेको छ । प्राचीनतम् माटाका घडा, पुराना वाणका टुक्रा, श्रीकृष्णको बालमुर्ति, पुरानो मानव गुफा वा तपस्थलीले यस ठाउँमा ज्यादै पुरानो मानव सभ्यता मौलाएको पुष्टि हुन्छ । पौराणिक मान्यताअनुसार माता पार्वतीको जन्म भएको स्थान पनि यही पाङ नै रहेको विश्वास मानिएकोले पनि यस गाउँको एउटा छुट्टै पहिचान रहेको छ । जनविश्वास अनुसार साविक पाङ गा.वि.स.को वडा नं. ६ मा रहेको ओमकारेश्वर मन्दिर नजिक माता पार्वतीको जन्म भएको थियो । इतिहासकार योगी नरहरिनाथले गम्भिर खोजका आधारमा पार्वतीको जन्म भएको स्थान यही पाङ नै हो भनेर ठोकुवा गरेका छन् । भगवान् शिव र पार्वती सहश्रधारामा गएर नुहाउने अनि घाम ताप्नका लागि धैरेनी जाने गर्दथे भन्ने कर्ण परम्परा यहाँ रहेको छ । भगवान शिव र पार्वती ध्यान गर्नका लागि हम्पाल कालञ्जर पर्वतमा समेत जाने गर्दथे । यसकारण पनि नेपालको अधिकांश ठाँउका मानिसहरू यो ठाँउ भ्रमण गर्न आउने गर्दछन् । पाङ गाउँको पौराणिक तथा ऐतिहासिक महत्वको बारेमा व्यापक प्रचार प्रसार गर्न सकेमा ऐतिहासिक खोज अनुसन्धान गर्ने अनुसन्धाकर्तालाई यो गाउँ एउटा प्रमुख केन्द्रका रुपमा स्थापित गर्न सकिने सम्भावना रहेको छ ।

## २२. अर्मादी

कुश्मा नगरपालिकाभित्र रहेका विभिन्न ऐतिहासिक स्थलहरूमध्ये वडा नं. २ मा रहेको अर्मादी पनि एक हो । लिच्छवी शासनकालमा अरमुड्डी भन्ने सामन्त शासकले जयापीड विनयादित्य भन्ने कश्मिरी राजालाई पक्रन सफल भएको स्थानको नाम नै अरमुड्डीबाट अरमाडी हुँदै अर्मादी रहन गएको हो भन्ने तथ्य इतिहासकारहरूले उजागर गरेका छन् । नवौं शताब्दीको अन्त्यतिर अरमुड्डी धवलागिरी क्षेत्रको सामन्त शासकका रुपमा रहेको पाइन्छ । भारतीय साहित्यकार कल्हणद्वारा रचित कश्मिरका राजाहरूको विजयगाथा उल्लेख गरिएको राजतरंगिणीमा अरमुड्डीको नाम रहेको छ । कश्मिरका राजा जयापीडले शुर गरेको पूर्वी राज्यको विस्तार अभियानमा उनी अरमुड्डीले राज्य गरेको यस क्षेत्रमा पनि आईपुगेका थिए । अरमुड्डीको राज्य धवलागिरी हिमालको काखतिर रहेको थियो भन्ने भनाई छ । जयापीडको फौजसँग मुकाबिला गर्न नसकी आफ्ना सेनाहरू पूर्वपट्टी भाग्न थालेपछि अरमुड्डीले आफ्नो फौजलाई अर्मादी नजिकै कालीनदी पारिपट्टि (अहिलेको गुप्तेश्वर गुफामा) लगेर राखी कालीगण्डकीमा बाँध बाँध्न लगाएका थिए । यस किसिमका ऐतिहासिक स्थलहरूका बारेमा अझै थप खोज अनुसन्धान गरी यिनिहरूको व्यापक प्रचारप्रसार गर्न सकेमा कुश्मा नगरपालिकाको पर्यटन विकासमा ठूलो योगदान पुग्न सक्ने देखिन्छ ।

## अनुसूची १० : आवधिक विकास योजनामा गण्डकी प्रदेश प्रशिक्षण प्रतिष्ठान पोखराको सुझाव

कुश्मा नगरपालिकाको आवधिक विकास योजनाको मस्यौदा प्रतिवेदन पुनरावलोकनका लागि पठाएकोमा पालिकालाई धन्यवाद दिदै यस सिलसिलामा देखिएका केही सवालहरु यहाँ प्रस्तुत गरिएको छ । प्रस्तुत योजना राष्ट्रिय योजना आयोग र प्रदेश नीति तथा योजना आयोगले तयार पारेका स्थानीय तह योजना तर्जुमा दिग्दर्शनलाई आधार मानी निर्माण गरेको पाइयो । प्रदेशको प्रथम पञ्चवर्षिय योजना एवम् नेपाल सरकारको पन्ध्रौ योजनालाई समेत आधार मानी योजना निर्माण भएको छ । क्षेत्रगत योजना र क्षेत्रगत नतिजा खाका योजनाका सवल पक्षहरु रहेका छन । मस्यौदा प्रतिवेदनको पुनरावलोकनका क्रममा देखिएका केहि सवाल तथा सुझावहरु निम्नानुसार रहेका छन ।

| क्र.सं. | गण्डकी प्रदेश प्रशिक्षण प्रतिष्ठानको टिप्पणी तथा सुझाव | परामर्शदाताबाट सम्बोधन |
|---|---|---|
| १ | समष्टिगत नतिजा खाकामा आधार वर्ष तथ्याङ्क र लक्ष्य उल्लेख नहुँदा योजनाको प्रगति मापन गर्न नसकिने, नतिजा खाकामा आधार वर्ष र लक्ष्य सहितका तथ्याङ्क आउँदा राम्रो हुने (पेज नं २८) । | सकेसम्म तथ्याङ्क उपलब्धताका आधारमा हरेक समष्टिगत नतिजा खाकामा यसलाई संशोधन गरिएको छ । |
| २ | क्षेत्रगत नतिजा खाकामा तथ्याङ्क नभएको, आधार वर्ष तथ्याङ्क र अपेक्षित उपलब्धिको तथ्याङ्क नहुँदा प्रगति मापनको आधार नहुने हुँदा आधार वर्ष तथ्याङ्क र आगामी वर्षका लक्ष्य किटानी हुँदा राम्रो हुने । | सकेसम्म तथ्याङ्क उपलब्धताका आधारमा हरेक क्षेत्रगत नतिजा खाकामा यसलाई संशोधन गरिएको छ । |
| ३ | त्रिबर्षिय योजनाका लक्ष्यहरु तोक्दा प्रदेशको प्रथम पञ्चबर्षिय योजनामा उल्लेख भएका समृद्धि र सुखका सूचकहरु कुश्मा नगरपालिकाले पनि ग्रहण गरी प्रदेशका समृद्धि र सुखका लक्ष्यसँग तादम्यता कायम गरी निर्धारण गर्न उपयुक्त हुने । | यसलाई सकेसम्म ध्यानमा राखी तादत्म्यता कायम गरिएको छ । |
| ४ | यस त्रिबर्षिय योजनामा दीर्घकालीन सोच बनाउँदा आर्थिक बर्ष २०७८/७९ देखि २०८०/८१ लाई अल्पकालिन (आवधिक योजनाको तीन बर्षको समय), २०७८/७९ देखि २०८६/८७ (दिगो विकास लक्ष्यको बाकी १० बर्षको समय) लाई मध्यमकालीन र सम्वत् २१०० (समृद्धि र सुख प्राप्त गर्ने २३ बर्षको समय) लाई दीर्घकालीन अवधि मानि नेपाल सरकार र प्रदेश सरकारका लक्ष्यसँग तादत्म्यता कायम हुनेगरी निर्माण गर्नु उपयुक्त हुने । | सुझाव अनुसार नेपाल सरकार र प्रदेश सरकारका लक्ष्यहरुसँग तादत्म्यता कायम गरी सूचकहरु निर्माण गरिएको छ । |
| ५ | क्षेत्रगत नतिजा खाकाका सूचकहरु बनाउदा दिगो विकास लक्ष्य एवम् समृद्धि र सुखका सूचकहरुलाई पनि ध्यान दिन उपयुक्त हुने । प्रदेशको प्रथम पञ्चबर्षिय योजनामा उल्लेख भएका समृद्धिका ९६ सूचक र सुखका ४३ सूचक गरी जम्मा १३९ सूचकहरु कुश्मा नगरपालिकाले पनि ग्रहण गरी प्रदेशका समृद्धि र सुखका लक्ष्यसंग तादम्यता कायम गर्न उपयुक्त हुने । | सकेसम्म नगरपालिकाको क्षेत्रगत नतिजा खाकाका सूचकहरु बनाउदा दिगो बिकास लक्ष्य एवम् समृद्धि र सुखका सूचकहरुलाई पनि ध्यान दिई तादम्यता कायम गर्ने कोशिस गरिएको छ । |
| ६ | कुन कार्यक्रम/योजना/आयोजनाले दीगो विकासका कुन लक्ष्यलाई सम्बोधन गर्दछ सो खुलाउन सक्दा राम्रो हुने । | हरेक उपशिर्षक अन्तरगतको नतिजा खाकाँमा यसलाई सम्बोधन गरिएको छ । |
| ७ | घरेलु तथा साना उद्योग (पेज ५७) अन्तर्गतको समस्याको विश्लेषण खालि राखिएको । | यस अन्तरगत समस्या विश्लेषण थप गरिएको छ (पाना नं. ६०) |
| ८ | ३ वर्षे योजना तयार गरिएको भएता पनि लेखाइमा ५ वर्षे भनिएको जस्तै, पेज नं. १२ (१.५) | सुझाव अनुसार सच्चाईएको छ (पाना को १२ १.५) |
| ९ | प्रकाशन गर्न पूर्व भाषा सम्पादन र Proof Reading गर्नुपर्ने । | सुझाव अनुसार सकेसम्म भाषा सम्पादन गरिएको छ । |

:

# अनुसूची ११ : विभिन्न कार्यशाला तथा बैठकहरूका तस्विरहरु

























# कुश्मा नगरपालिका

## नगर कार्यपालिकाको कार्यालय

**कुश्मा, पर्वत**

**वेबसाईट** : www.kushmamun.gov.np

**ईमेल** : kushmamun@gmail.com

**सम्पर्क फोन : +९७७ ६७ ४२०१४१, ४२१२७०, फ्याक्स** ०६७४२०२७३